३५१

ISSN 2705-4454

# भक्तपुर
मासिक

Bhaktapur Monthly साउन २०८२



# खवप माबि तथा शारदा माबिमा नवआगन्तुक विद्यार्थीहरूको स्वागत

- खवप विश्वविद्यालय र नेपालको कानुन
- भक्तपुर ग:हिति टोलमा पत्तालागेका सम्पदा
- भ्रष्टाचारविरोधी आन्दोलन सशक्त रूपमा अगाडि बढाइनु आवश्यक
- नेहरूकी इन्दिरा, नारायणमानकी शोभा
- तिब्बतमा नेपाली कला–संस्कृति
- ग्रेगर मेण्डल : जेनेटिक्स विज्ञानका पिता
- ल्हासा, शान्नान भ्रमण
- पूर्णिमाको काम सुनेर चिनियाँ पत्रकार चकित भएपछि
- गोपालराज वंशावली (नेपालीमा)
- नरसंहारबाट नाफा कमाउने अमेरिकी कम्पनीहरू
- एनजिओ र आईएनजिओलाई व्यवस्थित गर्नुपर्छ
- भक्तपुर नपाका गतिविधि





भक्तपुर नपाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङमा अध्ययनरत विद्यार्थीहरूलाई असार २७ गते रु. २८ लाख ६४ हजार ६५८ छात्रवृत्ति रकम वितरण (माथि) । त्यस्तै, साउन ६ गते ख्वप इन्जिनियरिङ कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई रु. ४४ लाख २८ हजार बराबरको छात्रवृत्ति रकम वितरण ।

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì $@★cÆ (★g};#!$%★lj-;#@)*@;fpg★A.D.2025

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## एउटा चित्र







विगतमा सबैजसो किसानको घरमा साग, खुर्सानी, मकै यसरी सुकाउने गरिन्थ्यो। चित्र : इन्टरनेट


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## 'जतिसूक्ष्म हुन्छ त्यतिनै धैरै शक्तिशाली हुन्छ ।'– आइन्स्टाइन

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | ख्वप विश्वविद्यालय र नेपालको कानुन | एन. बी. भट्टराई | ३ |
| २) | भ्रष्टाचारविरोधी आन्दोलन शसक्त रूपमा अगाडि बढाइनु आवश्यक | विवेक | ५ |
| ३) | भक्तपुर ग:हिति टोलमा पत्ता लागेका सम्पदा | पुरुषोत्तमलोचन श्रेष्ठ | ७ |
| ४) | ल्हासा, शान्नान भ्रमणका ४८ घण्टा:आपसी सम्बन्ध सुदृढीकरणको कोसेढुङ्गा | वसन्त भट्टराई | १० |
| ५) | तिब्बतमा नेपाली कला-संस्कृति | लक्ष्मी निरौला | १७ |
| ६) | संसद्मा नेमकिपा | – | २३ |
| ७) | नेहरूकी इन्दिरा, नारायणमानकी शोभा | उपेन्द्र लामिछाने | २४ |
| ८) | आ.व. २०८१/८२ मा भक्तपुरमा करिब साढे २ लाख विदेशी पर्यटकहरूको आगमन | कृतिका | २६ |
| ९) | ख्वप अस्पतालबाट पौने ३ लाख बढीको उपचार | – | २७ |
| १०) | भक्तपुर सम्पदा संरक्षित सहर | – | ३० |
| ११) | ग्रेगर जोहान मेण्डल : जेनेटिक्स विज्ञानका पिता | राजेन्द्र बहादुर कायष्ठ | ३१ |
| १२) | पूर्णिमाको काम सुनेर चिनियाँ पत्रकार चकित भएपछि | चेतनाथ आचार्य | ३७ |
| १३) | भक्तपुर मालपोत कार्यालय : मालपोत कार्यालयहरूको 'रोलमोडल' | दीपक ओली | ४१ |
| १४) | नगरभित्र एनजिओ र आईएनजिओलाई व्यवस्थित गर्नुपर्छ | कुशल | ४४ |
| १५) | स्वास्थ्य बीमा कार्यक्रम असफल हुने त होइन ? | – | ४७ |
| १६) | किन प्रतिबन्ध लगायो अमेरिकाले अल्बानिजलाई ? | – | ४९ |
| १७) | नरसंहारबाट नाफा कमाउने अमेरिकी कम्पनीहरू | जेरेमी कुजमारोभ | ५३ |
| १८) | गोपालराज वंशावली (नेपालीमा) | – | ५८ |
| १९) | भक्तपुरका राणाकालीन धारा (तस्बिरमा) | – | ६० |
| २०) | The City of the Yellow Devil (XII) | Maxim Gorky | ६४ |
| २१) | भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय | – | ६६ |
| २२) | भक्तपुर नगरपालिकाको गतिविधि | – | ८० |
| | क) शैक्षिक गतिविधि | – | ९९ |
| | ख) स्वास्थ्य सेवा | – | १०४ |
| | घ) भेटघाट-अवलोकन | – | ११३ |
| | ङ) सङ्क्षेपमा | – | ११६ |
| २३) | विविध समाचार | – | ११७ |
| २४) | हदबन्दी कानुन हो कि खोस्टा ? (सम्पादकको पृष्ठ) | – | १४४ |

**साथमा** :

हाम्रो स्थानीय तह-१६/चीनका प्राचीन नीतिकथा -३६/जीवन-आचरण – ४०/ यता-उताबाट-४३/हाम्रा पुराना मूर्ति – ४६/ प्रेरणीय – ४६/ बसिबियाँलो – ४८/ Word Searh – ९७/ ख्वप अस्पतालको प्रगति – १०९/ हाम्रो स्वास्थ्य – १३३/ पर्यटक तथ्याङ्क – १३५/ तस्बिरमा केही गतिविधि ।

# ख्वप विश्वविद्यालय र नेपालको कानुन

एन. बी. भट्टराई



महिना दिन पहिले काम विशेषले भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिसँग भेट हुँदा कुरै कुरामा वर्तमान कानुनमा नगरपालिकाले विश्वविद्यालय चलाउन दिनेबारेमा स्पष्ट नलेखेको कुरा भयो। नगरपालिकालाई १२ कक्षासम्मका विद्यालय चलाउने बन्दोबस्त छ; हामी केही गर्न सक्दैनौँ भनी पूर्वशिक्षामन्त्री विद्या भट्टराईले व्यक्त गर्नुभएको प्रमुख प्रजापतिले जानकारी दिनुभयो। भक्तपुर क्षेत्र नं. १ का सांसद प्रेम सुवालले विश्वविद्यालय भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने विषय हटाएर अर्को प्रस्ताव लिएर आउनु विधेयक अगाडि बढाइदिन्छु भन्ने कुरा आफू सामुन्ने राखेको बताउनुभयो। त्यस्तै, एकदुई जना जातिवादी र सङ्कीर्ण विचारका व्यक्तिहरू भक्तपुर नगरपालिकालाई विश्वविद्यालय चलाउन स्वीकृति दिए बाँकी ७५३ वटै नगरपालिकाहरूले पनि विश्वविद्यालय चलाउन स्वीकृति माग्दा अप्ठेरो पर्ने खतरा देखाउँछन्। सबै नगरपालिकाले विश्वविद्यालय चलाउन दिन सक्ने क्षमता र आवश्यकता अनुभव गरेमा रोक्ने कसले भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। यी सबै कुराले के स्पष्ट हुन्छ भने नेकपा भनिने नाममात्रको पार्टी बिचौलिया वा पूँजीपतिहरूको एजेन्टहरूको पार्टी हो, पूँजीपतिहरूको सेवक हो। यी पार्टीमा देश र जनताको सेवा गर्ने मनसाय देखिँदैन। उनीहरू नेपाली जनताको चेतनाको स्तर उठाउन चाहँदैनन् भन्ने संवेदनशील बुद्धिजीवीहरूको ठम्याइ छ।

भारत सन् १९४७ मा ब्रिटिश साम्राज्यबाट स्वतन्त्र भयो। त्यहाँका केही राज्यहरू केरला, पश्चिम बङ्गाल, त्रिपुरा आदिमा कम्युनिस्ट पार्टीहरूले निर्वाचनमा जितेर प्रान्तीय सरकार गठन गरे। त्यहाँको कम्युनिस्ट सरकारले भूमिको पुनः वितरण, शिक्षा तथा स्वास्थ्य सेवामा व्यापक जनताको पहुँच वृद्धिको कार्यक्रम सञ्चालन गरेको थियो। आज केरला राज्य शिक्षा र स्वास्थ्य क्षेत्रमा भारतकै पहिलो र नमुना राज्यमा गनिन्छ।

सन् १९४९ मा चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा जनगणतन्त्र चीनको स्थापना भयो। चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओको नेतृत्वमा चीनमा सुरुदेखि नै भूमिसुधार, शिक्षा, स्वास्थ्य, जन कम्युन (सहकारी) को स्थापनालगायत काम सुरु भएको थियो। त्यही आधारभूमिमा टेकेर सन् १९७८ पश्चात् चीनको आर्थिक विकासले गति लियो र आज चीन संसारको दोस्रो ठूलो आर्थिक महाशक्ति बन्न सफल भयो। आज विश्वले चीनले गरेको चमत्कारिक विकास बडो अभिरुचिका साथ हेर्दै छ। भारतका बुद्धिजीवीहरू सूक्ष्म ढङ्गले के कति कारणले सन् १९९० तिरको भारतभन्दा पछाडि रहेको देश ३०-३५ वर्षको अवधिमा चीन कसरी विश्वकै दोस्रो अर्थतन्त्रमा परिणत भयो ? यसरी चमत्कारिक विकास गर्न चीन कसरी सफल भयो भन्ने विषयमा चिन्तन गर्दै छन्। केही प्रतिक्रियावादी भारतीयहरू चीनलाई शत्रु देश ठान्छन्। तर, भारतीय बुद्धिजीवीहरू चिनियाँहरूको राम्रो अभ्यासबाट सिक्नुपर्ने सुझाव दिन्छन्।

शिक्षाकै कारण चीन द्रुतगतिमा विकास भएको हो। चीनले शिक्षालाई उत्पादन श्रमसँग जोड्यो। त्यहाँको शिक्षा प्रणालीले देशको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गऱ्यो। एसियाका सबैजसो देशहरू आ-आफ्नो कुल गार्हस्थ उत्पादनको ४ देखि ६ प्रतिशतसम्म खर्च गर्छन्। चीनले ४ प्रतिशत खर्च गर्छ, भारतले ४.१ देखि ६ प्रतिशतसम्म खर्च गर्छ। नेपालले शिक्षा क्षेत्रमा कुल गार्हस्थ उत्पादनको ४.६ प्रतिशत खर्च गर्छ तर प्रतिफल सोअनुसार देखिएन। हाम्रो देशमा दुई किसिमको शिक्षा बन्दोबस्त छ - निजी र सरकारी। सरकार निजी क्षेत्रले सञ्चालन गरेको शिक्षण बन्दोबस्त नै चलोस् भन्ने पक्षमा छ। निजी क्षेत्रको शिक्षण महँगो छ। बहुमत सर्वसाधारण जनताले महँगो शिक्षा धान्न सक्ने अवस्था छैन। शिक्षामा सर्वसाधारण जनताको पहुँच पुऱ्याउने उद्देश्यअनुरूप भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालयको माग गरिरहेको छ। सरकारले ४०-५० लाख रुपैयाँमा पढाइरहेको चिकित्सा शिक्षा (एमबीबीएस) को सट्टा भक्तपुर नगरपालिकाले १५-१६ लाखमा पढाउने र चिकित्सा शिक्षा सबै जनताको पहुँचमा पुऱ्याउने अभिप्रायका साथ ख्वप विश्वविद्यालयको अभियान अगाडि बढाइरहेको हो। तर, कम्युनिस्ट भनिने सरकारको नेतृत्वले बिचौलियाहरूको उद्देश्यअनुसार संविधानको आडमा स्थानीय तहलाई विश्वविद्यालय चलाउने कानुनी प्रावधान नरहेको बताई 'कोपिलामै निमोठ्ने' दुष्प्रयास गर्दै छ। यसरी स्थानीय सरकारले विश्वविद्यालय चलाएको उदाहरण के अन्यत्र छैन ? अवश्य छ। उदाहरणको लागि क्युवा र चीनको शैक्षिक इतिहासलाई हेर्न सकिन्छ। पूँजीवादी देश जापान, फिलिपिन्स आदि देशको शैक्षिक इतिहास अध्ययन गरेमा प्रस्ट हुन्छ - त्यहाँका केही विश्वविद्यालयहरू

## नगरपालिकाले सञ्चालित केही विश्वका विश्वविद्यालयहरू

१. टोकियो मेट्रोपोलिटन युनिभर्सिटी, टोकियो, जापान
२. ओसाका सिटी युनिभर्सिटी, ओसाका, जापान
३. नर्थ चाइना युनिभर्सिटी अफ टेक्नोलोजी, चीन
४. साङ्घाई युनिभर्सिटी, साङ्घाई, चीन
५. निन्बो युनिभर्सिटी, चीन
६. वेन्चाओ युनिभर्सिटी, चीन
७. सेन्जेन युनिभर्सिटी, चीन
८. चोन्किङ युनिभर्सिटी, चीन
९. थिएन्चीन्को चेन्जिअन् युनिभर्सिटी, चीन ।

स्थानीय सरकारले नै चलाइरहेको छन् ।

हालसालै इजरायलद्वारा ध्वस्त गरेको गाजामा १२ वटा विश्वविद्यालयहरू थिए । गाजाको क्षेत्रफल नेपालको काठमाडौँ उपत्यकासँग तुलना गर्दा हुन्छ । गाजा क्षेत्रमा विस्तारित सुरूङको सञ्जाल विकासमा पक्कै पनि विश्वविद्यालयहरूले ठूलै भूमिका खेलेको हुनुपर्छ भन्ने अनुमान गरिएको छ ।

त्यस्तै, अमेरिका र इजरायलको आक्रमण खेपिरहेको इरानमा २,१८३ वटा विश्वविद्यालयहरू छन् । अमेरिका र इजरायलजस्ता साम्राज्यवादी देशहरूसँग डटेर लडिरहन सक्नुमा निश्चय पनि त्यहाँका विश्वविद्यालयहरूको ठूलै भूमिका होला ।

हार्वड, प्रिन्स्तोन, एमआईटी, स्टानफोर्ड आदि विश्वविद्यालयहरूको कारण अमेरिका शिक्षाको गन्तव्य भएको हो भन्नेमा शङ्का छैन । संसारकै पुरानो विश्वविद्यालयहरूजस्तै अक्सफोर्ड विश्वविद्यालयलगायत अहिले सञ्चालनमा रहेका विश्वविद्यालयहरू नगरपालिकाहरूको सक्रिय संलग्नता रहेको जगजाहेर नै छ ।

अहिलेसम्मको कम्युनिस्ट इतिहास विभिन्न किसिमको प्रयोगमार्फत आजको अवस्थासम्म पुगेको हो; पुरानो संरचना ध्वस्त पार्दै नयाँ सिर्जना हुँदै आएको हो । आफूलाई साँचो अर्थमा आमूल परिवर्तनकारी शक्ति ठान्नु हुन्छ भने हामीकहाँ चलिराखेको पुरानो संस्कार त्यागेर देखाउन सक्नुपर्ने हो नत्र केको लागि परिवर्तन ? केको लागि गणतन्त्र ?

जहाँसम्म भक्तपुर नगरपालिकालाई विश्वविद्यालय सञ्चालन गर्न दिए अरू नगरपालिकाले पनि माग गर्नसक्छ भन्ने प्रश्न छ ? सबैजसो नगरपालिकाको आ–आफ्नै किसिमको विशेषता छ । कसैको कृषि, उद्योग, व्यापार क्षेत्रमा राम्रो होला, कसैको पर्यटकीय क्षेत्रमा, कसैको अरू कुनै क्षेत्रमा राम्रो होला । ती सम्भावनालाई राम्ररी केलाएर आ–आफ्नो क्षेत्र अनुकूल नगरपालिकाले जनताको सेवा गर्नु उचित हुन्छ । भक्तपुर नगरपालिकाले विश्वविद्यालय सञ्चालन गऱ्यो भनेर सबै नगरपालिकाहरूले पनि त्यस्तै गर्नुपर्छ भन्ने होइन । तर, क्षमता भएका अरू पालिकाहरूले माग गरेमा सञ्चालन गर्नु दिनु जायज नै हुनेछ ।

हिन्दू विश्वविद्यालय विद्वान् श्री माल्वीयले स्थापना गरेका हुन् । आर्थिकरूपले सक्षम काठमाडौँ महानगर, ललितपुर महानगर, वीरगञ्ज महानगर आदि नगरहरूले चाहेमा विश्वविद्यालय खोल्न सक्ने क्षमता राख्छन् । ती नगरपालिकाहरूले विश्वविद्यालय सञ्चालन गर्न माग गरेमा स्वीकृति दिनु नै उचित हुनेछ । काठमाडौँमा हाल सञ्चालनमा रहेका सरकारी विश्वविद्यालयहरू राम्रोसँग सञ्चालन नभइरहेको घामजस्तै छर्लङ्ग भएकोले केही टिप्पणी गरिरहन नपर्ला !

भक्तपुर नगरपालिकाले सञ्चालन गर्न खोजेको विश्वविद्यालय आफ्नै बलबुद्दामा नै खोल्न खोजेको हो । यसमा सङ्घीय सरकारलाई कुनै किसिमको आर्थिक भार पर्न दिन खोजेको होइन । काठमाडौँ विश्वविद्यालय नेपालको पहिलो निजी क्षेत्रबाट खोलेको विश्वविद्यालय हो । यो विश्वविद्यालयको विधेयक पारित गर्दा विधेयकमा स्पष्टसँग सरकारलाई कुनै किसिमको आर्थिक भार नपर्ने बुँदा उल्लेख छ । सरकारलाई कुनै आर्थिक भार नपर्ने गरी ख्वप विश्वविद्यालयको विधेयक स्वीकृतिको लागि नगरपालिकाले पटक–पटक अनुरोध गरिरहेको हो । के नगरपालिकाको हैसियत कुनै निजी क्षेत्रको जति पनि देख्दैन ? यो सरकारको के दृष्टिकोण होला ? निजी क्षेत्रलाई जति पनि नगरपालिकालाई विश्वास नगर्नु पूर्वाग्रही हुनु हो । सरकार पूँजीपति र बिचौलियाहरूको सेवक हुनु हो ।

भक्तपुरका केही बुद्धिजीवीहरूले नेमकिपा पार्टी अध्यक्ष रोहितकै कारणले नगरपालिकाले ख्वप विश्वविद्यालयको स्वीकृति पाउन नसकेको आरोप लगाए । उनीहरूको विचारमा पार्टी अध्यक्ष बिजुक्छैंले अलिकति झुकेरै भए पनि, भागबन्डा गरेर भए पनि विश्वविद्यालयको विधेयक पास गराउनुपर्दथ्यो । तर, भक्तपुरले भक्तपुरकै लागि मात्र विश्वविद्यालयको माग गरेको होइन । भक्तपुरले खोलेका कलेज र अन्य विश्वविद्यालयले आज पनि समग्र देश र जनताकै सेवा गरी आएका छन् । भक्तपुर नगरपालिका कुनै किसिमको भागबन्डाको पक्षमा छैन । भागबन्डाको राजनीतिले गर्दा देशमा सञ्चालित विश्वविद्यालयहरूले हाल भोगिरहेको हविगतबाट नेपाली जनता राम्रोसँग परिचित छन् । नेपालका सचेत जनता त्यो किसिमको फोहोर राजनीतिबाट टाढा रहन चाहन्छन् । भक्तपुरलाई विश्वविद्यालय चलाउन स्वीकृति नदिएर सस्तोमा चिकित्सा शिक्षा पढाउने, देशको ७५३ पालिकालाई आवश्यक स्वास्थ्य जनशक्तिको आपूर्तिमा तगारो हाल्ने, गरिब जनतालाई डाक्टर, इन्जिनियर पढ्न नदिने सामन्ती सोच हो । राणा प्रधानमन्त्री चन्द्रशमशेरकोजस्तै सोच आन्दोलनबाट आएको गणतान्त्रिक सरकारको सोच शिक्षाविरोधी देखिँदा सबै आश्चर्य मान्दै छन् । प्रतिगामी सोचको विरोधमा आजका जनता सङ्घर्ष गर्न तयार छन् ।

# भ्रष्टाचारविरोधी आन्दोलन शसक्त रूपमा अगाडि बढाइनु आवश्यक

विवेक

हरेक वर्ष असार १९ र साउन २ गतेलाई नेपाल मजदुर किसान पार्टी र जनवर्गीय सङ्गठनका कार्यकर्ताहरू भ्रष्टाचारविरोधी आन्दोलनका विगतका ती दिनहरूका स्मरण गर्ने गर्छन् । नयाँ पुस्तालाई त्यतिबेलाका भ्रष्टाचार विरोधी आन्दोलनका घटनाहरूबारे जानकारी दिने र क्रान्तिकारी भावनाको विकास गर्ने उद्देश्यले असार र साउनका महिनामा अन्तरक्रिया, छलफल र अध्ययन गोष्ठीहरूको आयोजना गर्ने गर्छन् । कार्यक्रमहरूमा त्यतिबेलाको भ्रष्टाचार र अहिलेको भ्रष्टाचारको रूप र मात्राकोबारे छलफल र चर्चामात्र गरिँदैन नयाँ पुस्तालाई भष्टाचारको विरोधमा उत्रन पनि उत्साहित गर्ने गरिन्छ । आजभन्दा ५५-५६ वर्ष अघि नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले भ्रष्टाचारविरुद्ध गरेका आन्दोलन र साहसबाट शिक्षा लिएर अघि बढ्न कार्यक्रमहरूले नयाँ पुस्तालाई प्रेरणा दिइरहेका छन् ।

२०२५ साल साउन २ गते र २०२६ साल असार १९ गते भक्तपुरका जनताले भ्रष्टाचारीहरूको विरुद्ध आन्दोलन गरेका थिए । तत्कालीन सहकारी सञ्चालकहरूले जनतासँग उठाएका बचत रकमलाई किसानहरूको लागि आवश्यक मल नल्याई आफ्नो व्यक्तिगत फाइदामा लगाए । उनीहरूले चितवनबाट तोरी, काठ र मकैको व्यापार गरे र व्यक्तिगत फाइदा लिए । जनतालाई आवश्यक भएको बेला असारको समयमा रसायनिक मल ल्याउन नसकेपछि त्यो पोल खुल्यो । सारा जनता भ्रष्टाचारीहरूका विरुद्ध उठे । भ्रष्टहरूलाई उल्टो टोपी, कोट लगाएर सहर परिक्रमा गराए । आयन्दा 'त्यस्ता काम नगर्ने' भनी जनता समक्ष माफी मगाए । भ्रष्टाचारीहरूलाई जनता सामु झुक्न बाध्य पार्नु जनताको जित थियो । ती ऐतिहासिक दिन थिए ।

त्यतिबेला भक्तपुरको समाज शिक्षामा निकै पछाडि थियो । राजनैतिक कार्यकर्ताहरू भूमिगत रूपमा किसान सङ्गठनहरू बनाउँदै थिए । समाजमा भएका अन्याय अत्याचारको विरोधमा सङ्घर्ष गर्नुपर्ने र सङ्घर्ष नै जनताको मुक्तिको एकमात्र बाटो भएको भनी राजनैतिक कार्यकर्ताहरूले जनतालाई सचेत गर्दै थिए । त्यसैको परिणाम भ्रष्टाचारविरोधी आन्दोलनहरू अगाडि बढे । सामन्तहरूको मुटुमा ढ्याङ्ग्रो ठोकियो । किसानहरू उठेपछि उनीहरूको निद्रा हराम भयो ।

त्यस किसान आन्दोलनमा चीनको हुनान किसान आन्दोलनको राम्रो प्रभाव थियो । सन् १९२६-२७ मा चिनियाँ जनताका नेता माओ त्से तुङले 'हुनान किसान आन्दोलनको रिपोर्ट' प्रस्तुत गर्नुभएको थियो । रिपोर्टमा हुनानका विभिन्न जिल्लाहरूमा कसरी किसान आन्दोलनहरू अगाडि बढेका थिए भन्ने उल्लेख थियो ।

त्यहाँका किसानहरू अत्यन्त शोषित र पीडित थिए । क्रान्तिकारीहरूले सामन्तहरूबाट थिचिएका ती किसानहरूलाई किसान सङ्घमार्फत सङ्गठित गरे । त्यहाँका जमिनदारहरू, अत्याचारीहरूलाई गाउँका किसानहरूले समातेर कालोमोसो दल्ने, बोराको लुगा लगाउने, कागजको टोपी लगाउने र त्यसमा 'म भ्रष्टाचारी हुँ' जस्ता लेखेर डोरीले बाँधेर टिन ठटाएर गाउँ गाउँ घुमाउने गर्थे । त्यसले सामन्तहरू भागाभाग भए । किसानहरूलाई मान्छे नै नगन्य ती सामन्तहरू किसानहरूसँग माफी माग्दै '१०-२० डलर चन्दा दिएर' किसान सङ्घको सदस्यता माग्न आउने गरेको र किसानहरूले 'फोहोर पैसा आवश्यक नभएको' जस्ता जवाफ दिएको विषयहरू रिपोर्टमा समेतिएको थियो । २०२५/२६ सालको किसान आन्दोलन अगाडि बढाउन त्यसले ठूलो उर्जा दिएको पाइन्छ ।

अहिले सहकारीहरू बदनाम छन् । बचतकर्ताहरूको अर्बौं पैसा लिएर सञ्चालकहरू भागेका थुप्रै सहकारीहरू छन् । लाखौँको सङ्ख्यामा बचतकर्ताहरू बिचल्ली भएका छन् । सहकारीको पैसा अपचलन गर्नेहरू शासक दलका नेताहरूसँग साँठगाँठ भएकाहरू धेरै छन् । तिनीहरूलाई कारबाही गरेको खण्डमा आफूहरूको नाम पनि पोलिने डरले उच्च पदस्थहरूको नाम सहकारी ठगीमा सार्वजनिक भए पनि थोरैलाई मात्र कारबाहीको घेरामा ल्याएको देखिन्छ । सहकारीको मूल्य मान्यताविपरीत सहकारी सञ्चालकहरूले बचतकर्ताहरूले जम्मा गरेको रकमलाई आफ्नो निजी सम्पत्तिझैँ ठानेर घरजग्गा कारोबारमा लगाउने, करोडौँको गाडी चढ्ने, आलिसान महल बनाउने, बैङ्कमा निजी खातामा करोडौँ जम्मा गर्ने जस्ता गलत कामहरू गरे । परिणाम सहकारी संस्थाहरू डुब्दै गए । गलत नियतले

काम गर्ने व्यक्तिहरूलाई कडा कारबाही नगर्नुले त्यस्ताहरूमा थप मनोबल बढ्दै गएको देखिन्छ ।

अहिले भ्रष्टाचारको समाचार नआएको कुनै दिन छैन । नेता, मन्त्री, सांसद, मेयर, वडाध्यक्षदेखि विभिन्न तहका जनप्रतिनिधिहरू र उच्चदेखि निम्न तहका कर्मचारीहरू संलग्न भएका भ्रष्टाचार काण्डहरू सार्वजनिक भइरहेका छन् । 'यातायातका लेखा अधिकृतको कमाइ ९ करोड (समाचारपत्र २६ असार), 'अख्तियारको छानबिन, सम्भावित कारबाही अघि नै राजीनामा दिन सरकारको दबाब' (नयाँ पत्रिका २७ असार), 'पौडेलविरुद्ध पाँचौँ मुद्दा' (गोरखापत्र २८ असार), 'मन्त्री गुप्ताको ७८ लाख घुस डिल' (नयाँ पत्रिका २८ असार) शीर्षकको समाचारहरूले नेपालमा भ्रष्टाचारको अवस्था कस्तो छ भन्ने प्रष्ट पार्छ ।

सरकार प्रमुख केपी ओली भन्ने गर्छन् – 'म भ्रष्टाचार गर्दिनँ । अरू कसैलाई गर्न दिन्न ।' प्रधानमन्त्रीको पटक पटकको सार्वजनिक अभिव्यक्तिले उनैलाई गिज्याइरहेको छ । भ्रष्टाचारविरोधी डण्डा चलाएको बताउँदै आए पनि एमालेका नेताहरूलाई संरक्षण गरेको आरोप पनि प्रधानमन्त्रीले खेप्दै आएका छन् ।

पछिल्लो समयमा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताको 'घुस काण्ड' सार्वजनिक भएको छ । उनले भूमिसुधार मन्त्री बलराम अधिकारीको नाम पोलेको टेलिफोन वार्ता समेत सार्वजनिक भएको छ । घुस दिएको नोटको नम्बर, पैसाको चाङको फोटोसहित सार्वजनिक (भएपछि मन्त्री गुप्ताले राजीनामा दिएका छन्) तर अधिकारीकोबारे कुनै कारबाही प्रक्रिया अघि बढाएको छैन । दसी प्रमाणसहित अख्तियारमा उजुरी गरेपछि आफ्नो प्रक्रियाअनुसार अख्तियारले कारबाही गर्ने त छ नै, मन्त्रिमण्डलको सदस्य भएकोले सरकार प्रमुखको हैसियतले तुरुन्त त्यस घटनाबारे छानबिन गर्नुपर्ने होइन ?

सार्वजनिक भएको घटनाक्रमलाई मात्रै आधार मानेर छानबिन प्रक्रिया अगाडि बढाइएको भए अहिले धेरैजसो मन्त्रीहरू र पदाधिकारीहरू सिंहदरबारमा होइन जेलमा बसेको हुने थिए । डाडुपन्यू आफ्नो हातमा लिएकाहरू कारबाहीको प्रक्रिया आफ्नो अनुकूल चलाइरहेका छन् । कानुनको आँखामा सबै नागरिक समान छन् भन्ने भावना संविधानको पानामा मात्र सीमित छ । त्यो व्यवहारमा उतार्न सकेको छैन ।

बालुवाटार जग्गा, पतञ्जली, गिरिबन्धुको जग्गा प्रकरण, सेरा दरबारको जग्गा काण्ड, भुटानी शरणार्थी काण्डजस्ता सरकारका मुख्य पदाधिकारीहरूको संलग्नतामा भएका काण्डहरूको राम्रो छानबिन गरिएको खण्डमा धेरै नेताहरू फस्ने देखिन्छ । आफ्नो मान्छे बचाउन छानी छानी कारबाही प्रक्रिया अघि बढाएको आरोप पनि सरकारमाथि लाग्दै छ ।

नेपाली काङ्ग्रेसको एउटा भातृ सङ्गठन तरुण दलको कार्यालय बनाउन बजेटमै ३ करोड विनियोजन गर्नु भ्रष्टाचार नभए के हो ? सरकारमा रहेका सबै दलहरूले पार्टी कार्यालय, भातृ सङ्गठन र पेशागत सङ्गठनको लागि जग्गा र बजेट दिने व्यवस्था गर्न थालियो भने हाम्रो देशको अर्थतन्त्रको अवस्था के होला ?

असारको अन्तिम समय छ । आर्थिक वर्षको अन्त्यमा अब ९-१० महिनामा नभएको 'विकास' का कामहरू हुँदै छन् । जसरी पनि बजेट सिध्याउन सरकारी कर्मचारीहरूदेखि जनप्रतिनिधिहरूसमेत लाग्ने गर्छन् । कामको गुणस्तरको कुनै मतलब हुँदैन । कागज मिलायो बस् । कतिपय योजनाहरू त कुनै कामै नगरी बिल फछ्र्यौट गर्ने गरेको पनि सार्वजनिक भएका छन् । रातारात हिलाम्ये सडकमा पिच वा ढलान गरेको, मुसलधारे वर्षाबिच पिच गरिरहेको, हतार हतार पुलहरू निर्माण गर्दा निर्माण पूरा नहुँदै भत्केका कति छन् कति । यी सबै राज्यको स्रोतको दुरूपयोग हो, अनैतिक कार्य र भ्रष्टाचार हो । भ्रष्टाचारीहरूलाई मृत्युदण्ड, आजीवन काराबास जस्तो कडा कानुनको व्यवस्था नगरिएसम्म भ्रष्टाचार न्यूनीकरण गर्न सम्भव छैन ।

नेपाल सरकारको आफ्नो स्रोत नभएको कारण कुनै पनि विकास निर्माण गर्न विदेशीसँग ऋण लिनुपर्छ । ऋण लिएर गरेको विकास बजेट सिध्याउने कुरामा मात्र ध्यान केन्द्रित गऱ्यो भने भावी पुस्ताले सत्तो सराप गर्नेछन् र त्यस्ता काम गर्नेहरूलाई थुक्नेछन् ।

यसरी असारे विकास समेतको हिसाब गर्दा समेत चालु आ.व. २०८१/८२ मा पूँजीगत खर्च जम्मा ५३ प्रतिशतमात्र भएको छ । कुल ३ खर्ब ५२ अर्ब बजेट विनियोजन गरिएकोमा असार २५ गतेसम्म १ खर्ब ८६ अर्ब ६१ करोड (५२.९६ प्रतिशत) मात्र खर्च देखाइएको छ (समाचारपत्र, असार २३) । यसले विकास निर्माणको कार्यमा सरकार पूरै असफल सावित भएको छ । फेरि सरकार तिनै दलको हातमा छ । जतिसुकै जनताले सरापे पनि जनता राजनैतिक रूपले सचेत र सङ्गठित भएर शासक दलहरूलाई कुर्सीबाट नफालेसम्म न भ्रष्टाचारको अन्त्य हुनेछ न देश विकास नै सम्भव छ । यसर्थ भ्रष्टाचारविरोधी आन्दोलनलाई एक अभियानकै रूपमा अगाडि बढाउनु आवश्यक छ ।

(असार २९ गते)

# भक्तपुर ग:हिति टोलमा पत्ता लागेका सम्पदा



पुरुषोत्तमलोचन श्रेष्ठ

## भूमिका

२१ असार, शनिवार, २०८२। समयः साँझको ७ बजे। मोबाइलको घन्टी बज्यो। फोनकल गर्ने भक्तपुर नगरपालिका वडा नं. ४ का सदस्य श्री पुरुषोत्तम तमखुज्यू हुनुहुँदोरहेछ। फोन उठाएँ। उहाँले भन्नुभयो 'पुरुषोत्तम सर, नमस्कार। ग:हिति टोलको चोकमा ढुङ्गा छाप्ने क्रममा मूर्तिसहितको एउटा शिलालेख भेटिएको छ। हेर्न आउनुहुन अनुरोध गरेँ।' मैले भनेँ 'भोलि बिहानै आउने छु।' उहाँले भन्नुभयो 'भाइबरमा मूर्ति र शिलालेखको फोटो पठाएको छु, हेर्नुहोला।' उहाँले भाइबरमा पठाएका ती फोटोहरू हेरेपछि थाहा भयो सो मूर्ति चतुर्बाहु नारायण र सो शिलालेख सोही मूर्तिको पादपीठमा उत्कीर्ण ने.सं.५९७ को यक्षमल्लको रहेछ। अनि आउने भोलिलाई पर्खँदै, ग:हितिका उल्लेख्य, लुकेका सम्पदाबारे सोच्दै गर्दा मनमा अनायाश एउटा कुरा उब्जियो 'कर्म गर्दै गएपछि कताकताबाट भाग्य त त्यतिकै पछिपछि दौडिदौडि आउँदो रहेछ।' अन्वेषण (कर्म) का क्रममा पत्ता लाग्ने प्रत्येक सम्पदा मेरा लागि भाग्य हुन्। त्यसपछि मेरा विद्यार्थी, 'समाजसेवा-रत्न' राजेश गाईजूलाई फोनमा सम्पर्क गरी अनुरोधपूर्वक भनेँ 'क्यामेरा लिएर भोलि बिहान ७ बजे ग:हितिमा आउनु। त्यहाँ केही उल्लेख्य ऐतिहासिक, पुरातात्त्विक महत्त्वका वस्तु, शिलालेख फेलापरेका छन्।'

## पत्ता लागेका सम्पदा

२२ असार, आइतवार, २०८२। बिहानको ७ बजे, स्थान ग:हिति। हामी सबै समयमै ग:हितचोकमा भेला भयौँ। चौबाटोको सङ्गमस्थल, ग:हितिचोकको माझमा एउटा ठूलो इनार छ। सोही इनारको पश्चिमपट्टिको भाग देखाउँदै तमखुज्यूले भन्नुभयो 'चोकमा ढुङ्गा छाप्ने क्रममा खन्दा यहीँबाट पुरिएको अवस्थामा नारायणको मूर्ति र शिलालेख भेटिएको हो' (चित्र सङ्ख्या १)। यी महत्त्वपूर्ण सम्पदा देखाइदिनुभएकोमा तमखुज्यूलाई धन्यवाद छ।



चित्र संख्या १ : पादपीठमा यक्षमल्लको ने.सं.५९७ को अभिलेख उत्कीर्ण शक्तिसहितका (कीर्ति र लक्ष्मी) चतुर्बाहु वामन केशवमूर्ति। ४६x४३ से.मि.। छायाचित्र साभार : पुरुषोत्तम तमखु।

यक्षमल्लको ने.सं.५९७ को वामन-केशवमूर्तिको पादपीठमा उत्कीर्ण शिलालेख



चित्र सङ्ख्या २ : ग:हितिटोलको, यक्षमल्लको ने.सं.५९७ को, शक्तिसहितको (कीर्ति+लक्ष्मी) चतुर्बाहु वामन-केशव मूर्तिको पादपीठमा उत्कीर्ण अभिलेख। ८१x२२ से.मि, अभिलेख उत्कीर्ण भाग १४x५५ से.मि.। लिपि : नेपालभाषा। भाषा : संस्कृत। खासगरी 'ए' कार अक्षरमा भुजिँमोल लिपिको प्रभाव स्पष्ट देख्न सकिन्छ। मैले पढेको पाठ सच्याई सहयोग गर्नुहुने लिपिविज्ञ डा.श्री श्यामसुन्दर राजवंशीज्यूप्रति आभारी छु।

## लिप्यन्तर

१. ............धरति करतले वामनो वासुदेव :
श्रीलक्ष्मी सयुतेश्च त्रिभुवन नमितो धर्म मोक्ष

२ थ हेतु : । विष्णु ...त्रैलोक्यनाथ : कलिकलूषहरौ ।
भुक्तिमुक्तिप्रदाता, पापाद्व : सर्व्वदा प्रवरसरसिजस्थोपि
नारायणश्च ॥

३. स्वस्ति ॥ श्रीनेपालमहीश्वरो नृपगुरु :
श्रीयक्ष मल्ल, प्रभुश्चक्रे शत्रसुमंडपं सकलश
पाषाणमूर्त्ति हरे :। स्वर्गो

४. प्नां प्रतिमांप्रधानर्गारमन्सत् यक्षराजस्यवै,
रम्यांयुग्मसती युतांविरचितांशत्रोपरिस्थापितां ॥
यावच्चन्द्रकलामला

५. पशुपतेर्मोलौवसत्यूज्ज्वले यावछेष फणामणो च
धरणी सर्व्वास्नयावर्त्तते । यावन्नोरुगिरौ सुखेन रमते
सर्व्व सुराणां ग

६. ण स्तावेद्रक्षतु शत्रे मंडपवरं श्रीवामन केशव :।
अनेनापिच पुण्यन, चारोग्य संतति श्रिय : ।
श्री यक्षमल्ल देवानां वृ

७. द्धय : । संतु सर्व्वदा ॥ दिवंगत प्रधानस्य,
यक्षराजस्य धीमत : । वैकुण्ठ भुवना वासो,
भूयाद्बंद्व सतीसह : ॥ ॥

८. नेपालहायने गतेमुनि रंध्र वाणे माघसितेमकरकेतु
तिथौ प्रयाते । तस्मिंश्चवामन हरिं वरऋतु श्रीनां
धर्मार्थ काम फलदांहि कृत प्रतिष्ठां ॥

## टिप्पणी

दिवंगत प्रधानको स्मृतिमा, वैकुण्ठवासको कामना गरी ने.सं.५९७ मा कीर्ति+लक्ष्मीसहितको वामन केशवको मूर्ति स्थापना गरिएको कुरा यस अभिलेखबाट ज्ञात हुन्छ । यस अभिलेखमा आएको वामन केशव र तदनुसारको मूर्तिले ग:हितिटोल वामनतीर्थको रूपमा रहिआएको दृष्टिगोचर हुन्छ । वामन केशवका शक्ति कीर्ति र लक्ष्मी हुन् जुन भावअर्थका दृष्टिले यक्षमल्लकी रानी कीर्तिलक्ष्मीको पनि स्मरण हुन्छ । यस बारेमा पछि भाषान्तर एवम् विश्लेषणसहितको लेख प्रकाशमा ल्याउने छु ।

## हितिमंग : ग:हितिको अवशेष

**(चित्र सङ्ख्या ३,४)**



चित्र सङ्ख्या ३ : ग:हितिको अवशेष हितिमंग: (ल्वंहहिति / ढुङ्गेधाराको मकराकृति टुटो) ७३x२०x१५x २२ से.मि. । ईस्वी पन्ध्रौं शताब्दी ।



चित्र सङ्ख्या ४ : ऐजनको समीप चित्र ।

गहिरो स्थानमा रहेको ल्वंहहिति / ढुङ्गेधारालाई नेपालभाषामा 'ग:हिति' भनिने कुरा जानिन्छ । यसो हुँदा सोही ल्वंहहिति भएको टोलबस्ती 'ग:हिति' नामले लोकजीवनमा प्रचलित रहिआएको कुरा ज्ञात हुन्छ । तर आज हामी ग:हितिटोलमा 'ग:हिति' देख्दैनौं । समयको प्रवाहमा, नियतिको मारमा सो ग:हिति लोप भइसकेको प्रतीत हुन्छ । कुराले कुरा आउँछ । यस बारेमा सोधखोजकै सिलसिलामा तमखूज्यूलगायत स्थानीय बासिन्दाहरूसित जिज्ञासा राख्दा उहाँहरूले ग:हितिचोकको दक्षिणमा रहेको ढुङ्गाको थुप्रोतिर देखाउँदै भन्नुभयो 'त्यही थुप्रोमा ग:हितिको अवशेष हितिमंग दबिएर रहेको हुनुपर्छ । अनि उत्खिनेरै हामी सबै मिलेर ढुङ्गाको रासबाट हितिमङ्ग पत्ता लगाएरै छाड्यौं । कैयन कालदेखि यसमा जमेर लागेको हिलोमाटो पखालेपछि हाम्रो सामु साह्रै सुन्दर, कलात्मक हितिमंग देखापर्न आयो । मैले यसको पनि नापो लिएँ । ग:हितिको अवशेष पत्ता लागेकोमा हामी सबै खुसीले दङ्ग भयौं । नि:सन्देह यो पनि अन्वेषणको एक उल्लेख्य आकस्मिक खोज वा उपलब्धि थियो । स्थानीय बासिन्दाहरूका अनुसार सो हितिमंगको अर्को अवशिष्ट भाग सङ्गैको लक्ष्मीनरसिंहमन्दिरको पश्चिमपट्टि पहिलो तहको पेटी बनाउने क्रममा छापिन पुगेको छ ।

## जऱ्हुँ/जलद्रोणी



चित्र सङ्ख्या ५ : जऱ्हुँ/जलद्रोणी। इस्वी पन्ध्रौं शताब्दी। १८०X३४X२९ से.मि.।

ल्वंहहिति परिसरमा जऱ्हुँ पनि बनाएर जलसम्पदालाई अझ बढी सम्पन्न, सुन्दर र शोभायुक्त तुल्याइराख्ने नेवार वास्तुकलाको एक सुन्दर नमुना यो जऱ्हुँ पनि हो। ग:हितिपरिसर ल्वंहहिति, तुंथि/इनार लगायत जऱ्हुँले पनि सम्पन्न रहिआएको आभास यस जऱ्हुँले गराएको छ।

## रतासनका मूर्ति



चित्र सङ्ख्या ६ : सम्पदा संरक्षण : जऱ्हुँ, रतासनका मूर्ति कुँदिएको प्रस्तरखण्ड, ग:हितिको अवशिष्टभाग हितिमंग।



चित्र सङ्ख्या ७ : रतासनका मूर्ति कुँदिएको प्रस्तरखण्ड, एक दुर्लभ नमुना। ईस्वी पन्ध्रौं शताब्दी।

भोलिपल्ट, ३२ असार, बुधवार, २०८२। त:माहिटोल र ग:हितिटोलमा बिहान र साँझ सँधै तरकारीबजार लाग्छ। तरकारी किन्न म प्राय: यहीं आउने गर्छु। एक पन्थ दो काज भनेझैं यस दिन, बिहान तरकारी किनेर फर्कने क्रममा ग:हितिचोकमा पनि यसो घुम्न थालें। यहाँ नारायणमूर्ति र अन्य सम्पदा पुनर्स्थापनाको काम तीव्रगतिमा भएको देखें। खुसी लाग्यो। सोही क्रममा, त्यहाँ मलाई देखेपछि स्थानीय श्री बलराम सिबंजार (४७) ले हिजो पत्ता लागेका जऱ्हुँसँगै हितिमंग र अर्को एक रतासनका मूर्ति कुँदिएको प्रस्तरखण्ड पनि त्यसैसित जोडेर पुनर्स्थापन गरेको कुरा ती सम्पदा देखाउनुहुँदै बताउनुभयो। बलराम सिंबजारलगायत ग:हितिचोकमा काम गर्ने कामदारहरूले रतासनका मूर्ति कुँदिएको सो प्रस्तरखण्डलाई हितिमंगकै एक भाग होला भनेर त्यसैसित जोडेर राखिदिएका रहेछन्। सिबंजारज्यूका अनुसार यसै ग:हितिपरिसमा अलपत्र अवस्थामा रहेको सो प्रस्तरखण्डलाई वि.सं. २०६४ सालमा वडा कार्यालयमा लगी राखिएको र अहिले ग:हितिचोकमा ढुङ्गा छाप्ने क्रममा यहाँ त्यसरी राख्न ल्याइएको हो। खण्डित अवस्थाको सो प्रस्तरखण्डमा दुईजोडी भिन्न भिन्न मुद्रामा रतासनमा लीन छन्। रतासनका मूर्ति कुँदिएको यो प्रस्तरखण्ड विशेष महत्त्वको छ। यस्तो दुर्लभ सम्पदा देखाइदिनुभएकोमा बलराम सिंबजारज्यूलाई धन्यवाद छ। मलाई लाग्छ, यो कुनै शिखरशैलीको ढुङ्गोमन्दिरको अवशिष्ट भाग हुनुपर्छ। खण्डित अवस्थाकै सही, यसमा कुँदिएका रतासनका मूर्ति र सुन्दर कलात्मक बुट्टाका अंशले खजुराहोमन्दिरका रतासनका मूर्तिहरू (ईस्वी दसौं शताब्दी)लाई सम्झाएको छ। नेपालमा, अझ विशेषगरी नेपालमण्डल (काठमाडौं उपत्यका) मा मन्दिरका टुँडाल, सत्तलपाटी आदि र चित्रकलामा यस प्रकारका रतासनका आकृतिहरू देख्न सकिन्छ। अर्को शब्दमा भन्नुपर्दा काठ, कपडा, कागज आदिमा यस प्रकारका आकृति चित्रहरू लेखेको कुँदिएको भेटिन्छ। तर ढुङ्गामा कुँदिएको रतासनको मूर्ति यसअघि देखिएको वा प्राप्त भएको जानकारी छैन (यो मेरो अल्पज्ञान पनि हुनसक्छ)। यदि यसो हो भने नेपालमा आजसम्म प्राप्त रतासन/कामकलाका मूर्ति/आकृतिहरूमध्ये प्रस्तरमा कुँदिएको यो नै यस विषयको पहिलो हो भनी मान्न सकिन्छ। यो पनि आकस्मिक खोजको अर्को एक उल्लेख्य उपलब्धि हो।

ग:हितिटोल अनेक कालखण्डका सम्पदाले समृद्ध रहेको देखिनआएको छ। यति सानो ठाउँ वा चोकपरिसरबाट अनेक नूतन सम्पदा फेला पर्नआएका छन्। भक्तपुरको गर्भमा अनेक कालखण्डका अनुपम सम्पदा गर्भस्थ रहेछन् भन्ने कुराको एक झलक यस चोकपरिसरमा पत्ता लागेका सम्पदाबाट पनि आङ्कलन गर्न सकिन्छ। यसले भक्तपुर खुला आकासमुनिको खुला सङ्ग्रहालय मात्र नभएर, पातालमुनि गर्भस्थ रहेको रहस्यमय, बन्द रूपको सङ्ग्रहालय पनि रहेछ भनी मान्न कर लाग्छ जसलाई खोतल्दा पाइला पाइलामा अतुल्य सम्पदा पत्ता लाग्छन्।

# ल्हासा, शान्नान भ्रमणका ४८ घण्टा : आपसी सम्बन्ध सुदृढीकरणको कोसेढुङ्गा



वसन्त भट्टराई

## विषयको शुरुवात

२०८२ साल जेष्ठ १३ गतेको दिन दिउँसोको सवा १ बजेतिरको कुरा हो मेरो मोवाईलमा एउटा विदेशी नम्बरमा २/३ पटक फोन आयो। कार्यव्यस्तताले त्यो फोन उठाउन पाइएन। पछि कलब्याक गर्न खोज्दा ह्वाट्सएपमा ल्हासास्थित नेपाली वाणिज्यदूतावासका महावाणिज्यदूत लक्ष्मी निरौलाको फोन आयो। उहाँका अनुसार यही असारको ९,१०,११ मा सिजाङ क्षेत्रका विभिन्न निकायहरूसँग नेपालका स्थानीय सरकारहरूसँग भगिनी सम्बन्ध कायम भएका नगरका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरूसँग ल्हासामा समन्वय बैठक हुँदैछ। त्यसको लागि तयारी गर्नुपर्ने जानकारी प्राप्त भयो। मैले आधिकारीक आमन्त्रण पत्रको माग गरें। 'त्यसको लागि तयारी हुँदैछ। अहिले तपाईँहरूले आफ्नो तयारीका लागि मैले जानकारी गराएको हुँ। पत्र हामी पठाउँछौं' भन्नुभयो। यो विषय मैले नगर प्रमुख सुनिल प्रजापतिज्यूलाई जानकारी गराएँ। उहाँले पनि 'पत्र आएपछि सल्लाह गरौंला' भन्नुभयो। तत्पश्चात केही दिनमा सिजाङ स्वायत्त प्रदेशबाट नगरप्रमुखज्यूलाई कार्यक्रममा सहभागिताका लागि आमन्त्रण पत्र प्राप्त भयो भने ल्हासास्थित नेपाली वाणिज्यदूतावासबाट परराष्ट्र मन्त्रालयमा पत्राचार भएपश्चात नगरपालिकाको अनुरोधमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट वडाध्यक्ष श्री रवीन्द्र ज्याख्व र म प्रमुख प्रशासकीय अधिकृतको मनोनयन भई भ्रमणमा हामी समावेश भयौं।

## भ्रमणमा सहभागीहरू

समन्वय बैठकमा सहभागी हुन नगर कार्यपालिकाको निर्णयअनुसार भक्तपुर नगरपालिकाको प्रतिनिधित्व गर्दै हामीसहित नेपाली प्रतिनिधिमण्डलमा भक्तपुर नगरपालिका, पोखरा महानगरपालिका, भरतपुर महानगरपालिका, काठमाडौँ महानगरपालिका, बनेपा नगरपालिका, धुलिखेल नगरपालिका, टोखा नगरपालिका र जिरी नगरपालिकासहित ८ वटा नगरपालिका तथा वाग्मती प्रदेशसभाका मुख्य सचिव र अन्य कर्मचारीहरूसमेत गरी जम्मा २१ जना सदस्यहरू सहभागी थियौं। भ्रमण दलको नेतृत्व पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यले गर्नुभएको थियो।

भ्रमणमा सहभागी नेपाली टोलीका सदस्यहरूको विवरणः

| सि.नं. | नगरपालिका | जनप्रतिनिधि | कर्मचारी |
|---|---|---|---|
| १ | भक्तपुर नगरपालिका | वडाध्यक्ष, रविन्द्र ज्याख्व | प्रमुख प्रशासकीय अधिकृत, वसन्त भट्टराई |
| २ | पोखरा महानगरपालिका | प्रमुख, धनराज आचार्य | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | बनेपा नगरपालिका | प्रमुख, शान्तिरत्न शाक्य | प्रमुख प्रशासकीय अधिकृत पोषण लामिछाने |
| ४ | धुलिखेल नगरपालिका | प्रमुख, अशोक कुमार ब्याञ्जु श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत, मोहन प्रसाद मरासिनी उपाध्याय |
| ५ | टोखा नगरपालिका | प्रमुख, प्रकाश अधिकारी | प्रमुख प्रशासकीय अधिकृत, शेरबहादुर बागचन्द विसी |
| ६ | जिरी नगरपालिका | प्रमुख, मित्र बहादुर जिरेल | प्रमुख प्रशासकीय अधिकृत, राजकुमारी खत्री |
| ७ | भरतपुर महानगरपालिका | वडाध्यक्ष, विकास थापार वडाध्यक्ष, मनोज रानाभाट | |
| ८ | काठमाण्डौ महानगरपालिका | कर्मचारी, नुरनिधि न्यौपाने र कर्मचारी, सुरज शाक्य | |
| ९ | बागमती प्रदेशमुख्य सचिव भूपाल बराल, कर्मचारी कृष्णकुमार कार्की, कर्मचारी केशवराज सुवेदी मुख्यमन्त्रीका स्वकीय सचिव छत्र बहादुर लामा, कर्मचारी अशिम घिसिङ्ग लामा | | |

## भ्रमणका ४८ घण्टाहरू

### ल्हासा

असार ९ गते विहान काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हिमालय एयरलाइन्सको विमान चढेर तिब्बतको ल्हासा पुग्यौं। ल्हासा गोंग्गार अन्तर्राष्ट्रिय विमानस्थलमा जहाज अवतरण हुँदा सायद हामी पहिलो पटक यति नजिकबाट तिब्बती भूमि देख्दै थियौं। विमानको झ्यालबाट टाढासम्म फैलिएका पहाडहरू, छरिएका बौद्ध स्तूपहरू र यारलुङ त्साङपो (Yarlung Tsangpo) नदीको किनारामा अवस्थित बस्ती र खुला संरक्षित पहाडहरूले मेरो मन रोमाञ्चित बनायो। विमानस्थलमा ओर्लिएपछि त्यहाँको हावामा एक किसिमको हल्का चिसो, स्वच्छ र उच्च उचाइको सङ्केत दिने खालको थियो। ल्हासामा महावाणिज्यदूत श्री लक्ष्मी निरौला र चिनियाँ कम्युनिष्ट पार्टीका स्थानीय नगर

समितिका उपाध्यक्षले विमानस्थलमा हामीलाई न्यानो स्वागत गर्नुभयो भने तत्पश्चात विमानस्थलको प्रक्रिया समाप्तीपश्चात हामी सिधै हाम्रो आवास तथा कार्यक्रमस्थल होटल सांग्रिलातर्फ लाग्यौं ।

हामीलाइ आयोजकले उपलब्ध गराएको भि.आइ.पि. मिनि बसबाट ल्हासा सहरतर्फको यात्रा सुरु गर्‍यौं। झन्डै एक घण्टा लामो यो यात्रा प्राकृतिक सौन्दर्य, सांस्कृतिक झलक र आत्मीय शान्तिले भरिएको थियो। सीधा र फराकिला बाटाहरू, साना दुई र एक अलि लामो सुरुङमार्ग, बाटोभरि देखिने लुङ्दर, पहाडका काखमा अडिएका गोम्पाहरू, आकर्षक सडक बत्तीले र सडक वरपर तयार गरिएको हरियालीले मलाई भावुक बनायो। वास्तवमा हामी दुइ देश नजिक भएर पनि मेरो मातृभूमीले यति नजिक छिमेकको विकासको केही प्रतिशत पनि प्रेरणा लिन सकेन। जति नजिक ल्हासा सहर पुग्दै थियौं, त्यति नै तीव्र हुँदै गइरहेको थियो मेरो हर्ष। सहर नजिकिँदै गर्दा पोताला दरबार, जोखाङ् मन्दिर, प्राचीन नेपालको ब्यापारिक थलो, नेपाललाई साँच्ची नै विश्वास गरी नेपालको मात्र कूटनीतिक नियोग रहेको नेपाली मनको सहर ल्हासा सहर अनि नेपालको पनि उच्च उचाइका समुदाय रहने क्षेत्रमा पनि सरकारी सेवामा जीवन व्यतित गरेको हुनाले पनि होला यस यात्राले मलाई न केवल भौगोलिक रूपमा उचाइमा ल्यायो, बरु बुद्ध धर्म तथा भोटको जनजीवनप्रतिको आत्मिक उचाइको पुनःस्मरण पनि गरायो ।



चित्र: सडक बत्तीको स्वरूप

होटलमा दिउँसोको खानापश्चात हामी विश्वकै उच्च स्थानको माल्टबाट उत्पादन हुने तिब्बत वियर कारखानाको अवलोकनमा गयौं ।

## तिब्बत वियर कारखानाको अवलोकन

Tibet Beer, प्रायः Lhasa Beer भनेर चिनिने, तिब्बत स्वायत्त क्षेत्र (चीन) मा उत्पादन हुने एक लोकप्रिय बियर ब्रान्ड रहेछ। यो बियर उच्च हिमाली क्षेत्र ल्हासामा अवस्थित Lhasa Brewery Company द्वारा सन् १९८८ मा स्थापना गरिएको हो। यसको विशेषता भनेको शुद्ध हिमाली माल्टको प्रयोग गरी बनाइएको हुनाले यसको स्वाद हल्का, ताजा र प्राकृतिक हुने जानकारी प्राप्त भयो। सामान्यतया ४-५ प्रतिशत अल्कोहल मात्रा भएको यो बियरले विश्वको सबैभन्दा अग्लो स्थानबाट उत्पादन हुने बियरको रूपमा पनि पहिचान बनाएको रहेछ।

Tibet Beer को बजार चीन, तिब्बत, र केही अन्तर्राष्ट्रिय गन्तव्यहरूमा विस्तार भएको रहेछ, जहाँ पर्यटकहरूका लागि 'The Beer from the Roof of the World' भन्ने नारासहित प्रचार गरिन्छ। यसको बोटल र लेबल डिजाइनमा तिब्बती संस्कृति, हिमाली सौन्दर्य र बौद्ध धर्मको झलक पाइन्छ, जसले यसलाई सांस्कृतिक रूपमा विशिष्ट बनाएको छ। शुद्धता, उचाइमा उत्पादन भएको विशिष्ट प्रविधि र मौलिक स्वादले Tibet Beer लाई अन्य बियर ब्रान्डहरूमध्ये अलग बनाएको रहेछ।

## सिचाङ स्वशासित क्षेत्रका उपाध्यक्ष झाओ फेङ लगायतसँग जनप्रतिनिधिहरूको छलफल र रात्रिभोज

वियर कारखानाको अवलोकन पछि हामी सिधै होटलतर्फ लाग्यौं। तत्पश्चात हरेक नगरपालिकाका टोली प्रमुख लगायतहरूसँग सिचाङ स्वशासित क्षेत्रका उपाध्यक्ष झाओ फेङसहितका पदाधिकारीहरूसँग अर्को दिनको औपचारिक कार्यक्रम, विषयवस्तु, र मोडालिटीबारे छलफल गर्ने कार्यक्रम रहेको थियो। बेलुकीको साढे ६ बजे पनि दिउँसोको ३/४ बजेको जस्तो भान हुन्थ्यो। कारण त्यहाँ र पेईचिङको टाइम जोन एउटै रहेछ। पेईचिङ भन्दा पश्चिम भएकाले बेलुकी ९-१० बजेसम्म दिउँसोको जस्तै अनुभव हुने विहान भने ७ बजेतिर मात्र उज्यालो हुने रहेछ। कार्यक्रम समयमै सुरु भयो भने कार्यक्रम पश्चात औपचारिक रूपमा स्वशासित क्षेत्रका उपाध्यक्ष झाओ फेङले सम्पूर्ण सहभागीहरूको स्वागतमा रात्रिभोज दिनुभयो। रात्रिभोज भब्य र ब्यबस्थित थियो। हरेक नगरपालिकाका प्रतिनिधिलाई सोही

नगरपालिकाको भगिनी सम्बन्ध भएका जनप्रतिनिधिसँग राखिएको थियो। जसले गर्दा अनौपचारिक छलफलका लागि पनि अत्यन्त सहज भएको थियो।



चित्र: रात्रिभोजमा सहभागीहरू

## असार १० गते मंगलबार

मंगलबारको दिन विहान यसै पनि मेरो दिन विशेष हुन्छ। मनैदेखि मंगल, पोताला दरबारको पश्चिम भागको काखैमा मेरो कोठा रहेकाले यसै पनि मन फुरुङ्ग, तनैदेखि पनि मंगल बनाउने नित्य कर्म समाप्तिपछि हामी ब्रेकफास्ट लिन जम्मा भयौँ। तत्पश्चात विहानको ९ बजेदेखि १० बजेसम्म भगिनी सम्बन्ध कायम भएका सहरका प्रतिनिधिहरूसँग अनौपचारिक रूपमा छलफल चलेको थियो। यसै बिचमा हामी त्यस दिनको औपचारिक कार्यक्रम समाप्तिपछि शान्नान पुग्ने योजना बन्यो। सम्बन्धित पक्षहरूबाट स्वीकृति लिने कार्य सकियो। छलफलपश्चात उपहार प्रदान गर्ने कार्यक्रम पनि पूरा भयो। तत्पश्चात हामी औपचारिक कार्यक्रमस्थलतर्फ लाग्यौँ।



चित्र: अनौपचारिक छलफलपश्चात भगिनी सहर शान्नानका प्रतिनिधिहरूसँग

## मूल कार्यक्रम

जनवादी गणतन्त्र चीनको सिचाङ स्वशासित क्षेत्रका ७ वटा विभिन्न नगरपालिकाहरूसँग नेपालको वाग्मती प्रदेश अन्तर्गतका ७ वटा र गण्डकी प्रदेशको पोखरासहित भगिनी सम्बन्ध स्थापना गरिएकोमा ती सबै नगरपालिकाहरूबिच आपसी सम्बन्ध सुधार गर्ने र अनुभव आदानप्रदान गर्ने उद्देश्यले Share.Build.Create Together भन्ने मूल नाराका साथ कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गर्नुभएको थियो।

कार्यक्रमको व्यवस्थापन पक्ष अत्यन्त उत्कृष्ट थियो। औपचारिक तथा अनौपचारिक गतिविधिहरूमा समयको परिपालना तथा अनुशासनलाई कडाइपूर्वक पालना गरियो। नेपाली र अङ्ग्रेजी अनुवादकहरूको व्यवस्था थियो। औपचारिक कार्यक्रमको क्रममा सबै सहभागीहरूलाई विशेष खालको एयरफोनको व्यवस्था थियो। जसको माध्यमबाट वक्ताले एउटा भाषामा बोल्दै गर्दा श्रोताहरूले आफ्नो अनुकूलको भाषाबाट सुन्न सकिन्थ्यो। दुवै भाषाको प्रयोग सँगसँगै हुने भएकोले अनुवादको लागि थप समय खर्चनु परेन।

असार १० गतेको औपचारिक कार्यक्रमको सञ्चालन सिचाङ्ग स्वशासित क्षेत्र विदेश मामिला कार्यालयका निर्देशक पाओ थिङ्गले गर्नुभयो। प्रमुख अतिथि, विशिष्ट अतिथिलगायत सबै सहभागीहरूलाई दर्शकदीर्घामा नै आसन ग्रहण गराइएको थियो। बोल्ने क्रममा मात्र मञ्च र पोडियमको प्रयोग गरियो। प्रमुख अतिथि सिचाङ्ग स्वशासित क्षेत्रका उपाध्यक्ष झाओ फेङ्ग, विशिष्ट अतिथि पोखरा महानगरपालिकाका प्रमुख तथा नेपाली प्रतिनिधिमण्डलका नेता धनराज आचार्य, वाग्मती प्रदेशका मुख्य सचिव भूपाल बराल र ल्हासास्थित नेपाली महावाणिज्य दूत लक्ष्मीप्रसाद निरौलाले मन्तव्यमार्फत औपचारिक समारोहको उद्घाटन गर्नुभयो।

औपचारिक समारोहमै धुलिखेल नगरपालिकाका प्रमुख अशोक कुमार ब्याञ्जु श्रेष्ठ र आली प्रिफेक्चरका कमिस्नर एवं त्यहाँको पार्टी समितिका उपसचिव शि यु हुईबिच भगिनी सम्बन्धको औपचारिक सम्झौता पत्रमा हस्ताक्षर गरियो।

उद्घाटनपछि सिचाङ्ग स्वशासित क्षेत्र र नेपालका नगरपालिकाका प्रतिनिधिहरूले पालैपालो आ-आफ्नो मन्तव्य क्रमशः ब्यक्त गर्नुभयो। भक्तपुर नगरपालिकाको प्रतिनिधित्व गर्दै वडाध्यक्ष रवीन्द्र ज्याख्वले लिखित मन्तव्य व्यक्त गर्नुभयो।




चित्रः भक्तपुर नगरपालिकाको तर्फबाट आयोजकलाई उपहार र प्रकाशनहरू प्रदान गर्दै

## अवलोकन भ्रमण

औपचारिक कार्यक्रमपश्चात आयोजकहरूको तर्फबाट नेपाली प्रतिनिधिमण्डललाई विश्व सम्पदा सूचीमा सूचिकृत पोताला दरबार, जोखाङ मन्दिर र बारखोर सडकको अवलोकन भ्रमण गराइएको थियो ।

तत्कालीन राजा स्रङचङ गम्पोको पालामा सातौँ शताब्दीमा निर्माण गरिएको ऐतिहासिक पोताला दरबार सत्रौँ शताब्दीमा थप विस्तार गरिएको इतिहासमा पढ्न पाइन्छ । सन् १९६६ मा विश्व सम्पदा सूचीमा सूचिकृत यस दरबार तिब्बती कलाकृतिको अनुपम नमुना र बौद्ध दर्शन अध्ययनको केन्द्र बनेको छ । १३ तलाको यो दरबारको माथिल्लो भागबाट ल्हासा सहरको मनोरम दृश्यावलोकन गर्न सकिन्छ ।



चित्रःपोताला दरबार

त्यस्तै नेपाली चेली भृकुटीको मूर्तिसहितको जोखाङ मन्दिर पनि परम्परागत बौद्ध कलाकृतिको उच्चतम नमुना हो । स्थानीय बौद्धमार्गीहरू भृकुटीलाई भक्तपुरकी राजकुमारीको रूपमा व्याख्या गर्छन् । भृकुटीले आफूसँगै भक्तपुरका नेवार कलाकारहरू लिएर गएको र ती कलाकारहरूले नै उक्त कलात्मक सुन्दर मन्दिर बनाएको व्याख्या गरिन्छ । मन्दिरको बनोट, दलाम, थाँ, निलहरूमा कुँदिएका बुट्टाहरू, त्यस्तै भित्तामा रञ्जना लिपिमा लेखिएका बौद्ध श्लोकहरू हेर्दा नेपाली र विशेषतः काठमाडौँ उपत्यकाको कलाकृतिसँग मिल्दोजुल्दो देखिन्छ । मन्दिरलाई केन्द्रमा राखेर चारैतिर घुम्ने बारखोर सडक र सडकको दुवै छेऊमा बनेका घर र बजार तत्कालीन समयमा नेपाली व्यापारीहरू (नेवार व्यापारी)ले बनाएको स्थानीय पथप्रदर्शकको भनाइ छ । सडकमा ढुङ्गा छापिएको शैली र पसल राख्ने शैली काठमाडौँ उपत्यकाका मूल सहरकै जस्तो देखिन्छ ।



चित्रः जोखाङ मन्दिर



चित्रः बारखोर सडकमा सुस्ताउँदै नेपाली प्रतिनिधिमण्डल

## नेपाली महावाणिज्यदूतावास र डिनर

जोखाङ मन्दिर र बारखोर सडक घुमिसकेपछि बेलुकीको खाना नेपाली महावाणिज्यदूतावासमा थियो । चिनियाँ सहजकर्ता समूहले त्यहाँसम्म पुऱ्याइदिइसकेपछि हामी नेपालीहरू मात्र भयौँ । त्यहाँ महावाणिज्यदूत लक्ष्मी निरौला सरले वाणिज्यदूतावास, यसका सेवा, इतिहास र कर्मचारीहरूका बारेमा विस्तृत जानकारी गराई स्थलगत अवलोकन समेत गराउनुभयो ।



चित्रः नेपाली महावाणिज्यदूतावासमा नेपाली प्रतिनिधिमण्डल

## नेपाली महावाणिज्यदूतावास, ल्हासाका बारेमा केही जानकारी

मल्लकालमै सन् १६४२ सालमा न्यू नायब रेसिडेन्सीको रूपमा स्थापना भएको यो दूतावास सन् १८५६ मा जंगबहादुर राणाले एक इस्तिहार जारी गर्दै वकिल कार्यालयको रूपमा स्थापना गरी कर्णेल जुद्धविक्रम थापालाई खटाएका थिए । यसबाट नै यसको आधुनिक इतिहास सुरु भएको मानिन्छ । नेपाल चीन (तिब्बत) सम्बन्ध स्थापनापश्चात सन् १९५६ मा ल्हासामा नेपाली महावाणिज्य दूतावास स्थापना गरिएको थियो । यो नेपालीको सबैभन्दा पुरानो विदेशी कूटनीतिक नियोग हो भने तिब्बत क्षेत्रमा रहेको एकमात्र विदेशी दूतावास हो ।

यसले ऐतिहासिक रूपमा नेपाली व्यापारीहरूलाई तिब्बतसँगको व्यापारलाई सहज बनाउन मद्दत गरेको छ । हाल तिब्बत प्रशासनको सहयोगमा सन् २०१९ मा नयाँ भवन निर्माण सम्पन्न भएको रहेछ । जसमा नेपाली र तिब्बती वास्तुकला शैलीलाई संयोजन गरिएको रहेछ ।

## प्रमुख भूमिका र सेवाहरू

- **कूटनीतिक सम्बन्ध प्रवर्द्धन :** नेपाल र तिब्बत (चीन) बिच मैत्रीपूर्ण सम्बन्ध, सामाजिक-आर्थिक प्रतिबद्धता, संस्कृति र धर्म क्षेत्रको आदान-प्रदानलाई प्रवर्द्धन गर्दछ,
- **व्यापार र लगानी प्रवर्द्धन :** नेपालको लागि व्यापार, वाणिज्य, तथा लगानी अवसरवृद्धिमा मार्गदर्शन तथा सहजता पुऱ्याउँछ । सम्भावित व्यवसायी वा लगानीकर्ताहरूलाई जानकारी प्रदान गर्दछ,
- **कन्सुलर सेवा :** ल्हासामा बसोबास गर्ने नेपाली नागरिकलाई पासपोर्ट, यात्रा अनुमतिपत्र, प्रमाणीकरण (attestation), आपत्कालीन सहायता आदि सेवा उपलब्ध गराइन्छ, र
- **पर्यटक भिसा जारीकरण :** चिनियाँ वा अन्य मुलुकका पर्यटकहरूलाई नेपाली पर्यटक भिसा जारी गर्ने काम त्यहाँबाट हुन्छ ।

बेलुकीको खाना खाने समय अन्यन्तै पारिवारिक माहोलको थियो । दूतावासका कर्मचारीहरूबाट निर्मित नेपाली स्वादका परिकारले घरमै आएर खाना खाएको महसुस गरायो । त्यसमाथि पनि नेपाली कलात्मक फर्निचर, डाइनिङ, विदेशी भूमिमा हामीलाई के चाहियो र ? कसैले हातैले खाना खान थाल्नुभयो भने कसैले अचार, कुखुराको मासु, नेपाली भात र पुलाउ, दाल र दही थपी थपी । न कसैलाइ झट्ट उठेर हिँड्न मन थियो न कसैको आपसी कुराकानी र गफगाफ छोट्याउन नै ।

हामी भने भगिनी सहर शान्नान जानुपर्ने भएकाले महावाणिज्यदूत लक्ष्मी सरले उपलब्ध गराउनुभएको सवारी साधनमा तीसौँ वर्ष सेवा गर्नुभएका लामा ड्राइभर दाइसँग गफिँदै होटलतर्फ फिर्ता भयौँ ।

## शान्नान नगरतर्फ प्रस्थान

सूर्य पश्चिमतर्फ ढल्किन थालेको थियो । होटलको लबीबाट शान्नान नगरका उपप्रमुख सहितका टोलीले हामीलाई गाडीतर्फ लग्नुभयो । ल्हासाबाट शान्नानतर्फको यात्रा आज केही विशेष लागिरहेको थियो सायद त्यो तिब्बती साँझमा दुई सहरबिचको यात्रा अनुभव लिने अवसर भएर पनि होला ।

हाम्रो गाडीले सहर छोड्दा एकातिर अरू नेपाली साथीहरू ल्हासामा ओपेरा (एक किसिमको प्राचीन नाटक) को आनन्द लिँदै गर्दा हामी भक्तपुर नगरपालिकाको टोली सहर छोड्दै थियौँ । ल्हासाको भीडभाड पछाडि छुट्दै गयो, र विस्तारै खुला, शान्त भू-भाग सुरू भयो । करीब १५० किलोमीटरको सीधा र आधुनिक एक्सप्रेस सडक, त्यहाँ पनि तीनवटा सुरुङमार्ग, एउटा पछि अर्को पहाड छिचोल्दै यारलुङ त्साङ्पो नदीको किनारै किनार यात्रा हुँदै थियो । नदीको पानीमा बेलुकीको सुनौला रङहरूले प्रतिबिम्बित भई दृश्यलाई एक प्रकारको चित्रजस्तो बनाइदिएको थियो । प्रति घण्टा १२० देखि १५० किलोमीटरसम्म सवारीको गति आँखा नझिम्क्याइकन बेलुकीको दृश्यावलोकन गर्दै गाडीभित्रको मौनता, बाहिरको शान्त रात, र भित्री भावनाले गर्दा त्यो बेलुकीपखको यात्रा एकदम आत्मीय र अविस्मरणीय बन्यो ।

शान्नान पुग्दा रात झमक्कै भइसकेको थियो । सरकारी स्वामित्वको होटलमा हामी रातको करिब साढे १० बजे पुगी विश्राम लियौँ ।

## शान्नान नगरपालिका प्रमुखसँगको भेटवार्ता:

असार ११ गते बुधबार दिनको सुरुवातका क्रममा हामीले विहान करीब पौने नौ बजे शान्नान नगर प्रमुख शान्झु सिरेनसँग भेटवार्ता र सँगै ब्रेकफास्ट गर्ने अवसर पायौँ ।

शान्नान नगरपालिका ल्हासाको दक्षिण पूर्वमा अवस्थित छ । यसको क्षेत्रफल ७९ हजार ३०० वर्ग किमी र जनसङ्ख्या ३ लाख ७५ हजार ३०० छ । तिब्बती संस्कृति र सभ्यताको उद्गमस्थल मानिने शान्नान नगरपालिकामा एउटा जिल्ला र ११ वटा काउन्टीहरू छन् ।

भेटको क्रममा नगर प्रमुख शान्झु सिरेनले भगिनी नगर भक्तपुरका प्रतिनिधिहरूलाई आफ्नो नगरमा स्वागत गर्न पाउँदा खुशी लागेको बताउनुभयो । उहाँले एउटा छिमेकीले सदैव अर्को छिमेकीको भलो चाहने स्पष्ट पार्दै दुई पालिकाबिचको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटन र व्यापारिक सम्बन्ध थप सुमधुर पार्न आपसी भ्रमणले योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

प्रमुख शान्झु सिरेनले तिब्बती नागरिकलाई १२ वर्षे शिक्षा र आधारभूत स्वास्थ्य उपचार सेवा सरकारले निःशुल्क प्रदान गरिरहेको चर्चा गर्दै नयाँ पुस्तालाई चिनियाँ क्रान्तिको इतिहास एवम् कम्युनिष्ट आदर्श र चरित्रबारे प्रशिक्षित गरिरहेको बताउनुभयो । युवा पुस्ता १८ वर्ष पुगेपछि चिनियाँ कम्युनिष्ट पार्टीको सदस्य बनी देश र समाजको सेवा गर्न लालायित हुने गरेको उहाँको भनाइ थियो । शान्नानका उप मेयरको टोलीले केही समयअघि भक्तपुर नगरपालिकाको औपचारिक भ्रमण गरेको स्मरण गर्दै भक्तपुर नगरपालिकाका मेयरज्यूको नेतृत्वमा एउटा टोलीलाई यही सेप्टेम्बर, अक्टोबरमा हुने यार्लुङ सांस्कृतिक तथा पर्यटन महोत्सवमा सहभागी बन्न निमन्त्रणा गर्नुभयो ।

छलफलमा हामीले दुई देशबिचको भाइचारा सम्बन्ध इतिहासजतिकै पुरानो र सुमधुर रहेको उल्लेख गर्दै नेपालमा २०७२ को विनाशकारी भूकम्प र कोभिड १९ महामारीको समयमा चिनियाँ सरकार र शान्नान नगरले दिएको सहयोगप्रति आभार व्यक्त गर्‍यौँ । त्यस्तै हामीले भक्तपुर नगरपालिकाले भक्तपुरवासी जनताको सेवाका लागि शिशु स्याहार केन्द्रदेखि कलेजहरू सञ्चालन गरेको र ख्वप अस्पतालमार्फत बिरामीको उपचार गरिरहेको जानकारी दियौँ ।

ख्वप अस्पतालमा एम.आर.आई. सेवा, डाइलाइसिस सेवा र सर्जिकल माइक्रोस्कोपको सेवा विस्तारको लागि भक्तपुर नगरपालिकाको तर्फबाट शान्नान नगरपालिकाको लागि आवश्यकता बोध गरेको सम्बन्धमा बैठकमा नगर प्रमुख सकारात्मक रहेको र भक्तपुर नगरपालिकाका प्रमुखज्यूको नेतृत्वमा शान्नान भ्रमण हुने बेला ती सामानहरूमध्ये प्राथमिकताका सामानहरू हस्तान्तरण गर्ने जानकारी दिनुभयो ।



चित्रः नगरप्रमुख शान्झु सिरेनसँग भक्तपुर नगरपालिका प्रतिनिधिमण्डल

## नेपाल फिर्तिका लागि ल्हासा विमानस्थल प्रस्थान

शान्नानका कार्यक्रमहरूको समाप्तिपछि हामी नेपाल फिर्तिका लागि विमानस्थलतर्फ प्रस्थान गर्‍यौँ । बाटोमा यार्लुङ नदीमा फोटो लिने इच्छा हाम्रो यात्रामा साथ दिनुभएकी याङ्जोङले पूरा गरिदिनुभयो । विमानस्थलको विशिष्ट कक्षमा सम्पूर्ण नेपाली टोली पुगीसकेका थिए । हामी पुगेपछि मिठो नेपाली बोल्ने दोभाषे नेपाली नाम संस्कृतिसहितका सबै सहजकर्ता टोलीलाई नेपाली खादासहित धन्यवाद दिँदै स्थानीय समयअनुसार १ बजेर तीस मिनेटमा विमानतर्फ प्रस्थान गर्‍यौँ ।



चित्रः यार्लुङ नदी

## समग्रमा

ल्हासा–शान्नानको करीब ४८ घण्टे यात्राले हामीलाई दुई देशबिचको सम्बन्ध, तिब्बती भूगोल, संस्कृति, र विकासप्रतिको दृष्टिकोणको प्रत्यक्ष अनुभूति दिलायो । ल्हासास्थित नेपाली वाणिज्य दूतावासको समन्वयमा आयोजित यो भ्रमणले दुई पक्षबिचको आपसी सम्बन्धलाई अझ प्रगाढ बनाउँदै ऐतिहासिक, सांस्कृतिक र प्रशासनिक सहकार्यको सम्भावनालाई स्पष्ट रूपमा उजागर गऱ्यो । स्थानीय प्रशासन, जनप्रतिनिधि र नागरिकहरूसँगको औपचारिक तथा अनौपचारिक छलफलहरूले भविष्यमा शिक्षा, स्वास्थ्य, पर्यटन र सांस्कृतिक आदानप्रदानका क्षेत्रमा साझा कार्ययोजनाको बाटो खोल्ने विश्वास दिलायो ।

शान्नान नगर प्रमुखसँगको भेटवार्ता, तिब्बती संस्कृतिको केन्द्र पोताला दरबार, जोखाङ मन्दिरको अवलोकन, र तिब्बत वियर उद्योगको अध्ययनजस्ता गतिविधिहरूले ज्ञान र अनुभूतिमा भरिएको सघन यात्रा सम्भव बनायो । लगभग ४८ घण्टामा तय गरिएको यो यात्राले केवल दुई स्थानलाई जोडेन, यसले दुई संस्कृतिलाई आत्मीयता, समझदारी र सहकार्यको सेतुबाट जोड्न सफल भयो । यो भ्रमण दीर्घकालीन कूटनीतिक र स्थानीय सरकारबिचको सम्बन्धलाई थप सुदृढ बनाउन कोसेढुङ्गा सावित हुनेछ ।

(सँगै यात्रामा रहनुभएका वडाध्यक्ष रवीन्द्र ज्याख्वको सहयोग एवं नगरपालिकामा पेश गरेको प्रतिवेदन समेतको आधारमा तयार पारिएको ।)

(लेखक भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत हुनुहुन्छ)


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**गुन्हीपुन्ही सापारूदेखि कृष्णाष्टमीसम्म गरिने सांस्कृतिक प्रस्तुतिसम्बन्धी सूचना**

ऐतिहासिक एवं सांस्कृतिक नगर भक्तपुरको सांस्कृतिक विधाहरूको संरक्षण र सम्वर्द्धन गर्न विगतका वर्षहरूमा झैं यस वर्ष पनि भक्तपुर नगरपालिकाले सापारुको दिन (मिति २०८२ श्रावण २५ गते) घिन्ताङघिसी र माक प्याखँ तथा कृष्णाष्टमीसम्म (मिति २०८२ श्रावण २७ देखि ३१ गतेसम्म) परम्परागत एवं आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिहरूको मूल्याङ्कन गरी पुरस्कृत गर्ने भएको हुँदा सांस्कृतिक समूह र संस्कृतिकर्मीहरूले भक्तपुर नगरपालिका तथा वडा कार्यालयहरूमा आ–आफ्नो सांस्कृतिक विधाहरू दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## हाम्रो स्थानीय तह




### गोदावरी नपा, ललितपुर

| जनगणना वर्ष (विसं) | २०६८ | २०७८ |
|---|---|---|
| परिवार सङ्ख्या | १७७६२ | २४०४५ |
| जनसङ्ख्या | ७८३०१ | ९७६३३ |
| परिवार आकार | | ४.०६ |
| लैङ्गिक अनुपात | | ९७.२७ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | | २.१२ |
| जनघनत्व | | १०१६ |
| साक्षरता दर प्रतिशत | | ८२.९६ |

स्रोत : नक्सा (नेपाल अर्काइभ्स), जनसङ्ख्या (राष्ट्रिय तथ्याङ्क कार्यालय)


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी–२, भक्तपुर

**शैक्षिक ऋणसम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२।०४।१६ गते

आ.व. २०८२।८३ को लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका स्थानीय विपन्न विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न शैक्षिक ऋण प्रदान गर्ने भएकोले शैक्षिक ऋण लिन चाहने नगरवासी विद्यार्थीहरूले मिति २०८२।०४।३० गते (प्रथम प्रकाशित मितिले १५ दिन) भित्र देहायका कागजातसहित सम्बन्धित वडा कार्यालयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. तोकिएको ढाँचामा निवेदन
२. सम्बन्धित वडा कार्यालयको शैक्षिक ऋणको लागि सिफारिस पत्र
३. निवेदक तथा अभिभावकको नागरिकता प्रतिलिपि
४. निवेदकको शैक्षिक प्रमाणपत्र, लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र प्रतिलिपि र
५. परिवारका सदस्यहरूमध्ये सम्भव भएसम्म दुई जनाको सहमति पत्र ।



अज्ञानीहरू रोगदेखि डराउँछन्
मुर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

# तिब्बतमा नेपाली कला-संस्कृति





लक्ष्मी निरौला

पश्चिममा कैलाश मानसरोवरबाट उद्गम भएको सिन्धु नदी, पूर्वमा तिब्बतबाट प्रवाहित भई भारतको अरूणाचल प्रदेशबाट बंगलादेश हुँदै हिन्द महासागरमा मिसिने ब्रह्मपुत्र नदी, उत्तरमा कैलाश पर्वतसँगै हिमालय पर्वत शृङ्खला र दक्षिणमा गङ्गा नदी तटसम्म र यसबिचमा अवस्थित सम्पूर्ण जल, जङ्गल, जमिनसहितको क्षेत्रलाई समष्टिमा हिमवत्खण्ड भनिन्छ। यसले समुद्री सतहबाट लगभग ६,६०० मिटर उचाइमा अवस्थित कैलाश पर्वत र त्यसको नजिकै रहेको मानसरोवर ताल आसपास करिब २५०० किलोमिटर पूर्व र पश्चिमसम्म रहेका विशाल हिमाली शृङ्खला र ती हिमालयका फेदीबाट निःसृत नदी, खोला, झरना, तालतलैया तथा तिनको जलाधार क्षेत्र अर्थात् अनेकौं भौगोलिक बनावटसहितको सम्पूर्ण क्षेत्रलाई चिनाउँछ।

नेपाल हिमवत्खण्डको केन्द्र स्थल तथा सभ्यता र ज्ञानको पवित्र भूमि हो। विश्वमा मानव सभ्यता र ज्ञानोदयको आदिभूमि हो। यही भूमिमा सबैभन्दा प्राचीन ग्रन्थ ऋग्वेद र सबैभन्दा प्राचीन भाषा संस्कृतको जन्म भएको हो। चार वेद, उपनिषद्, श्रुति, स्मृति, पुराण तथा अनेकौं नीतिशास्त्रको प्रादुर्भाव र विस्तार भएको हो।

## नेपाल-तिब्बत सम्बन्धको ऐतिहासिक सन्दर्भ

नेपाल र चीनबिचको सम्बन्ध पहिलो शताब्दी, सन् ६८ तिरबाटै सुरु भएको पाइन्छ। मध्यएसियामा कुशाणवंशी राजा कणिष्कभन्दा पहिले चिनियाँ सेनापति पान–छाओले प्रभाव जमाएका बेला हान वंशी राजा 'मिंग–ती'को निमन्त्रणामा भिक्षु काश्यप मातंग र धर्मरत्न (वा धर्मरक्ष) चीन पुगेसँगै बौद्ध धर्मले त्यहाँ प्रवेश पाएको हो भनिन्छ। ती भिक्षुद्वयलाई 'श्वेताश्व विहार' बनाई राखिएपछि राजकीय संरक्षणमा बौद्ध धर्म फैलिन थालेको र यसै बिन्दुबाट नेपाल–चीन सम्बन्धको प्रारम्भ भएको हो भनिन्छ।

यस सन्दर्भमा चर्चा गर्दा दोस्रो शताब्दीमा लुम्बिनी भ्रमण गर्ने लि–ताओ–युंग र त्यसपछिका सेङ साई र वाइ यु–चिनलाई पनि बिर्सन मिल्दैन। चौथो शताब्दीमा फा सियान र सातौँ शताब्दीमा स्वान चाङ तथा इचिङ नामक चिनियाँ बौद्ध भिक्षुहरूले बुद्धसँग सम्बन्धित नेपालका विभिन्न ठाउँ भ्रमण गरेका थिए भनिन्छ। चीनमा तांगवंशको शासनकालभन्दा पहिल्यैबाट संस्कृत र पालिका ग्रन्थहरू चिनियाँ भाषामा अनुवाद भएका पाइनुले पनि नेपाली संस्कृतिको प्रभाव कुनै न कुनै रूपमा धेरै अगाडिदेखि रहेको थियो भन्न सकिन्छ।

इसाको सातौँ शताब्दीमा तिब्बती सम्राट स्रोङचोङ गम्पोसँग विवाह भएर त्यहाँ पुगेकी नेपाली राजकुमारी भृकुटीले तिब्बतमा नेपाली लोकसंस्कृति अझ व्यवस्थित रूपमा स्थापित गराएको पाइन्छ। भृकुटीसँगै ल्हासा आएका नेपाली व्यापारी र कलाकारहरूले नेपाल र तिब्बतबिच व्यावसायिक र सांस्कृतिक सम्बन्ध बलियो बनाएका थिए भनिन्छ। त्यस बेला कलाकारहरू कला सिर्जनामा लागे भने व्यापारीहरूले व्यवसाय सुरु गरेका थिए भनिन्छ। हालसम्म पनि तिब्बतमा स्रोङचोङ गम्पोलाई अवलोकितेश्वर र भृकुटीलाई आर्यताराकी देवी रूपमा पूजा गर्दै आइरहेको पाइन्छ।

तिब्बतको सबैभन्दा पवित्र मानिएको ग्रन्थ **मणिकाबुम**मा पनि स्रोङचोङ गम्पो र भृकुटीबिचको विवाह प्रसङ्ग उल्लेख छ। भृकुटीको तिब्बती राजासँग भएको विवाह र उनले त्यहाँ नेपाली संस्कृति स्थापना र व्यवस्थापनका लागि गरेको प्रयासका कारण नेपाल तिब्बत सम्बन्धको इतिहासमा सातौँ शताब्दी अविस्मरणीय रहेको छ।

ल्हासाको ऐतिहासिक नगर विकास योजना कार्यान्वयन र जोखाङ गुम्बा निर्माणलगायतका विकास निर्माण कार्यको योजनाकार र सल्लाहकार भृकुटी नै हुन् भनिन्छ। तर चीनका ऐतिहासिक अभिलेख तथा पुस्तकहरूमा भने हालसम्म पनि भृकुटी किंवदन्तीकी पात्र मात्र भएकी छिन्। जे भए

पनि सोही समयदेखि नेपाल-तिब्बत सम्बन्ध व्यवस्थित भएको पाइन्छ भने नेपाली संस्कृतिले पनि व्यवस्थित रूपमा विकास र विस्तार हुने अवसर पाएको देखिन्छ ।

आठौँ शताब्दीको उत्तरार्धतिर तत्कालीन तिब्बती सम्राट ट्रिसोङ डेत्सनले बौद्ध धर्मलाई राज्यको आधिकारिक धर्मका रूप दिएका र उनकै निमन्त्रणामा भिक्षु शान्तरक्षित बौद्ध धर्म प्रवर्धनका लागि सन् ७६३ मा पहिलो पटक तिब्बत पुगेका पाइन्छ । त्यस बेला नेपाली लोक संस्कृतिको पहिचानका रूपमा रहेका संस्कृत भाषाका कृतिहरूको तिब्बती भाषामा अनुवाद भएको पाइन्छ ।

संस्कृत भाषाका ग्रन्थहरूलाई यसरी तिब्बती भाषामा अनुवाद गर्नु नै त्यस समयको मुख्य कार्य मानिन्थ्यो । त्यस बेलाका अनुवादकहरूको टोलीमा नेपाली, भारतीय, तिब्बती तथा चिनियाँ भिक्षुहरू संलग्न हुने गरेको उल्लेख भएको पाइन्छ ।

इसाको १३ औँ शताब्दीमा नेपालमा भीमदेवको शासन चलिरहेका बखत तिब्बतमा समेत शासन गरेर बसेका चिनियाँ शासक कुब्ला खाँको पालामा कलाकार अरनिको असी जना नेपाली कलाकारहरूको नेतृत्व गरी तिब्बत पुगेर दुई वर्षमा अत्यन्त आकर्षक र मनमोहक सुवर्ण चैत्यको निर्माण गरेका थिए भनिन्छ । यसबाट खुसी भएका त्यहाँका प्रमुख बौद्ध भिक्षु फग्बाले अरनिकोलाई दीक्षा प्रदान गरी बौद्ध भिक्षु बनाएका र सोही स्तूप अवलोकन गरेपछि कुब्ला खाँ प्रभावित भई उनलाई राजधानी पेकिङ लगेको मानिन्छ । त्यस बेला अरनिकोले तिब्बत र पेकिङलगायत चीनका विभिन्न स्थानमा गरेका कार्यबाट नेपाली संस्कृति चीनमा स्थापित गर्न ठूलो योगदान पुगेको पाइन्छ ।

मन्दिरमा चार पाटा भएको छानो लगाउने नेपालमा प्रचलित सुन्दर वास्तुशैलीकै अनुशरण गरी अरनिको नेतृत्वको कलाकार समूहले तिब्बत र चीनका विभिन्न स्थानहरूमा मन्दिर र स्तूपहरू निर्माण गरेपछि यो शैली चीनबाहिर दक्षिणपूर्वी एसिया र जापानसम्म पुगेको पुष्टि हुन्छ ।

पश्चिमाहरूले प्यागोडा शैली बर्माको हो भने तापनि वास्तवमा यो शैली बर्मामा प्रयोग हुनुअघि नै नेपालको मौलिक शैलीका रूपमा प्रचलनमा रहेको र अरनिकोले चीनसम्म पुऱ्याएका हुन् भन्न सकिन्छ ।

नेपाल तिब्बत सम्बन्धलाई व्यवस्थित गर्ने क्रममा यांग्स्कापर्न गुम्बा तिब्बतका स्वाडमार्पा लामाहरूको नेपालसँगको सम्बन्धले पनि ठूलो योगदान दिएको पाइन्छ । उक्त गुम्बाका आठौँ आधिकारिक लामा पलचेन सोस्किदोन ग्रबको जन्म नै सिन्धुपाल्चोकको हेलम्बुमा भएको थियो र भनिन्छ । उनीमार्फत समेत तिब्बतमा बौद्ध धर्म तथा नेपाली कला र संस्कृतिको व्यापक प्रचारप्रसार भएको थियो भनी इतिहासमा उल्लेख भएको पाइन्छ ।

## तिब्बतमा नेपाली संस्कृतिको ऐतिहासिक आधार

नेपाल कला संस्कृतिको धनी देश भनेर विश्वमा चिनिएको छ । यहाँ बसोबास गर्ने विभिन्न जातजाति, भाषाभाषी, धर्म संस्कृति, रीतिरिवाज, परम्परा र रहनसहन रहेका नेपाली समुदायले आआफ्ना धर्मसंस्कृतिको परिपालना एकअर्काप्रति सम्मानका साथ गरिरहेका छन् ।

नेपालीहरूमा एकअर्काको संस्कार र संस्कृतिप्रति अगाध श्रद्धा र सम्मान पाइन्छ । विश्वका जुनसुकै कुनामा छरिएर बसेका भए पनि नेपालीहरूले आफ्नो संस्कृति प्यारो मानी त्यसको निरन्तर र अनवरत रूपमा परिपालना र अवलम्बन गर्ने गरेका छन् ।

नेपालको उत्तरतिरको १४१४ किलोमिटर सिमाना चीनको तिब्बत स्वायत्त क्षेत्रसँग जोडिएको छ । त्यहाँ शताब्दीऔँदेखि नेपाली समुदायको बसोबास रहेको छ र त्यहाँका नेपालीहरूले पनि विश्वका अन्य देशहरूमा बसोबास गर्ने नेपालीले झैँ आफ्नो संस्कृतिलाई अनवरत संरक्षण र परिपालना गरिरहेका छन् ।

शाक्यमुनि बुद्धको महापरिनिर्वाणपश्चात् बुद्धका चेलाहरूले उहाँको उपदेशलाई सङ्ग्रह गरी तीन भाग (विनय पिटक, सूत्र पिटक र अभिधर्म पिटक) मा विभाजन गरी सम्पादन गरिएको बुद्ध उपदेशलाई त्रिपिटकको नामले चिनिन्छ ।

त्रिपिटकको सम्पादनपश्चात् तक्षशीला, नालन्दा, उदन्तपुरी, विक्रमशीला आदि बौद्ध विश्वविद्यालयको स्थापना गरी बौद्ध धर्म र दर्शनको अध्ययन अध्यापन गराइएको थियो भने कालान्तरमा उक्त धर्मको विकास र लोकप्रियताले चीन, तिब्बत, जापान र मंगोलियालगायत एसियाका धेरै मुलुकहरूमा व्यापक स्थान पाएको थियो भनिन्छ । धर्मका दृष्टिमा नेपाल तिब्बतबिच कायम भएको सम्बन्ध र एकअर्कामा परेको सामाजिक सांस्कृतिक प्रभावलाई पनि यही सेरोफेरोमा हेर्नुपर्छ ।

चीनमा बुद्धधर्म सङ्घको स्थापना भएपछि विभिन्न धर्मग्रन्थ, संस्कृति तथा लिपिको अध्ययन गर्न चिनियाँ तीर्थ यात्रीहरूले कपिलवस्तु र लुम्बिनी भ्रमण गरेका थिए । नेपाल र भारतमा तीर्थ गर्न एवं बौद्ध ग्रन्थको अध्ययन र सङ्ग्रह गर्न आएका विद्वान्हरूले आआफ्ना यात्रा वृत्तान्तमा नेपालको तत्कालीन समाज र अवस्थाबारे उल्लेख गरेको पाइन्छ ।

त्यसैगरी त्यस समयमा नेपालबाट पनि चीनको खासगरी तिब्बत क्षेत्रको भ्रमण हुने गरेको पाइन्छ । यसरी नेपाल–चीनबिच हुने गरेको आवतजावततर्फ विचार गर्दा चीनमा बौद्ध धर्मको प्रचारप्रसार गर्न जाने पहिलो नेपाली बुद्धभद्र हुन् भन्ने पाइन्छ ।

प्राचीन कालमा लिच्छवि वंशका शासकहरूले नेपालमा शासन गर्न थालेपछि यहाँ बौद्ध, वैष्णव, शैव आदि धर्मलाई धार्मिक संरक्षण प्राप्त भई त्यही बेलादेखि संस्कृत भाषाको अध्ययन गर्ने प्रचलन सुरु भएको भनिन्छ भने पूर्णतया कृषिमा निर्भर नेपालले भोट तिब्बतसँग व्यापारसमेत त्यही समयदेखि व्यवस्थित रूपमा सुरु गरेको हो भनिन्छ । तिब्बतका बौद्ध समुदायले प्राचीनकालदेखि नै गुरु पद्मसम्भवका ग्रन्थलाई नेपालमा जस्तै धेरै आस्था, विश्वास र महत्त्वका साथ अध्ययन अध्यापन तथा पाठपूजा गर्ने गरेका थिए भनिन्छ ।

यसरी प्रयोगमा आएका बौद्धधर्मसँग सम्बन्धित कर्मकाण्डका ग्रन्थहरू धेरै जसो गुरु पद्मसम्भवका रहेका र तिनलाई तिब्बती भाषामा अनुवाद गरेर प्रयोग गरिरहेका हुन् भनिन्छ । त्यही बेलादेखि तिब्बतमा रहेका गुम्बाहरूमा बौद्ध धर्म, दर्शन, संस्कृति, साहित्य, कला आदि विषयको अध्ययन, अध्यापन गुरु परम्पराअनुसार गराउनुको साथै दैनिक पूजापाठ र धार्मिक गतिविधिसमेत हुने गरेका छन् । त्यहाँ पनि नेपालमा जस्तै शाक्यमुनि बुद्धसँग सम्बन्धित बुद्ध जयन्ती (सागा दावा), प्रातिहार्य महोत्सव (छोठुल दुछेन), धर्म चक्र प्रवर्तन महोत्सव (छोखोर दुछेन), देवातरण महोत्सव (ल्हाबापा तुइक्षेन), शुक्ल पक्षको दशमी पूजा (छेचु), कृष्ण पक्षको दशमी (ञेरङ), ञ्युङन्य (मौन व्रत), डुक्फोदलगायत बौद्ध उत्सव र सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्ने गरिएकाले नेपाली बौद्धमार्गी र तिब्बती बौद्धमार्गीहरूका कला, संस्कृति, चालचलन, रीतिरिवाज र परम्परामा केही हदसम्म समानता पाइन्छ ।

त्यस्तै शाक्य श्रीभद्र तथा उनका चेला विभूतिचन्द्र सन् १२०४ मा तिब्बत पुगेका थिए भनिन्छ । उनले ल्हासा नदी तथा यार्लुङ साङ्पो नदीबिचको स्थानमा केही वर्ष बिताएका र त्यहाँ एउटा गुम्बा निर्माण गरेका थिए भनिन्छ । त्यसपछि शाक्य श्रीभद्र कश्मीर फिर्ता भए भने विभूतिचन्द्र नेपाल आएर ठमेलको विक्रमशील महाविहार (भगवान् बहाल) मा भिक्षु भएका र तिब्बत बस्दा रञ्जना लिपिमा लेखिएका धेरैभन्दा धेरै ग्रन्थ तिब्बती भाषामा अनुवाद गरेका थिए भनिन्छ । कालचक्रतन्त्र, प्रमाणवार्तिक रीति, प्रमाणवार्तिकालङ्कार ग्रन्थहरू उनैको हातले लेखेका प्रमाण पाइन्छन् । नेपाली कागजमा लेखिएका ती हस्तलिखित ग्रन्थहरू अहिले पनि तिब्बतका विभिन्न गुम्बाहरूमा भेटिन्छन् ।

## तिब्बतमा नेपाली संस्कृतिको वर्तमान अवस्था

तिब्बतमा नेपाली समुदायको बसोबास हुन थालेपछि त्यहाँका विभिन्न स्थानमा नेपाली चालचलन, रीतिरिवाज, प्रथा परम्परा, भेषभूषा, आमोदप्रमोद, शिल्पव्यवसाय, धर्म, भाषा एवम् साहित्य र संस्कृतिले प्रयोग, विकास र प्रवर्धन हुने अवसर प्राप्त गरेको हो ।

हाल तिब्बतका विभिन्न स्थानमा स्थायी र अस्थायी रूपमा बसोबास गर्ने गरी कुल पाँच हजार जति सङ्ख्यामा नेपालीहरूको बसोबास रहेको छ । उनीहरू नेपाली संस्कृतिको सम्मान र परिपालना गरिरहेका छन् भने त्यहाँका तिब्बती मूलका बासिन्दाहरूमा समेत थोरै भए पनि नेपाली संस्कृतिको प्रभाव परेको देख्न सकिन्छ । तिब्बतमा लामो समयदेखि बसोबास गरेका नेपाली समुदायमा तिब्बतमै बिहाबारी र घरजम गरेका प्रशस्त उदाहरण पाइन्छन् ।



अझ भन्दा त्यहाँ बसोबास गर्ने नेपाली पुरुषहरूले चिनियाँ महिला र नेपाली महिलाहरूले चिनियाँ पुरुषसँग विवाह गर्ने प्रचलन नै भएको देखिन्छ । यसरी एकअर्कामा विवाह गरेर बसेका परिवारमा महिलापुरुष दुवैले एकअर्काको संस्कार, संस्कृति, रीतिरिवाज र परम्पराको सम्मान गर्ने र त्यस अनुकूलका चाडपर्वहरू मनाउने गरेको पाइन्छ ।

बौद्ध धर्म सम्बद्ध चाडबाडहरूमा मात्र होइन, ल्हासामा रहेको महावाणिज्य दूतावासमा आयोजना गरिने हिन्दु चाडपर्वमा समेत नेपालीहरूसँग पारिवारिक सम्बन्ध रहेका चिनियाँ मूलका महिला तथा पुरुषहरूको समेत राम्रो उपस्थिति देखिनुले एकअर्कामा सांस्कृतिक प्रभाव परेको पुष्टि हुन्छ ।

यसरी बसोबास गरेका कतिपय नेपाली दाजुभाइ दिदीबहिनीहरू वर्षौंदेखि नेपाल नगएका भए तापनि उनीहरूले सबैजसो नेपाली चाडबाड नछुटाई मनाउने गरेका छन् । चीनको स्वशासित क्षेत्र तिब्बतमा हाल प्रचलनमा रहेका नेपाली सामाजिक र सांस्कृतिक प्रचलनहरू मुख्यतया निम्नानुसार उल्लेख गर्न सकिन्छ–

## कला

नेपालको हिमाली क्षेत्र र तिब्बतमा समान रूपमा कायम रहेको रैथाने कलाको इतिहास त्यस क्षेत्रको संस्कृति जत्तिकै पुरानो रहेको छ। दुवैतिर रहेका प्राचीन गुम्बाहरूका सुन्दर भित्तेचित्र, थाङ्का, मूर्ति आदिले बौद्ध धर्म, दर्शन, संस्कृतिको विकाससँगै बौद्ध कला र संस्कृति त्यसको अभिन्न अङ्गका रूपमा विकास भएको देखिन्छ।

अहिले त्यस क्षेत्रका बौद्ध कला, संस्कृतिले विश्व जनसमुदायमा छुट्टै पहिचान स्थापित गरिसकेको अवस्था छ। त्यहाँका गुम्बाहरूमा शाक्यमुनि बुद्धको लीलादेखि बोधिसत्व र इष्ट देवीदेवताका चित्रहरू कुँदिएका पाइन्छन्। त्यहाँ वर्षमा एक दुई पटक लामा नृत्य प्रदर्शन गर्ने गरिन्छ भने इष्ट देवदेवी, धर्मपाला आदिका रूप धारण गरी सम्बन्धित देवदेवी धर्मपालाको मुकुन्डो लगाएर नृत्य गर्ने परम्परा रहेको छ। जसलाई भोट भाषामा 'गर छ्याम' भनिन्छ। हातको मुद्रामा मात्र गर्ने नृत्यलाई गर र खुट्टाको तालमा गर्ने नृत्यलाई छ्याम भन्ने गरिन्छ।

अर्कातिर तिब्बती बौद्धहरूले नेपालमा जस्तै लामो समयदेखि भौतिक संसारमा आफ्नो विश्वास प्रकट गर्न मण्डलाहरू सिर्जना गर्दै आएका छन्। मण्डलाको सृष्टि र अभिषेकले प्राणीहरूलाई फाइदा पुऱ्याउँछ र तिनीहरूको विनाशले उनीहरूको जीवनको क्षणिकताको सम्झना गराउँछ भनी विश्वास गरिन्छ। मुकुण्डो नृत्य र मण्डला दुवैमा यी दुई क्षेत्रहरूको सांस्कृतिक समानता पाइन्छ।

## ऐतिहासिक र धार्मिक महत्त्वका स्थल

शताब्दीऔँदेखि नेपाली र तिब्बतीहरू एकअर्काका भूभागमा आवतजावत गरेको हुँदा यी दुई देशका नागरिकहरूले अवलम्बन गर्ने रहनसहन, रीतिरिवाज र धर्मसंस्कृतिमा एकआपसको प्रभाव परेको पाइन्छ। त्यसै क्रममा तिब्बतमा नेपाली संस्कृतिसमेत झल्काउने दर्जनौँ मन्दिर तथा गुम्बाहरू निर्माण भएका र तीमध्ये कतिपय हालसम्म पनि रहेका छन्। त्यहाँ रहेका कतिपय पर्वत र नदीनालाहरूले पनि दुई देशबिचका सामाजिक, धार्मिक र सांस्कृतिक मूल्यमान्यताको



प्रतिनिधित्व गरेका छन्। त्यहाँका मन्दिर र गुम्बाहरूमध्ये कतिपय सयौँ वर्षअगाडि नेपाली समुदायले आफैं बनाएका छन् भने कतिपय चिनियाँहरूको लगानी र निर्देशनमा नेपाली कला झल्कने गरी नेपाली कलाकारहरूले बनाएका हुन्।

कतिपय भने चिनियाँहरूले बनाएका भए पनि नेपाली कला र संस्कृतिको झल्को दिने खालका छन्। तिनीहरूमध्येकै धेरै पहिले नेपालीहरूले बनाएका ल्हासामा रहेको सरस्वती मन्दिर र सिगात्सेमा रहेको भीमसेन मन्दिरजस्ता कतिपय मन्दिर रेखदेख र मर्मत सम्भारसमेत सताब्दीऔँदेखि नेपाली समुदायले नै गरिआएका छन्।

## कैलाश मानसरोवर

तिब्बतमा अवस्थित ६,६३८ मिटर अग्लो कैलाश पर्वत कैलाश पर्वत शृङ्खला (गंगडिसे पर्वत) मा रहेको छ। भारत र नेपालको सीमानजिक अवस्थित यो पर्वतनजिकै प्रसिद्ध मानसरोवर र राक्षसताल रहेका छन्।

सिन्धु, सतलज, ब्रह्मपुत्र र कर्णाली गरी चार ठुला नदीका स्रोतका रूपमा रहेको कैलाश मानसरोवर हिन्दु, बौद्ध, जैन र बोन धर्मका लागि पवित्रस्थल मानिन्छ। यस क्षेत्रमा नेपाल, चीन, भारतलगायत विभिन्न देशका खासगरी हिन्दु, बौद्ध, जैन र बोन धर्मावलम्बी मानिसहरू तीर्थयात्रा गर्छन्।

हिन्दु कला र साहित्यमा यस क्षेत्रलाई भगवान् शिव र पार्वतीको वासस्थान तथा स्वर्गको सिँढीका रूपमा वर्णन गरिएको छ। कैलाश र मानसरोवरबारे रामायण र महाभारतमा समेत उल्लेख गरिएको छ। हिन्दु धर्मग्रन्थअनुसार कैलाशमा प्रवेश गर्न अस्वीकार गरेर राक्षस-राजा रावणले हिमाल हल्लाएपछि क्रोधित भएका शिवले पर्वतमा आफ्नो औँला थिचेर रावणलाई बिचमा फसाएका थिए र रावण एक हजार वर्षसम्म शिवको प्रशंसामा भजन गाएर त्यहीँ बसेका थिए।

बौद्ध धर्मग्रन्थअनुसार कैलाशलाई पौराणिक मेरु पर्वतका रूपमा लिइन्छ। बौद्ध धर्ममा कैलाशले संसारको पिताका प्रतिनिधित्व गर्छ भने मानसरोवरताललाई माताको प्रतीकका रूपमा लिइन्छ। बौद्धमार्गीहरू सन्त मिलारेपाले बोन धर्मका अनुयायी नारोसँग 'को पहिले कैलाश शिखरमा पुग्न सक्छ' भनी बाजी राखेको र बौद्ध भिक्षु मिलारेपाले सूर्यको किरणमा सवार भई चाँडो शिखरमा पुगी बाजी जितेपछि उनले नजिकैको बोनरी नाम गरेको पहाड बोनलाई दिएका थिए भनी विश्वास गर्छन्।

## नेपाली राहदानी सिरानीमा राखेर मर्ने चाहना

तिब्बतका विभिन्न स्थानमा केही यस्ता नेपालीहरू हुनुहुन्छ, जोसँग नेपाली नागरिकता छैन। उहाँहरूको जन्म पनि तिब्बतमा भयो र नेपालमा उहाँहरूका नातेदार पनि

छैनन् । उहाँहरू नेपाली बोल्न सक्नुहुन्न, कतिपयले त नेपाली भाषा बुझ्नु समेत हुन्न ।

नेपालमा आफ्नो थातथलो कहाँ हो भन्ने जानकारीसमेत उहाँहरूलाई छैन । तर आफू नेपाली भएकोमा उहाँहरू गर्व गर्नुहुन्छ । चीन सरकारले उहाँहरूलाई चीनको नागरिकता लिए सरकारले उपलब्ध गराउने सबै सेवा सुविधा उपलब्ध गराउने भनी पटक पटक प्रस्ताव गर्दा समेत उहाँहरूले चिनियाँ नागरिकता लिन मान्नुभएन ।

चिनियाँ नागरिकले पाउने सबै सुविधाले समेत उहाँहरूलाई आकर्षित गरेन, बरू उहाँहरूले दुःख भए पनि नेपाली नै भएर रहने प्रण गर्नुभयो । तिब्बतलाई चिनियाँ भूमिमा समाहित गर्दाका बखतका केही घटनाहरू सम्झँदै त्यसबेला नेपाली राहदानी भएकाले आफूलाई सहज भएको बताउनुहुन्छ । उहाँहरूका अनुसार त्यसबेला नेपाली राहदानीवाहकलाई कुनै अप्ठेरो भएन । सहज तवरले जीवन बिताउन चीन सरकारका तर्फबाट सहयोग नै पुग्यो भन्नुहुन्छ । उमेरले डाँडा काट्दै गएर जीवनका उत्तरार्धका दिनहरू काट्दै गरेका उहाँहरू अब जिन्दगीका बाँकी दिन पनि नेपाली भएरै बिताउन चाहनुहुन्छ र भन्नुहुन्छ– नेपाली राहदानी सिरानीमा राखेर जीवनको अन्तिम सास फेर्न पाऊँ ।

कतिपयका सन्तान नभएका र सन्तान हुनेका पनि सन्तानहरू सबैले चिनियाँ नागरिकता लिँदासमेत उहाँहरू आफ्नो नेपाली पहिचानमा गर्व गर्नुहुन्छ । स्नातकोत्तर र विद्यावारिधि गर्नेहरू डिभी र पिआरका लागि ज्यान फालेर लागेको र स्वार्थका तराजुमा राष्ट्रियतालाई बन्धक बनाएको समेत देख्न पाइने वर्तमानको यथार्थबिच सामान्य लेखपढसमेत नभएका र नेपालसँगको नातासम्बन्ध समेत राम्ररी नखुलेका वृद्ध बुबाआमाहरूको यो अद्भूत नेपालप्रेम वास्तवमै वन्दनीय छ ।

यसरी नेपाली नागरिकता नभए पनि नेपालको सुन्दर चित्र अनुहारभरि सजाएर तिब्बतका विभिन्न स्थानमा बस्ने ३८ जनालाई उहाँहरूको नेपालप्रतिको अगाध माया, सद्भाव र समर्पण देखेर उहाँहरू भएको पुरानो हस्तलिखित राहदानीकै आधारमा नेपाल सरकार मन्त्रीपरिषद्ले २०७६ माघ ६ गते निर्णय गरेर नेपाली राहदानी प्रदान गरेको छ ।

नेपाली नागरिकता पाउन नसके पनि त्यही राहदानी सिरानीमा राखेर उहाँहरू छातीभरि नेपालको नक्सा र मनभरि नेपालीपन बोकेर जिन्दगीका अन्तिम दिनहरू काट्दै हुनुहुन्छ । यी दुई देशको भूगोल, जनसङ्ख्या, सामरिक शक्ति र अर्थतन्त्र सानो–ठूलो भए पनि स्वाभिमान, संस्कार, सभ्यता, चेतना, सार्वभौमसत्ता, हिम्मत, देशभक्ति, इमान, निष्ठा, विवेक र भाइचारा समान छन् ।

## विपद्मा सहयोग गर्ने नेपाली संस्कृति

२०७२ सालमा नेपालमा गएको विनाशकारी भूकम्प होस् वा २०८१ सालमा चीनको तिब्बतमा गएको शक्तिशाली भूकम्प, दुवैमा नेपाली महावाणिज्यदूतावासको समन्वय र सक्रियतामा नेपाली समुदायबाट तत्कालीन राहतका लागि सहयोग पुऱ्याएको पाइन्छ । यस क्रममा नेपालमा गएको भूकम्पमा ५७ लाख नेपाली रूपैयाँ र तिब्बतमा गएको भूकम्पमा १८ लाख नेपाली रुपैयाँ बराबर रकम सहयोगस्वरूप उपलब्ध गराइएको पाइन्छ ।

त्यसैगरी सन् १९८८ मा नेपालमा भूकम्प जाँदा भूकम्प पीडितहरूलाई ६ लाख र सन् १९९० मा तिब्बतको नाक्छु क्षेत्रमा हिउँले पीडित भएका चिनियाँ नागरिकहरूलाई एक लाख ५० हजार नेपाली रूपैयाँ बराबरको सहयोग गरिएको थियो ।

यसैगरी तिब्बतमा रहेका आर्थिक सामाजिक रूपले पछाडि परेका एक दर्जन घरपरिवारलाई उनीहरूको जीवनयापनमा सहयोग पुगोस् भन्ने अभिप्रायले नेपाली महावाणिज्यदूतावास र नेपाली दुःख निवारण कल्याणकारी कोषबाट तिब्बतमा बसोबास गरिरहेका विपन्न परिवारलाई हरेक वर्ष प्रतिपरिवार १२ हजार र चाडपर्व खर्चवापत १५ सय चिनियाँ युआन गरी हरेक वर्ष १३ हजार पाँच सय युआन नगद तथा खाद्यसामग्रीसहित सहयोग गरिनु र तिब्बतका विभिन्न कारागार तथा विभिन्न अभियोगमा रहेका नेपाली नागरिकहरूलाई सहयोग गर्नुले पनि विपद्मा सहयोग गर्ने नेपाली संस्कारको उदाहरण प्रस्तुत गरेको छ ।

## साहित्य र सिर्जना

महाकवि लक्ष्मीप्रसाद देवकोटाले मुनामदन लेखेर जोडेको नेपाल र चीन खासगरी तिब्बतसँगको साहित्यिक नाता त्यस पछि जुन रूपले अगाडि बढ्नुपर्ने हो, त्यसरी बढेको पाइँदैन । नेपाल र चीनबिचको सम्बन्ध जनस्तरसम्म कसरी फैलिएको छ भन्ने कुरा मुनामदनमा मिहिन ढङ्गमा व्यक्त गरिएको छ ।

सशरीर उपस्थित भएर कहिल्यै ल्हासा नदेखेका देवकोटाको मुनामदनमा पैसा कमाउन तिब्बत गएका मदन बिरामी पर्दा एकजना तिब्बती नागरिक (भोटे) ले गरेको सेवाले दुई देशबिचको नागरिक सम्बन्धलाई बिम्बात्मक रूपमा उभ्याएको छ ।

नेपाली झ्याउरे लयमा लेखिएको मुनामदन अहिलेसम्ममा सबैभन्दा बढी बिक्री हुने नेपाली कृति पनि हो । चीनको सामाजिक विज्ञानको चिनियाँ प्रतिष्ठानअन्तर्गत राष्ट्रिय संस्थाको अन्तर्राष्ट्रिय रणनीतिका प्राध्यापक लिउ जिआनले मुनामदनलाई चिनियाँ भाषामा अनुवाद गरेका हुन् । उनले अनुवाद गरेको

मुनामदन खण्डकाव्य सन् २०१२ को जनवरी महिनामा राइटर्स पब्लिसिङ हाउस बेइजिङले चिनियाँ भाषामा प्रकाशन गरेको पाइन्छ ।

प्राध्यापक लिउलाई मुनामदन अनुवाद गर्नका लागि चीनका लागि तत्कालीन नेपाली राजदूत टंक कार्कीले विशेष अनुरोध गरेका थिए र कार्कीको अनुरोधलाई समेत स्वीकार गर्दै लिउले छोटो समयमै मुनामदन अनुवाद गरेका हुन् भनिन्छ ।

मुनामदनका सर्जक लक्ष्मीप्रसाद देवकोटा र यसका चिनियाँ अनुवादक लिउ जिआनका बिचमा एउटा गजबको समान संयोग मिल्न आउँछ । लक्ष्मीप्रसाद देवकोटाले मुनामदन लेख्दा उनी कहिल्यै ल्हासा गएका थिएनन् । तर उनले त्यहाँको चित्रण सजीव ढङ्गले गरेका छन् । साँझको बेला पोतला दरबार त्यहाँ बलेका दियोहरूले झलमल्ल देखिएको कुरादेखि चौरीगोठ र पशुपालक तिब्बतीको दैनिक जीवनलाई देवकोटाले जीवन्त रूपमा उतारेका छन् ।

मुनामदन प्रकाशन भएको ७५ वर्षपछि चिनियाँ भाषामा अनुवाद गर्दा प्राध्यापक लिउले नेपाल टेकेका थिएनन् । अर्को रमाइलो संयोग के पनि छ भने उनी अझै तिब्बतको ल्हासा पुगेका छैनन् । उनले ल्हासा जाने रहर लागेको तर अहिलेसम्म नजुरेको बताएका छन् । चिनियाँ साहित्यकार लिउ जियानले अनुवाद गरेको मुनामदन चीनमा निकै मन पराएपछि त्यहाँका साहित्यकारहरूले यस विषयमा छुट्टै सम्मेलन नै आयोजना गरेका थिए भनिन्छ ।

चिनियाँ भाषाका धेरै कृतिहरू विभिन्न समयमा विभिन्न प्रकाशकहरूले नेपाली भाषामा अनुवाद गरेका भए पनि नेपाली भाषाबाट चिनियाँ भाषामा अनुवाद भएको पहिलो कृति भने भरत जंगमको कालो सूर्य हो, जुन सन् १९९२ मा चिनियाँ भाषामा प्रकाशित भएको थियो ।

सन् २०२३ मा चीनको नेसनल एडमिनिस्ट्रेसन अफ प्रेस एन्ड पब्लिकेसन र नेपाल सरकारबिच एकअर्काका साहित्यको अनुवाद तथा प्रकाशन गर्नेबारे समझदारी भएको पाइन्छ । उक्त समझदारी कार्यान्वयन गर्ने सिलसिलामा नेपाल र चीनका कम्तीमा २५/२५ वटा पुस्तकहरू एकअर्काका भाषामा अनुवाद गर्ने निर्णय भएको र पहिलो चरणमा लक्ष्मीप्रसाद देवकोटाको 'लक्ष्मी निबन्ध सङ्ग्रह', दौलतविक्रम विष्टको 'चपाइएका अनुहार', भीष्म उप्रेतीको 'हिमाल, शेर्पा र यति', बाबुराम आचार्यको 'नेपालको सङ्क्षिप्त वृत्तान्त', डा. हर्क गुरुङको 'मैले देखेको नेपाल', ध्रुवचन्द्र गौतमको 'अलिखित', डा. राजु अधिकारीको 'यस्तो होस् जीवनशैली', सरुभक्तको 'चुली', सुलोचना मानन्धरको 'जीवनबाट जीवन सिकौँ', सत्यमोहन जोशीको 'कलाकार अरनिको', मञ्जुलको 'जाने होइन दाइ आलापोट', जनकलाल शर्माको 'हाम्रो समाजः एक अध्ययन' र डोरबहादुर विष्टको 'सबै जातको फूलबारी' गरी १३ नेपाली पुस्तक चिनियाँ भाषामा तथा 'रिडिङ गाइड फर सि जिनफिङ थट अन सोसलिजम विथ चाइनिज क्यारेक्टरिस्टिक्स फर अ न्यु एरा', 'सेभेन्टी इयर्स अफ न्यु चाइना', 'अ सर्ट हिस्ट्री अफ चाइनिज फिलोसफी', 'द एनोटेटेड क्रिटिकल लाओजी', 'सेलेक्टेड स्टोरिज अफ जिया दसान', 'हवाई एन्ड हाउ द सीपीसी वर्क्स इन चाइना', 'हवाइट डिअर प्लेइन', 'रेड सर्गम', 'ट्रान्सलेसन एन्ड एनोटेसन अफ द बुक अफ चुआङ्जी', 'द ग्रास हाउस', 'द म्याजिक गर्ड', 'इस्टर्न एन्ड वेस्टर्न कल्चर्स एन्ड फिलोसफिज' र 'अ ब्रिफ हिस्ट्री अफ एन्सिएन्ट चाइनिज आर्किटेक्चर' गरी १३ वटा चिनियाँ पुस्तकहरू नेपाली भाषामा अनुवाद गर्ने निर्णय भएको पाइन्छ ।

नेपाल–चीनबिच लामो समयदेखि विशेष प्रकारको सम्बन्ध कायम रहेको र नेपालको राष्ट्रिय अभिलेखालयमा २० हजार जति तिब्बती भाषामा लेखिएका र आठ सय जति चिनियाँ भाषामा लेखिएका ग्रन्थहरू रहेका सन्दर्भमा त्यस्ता सामग्रीको अनुवाद दुई देशबिचका इतिहास, संस्कृति र अर्थ व्यवस्था बुझ्न उपयोगी हुने एवं नेपाल र तिब्बतबिच परम्परागत रूपमा रहेको राजनीतिक, सांस्कृतिक सम्बन्ध र बुद्ध धर्मबारे जानकारी राख्न महत्त्वपूर्ण हुने देखिन्छ ।

## देवकोटाको प्रतिमा

ल्हासास्थित नेपाली महावाणिज्यदूतावास परिसरमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको अर्धकदको प्रतिमा रहेको छ । सन् २००१ जुन २४ मा तत्कालीन नेपाली महावाणिज्यदूत शंकरप्रसाद पाण्डेको सक्रियता र त्यहाँ रहेका नेपाली समुदायको सहयोगमा उक्त प्रतिमा स्थापना भएपछि हरेक वर्ष देवकोटा जयन्तीमा त्यहाँ साहित्यिक कार्यक्रम हुने गरेको छ ।

प्रतिमा स्थापना गरी अनावरण गर्ने कार्यक्रममा नेपालबाट नेपाली शिक्षा परिषद्का सदस्यसचिव तथा साहित्यकार रमा शर्मा, परिषद्का कोषाध्यक्ष तथा साहित्यकार भीमबहादुर अधिकारी, साहित्यकारहरू नित्यराज पाण्डे, डा. चेतबहादुर कुँवर, ठाकुरप्रसाद पराजुली, डा. तुलसी भट्टराई, रमेश खकुरेल, समाजसेवी लक्ष्मीरत्न बज्राचार्य र फोटोग्राफर कुमार आले सहभागी हुनुहुन्थ्यो ।

उक्त प्रतिमाको अनावरण कार्यक्रमका प्रमुख अतिथि तिब्बत जनकांग्रेसका उपाध्यक्ष छिरिङ साम्दु, नेपाली शिक्षा परिषद्का सदस्यसचिव तथा साहित्यकार रमा शर्मा र नेपाली महावाणिज्यदूत शंकरप्रसाद पाण्डेले संयुक्त रूपमा गर्नुभएको थियो । सन् २०१८ मा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले ल्हासाको भ्रमण गर्दा देवकोटाको उक्त प्रतिमा अगाडि उभिएर कविताका केही अंश लेख्नुभएको त्यहाँ बसोबास गर्ने नेपालीहरू बताउँछन् ।

(लेखक तिब्बतका लागि नेपाली महावाणिज्यदूत हुन् ।)

स्रोत : नागरिक दैनिक, २४ जेष्ठ २०८२



## संसद्‌मा नेमकिपा

# ‘रोपाइँको बेला सधैँ मलको हाहाकार किन ?’

– *प्रेम सुवाल*

*नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभाका सांसद प्रेम सुवालले असार २५ गते प्रतिनिधिसभा बैठकको विशेष समयमा बोल्नुभयो। उक्त बैठकमा सांसद सुवालले व्यक्त गर्नुभएको विचारको सार –*




जलवायु परिवर्तनसँगै पृथ्वीको तापक्रम बढिरहेको विषय नयाँ होइन। अमेरिकाको टेक्सास् राज्यमा आएको बाढीमा जनधनको क्षति भयो। यो बाढीबाट भएको क्षतिमा राष्ट्रपति ट्रम्प पनि दोषी भएको सार्वजनिक भयो। नेपालको मौसम विभाग र तिब्बतबाट समेत सम्भावित बाढीको सूचना सार्वजनिक भएको थियो। तर, सरकारले भोटेकोशी नदीमा आएको बाढीबाट हुने सम्भावित क्षतिबारे पूर्वसावधानी अपनाउन सकेन। के सरकारको अर्थ झन्डावाल गाडीमा बसेर सिंहदरबारमा भित्र–बाहिर गर्ने र विदेश शयर गर्नेमात्र हो र ?

सरकारले हरेक जिल्लामा व्यवस्थित र सुरक्षित सहरी विकास गर्नु आवश्यक छ। राजविराज र टिकापुरजस्ता पुराना नगरमा व्यवस्थित सहरको योजना सुरु गरिएको थियो। तर, अझै व्यवस्थित गरिएको छैन। एउटै व्यक्तिलाई देशमा जतातत्तै घर बनाउन दिनु ठिक होइन।

सरकारले एक दशकमा डेढ खर्ब रुपैयाँ बढी रासायनिक मलमा अनुदान खर्च गरेको सार्वजनिक भयो। ५ वर्षमा हुने यो खर्चले देशमा रासायनिक मल कारखाना खोलेर ७ लाख टन मल उत्पादन गरी निर्यातसमेत गर्न सकिन्थ्यो। बहुदलको ३५ वर्षयताका सरकारहरूले देशको हितमा काम गर्न सकेनन्। बैङ्कमा ७ खर्ब रुपैयाँ बढी तरलता पुगेको सार्वजनिक भयो। तर, सरकारले यो पैसालाई विद्युत् उत्पादन र रासायनिक मल कारखाना स्थापनामा खर्च गरेको भए देशमा मल हाहाकार हुने थिएन। ७० प्रतिशत बढी नेपाली कृषिमा आधारित भएको देशको सरकारले वर्षको ३५–४० अर्ब रुपैयाँको चामल भारतबाट किन्नु र ४० हजार मेगावाट विद्युत् उत्पादन क्षमता भएको नेपालमा वर्षको ६–७ सय मेगावाट बिजुली भारतबाट किनेर चलाउनु लज्जाको विषय होइन र ? रासायनिक मल खरिदमा भइरहेको भ्रष्टाचार कपोलकल्पित होइन, यथार्थ हो। यो भ्रष्टाचारमा सरकार नपसेको भए समयमा पर्याप्त मल आपूर्ति हुने थियो। सरकारले प्राङ्गारिक मल उत्पादनलाई पनि जोड दिनु जरुरी छ।

बहुदल पुनःस्थापना भएको ३५ वर्ष र यो अवधिमा गणतन्त्र स्थापना भएको पनि २० वर्ष भयो। पालैपालो सरकारमा गएकाहरूलाई मौका थियो, तर काम गरेनन्। भनिन्छ, ‘अल्छीहरूले काम नगर्ने बहाना बनाउँछन्– धेरै जाडो भयो, धेरै गर्मी भयो, समय छ, एकछिनपछि गरौँ, अबेर भयो, अब सकियो, सिधिँदैन, भोक लाग्यो, खाएर गरौँला, भर्खर खाएँ, सुस्ताएर गरौँला।’ के सरकारमा गएकाहरू यस्तै बहाना गर्दै छन् ? समयमा उत्पादन र विकास नगर्नेहरू कटोरा लिएर माग्नुपर्ने दिन आउनेछ।

संयुक्त राज्य अमेरिकाका एक सांसद बर्नी स्यान्डर्सले इजरायली प्रधानमन्त्री नेतान्याहुलाई युद्धअपराधी भन्दै नेतान्याहुलाई सहयोग नगर्न अमेरिकी सरकारलाई खबरदारी गरे। नेपाल सरकारले त्यही इजरायलमा नेपाली युवालाई वैदेशिक रोजगारीमा पठाइरहनु गलत हो, नेपालमै शिक्षा र रोजगारीको बन्दोबस्त गर्नुपर्दछ।

# नेहरूकी इन्दिरा, नारायणमानकी शोभा



उपेन्द्र लामिछाने

इतिहासका गर्भमा धेरै कुरा लुप्त हुन्छन् । तर केही अक्षर समयको गर्भमा हराउँदैनन् । बरु तिनले युग निर्माणको बाटोमा सहयोग गर्छन् । भारतका स्वतन्त्रता सेनानी पण्डित जवाहरलाल नेहरूले छोरी इन्दिरालाई जेलबाट लेखेका चिठीहरू 'लेटर्स फ्रम फादर टु हिज डटर' पछि पुस्तक बनेर विश्वभर चर्चित बन्यो । चिठी केवल एउटा बाबुले छोरीलाई दिएको ज्ञान मात्र थिएन, संसारभरका पिताले आफ्नी छोरीलाई दिने चेतनाको बीजारोपण थियो ।

'लेटर्स फ्रम फादर टु हिज डटर'को झल्को मेटाउने नेपालको राजनीतिक इतिहासमा अर्को गहिरो तर कम चर्चित चिठीबारे धेरैलाई थाहा नहुन सक्छ । २०४५ सालतिर नक्खु जेलमा रहँदा नारायणमान बिजुक्छेँले आफ्नी पत्नी शोभा प्रधानलाई पठाएका चिठीहरूको सँगालो 'लेटर्स फ्रम जेल' (जेलका चिठीहरू) हालै भक्तपुरमा सार्वजनिक भएको छ ।

एक नेता जेलमा बन्दी हुन्छन् र एक शिक्षिका बाहिर घर सम्हाल्दै हुन्छिन् । निरङ्कुश शासनले खडा गरिदिएको त्यो दूरीलाई अक्षरले निरन्तर जोडिरहेको थियो । ललितपुरको नक्खु कारागारमा रहेका बिजुक्छेँले भक्तपुरमा रहेकी शोभालाई चिठीमार्फत दिएको ज्ञान नेहरूले छोरीलाई लेखेको सन्देशजस्तै नारी चेतनाको पाठशाला बनेको छ ।

नेहरूले इन्दिरालाई इतिहास, विज्ञान, संस्कृति र सभ्यताबारे सरल ढङ्गले बुझाए । उनले 'नयाँ भारत'को सपना ती सानी छोरीको मनमा रोपिदिए । बिजुक्छेँले पनि त्यसै गरी लेखे आफ्नी पत्नी शोभाका नाममा चिठी । जहाँ राजनीतिक पीडा मात्र होइन, सांस्कृतिक चेतना, सामाजिक दर्शन र आन्तरिक आत्मसंवाद समावेश थियो । पत्नी शोभा र छोरो सुवेगलाई सम्बोधन गरेका कतिपय चिठीमा सिङ्गो समाजलाई सम्बोधन गरेको भान हुन्थ्यो । छोराको जिज्ञासालाई कसरी शान्त गर्ने, कसरी उसलाई पढाइप्रति प्रेरित गर्ने भन्ने उनको सन्देश आजको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक छ ।

नेहरूका चिठीले इन्दिरालाई विश्व राजनीतिक दृष्टिकोण दिए, नारायणमानका चिठीले शोभालाई समाज बुझ्न चेतनाको नयाँ चस्मा दिए । एउटा चिठीमा सानी छोरीले सिङ्गो भारत बुझिन्, अर्कोमा एउटी शिक्षिकाले पूरा समाजको मनोविज्ञान । चिठीले कसरी चेतना बढाउँछ भन्ने यो विशिष्ट उदाहरण हो ।

२०४५ सालको 'ह्योजु काण्ड'पछि नारायणमान जेल परे । त्यति बेला जेलबाट उनले लेख्न थाले पत्नी शोभालाई चिठीहरू । चिठी लेख्न मात्र होइन, त्यसलाई सकुशल पत्नीको हातमा पुर्‍याउन पनि अप्ठ्यारो समय थियो । तर पनि जेलमा रहेका बिजुक्छेँले शान्त मनले क्रान्तिको चिठी लेखे । जुन आजको पिँढीलाई ज्ञानको सन्देश बन्न पुगेको छ ।

झट्ट हेर्दा यी चिठी श्रीमान्–श्रीमतीको संवादजस्ता लाग्न सक्छन् । तर बिस्तारै ती चिठीमा प्रवेश गरेपछि अनुभूति हुन्छ, यिनमा विचारको अभिलेख छ, नेपाल, भारत, चीन, युरोपका आन्दोलनको समीक्षा छ । कला, साहित्य, इतिहास र धर्मदर्शनको आलोचनात्मक चिन्तन छ ।




धार्मिक मान्यताको वैज्ञानिक वर्णन छ । जस्तो एक चिठीमा उनले सरस्वतीबारे गरेको वर्णन निकै रोचक छ । सरस्वतीको अर्थ ज्ञान भन्दै उनले वाहन राजहंसको चर्चा गर्दै उक्त हाँसले जस्तो दूधको दूध पानीको पानी छुट्याउन सक्ने क्षमता दिने वर्णन गरेका छन् ।

झन्डै चार दशकअगाडि उनले शिक्षालाई महत्त्व दिँदै लेखेको चिठी पढ्दै गर्दा ज्ञानको नगरीका रूपमा परिचित हुँदै गएको भक्तपुरले सार्थकता पाएको महसुस हुन्छ । सय वर्षपछिको सपना देख्ने बिजुक्छेँले आधा शताब्दी अगावै आजको भक्तपुरको सपना देखेको बुझिन्छ । सपना देख्ने मात्र होइन, त्यो पूरा गर्न लागिपर्ने उनको अठोटको धेरैले तारिफ गर्छन् ।

बिजुक्छेँले लेखको छन्, 'कुनै पनि समाज परिवर्तन तब मात्रै सम्भव हुन्छ, जब त्यो परिवर्तन घरभित्रबाट सुरु हुन्छ ।' शोभाले चिठीलाई केवल पढिनन्, जीवनमा उतारिन् । नारायणमानले पुस्तक विमोचन समारोहमा भने, 'यी चिठी मैले त बिर्सिएको थिएँ तर शोभाले तिनलाई जतनले राखेकी रहिछन् ।' ज्ञानको मूल्य दिनेलाई भन्दा पन लिनेलाई बढी हुन्छ भन्ने भनाइ शोभाले सार्थक बनाइन् ।

शोभालाई देख्दा धेरैले सामान्य जीवन जिउने शिक्षिका मात्र ठान्थे । तर ती महिलाले गरिरहेकी 'मौन क्रान्ति' सायद धेरैले महसुस गरेनन् । नारायणमान देश हेरिरहेका थिए, उनी घर सम्हालिरहेकी थिइन् । तर त्यो घर नारायणमानको मात्र थिएन, त्यो त समाज सजाउने सुन्दर बगैंचा थियो ।

पछिल्लो समय घरपरिवारले ठूला भनाउँदा नेतालाई बदनाम गराइरहेको समयमा शोभा भने फरक रहिन् । जहाँसम्म बाँचिन्, इज्जत र स्वाभिमानले बाँचिन् । शोभाले कहिल्यै अधिकार मागिनन्, न त राजनीतिक पृष्ठभूमिमा हस्तक्षेप गरिन् । तर उनको मौन सशक्तताले नारायणमानको वैचारिक यात्रालाई सम्भव बनाइन् । उनको एउटै भनाइ थियो, 'तपाइँ समाजको बाटो देखाउनुहोस्, म घरको उज्यालो निभ्न दिनेछैन ।'

## के छ चिठीमा ?

बिजुक्छेँले शोभालाई लेखेका चिठीमा भक्तपुरको सांस्कृतिक धरोहरबारे गहिरो चिन्तन, भारतीय स्वतन्त्रता आन्दोलन, गान्धीवादमाथि विश्लेषण, युरोपेली पुनर्जागरणको मूल्य, समाजवाद, साम्यवाद र नेपालमा यसको सम्भाव्यता, मानवीय मूल्यबारे गहिरो उत्तरसँगै घरपरिवारका ससाना समस्या र तिनको समाधान कसरी गर्ने भन्ने उपायलगायत चैतन्य छन् । जुन उनले शोभामार्फत समग्र नारीलाई दिन खोजेको प्रस्ट हुन्छ ।

चिठीमा नारायणमानले कुनै शिक्षकझैं शिक्षिका शोभालाई ज्ञान दिइरहेका छन् भन्ने होइन । यी दुई चेतनाबिचका संवाद हुन्, जसमा प्रश्न छन्, बहस छन् र साझा उत्तर पनि छन् ।

राजनीतिमा पदप्राप्तिलाई सफलता मानिन्छ । तर नारायणमानले मन्त्री, उपप्रधानमन्त्री र प्रधानमन्त्री बन्ने प्रस्ताव अस्वीकार गरे । किनभने उनी सधैं पदका पछि होइन, विचारका पछि लागे । र बिजुक्छेँको यो निर्णयमा शोभाको मौन तर गहिरो समर्थन थियो । उनले नारायणमानलाई शक्ति होइन, सत्य रोज्न प्रेरित गरिन् । त्यसैले पनि नारायणमानले शोभालाई लेखेका चिठी सार्थक छन् । शोभाले चिठी पढेर त्यसको भावमा जीवन उतारिन् । जसले उनलाई मृत्युपछि पनि जीवन्त राख्न सक्यो । कसरी एउटी शिक्षिका केवल शिक्षणमा सीमित नभई समाज परिवर्तनको आधार बन्न सक्छिन् भन्ने सन्देश दिन्छ शोभाको जीवनले । त्यसैले पनि शोभाको वार्षिक तिथिको छेको पारेर गरिएको यो विमोचन समारोह शोभाप्रतिको साँचो श्रद्धाञ्जली हो ।

'जेलका चिठी' केवल पुस्तक होइन, इतिहासको सम्झना हो । चिठीमा नेपालको इतिहास, परम्परा र संस्कृतिको गहिरो विश्लेषण छ । समग्रमा भन्ने हो भने यी चेतनाका झिल्का हुन् । नारायणमानका शब्दले लेखिएका यी पानामा शोभाको मौन शक्ति मिसिएको छ ।

नेहरूका चिठीले इन्दिरालाई देशको नेतृत्वमा उभ्याए, नारायणमानका चिठीले शोभालाई समाजको नेतृत्वमा उभ्याए– घरभित्र, विद्यालयभित्र, नारी चेतनाभित्र । शोभा भौतिक रूपमा अहिले छैनन् । तर चिठीमार्फत उनी पुनः जीवन्त भएको महसुस हुन्छ । सुरुमा नेपालीमा लेखिएका यी चिठी अङ्ग्रेजी भाषामा समेत अनुवाद भएका छन् । अब ती संसारका कुना कुनामा पढिनेछन् ।

स्रोत : नागरिक दैनिक, १० श्रावण २०८२


व्यक्तिगत घटना दर्ता समयमै गरौं




तपाइँको परिवारका सदस्यको व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँसराइ) आ-आफ्नो वडा कार्यालयमा समयमै उपस्थित भई **व्यक्तिगत घटना दर्ता गराउनुहोस् ।**

व्यक्तिगत घटना घटेको ३५ दिनभित्र दर्ता गरे जरिवाना लाग्दैन ।

भक्तपुर नगरपालिका
ख्वपः, भक्तपुर

# आर्थिक वर्ष २०८१/८२ मा भक्तपुरमा करिब साढे २ लाख विदेशी पर्यटकहरूको आगमन



कृतिका

भक्तपुरमा आ.व. २०८१/८२ मा २ लाख ४४ हजार ८६८ जना पर्यटकको आगमन भएको छ । त्यसमध्ये १ लाख २९ हजार ३८१ जना (गैरसार्क) र १ लाख १५ हजार ४८७ जना (सार्क राष्ट्र र चीनका पर्यटकहरू) रहेका छन् ।

गत आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्क हेर्ने हो भने एक वर्षको अवधिमा २ लाख ४५ हजार ५९३ जना विदेशी पर्यटकहरूले भक्तपुर अवलोकन गरेका थिए । सोही आ.व. मा गैरसार्क १ लाख १६ हजार ४०१ जना, सार्क राष्ट्र र चीनका १ लाख २९ हजार १९२ जना पर्यटकहरूले भक्तपुर अवलोकन गरेको तथ्याङ्क छ ।

आ.व. २०८१/८२ मा पर्यटक शुल्कबाट भक्तपुर नपाले रु. २९ करोड ११ लाखभन्दा बढी रुपैयाँ सङ्कलन गर्‍यो । जसमा गैरसार्क पर्यटकबाट रु. २३ करोड ३३ लाख ७८ हजार ७६० भन्दा बढी र सार्क राष्ट्र र चीनका पर्यटकबाट



रु. ५ करोड ७७ लाख ४३ हजार हजार पर्यटन शुल्क उठेको छ ।

गत आ.व. २०८०/८१ मा पर्यटक शुल्कबाट भक्तपुर नपाले रु. २७ करोड ४५ लाखभन्दा बढी रुपैयाँ सङ्कलन गर्‍यो । जसमा गैरसार्क पर्यटकबाट रु. २० करोड ९९ लाख ७५ हजार ९५० भन्दा बढी र सार्क राष्ट्र र चीनका पर्यटकबाट रु. ६ करोड ४५ लाख ९६ हजार पर्यटन शुल्क उठेको छ ।

आ.व.२०८०/८१ को तुलनामा यस आ.व. २०८१/८२ मा रु. १ करोड ८३ लाख १२ हजार ४६० रूपैयाँ बढी पर्यटक प्रवेश शुल्कबाट नपाको आय वृद्धि भएको हो ।

भक्तपुर नपाको पर्यटन सूचना तथा सेवा केन्द्रको तथ्याङ्कअनुसार आ.व. २०८१/८२ मा सबैभन्दा बढी भारतबाट पर्यटकहरू भक्तपुर घुम्न आएका छन् । भारतबाट मात्रै ७९ हजार १३२ जना पर्यटकहरू नेपाल आएका छन् । त्यसपछि चीनबाट सबैभन्दा बढी पर्यटक भक्तपुर घुम्न आएको देखिन्छ । चीनबाट करिब ३६ हजार १३५ जना पर्यटकहरू भक्तपुर भ्रमणमा आएका छन् । त्यस्तै संरा अमेरिकाबाट १६,५५८, जर्मनीबाट ११,७८८, फ्रान्सबाट ११,७५४, इटालीबाट ८,२२८, स्पेनबाट ७०९८, जापानबाट ६७३३, इङ्ल्याण्डबाट ६५०२, अस्ट्रेलियाबाट ४९६८, ताइवानबाट ४६६०, हल्यान्डबाट ४१६५, पोल्यान्डबाट ३०९३, रसियाबाट २८८२, थाइल्यान्डबाट २५९५, दक्षिण कोरियाबाट २५४३, इजरायलबाट २५१९, क्यानडाबाट २३६०, मलेसियाबाट २०९९, बेल्जियमबाट १९५४, टर्कीबाट १६४३, स्वीट्जरल्यान्डबाट १६३१, ग्रीसबाट १४१३, मेक्सिकोबाट १३३०, चेकबाट १३३०, ब्राजिलबाट १३०८, अस्ट्रियाबाट १२०५, सिंगापुरबाट ११८०, अर्जेन्टिनाबाट १०२७, डेनमार्कबाट १०१३, हङ्गेरीबाट ९५७, स्वीडेनबाट ७२२, पोर्चुगलबाट ६८४, न्युजिल्यान्डबाट ६१७, नर्वे ५१०, आयरल्यान्डबाट ४७३, चिलीबाट २५९, फिनल्यान्डबाट २३९, दक्षिण अफ्रिकाबाट २२७, आइसल्यान्डबाट ६८ र अन्य देशबाट ९२६७ गरी २ लाख ४४ हजार ८६८ जना विदेशी पर्यटकहरूले भक्तपुर अवलोकन गरेको तथ्याङ्कले प्रष्ट पार्छ ।

आ.व. २०८२/८३ देखि भक्तपुर नगरपालिकाले डलरको विदेशी विनिमय दरसँग समायोजन गर्न गैरसार्क पर्यटकहरूसँग प्रतिप्रर्यटक ने.रु. १८००।- लाई रु. २०००।- कायम गरी पर्यटक शुल्क सङ्कलन गर्दै आएको छ । साथै नपाले सार्क तथा चिनियाँ पर्यटकहरूलाई रु. ५००।- शुल्क सङ्कलन गर्दै आएको छ ।

भक्तपुर नगरपालिकाले हाल खौमा, सानो ब्यासी, ठूलो ब्यासी, महाकाली, बेखाल, मूलढोका, कमलविनायक, च्याम्हासिंह, जगाती, भेलुखेल, राममन्दिर, बाराही, वंशगोपाल, भार्वाचो गरी १४ वटा काउन्टरहरूबाट नगर प्रवेश गर्ने बाह्य

पर्यटकहरूसँग पर्यटक शुल्क उठाउँदै आइरहेको छ। शुल्क नतिरी भक्तपुर प्रवेश गर्ने पर्यटकहरूलाई तुरुन्तै नियन्त्रणमा लिई शुल्क तिर्न लगाउने गर्दै आएको छ। भक्तपुर नपामा हाल दैनिक औसतमा ४-५ सयको हाराहारीमा विदेशी पर्यटकहरू भक्तपुरका ऐतिहासिक सम्पदा क्षेत्र अवलोकन गर्न आएको तथ्याङ्कले देखाउँछ।

भक्तपुर नगरपालिकाले पर्यटकहरूलाई लक्षित गरी सुविधासम्पन्न पर्यटक सूचना केन्द्र, पर्यटक बस पार्क, पर्यटक शौचालय, पर्यटक सूचना केन्द्रमार्फत ६ वटा भाषामा नक्सासहितको ब्रोसर, नि:शुल्क इन्टरनेटसहित कम्प्युटरको सुविधा, शारीरिक रूपमा अशक्त पर्यटकको लागि ह्वील चेयर, लगेज राख्ने कोठा, मोबाइल चार्जको सुविधा, पत्रपत्रिकासहित विश्रामको लागि बस्ने सुविधाको व्यवस्था गर्दै आएको छ। भक्तपुर नपाअन्तर्गत स्थानीय पथप्रदर्शक परिचालन समिति बनाई स्थानीय पथप्रदर्शकहरूलाई पुनताजगी तालिमका साथै आवश्यक व्यवस्थापन पनि गर्दै आइरहेको छ।

भक्तपुर नगरपालिकाले स्थानीय जनताको साथ र सहयोगमा पहिलो र दोस्रो कार्यकालमा गरी २०७२ सालपछि हालसम्म ६९ वटा पाटी, ४७ वटा मन्दिर, १५ वटा द्य:छैं, २२ वटा पोखरी, ९ वटा सत्तल, ९ वटा इनार, ५ वटा मठ, ढुङ्गेधारा ९ र अन्य विविध १५ समेत गरी २०४ वटा सम्पदा पुन:निर्माण सम्पन्न गरेको छ भने हाल १४ वटा सम्पदाहरू निर्माणाधीन अवस्थामा छन्।

भक्तपुरको मौलिकता बचाइराख्न परम्परागत घर निर्माण गर्ने घरधनीहरूलाई ईंटा, काठ, झिँगटीको लागि दिइआएको अनुदानलाई निरन्तरता दिएको छ। सोहीअनुरूप भक्तपुर नपाले भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाली भएको ३ वर्ष कार्यक्रममा मौलिक शैलीमा घर बनाउने ७ जना घरधनीलाई रु. १४ लाख ७५ हजार १४४ बराबरको अनुदान रकम वितरण गरेको थियो।

कला संस्कृतिको महत्त्वबारे नयाँ पुस्तालाई प्रशिक्षित गर्न र व्यवहारिक ज्ञान दिएर सीप सिकाउन विद्यालयहरूमा सांस्कृतिक गुरुहरूको व्यवस्था गरी संस्कृतिलाई जीवन्तता दिने नीति भक्तपुर नपाले लिएको छ। आन्तरिक तथा बाह्य पर्यटकहरूलाई लक्षित गरी आवश्यकताअनुसार नगरका विभिन्न स्थानसम्म सहज रूपमा पुग्न सक्ने गरी सानो आकारको विद्युतीय सवारीसाधनको व्यवस्था गर्ने योजना नपाको रहेको छ। गाईजात्रामा प्रस्तुत हुने सांस्कृतिक विधाहरूको प्रतिस्पर्धा, सांस्कृतिक बाजा प्रतियोगिता, सांस्कृतिक गुरु सम्मान, सांस्कृतिक प्रशिक्षण तथा तालिमलाई पनि नगरपालिकाले निरन्तरता दिँदै आएको छ।

# ख्वप अस्पतालबाट पौने ३ लाख बढीको उपचार

*आर्थिक वर्ष २०८१/८२ मा २ लाख ८८ हजार ९४६ जनालाई स्वास्थ्य सेवा प्रदान*



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले आ.व. २०८१/८२ मा ७४ जिल्लाका २ लाख ८८ हजार ९४६ जना बिरामीलाई स्वास्थ्य उपचार सेवा प्रदान गरेको छ। यो आ.व.मा २०८०/८१ को भन्दा ५१ हजार ५४४ हजार बढी हो। आ.व. २०८०/८१ मा अस्पतालले ७० जिल्लाका २ लाख ३७ हजार ४०२ जना बिरामीलाई स्वास्थ्य उपचार सेवा प्रदान गरेको थियो। ख्वप अस्पतालले वर्षको ३६५ दिन ११ घण्टा ओपीडी सेवा प्रदान गर्नु अस्पतालको सबल पक्ष मान्न सकिन्छ।

## विशेषज्ञ सेवा प्रदान

ख्वप अस्पतालले हाल बाल रोग, नाक–कान र घाँटी रोग, हाडजोर्नी तथा नशा रोग, स्त्री रोग, छाला रोग, भिडियो एक्स रे, इन्टरनल मेडिसिन, एम.डी.जी.पी., दन्त, जनरल सर्जरी, मुटुरोग, युरोलोजी, न्युरो सर्जरी सेवालगायतका विशेषज्ञ सेवा प्रदान गर्दै आएको छ। अस्पतालमा विभिन्न रोगका ३७ जना विशेषज्ञसहित २० जनाभन्दा बढी मेडिकल अफिसर र २४० जना जनशक्तिबाट सेवा प्रवाह गर्दै आएको छ।





जनताको लागि गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको ख्वप अस्पतालमा विशेषज्ञ सेवा रु.१००।- र मेडिकल अफिसरको सेवा रु.८०।- मा प्राप्त गर्न सकिन्छ ।

## स्वास्थ्य केन्द्रहरू

२०७९ सालको स्थानीय तहको निर्वाचनमा नेपाल मजदुर किसान पार्टीले ख्वप अस्पताललाई स्तरोन्नति गरी १०० शय्याको सुविधासम्पन्न अस्पतालको रूपमा विकास गर्ने, वडा वडामा स्वास्थ्य उपचार केन्द्रको विस्तार गरी विशेषज्ञ चिकित्सकहरूसहितको नियमित स्वास्थ्य शिविर सञ्चालन गर्नेलगायत प्रतिबद्धता गरेको थियो । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सहरी स्वास्थ्य केन्द्र ब्यासी, भगवती स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र सल्लाघारी, एम.सी.एच. क्लिनिक भक्तपुर अस्पताल र दत्तात्रय आधारभूत स्वास्थ्य केन्द्रबाट आ.व. २०८१/८२ मा ५१ हजार २३८ जनालाई सेवा दिएको छ । उल्लिखित जुनसुकै केन्द्रहरूमा रगत, दिसा, पिसाब परीक्षणको लागि छोडे पनि ल्याब रिपोर्ट सोही केन्द्रमा पुऱ्याउने व्यवस्था अस्पतालले गरेको छ । यस आ.व. २०८२/८३ मा भनपा ७ नं. वडाको खँचास्थित स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने तयारीमा छ । भक्तपुर नगरपालिकाले वडा वडामा रहेका आधारभूत स्वास्थ्य केन्द्रहरूमा थप स्वास्थ्य उपकरणको व्यवस्था गर्दै स्तरीकरण गर्दै लाने र नियमित स्वास्थ्य शिविरहरूलाई निरन्तरता दिने नीति अवलम्बन गरेको छ ।

ख्वप अस्पतालले ल्याप्रोस्कोपिक र अर्थोस्कोपिक विधिमार्फत पनि शल्यक्रिया सुरु गरेको छ । ल्याप्रोस्कोपिबाट एपेन्डिक्स, पित्तथैली, हर्निया, पाठेघर आदिको शल्यक्रिया गर्दै आएको छ भने अर्थोस्कोपीबाट घुँडा र काँधको शल्यक्रिया हुँदै आएको छ । अस्पतालले मेरुदण्डको पनि शल्यक्रिया गर्दै आएको छ । अस्पतालले हालसम्म विभिन्न रोगको २ हजार ८८ वटाभन्दा बढी शल्यक्रिया गरिसकेको अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेश प्रताप मल्लले बताए ।

## घरदैलो नर्सिङ

भक्तपुर नगरपालिकाले २०७४ भदौ ९ गतेबाट घरदैलो नर्सिङमार्फत घरघरमा गएर जनतालाई स्वास्थ्य सेवा प्रदान गरिरहेको छ । नेपाल सरकार स्वास्थ्य मन्त्रालयले नेपालका विभिन्न स्थानीय तहहरूसँग समन्वय गरी समुदायस्तरमा स्वास्थ्य तथा घरदैलो नर्सिङ सेवा सञ्चालन कार्यक्रमअन्तर्गत नेपालमै पहिलोपटक भक्तपुरमा घरदैलो नर्सिङ सेवा सञ्चालनमा आएको हो । गत आ.व.मा घरदैलो नर्सिङ सेवाअन्तर्गत ५७ हजार ३२७ नागरिकहरूलाई घरदैलो नर्सिङ सेवा प्रदान गरेको तथ्याङ्कले प्रष्ट पार्छ । यस आर्थिक वर्षबाट नगरपालिकाले वडा नर्स र स्वास्थ्य स्वयम्सेविकामार्फत सुत्केरी महिला स्याहार तथा सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन गर्ने नीति अगाडि सारेको छ ।



## विद्यालयहरूमा स्वास्थ्य परीक्षण

साथै विद्यालयहरूमा बालबालिकाहरूका लागि दन्त, आँखा साथै नाक, कान, घाँटीलगायतको स्वास्थ्य परीक्षण शिविर सञ्चालनको व्यवस्था गर्ने योजना रहेको छ । घरदैलो नर्सिङ अधिकृत रचना सुवालले भक्तपुर नगरपालिकाभित्रका सञ्चालित वागीश्वरी मावि, बासु मावि, आदर्श आजाद, पद्म मावि, ख्वप कलेज, विद्यार्थी निकेतन र शारदा माविमा प्रभावकारी रूपमा विद्यालय नर्सिङ सेवा सञ्चालन भइरहेको बताइन् । उनका अनुसार विद्यालय तहमा विद्यार्थीको स्वास्थ्य उपचार गर्ने उद्देश्यले सञ्चालन गरिएको घरदैलो नर्सिङ सेवा नगरका सबै विद्यालयहरूमा सञ्चालन गर्न पाए धेरै विद्यार्थीहरू लाभान्वित हुन्छन् । विद्यार्थीहरूको नियमित स्वास्थ्य जाँच, मौसमी रोगबारे शिक्षक, विद्यार्थी र अभिभावकहरूलाई अभिमुखीकरण, प्राथमिक उपचारको व्यवस्था, पोषणबारे सचेत पार्ने, दिवा खाजालाई पोषणयुक्त बनाउन परामर्श दिने जस्ता कार्यहरू विद्यालय नर्सहरूबाट हुँदै आएको छ ।



## अक्सिजन र रगत निःशुल्क वितरण

त्यस्तै नगरवासीहरूको लागि चाहिने अक्सिजन र रगत पनि ख्वप अस्पतालले निःशुल्क वितरण गर्दै आएको छ। अस्पतालले महिनाको करिब १००० सिलिन्डर अक्सिजन वितरण गर्दै आएकोमा नगर बाहिरका बासिन्दाहरूका लागि ठूलो सिलिन्डरको २५० रुपैयाँ र सानो सिलिन्डरको रु. १०० मा वितरण गर्दै आएको छ। आ.व. २०८१/८२ मा सानो सिलिन्डर ९ हजार ७२८ र ठूलो सिलिन्डर ४ हजार ६५९ गरी १४ हजार ३८७ अक्सिजन सिलिन्डर खपत भएको तथ्याङ्कले देखाउँछ।

## विपन्न उपचार कोष

ख्वप अस्पतालले गरिबीको कारण कुनै पनि नागरिक उपचारबिना मर्न नपरोस् भनी विपन्न उपचार कोष खडा गरी गरिब र विपन्नवर्गका बिरामीहरूलाई निःशुल्क उपचार सेवा प्रदान गर्दै आएको छ। यसै सन्दर्भमा ख्वप अस्पतालले हालै एक गरिब परिवारका नवजात शिशुमा भएको दुर्लभ रोगको निःशुल्क उपचार गरी पूर्ण रूपमा निको पारी पठाएको अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मल्लले जानकारी गराए। गम्भीर रोग लागेका नगरवासी बिरामीहरूलाई नगरपालिकाले रु. १५ हजारको दरले आर्थिक सहयोग पनि गर्दै आएको छ। आ.व. २०८१/८२ मा २२५ जना बिरामीलाई रु. ३३ लाख ७५ हजार बराबरको आर्थिक सहयोग प्रदान गरेको तथ्याङ्क छ।

## अन्य सेवा

आ.व. २०८१/८२ मा भक्तपुर नगरपालिकाले सञ्चालन गरेको श्वासप्रश्वास पुनःस्थापना केन्द्रमा २ हजार २१३ जना, ख्वप तिलगङ्गा आँखा अस्पतालमा आँखा जाँच ३० हजार ५६० र १ हजार ३७ जनाको मोतीविन्दुको शल्यक्रिया सम्पन्न गरेको छ भने नगरस्तरीय नागरिक आरोग्य केन्द्रबाट ३ हजार २७४ जनालाई आर्युवेद सेवा प्रदान गरेको तथ्याङ्कले देखाउँछ। यसैगरी अस्पतालले नगरका विभिन्न स्थानमा भएका स्वास्थ्य शिविरबाट ४ हजार ५६५ जनालाई सेवा प्रदान गर्‍यो।

यसबाहेक ख्वप अस्पतालले आ.व. २०८१/८२ मा ४ हजार ६१२ जनालाई एम्बुलेन्स सेवा, १३१ जनालाई शवबाहन सेवा, २० हजार २५७ जनालाई भिडियो एक्सरे सेवा, ३८ हजार ७५७ जनालाई एक्स रे सेवा, ८ हजार ११० जनालाई ड्रेसिङ सेवा, ३ हजार ४९४ जनाको मुटुको इको, ११ हजार ७५६ जनालाई ईसीजी सेवा, १ लाख ५९० जनालाई ल्याब सेवा र ६४५ जनालाई सुत्केरी गर्भ जाँच सेवा उपलब्ध गराएको छ।

## आमा तथा नवजात शिशु सुरक्षा

ख्वप अस्पतालमा २०८२ असार १ गतेबाट आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम लागु गरेको छ। प्रसूति सेवाअन्तर्गत गत आ.व. मा १८३ जनाले नर्मल र २५८ जनाले शल्यक्रियामार्फत प्रसूति सेवा पाए। भक्तपुरको ब्रह्मायणीस्थित ख्वप अस्पताल अन्तरंग विभागमार्फत २ हजार ५७२ जनाले अन्तरंग सेवा प्राप्त गरेका छन्।

## अन्य अस्पतालको सेवा



भक्तपुर नगरपालिका अहिले स्वास्थ्य हब (केन्द्र) को रूपमा विकास भइरहेको छ भन्दा अत्युक्ति नहोला। सङ्घ सरकारको पूर्ण स्वामित्वमा रहेको भनपा वडा नं. १ दूधपाटीस्थित भक्तपुर क्यान्सर अस्पताल र सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले पनि उत्कृष्ट उपचार सेवा प्रदान गर्दै आएका छन्। वाग्मती प्रदेश सरकार मातहत सञ्चालित भक्तपुर अस्पतालले पनि उत्कृष्ट सेवा दिइरहेको छ। यसबाट धेरै रोगहरूको उपचार भक्तपुरमा सम्भव हुँदै गइरहेको कुरा प्रस्ट हुन्छ। यसर्थ, भक्तपुरस्थित ख्वप अस्पताल, भक्तपुर अस्पताल र अन्य अस्पतालहरूले दिएको सेवाबाट जनतालाई धेरै सहज भएको सरोकारवालाहरूको भनाइ छ।

# भक्तपुर सम्पदा संरक्षित सहर

भक्तपुर नाचगानको सहर हो। यो कलाकार र वाद्यवादकको सहरमात्र होइन मन्दिरै मन्दिरको सहर पनि हो। यहाँ मूर्तिकार, शिलाकार, काष्ठकलाकार, वास्तुकलाविद्, मृत्तिकाकार, ताम्राकारमात्र होइन पुरानै शैलीका मठ मन्दिर, सत्तल, पाटी पौवा, विहार, चैत्य बनाउने डकर्मी, सिकर्मी या अग्रज कलाकारहरू पनि छन्। मौलिक शैलीका भवन, मन्दिर, मठ, पाटी, पौवा बनाउन यहाँका अग्रजहरू सिपालु छन्। अहिले नयाँ पुस्ता तयार हुँदै छ। यहाँका अग्रजहरूको कला, सीप र अनुभवकै कारण लक्ष्मीनरसिंह मन्दिर पुनः निर्माण भएको हो। अहिले थंथु दरबार बन्दै छ। यसरी नै अन्य मौलिक शैलीका कलात्मक मठ, मन्दिर र भवन बन्दै छ। यहाँ एकपछि अर्को मौलिक शैली या मल्लकालीन मन्दिर बनाउने क्रम चालु छ। दर्जनौँ बनिसकेका छन्। तर, जीर्णोद्वार र पुनः निर्माण गर्नुपर्ने अझै दर्जनौँ सत्तल, मन्दिर, मठ, पाटी पौवा बाँकी छन्।

असङ्ख्य सम्पदाहरू भएकाले भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष एक टोल एक सम्पदा बनाउनैपर्ने नीति तयार गरेअनुसार टोलटोलमा पाटी, मन्दिर, सत्तल आदि निर्माण कार्य गरिरहेको हो। टोल-टोलमा आवश्यकताअनुसार थप सम्पदाहरू पनि निर्माण भइरहेको छ। भक्तपुर नगरको पुराना बस्ती वरपर अष्टमातृका देवगण र मन्दिरहरू रहेका छन्। ब्रह्मायणी माहेश्वरी, कुमारी, भद्रकाली, बाराही, इन्द्रायणी, महाकाली र महालक्ष्मी यसका दृष्टान्त हुन्। अष्टमातृका देवगणका मन्दिरहरू एउटै शैली र स्वरूपका छैनन्। मातृका देवगणका कति मन्दिरहरूको बेलाबखत जीर्णोद्धार भइरहेको पाइन्छ। कति मन्दिर विगतमा भूकम्पको कारण भत्केर अलगै शैलीमा बनाइएको छ भने कति देवगणको हाल मन्दिर नै छैन। हाल भक्तपुर नगरको एक अष्टमातृका ब्रह्मायणी देवी हो। ब्रह्मायणी देवीको मन्दिर पहिले मौलिक शैलीमै बनेको थियो। मौलिक शैलीमा बनेको मन्दिरको अवशेष अहिले रहेको काठ र इँटाले थाहा हुन्छ।

हाल रहेको ब्रह्मायणी मन्दिरको स्वरूप र शैली पछि बनाइएको हो। अहिले सो मन्दिर पुरानै शैलीमा बनाउनुपर्ने सुझाव इतिहासकार, संस्कृतिविद्, पुरातत्त्वविद्, ज्येष्ठ नागरिकहरूले दिन थालेका छन्। ब्रह्मायणी मन्दिर पुनः निर्माण गर्ने कुरा जनतामाझ चर्चा भएपछि उक्त कुरा उठेको हो। ब्रह्मायणी मन्दिर पुनःनिर्माण गर्ने क्रममा भनपा वडा नं. ९ कार्यालयको अगुवाइमा मन्दिरको पहिलेको स्वरूप र शैलीबारे अध्ययन, अनुसन्धान तथा खोजीनीति भइरहेको छ। वडा कार्यालयले भेटघाट तथा अन्तरक्रियात्मक कार्यक्रम राखी राय-सुझाव लिइरहेको छ। पहिलेको स्वरूप र शैलीको प्रमाण जुटेमा ब्रह्मायणी मन्दिर बनाउन वडा कार्यालय तयारीमा छ।

वडा कार्यालयले ब्रह्मायणी मन्दिरको पुनः निर्माण भएपछि उक्त स्थानको आकर्षण बढ्नेछ र ब्रह्मायणीस्थान एक मौलिक सम्पदा स्थल बन्ने छ। भक्तपुर नगर देवी देवगणहरूको घेराभित्र रहेको छ। भक्तपुर नगर प्रवेश गर्न नगरको चारै दिशातर्फ मौलिक शैलीकै प्रवेशद्वारहरू रहेका छन्। सुरक्षाको दृष्टिले भक्तपुरलाई पर्खालले घेरिएको इतिहासकारहरूको भनाइ रहेको छ। अहिले पनि मङ्गलतीर्थमा पहिलेको पर्खाल बाँकी रहेको छ। यसरी नै यहाँ विश्वविख्यात पाँचतले मन्दिर, भैरवनाथको मन्दिर, पचपन्न झ्याल दरबार, पशुपतिनाथको मन्दिर जीर्णोद्वार तथा मर्मत सम्भार भइसकेको छ। यहाँका हरेकजसो सम्पदाको टोल-टोलमा जीर्णोद्वार, मर्मतसम्भार र पुनः निर्माण भइरहेको हुँदा भक्तपुर सम्पदा संरक्षित स्थल बनेको हो। भक्तपुर दरबार क्षेत्र, टौमढी क्षेत्र र चाँगुनारायण मन्दिर विश्वसम्पदा सूचीमा रहेको छ। भक्तपुर नगरको पुरानो बजार क्षेत्र पनि सम्पदा स्थल हो। पहिले पहिलेको भक्तपुर नगरको पुरानो बस्तीमा रहेका सबैजसो घर मौलिक शैलीमै छन्। एकमुखे, तीनमुखे, पाँचमुखे या बेजोडामुखे झ्याल यहाँको विशेषता हो। इँटा र माटो जोडाइ, झिँगटी छाना र चारतले भवन यहाँको अर्को विशेषता हो। पहिलेको यो मौलिक शैली र सम्पदा कायम गर्न नै नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँले 'सय वर्षपछिको भक्तपुर' लेख रच्नुभएको हो र पुस्तकको रूपमा प्रकाशित भएको हो।

यसरी नै यहाँ भाज्या पोखरी, रानी पोखरी र नः पोखरीको मर्मत सम्भार गरिसकेको छ। अन्य पोखरी, ढुङ्गेधारा, इनारको पनि मर्मत सम्भार भइरहेको छ। सडक र गल्लीमा ढुङ्गा छपाइ र इँटा छपाइ आवश्यकताअनुसार भइरहेको छ। सरसफाइ र सम्पदा संरक्षणले भक्तपुर साँच्चै आन्तरिक र बाह्य पर्यटकहरूको लागि हेर्नलायक, आकर्षक, सुन्दर र सफा नगर बनेको छ; स्मारक संरक्षित नगर बनेको छ। देश विदेशका पर्यटकहरूको निम्ति घुम्नैपर्ने सहर बनेको छ। भक्तपुर आन्तरिक र बाह्य पर्यटकहरूको आगमन केन्द्र बनेको छ; आय आर्जन गर्ने महत्त्वपूर्ण स्रोत बनेको छ। यस्तै आयस्रोतबाट नै यहाँका मठ मन्दिर निर्माण, सम्पदा संरक्षण, स्वास्थ्य सेवा, सरसफाइ र शिक्षामा अनुकरणीय काम भइरहेको हो। नपाले देशभरिका विद्यार्थीहरूलाई सस्तो र गुणस्तरीय शिक्षा दिइरहेको छ। यसकारण, भक्तपुर पर्यटन केन्द्र, सम्पदा संरक्षित केन्द्र, शिक्षाको केन्द्र, सरसफाइको केन्द्र र सभ्य, असल, देशभक्तहरूको थलोमात्र होइन देश विदेशको निम्ति आकर्षक, सिक्ने, सिकाउने र अध्ययन केन्द्र बनेको हो; भक्तपुर उदाहरणीय नगर बनेको हो।

स्रोत : मजदुर दैनिक सम्पादकीय, साउन १३

# ग्रेगर जोहान मेण्डल : जेनेटिक्स (आनुवंशिकी) विज्ञानका पिता



राजेन्द्र बहादुर कायष्ठ

**विषय प्रवेश :** पृथ्वीमा भएका वस्तुहरूलाई मुख्यतया सजीव र निर्जीव गरी दुई भागमा छुट्याइन्छ। सजीवहरूमा हुनुपर्ने विभिन्न गुणहरूमध्ये एउटा गुण प्रजनन गर्न सक्ने क्षमता हो। प्रजनन भन्नाले सजीवहरू वयस्क भएपछि आफू जस्तै गुणहरू भएको सन्तानहरू जन्माउने क्रिया हो। सबै सजीवहरू सधैँ बाँच्दैनन्। सजीवहरूले अगिल्लो पुस्ताबाट पछिल्लो पुस्तामा गुणहरू सार्दै जाने भएकोले सबै सजीवहरूका सन्तानहरूमा आफ्ना आमाबुबासँग मिल्दा जुल्दा गुणहरू हुन्छन्। व्यवहारमा कुनै शिशु जन्मँदा उसको अनुहार लगायत विभिन्न वाह्य अङ्गहरू परिवारका कुन सदस्यसँग कुन कुन अङ्ग मिल्दछ भनेर तुलना गर्ने गरिन्छ। यो कार्य कसरी र किन हुन्छ भनी सर्वप्रथम अध्ययन गर्ने वैज्ञानिक 'ग्रेगर' जोहान मेण्डल ('Gregor' Johann Mendel (1822-1884) थिए।

उनले केराउको बिरुवामा ९ वर्षसम्म अध्ययन गरी अघिल्लो पुस्ताबाट पछिल्लो पुस्तामा कसरी गुणहरू सर्दै जान्छ भनी पत्ता लगाएका थिए। उनले एउटा पुस्ताबाट अर्को पुस्तामा मिल्दो जुल्दो गुण देखापर्ने तत्त्वलाई एकाइ गुण (पछि गएर वंशाणु) भनेका थिए। वंशाणु जीवकोषको न्युक्लियसमा रहेको क्रोमोजोमहरूमा रहेको हुन्छ। वंशाणुले सजीवहरूको गुण निर्धारण गर्दछ साथै सजीवहरूका गुण तिनीहरूमा भएका क्रोमोजोमहरूको सङ्ख्या र ती क्रोमोजोममा रहेका लाखौँ वंशाणुमा निर्भर रहेको हुन्छ। सजीवहरूको लिङ्ग निर्धारण गर्ने क्रोमोजोमलाई सेक्स क्रोमोजोम भनिन्छ। वंशाणु, वंशाणुक्रम र परिवृत्तिका बारेमा अध्ययन गर्ने जीवविज्ञानको एउटा शाखालाई जेनेटिक्स भनिन्छ। मेण्डलले पहिलो पटक यस सम्बन्धी गहन रूपमा अध्ययन गरी वंशाणु सम्बन्धी सिद्धान्तहरू प्रतिपादन गरेकोले उनलाई **'जेनेटिक्स (आनुवंशिकी) विज्ञानका पिता'** भनिन्छ। उनको खोज, अध्ययन र आविष्कारले जेनेटिक्स विज्ञान अध्ययनको जग बसाल्यो। यसको कारण वंशाणु र वंशाणुक्रम सम्बन्धी अध्ययन सम्भव भयो। पछिल्लो समयमा वंशाणु, क्रोमोजोम, डीएनए र सन् २००३ मा पूर्णता प्राप्त गरेको मानव जिनोम (human genome) आदि जे जति आविष्कार भएका छन्, ती सबै मेण्डलकै आविष्कारबाट जन्मेका सन्तान हुन्। मेण्डलकै आविष्कारकै कारण चिकित्सा विज्ञानको क्षेत्रमा दर्जनौँ रोगको उपचार सम्भव भएको छ। उनले केराउको बिरुवामा गरिएको विभिन्न परीक्षणबाट प्राप्त वंशाणु र वंशाणुक्रम सम्बन्धी नियमहरू आज पनि सत्य छन् र पूरै सजीवहरूमा लागु भएको छ।

**बाल्यकाल र शिक्षा :** मेण्डलको जन्म सन् १८२२ जुलाई २० मा अस्ट्रियाको सिलेसिया Heinzendorf, Silesia, Austrian Empire [now Hyncice, Czech Republic) मा भएको थियो। उनी अष्ट्रियन नागरिक थिए। उनको पिताको नाम Anton Mendel माताको नाम Rosine Mendel थियो। उनी आमाबुबाको तीन सन्तानहरूमा एक्लो छोरा थिए। उनको एकजना दिदी Veronica Mendel र एकजना बहिनी Theresia Mendel थिइन्।



मेण्डल गरिब परिवारमा जन्मेका थिए। उनलाई सानैदेखि पढाइमा रुचि थियो। उनी ११ वर्ष हुँदासम्म गाउँमा

नै सामान्य लेखपढ गरे। पछि उनको शिक्षाप्रतिको रुचिले गर्दा स्थानीय पादरीले मेण्डललाई विद्यालयमा पठाउन सल्लाह दिए। त्यसपछि उनी ११ वर्षको हुँदा ग्रामर स्कुलमा भर्ना भए। उनले ग्रामर स्कुलमा सन् १८४० मा अध्ययन पूरा गरे। त्यसपछि मेण्डलले २ वर्षे दर्शनशास्त्र पढ्नको लागि Philosophical Institute of the University of Olmütz (Olomouc, Czech Republic), मा भर्ना भए। उनले त्यहाँ दर्शनशास्त्रसहित भौतिक शास्त्र र गणित पनि सिके। सन् १८४३ मा आफ्नो अध्ययन पूरा गरे। उनको शिक्षा प्राप्त गर्ने समय आर्थिक रूपले एकदम कठिन र सङ्घर्षमय थियो किनभने उनको परिवारले शैक्षिक क्रियाकलाप गर्नको लागि आवश्यक आर्थिक सहयोग गर्न असमर्थ थिए। यसलाई समाधान गर्न मेण्डल अन्य विद्यार्थीहरूलाई ट्युसन पढाउने गर्दथे। यसैक्रममा मेण्डल दुईपटक डिप्रेसनमा समेत गएका थिए। यसको उपचारको लागि कलेज छोडेर घरमा पनि आउन परेको थियो। आफ्नो अध्ययन सकेपछि उनले क्रिस्चियन धर्मका सम्बन्धी धारणा, जीवन दर्शन आदि सिक्न क्याथोलिक धार्मिक समुदायमा सदस्य बन्न गए। त्यहीं उनको योग्यता र दक्षताको आधारमा सन् १८४३ मा 'ग्रेगर' उपाधी दिइयो। उनलाई ग्रेगर उपाधी Brno (चेक रिपब्लिकको दोस्रो ठुलो सहर) को St. Thomas monastery (विहार) ले दिएको थियो। अब उनको नाम जोहान मेण्डलबाट 'ग्रेगर' जोहान मेण्डल हुन गयो। पछि उनी त्यहाँ भिक्षु पदमा बसेर कार्य गर्न थाले।

**अनुसन्धान र सफलता :** उनको कर्मक्षेत्र ब्रनो (Brno) को अस्ट्रियन बिहार फाँटिलो पहाडी भूभागमा फैलिएको थियो। यसको वरिपरि विशाल बगैंचा थियो। बिहारमा भएको २ हेक्टर (२१५२७८ वर्ग फिट) क्षेत्रफलको विशाल बगैंचामा विभिन्न थरीका फूलको बिरुवालगायत अन्य बिरुवाहरू थिए। त्यसमध्ये एउटा कुनामा रहेको २०० फिट लम्बाइ र २० फिट चौडाइ भएको बगैंचामा मेण्डलले वंशाणु सम्बन्धी अध्ययनको लागि प्रयोगशालाको रूपमा प्रयोग गर्दथे। उनलाई सानैदेखि मकै रोप्दा मकै नै फल्ने, धान रोप्दा धान फल्ने, सन्तानहरूको अनुहार केही हदसम्म आमाबुबासँग मिल्ने आदिबारे जिज्ञासा भइरहन्थ्यो। यसको कारण अध्ययनको लागि उनले केराउको बिरुवालाई नमुनाको रूपमा प्रयोगमा ल्याएका थिए। मेण्डलले आफ्नै बगैंचामा उमारेका केराउका बिरुवामा वंशाणुगत गुणको प्रसारण सम्बन्धी अनेकौं प्रयोग गरेका थिए। उनले वंशाणुगत गुणको प्रसारण अध्ययनको लागि केराउको बिरुवालाई लिनुको कारणहरू :

क) केराउको फूल दुईलिङ्गी (bisexual) र बन्द (closed) भएकाले प्राकृतिक रूपमै स्वपरागसेचन भई प्रजनन हुन सक्छ।
ख) यसमा आवश्यकता अनुसार पर प्रजनन वा परपरागसेचन वा वाह्य परागसेचन पनि गराउन सकिन्छ।
ग) यसको जीवनचक्र छोटो भएकोले छिटो छिटो नतिजा प्राप्त गर्न सकिन्छ।
घ) यसमा धेरै जोडा फरक गुणहरू हुन्छन्।
ङ) यिनीहरूलाई उमार्न पनि सजिलो हुन्छ।
च) एकैपटकमा धेरै वीउहरू उत्पादन गर्न सकिन्छ जसबाट सजिलै धेरै सङ्ख्यामा नयाँ बिरुवा उत्पादन गर्न सकिन्छ।

मेण्डलले केराउको बिरुवामा प्रयोग गर्दा उनले केराउमा भएका निम्न ७ वटा गुणहरूलाई आधार मानेका थिए –

क) बिरुवाको उचाइ : अग्लो र होचो (Tall and dwarf)
ख) फूलको स्थान : काप र टुप्पो (Axial and terminal)
ग) कोसाको रङ : हरियो र पहेँलो (Green and yellow)
घ) कोसाको आकार : पोटिलो र खण्ड खण्ड परेको (Inflated and constricted)
ङ) वीउको आकार : गोलो र चाउरिएको (Round and wrinkled)
च) फूलको रङ : बैजनी र सेतो (Purple and white)
छ) वीउको रङ : पहेँलो र हरियो (Yellow and green)

## मेण्डलको केराउमा प्रयोग

मेण्डलले केराउको बिरुवामा पाइने सात जोडा गुण शुद्ध (Pure) र ठिमाहा (hybrid) का बारेमा छुट्टाछुट्टै अध्ययन गरी प्रत्येक वंशजको गुणअनुसार वर्गीकरण पनि गरे। मेण्डलले वंशाणुक्रमको अध्ययनका लागि केराउका शुद्ध अग्ला (TT) र शुद्ध होचा (tt) बिरुवा छानी परपरागसेचन (cross pollination) गराए। यस परपरागसेचनबाट प्राप्त भएको वीउबाट बिरुवा उमारियो, जसलाई पहिलो वंश (first filial generation) भनियो। पहिलो वंशमा प्राप्त बिरुवाहरू सबै अग्ला पाइयो। यहाँ पहिलो वंशमा देखापरेको अग्लो हुने गुणलाई प्रभावी गुण वा प्रबल गुण (dominant character) नाम दिए। साथै पहिलो वंशमा देखा नपरेको होचो हुने गुणलाई दबिएको गुण वा लुप्त गुण (recessive character नाम दिइयो। यसरी नै उनले बाँकी सातओटा जोडा गुणको पनि छुट्टाछुट्टै रूपमा परागसेचन गराई अध्ययन गरे। यसमा उनले पहिलो वंशमा एउटै

मात्र गुण पाए। यसरी फरक जोडा गुणलाई (contrasting character) आपसमा परागसेचन गराउँदा प्राप्त हुने गुणलाई प्रबल गुण र पहिलो वंशमा नदेखिएको गुणलाई लुप्त गुण नाम दिए।

मेण्डलले पहिलो वंशमा प्राप्त ठिमाहा अग्ला (Tt) बिरुवाबिचमा स्वपरागसेचन वा भित्री परागसेचन (self pollination) गराए। यसरी स्वपरागसेचन पछि प्राप्त दोस्रो वंश (second filial generation) का बिरुवा अवलोकन गर्दा अग्लो र होचो दुवै गुण भएका बिरुवा देखा परे। जसमध्ये ७५५ बिरुवा अग्ला र २५५ बिरुवा होचा थिए। उक्त दोस्रो वंशमा प्राप्त बिरुवामा स्वपरागसेचन गराउँदा शुद्ध अग्लो केराउको बोटबाट शुद्ध अग्लो केराउको बोटमात्र प्राप्त भयो। शुद्ध होचो केराउको बोटबाट शुद्ध होचो केराउको बोट प्राप्त भयो। त्यसैगरी ठिमाहा अग्लो केराउको बोटबाट ७५५ अग्लो र २५५ होचो केराउको बोटहरू प्राप्त भयो। यसलाई निम्न चार्टमा प्रस्तुत गरिएको छ।




MONOHYBRID CROSS (HEIGHT OF PEA PLANT)

यहाँ शुद्ध अग्लो – TT; ठिमाहा अग्लो – Tt र शुद्ध होचो – tt हो।

## मेण्डलको प्रयोगका नतिजाहरु

क) शुद्ध अग्ला (TT) केराउबाट अग्लै मात्र बिरुवा उत्पादन भए।

ख) ठिमाहा अग्ला (Tt) बिरुवाबाट फेरी ३:१ का अनुपातमा अग्ला र होचा बिरुवा उत्पादन भए।

ग) शुद्ध होचा (tt) बिरुवाबाट होचा बिरुवा मात्र उत्पादन भए।

## मेण्डलको प्रयोगमा फिनोटाइपिक गुण र जिनोटाइपिक गुण :

क) **फिनोटाइपिक गुण :** सजीवहरूमा बाहिरी रूपमा देखिने गुणलाई फिनोटाइपिक गुण भनिन्छ। जस्तै मानिसमा उचाइ, आँखाको नानिको रंग, छालाको रंग, कपालको रंग, कानको लोती जोडिएको वा नजोडिएको आदि।

ख) **जिनोटाइपिक गुण :** सजीवहरूमा आनुवंशिक संरचनालाई (genetic constitution) जिनोटाइपिक गुण भनिन्छ। मेण्डलको प्रयोगमा दोस्रो वंशको (F2 generation) फिनोटाइपिक र जिनोटाइपिक अनुपात निम्नअनुसार रहेको छ –

- फिनोटाइपिक अनुपात (अग्लो:होचो) – ३ : १
- जिनोटाइपिक गुण : (शुद्ध अग्लो : ठिमाहा अग्लो : शुद्ध होचो) – १ : २ : १

**मेण्डलको प्रयोगमा मोनोहाइब्रिड क्रस** (Monohybrid cross) : एउटा मात्र फरक गुणलाई आधार मानी बिरुवाका बिचमा परपरागसेचन गराई ठिमाहा बिरुवा उत्पादन गर्नुलाई मोनोहाइब्रिड क्रस भनिन्छ। जस्तै : मेण्डलले आफ्नो प्रयोगमा अग्लो र होचो केराउको बिचमा क्रस गराउँदा पहिलो वंशमा १०० प्रतिशत ठिमाहा अग्लो बिरुवा उत्पादन भयो।

**मेण्डलको प्रयोगमा डाइहाइब्रिड क्रस** (Dihybrid cross) : दुईवटा फरक गुणहरूलाई आधार मानी बिरुवाका बिचमा परपरागसेचन गराएर ठिमाहा बिरुवा उत्पादन गर्ने प्रक्रियालाई डाइहाइब्रिड क्रस भनिन्छ। मेण्डलले



आफ्नो प्रयोगमा केराउको दुई फरक गुणहरू केराउको आकार र रंगलाई आधार मानेर प्रयोग गरेका थिए। उनले आफ्नो प्रयोगमा पहेँलो रंगको गोलो गेडा भएको बिरुवा र हरियो रंगको चाउरो गेडा भएको बिरुवाबिच परपरागसेचन गराउँदा पहिलो वंशमा सबै पहेँलो रंगको गोलाकार केराउ प्राप्त भयो। पहिलो वंशमा प्राप्त केराउबिच परागसेचन गराउँदा दोस्रो वंशमा प्राप्त नतिजा तलको तालिका अनुसार प्राप्त भयो।

यहाँ शुद्ध पहेँलो र गोलाकार गेडा भएको केराउ : YYRR

शुद्ध हरियो र चाउरो गेडा भएको केराउ : yyrr

पहिलो वंशमा फिनोटाइपिक गुण – सबै पहेँलो रंगको गोलोकार केराउ

दोस्रो वंशमा फिनोटाइपिक गुण – ९ : ३ : ३ : १ – पहेँलो गोलो : हरियो गोलो : पहेँलो चाउरो : हरियो चाउरो

## मेण्डलका नियमहरू

जेनेटिक्सका पिता मेण्डलले आफूले केराउमा गरेको विभिन्न गुणहरू लिएर गरेको प्रयोगपश्चात प्राप्त नतिजाको आधारमा निम्नलिखित नियमहरू प्रतिपादन गरेका थिए –

क) प्रभावितको नियम वा प्रबलताको नियम (Law of dominance) : दुई विपरीत गुण भएका बिरुवाबिचको परपरागसेचनबाट उत्पन्न हुने सन्तानमा केवल एउटै मात्र गुण उत्पन्न हुने गर्दछ र जुन गुण वा लक्षण सन्तानमा देखा पर्दछ त्यसलाई प्रभावी वा प्रबल गुण (dominant character) भनिन्छ। यही वंशमा सन्तानमा देखा नपर्ने गुणलाई अप्रभावी वा लुप्त गुण (recessive character) भनिन्छ। अर्को भाषामा प्रबलताको नियमअनुसार शुद्ध गुण भएका माउ जीवबिच परपरागसेचन गराउँदा पहिलो वंशमा प्रबलगुण मात्र देखापर्दछ। यसरी एक जोडा शुद्ध तर फरक गुण भएका माउ जीवहरूबिच परपरागसेचन गराउँदा पहिलो वंशमा कुनै एउटा मात्र गुण देखिनुलाई प्रबलताको नियम भनिन्छ। मेण्डलको प्रयोगमा पनि कुनै गुण पहिलो वंशमा देखा परेको पाइयो भने कुनै गुण दबिएर रहेको पाइयो। यसरी प्रत्यक्ष रूपमा देखापर्ने गुणलाई प्रबल गुण र दबिएर रहेको गुणलाई लुप्त गुण भनिन्छ।

ख) **लैङ्गिक शुद्धताको नियम** (Law of purity of gamete) : यस नियम अनुसार पहिलो वंशको ठिमाहामा दुई फरक गुणसँगै रहे पनि आआफ्नो मौलिकता नगुमाई शुद्ध नै रहेका हुन्छन्। जस्तै मेण्डलले पहेँलो र हरियो गेडा भएको परपरागसेचन गराउँदा पहिलो वंशमा सबै पहेँलो रंगको केराउ प्राप्त भयो। ती प्राप्त पहेँलो केराउबिच परागसेचन गराएर दोस्रो वंश प्राप्त गर्दा केही पहेँला र थोरै हरिया गेडा भएको केराउ प्राप्त भयो तर दुवै रंग मिसिएको केराउ फलेनन्।

ग) **स्वतन्त्र गुण प्रसारणको नियम** (Law of independent assortment) : दुई तथा दुईभन्दा बढि विपरीत गुण भएका वंशाणुहरू ग्यामेट बन्दा स्वतन्त्र रूपले बाँडिने गर्दछ। जस्तै केराउको रंग र आकार जस्ता गुणहरू एक आपसमा कुनै असर नपारी स्वतन्त्र रूपले ग्यामेटको रूपमा प्रत्येक वंशमा प्रसारण भइरहेको हुन्छ। यसरी नै मेण्डलको पहेँलो रंगको गोलो केराउ र हरियो रंगको चाउरो केराउबिच परासगेचन गराउँदा गेडाको रंगले गेडाको आकारलाई कुनै असर पारेन।

## मानिसमा देखिने केही वंशाणुगत गुणहरू

(Genetic characteristics in human beings) :

| क्र.सं. | प्रबल गुण (Dominant character) | लुप्त गुण (Recessive character) |
|---|---|---|
| १ | कानको लोती नजोडिने | कानको लोती जोडिने |
| २ | घुम्रिएको कपाल | नघुम्रिएको कपाल |
| ३ | बुढी औंला खुम्चिने | बुढी औंला नखुम्चिने |
| ४ | बुढी औंला पछाडि नमोडिने | बुढी औंला पछाडि मोडिने |
| ५ | जिब्रो दोब्रिने | जिब्रो नदोब्रिने |
| ६ | गालामा खाल्टो पर्ने | गालामा खाल्टो नपर्ने |

## मेण्डल सम्बन्धी केही तथ्यहरू

क) उनी अस्ट्रियन जीवशास्त्री, मौसमशास्त्री, गणितज्ञ र भिक्षु थिए।

ख) उनी भिक्षु भएकोले जीवनभर विवाह गरेनन्।

ग) अङ्ग्रेज वैज्ञानिक डार्विनले जीवहरूको उद्विकास वा क्रमविकासको सिद्धान्त र कारणहरू पत्ता लगाएका थिए तर डार्विनले वंशाणुगत गुण कसरी एक पुस्ताबाट अर्को पुस्तामा सर्छ र सबै पुस्तालाई नै कसरी प्रभाव पार्दछ भन्ने बारे चित्तबुझ्दो व्याख्या गर्न सकेका थिएनन्। मेण्डलले यही विषयमा अध्ययन गरेर सिद्धान्त प्रतिपादन गरेका थिए।

घ) उनले वंशाणु सम्बन्धी सिद्धान्त प्रतिपादन गर्न ९ वर्षसम्म केराउको बोटमा प्रयोग गरेका थिए।

ङ) उनले आफूले प्रतिपादन गरेको सिद्धान्तको सर्वप्रथम सन् १८६५ मा ब्रुनको Natural Science Society मा दुईटा प्रवचनको माध्यमबाट प्रस्तुत गरेका थिए। पछि Natural Science Society को जर्नलमा 'Experiments on Plant Hybrids' नामले प्रकाशित भएको थियो। यस लेखमा केही

मानिसहरूको ध्यानाकर्षण भयो र विभिन्न पुस्तकालयमा यस जर्नलको माग भयो। केही थप संस्करणहरू (लगभग ४० प्रति जति) पनि प्रकाशित गरियो। त्यसपछि मेण्डलले आफ्नो सिद्धान्तको प्रचार प्रसारमा खासै मिहिनेत पनि गरेनन्।

च) उनी बाँचुजेल उनको सिद्धान्तले वैज्ञानिक मान्यता पाएन।

छ) सन् १९०० मा डच वनस्पतिशास्त्री तथा आनुवंशिकीविद् Hugo de Vries, जर्मन वनस्पतिशास्त्री तथा आनुवंशिकीविद् Carl Erich Correns, र अस्ट्रियन वनस्पतिशास्त्री Erich Tschermak von Seysenegg ले अलग अलग रूपमा मेण्डलले जस्तै वंशाणु सम्बन्धी अनुसन्धान गरेका थिए। पछि उनीहरूले मेण्डलको सिद्धान्त अध्ययन गरेपछि यसमा आफ्नो सर्वाधिकारको दाबी छोडेका थिए।

ज) ब्रिटिश वनस्पतिशास्त्री William Bateson ले मेण्डलको सिद्धान्तलाई प्रचार प्रसार गरी वैज्ञानिक मान्यता प्राप्त गराउने प्रमुख व्यक्ति थिए। उनीलगायत अन्य वनस्पतिशास्त्रीहरूको पहलमा सन् १९०० मा मेण्डलको सिद्धान्तले विश्वव्यापी मान्यता पायो।

झ) मेण्डलले वंशाणु सम्बन्धी सिद्धान्त प्रतिपादन गर्दा डीएनए र क्रोमोजोमबारे जानकारी थिएन।

ञ) उनी मौरीपालन विज्ञ र मौसमविज् पनि थिए। उनले दैनिक मौसम सम्बन्धी गतिविधि अध्ययन गरेर मौसम सम्बन्धी भविष्यवाणी गर्दथे।

ट) उनी भिक्षु भएपनि उनले विविध विषयहरू जस्तै दर्शनशास्त्र, भौतिकशास्त्र, गणित, ज्योतिषशास्त्र, मौसम विज्ञान आदि अध्ययन गरेका थिए।

ठ) उनी जीव विज्ञानमा तथ्याङ्कशास्त्र प्रयोग गर्ने पहिलो व्यक्ति थिए। उनले सजीवहरूको विभिन्न पुस्ताहरूमा वंशाणुगत प्रसारणमा तथ्याङ्कशास्त्र विधि प्रयोग गरेका थिए।

ड) सन् १८६५ मा उनले प्रतिपादन गरेको वंशाणु सम्बन्धी सिद्धान्तहरू उनको जीवनकाल भरी वैज्ञानिक जगतले वेवास्ता गरेको थियो।




ढ) बीसौँ शताब्दीको सुरुबाट उनको सिद्धान्तको विभिन्न वैज्ञानिकहरूले पुनः अध्ययन गरी वैज्ञानिक मान्यता पायो। यसबाट उनले 'Father of Genetics' उपाधी पाएका छन्।

ण) उनको सिद्धान्त केराउसहित सबै जीवहरूमा लागु हुन्छ।

त) उनले आफ्नो प्रयोगबाट आमाबुबाको धेरै लक्षणहरू सन्तानमा सर्दै जान्छ तर कुनै पनि सन्तानहरू कहिल्यै पनि आमाबुबाको प्रतिलिपी हुने गर्दैन। एउटै आमाबुबाको सन्तानहरूमा विविध भिन्नताहरू पाइन्छ। यो परिवृत्तिको कारण हुन्छ। परिवृत्तिलाई वंशाणुगत परिवृत्ति र वातावरणीय परिवृत्ति गरी दुई भागमा वर्गीकरण गरिएको छ।

थ) मेण्डललाई सानैदेखि बागवानी र प्रकृतिप्रति रुचि थियो।

न) सन् १८६८ मा मेण्डल ब्रनोको अगस्टिनियन विहार (मठ) को प्रमुख (एबट) बने। यसले उनको वैज्ञानिक अनुसन्धानलाई कम गरायो। त्यसपछि उनले बाँकी जीवन विहारको प्रशासनिक कार्य र अन्य रुचिहरू जस्तै मौरीपालन र मौसम विज्ञानका क्षेत्रमा बिताए।

## मेण्डलको नामबाट दिइने पुरस्कार तथा मेडलहरू :

मेण्डलले आफ्नो जीवनकालमा आफूले प्रतिपादन गरेको सिद्धान्तलाई वैज्ञानिकहरूले उपेक्षा गरेकोले उनले कुनै मेडल र पुरस्कार पाएनन्। तर पछि उनको सिद्धान्तको पुनः खोजीले गर्दा वैज्ञानिक मान्यता पाएपछि उनको सम्मानमा निम्न संस्थाहरूले उनको नामबाट पुरस्कार तथा मेडलको स्थापना गरेका छन् –

क) Mendelianum of the Moravian Museum : Mendel Memorial Medal

ख) Villanova University : Mendel Medal

ग) Leopoldina, : Leopoldina Mendel Medal

घ) Czechoslovak Academy of Sciences : Gregor Johann Mendel Honorary Medal




मेण्डेलको चित्र अङ्कित हुलाक टिकट

**जीवनको उत्तरार्ध र निधन :** मेण्डलको खोजले आधुनिक जीवविज्ञान, विशेष गरी आनुवंशिकी र विकासवादी जीवविज्ञान आधार तय गऱ्यो। उनको सिद्धान्तहरू आज डिएनए, जीन, आनुवंशिक रोगहरूको अध्ययनमा आधारभूत मानिन्छ। उनको सम्मानमा आनुवंशिकताको सिद्धान्तहरूलाई **मेण्डेलियन आनुवंशिकी** भनिन्छ। जीवनको उत्तरार्धतिर उनले आफ्नो धेरै समय मौरीपालन र मौसमको भविष्यवाणी गर्न सो सम्बन्धी अध्ययन र अनुसन्धानमा बिताए। जीवनको अन्तिम समयतिर उनलाई Bright disease (मृगौला सम्बन्धी समस्या) रोगले गर्दा दैनिक जीवन बढी कष्टदायक हुन गयो। यही समस्याबाट जीव विज्ञानका यी महान् आविष्कारकको ७ जनवरी १८८४ मा निधन भयो। उनको शवयात्रामा हजारौँ मानिसहरू सहभागी भएका थिए। उनको शवलाई उनी ब्रनो विहारदेखि विहारको भिक्षुहरूको शव समाधिस्थ गरिने स्थानसम्म सम्मानपूर्वक लगिएको थियो। उनको शवलाई ब्रुन सहरको मध्यभागमा रहेको घाटमा समाधिस्थ गरिएको थियो।



ब्रुनको मेण्डेल कृषि र वन विश्वविद्यालयमा रहेको मेण्डेलको प्रतिमा

शताब्दी अघिनै उनको भौतिक शरीर नभएपनि उनले आनुवंशिक सम्बन्धी प्रतिपादन गरेका सिद्धान्तलाई हालसम्म विश्वले मान्यता दिँदै आएको छ। उनले प्रतिपादन गरेको सिद्धान्त केराउमा मात्र नभई पूरै सजीवहरूमा लागु हुने गर्दछ।

**सन्दर्भ सामग्रीहरू :**


क) कक्षा १० विज्ञान : जनक शिक्षा सामग्री केन्द्र (२०७४)

ख) कक्षा १० विज्ञान : जनक शिक्षा सामग्री केन्द्र (२०८०)

ग) आजको विज्ञान : विकास बर्जाचार्य : खोजी प्रकाशन गृह

घ) विश्वका चर्चित वैज्ञानिकहरू : दिलिप श्रेष्ठ/उर्मिला शाही

ङ) Gregor Mendel and the Discovery of Gene : Bankston, John: Hockessin, DE, Mitchell Lane (2004)

च) Gregor Mendel and Heredity: Gorge, Wilma: Wayland, England, Howe Publishers (1995)

छ) गुगल


## चीनका प्राचीन नीतिकथा

### cfwf lbgsf] labf

एक पल्ट एक जना ठूला हाकिमलाई रमाइलो गरी समय बिताउन कुनै बौद्ध विहारमा जान मन लाग्यो। उसका कर्मचारीहरूले ऊ त्यहाँ जानुभन्दा तीन दिनअघि विहारका भिक्षुहरूलाई हाकिम आउँदैछ भन्ने सूचना दिए। विहारका सबै भिक्षुहरू हाकिमको स्वागतको तयारी गर्न जुटे।

बौद्ध विहार डाँडामाथि थियो। त्यसको वरिपरि बाँसको बाक्लो जंगल थियो। वातावरण निकै शान्त थियो। त्यहाँ पुगेर हाकिम निकै खुशी भयो। खाना खानुभन्दा पहिले उसले अलिकति रक्सी खायो। अनि उसले भिक्षुहरूलाई कविता सुनाउन थाल्यो :

*बाँसका गाँजहरूको माझमा मन्दिरको अनौठो वैभव,*
*भिक्षुहरूसँग सत्संग गर्ने अपूर्व अवसर,*
*कति सुखमय छ आजको दिन,*
*मेरो आधा दिनको यो बिदाको क्षण !*

कविता सुनेर एक जना पाका भिक्षु हाँस्न थाल्यो। हाकिमले उनीसँग हाँस्नुको कारण सोध्यो।

भिक्षुले जवाफ दियो, 'तपाइँको लागि त यो आधा दिनको बिदा हो। तर हाम्रो लागि भने लगातार तीन दिनसम्म खटेर मेहनत गर्नु पऱ्यो।'

अनुवाद: विनय कसजू

विश्व कीर्तिमानी आरोही

# पूर्णिमाको काम सुनेर चिनियाँ पत्रकार चकित भएपछि



चेतनाथ आचार्य



'विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोबाट उत्तरतिरको छिमेकी देश चीनलाई मैले चियाएकी थिएँ धेरै पटक। आर्थिक विकासमा विश्वकै दोस्रो शक्तिका रूपमा उदाएको छिमेकी देश चीन कस्तो होला भन्ने कौतुहल बोकेर फोटो खिचेकी थिएँ। मेरा क्यामरामा कैद भएका थिए क्षितिजौँ टाढासम्म सेता हिमालका चुलीहरू। आज त्यही छिमेकी देश चीनको राजधानी बेइजिङमा आएर हिमालभन्दा अग्ला गगनचुम्बी भवनहरू र आश्चर्यलाग्दो भौतिक पूर्वाधार विकास देख्न पाउँदा खुसीले म सगरमाथाजस्तै अग्ली भएकी छु।'

चीनको बेइजिङस्थित नेपाली दूतावासले असार २ गते (२०८२) एक होटलमा सगरमाथा दिवस समारोह आयोजना गरेको थियो।

उक्त समारोहमा सगरमाथा सफल आरोहण गर्ने दर्जनौँ चिनियाँहरूलाई सम्मान प्रदान गरियो। सम्मान ग्रहण गर्न नेपालबाट तीन जना आरोही आएका थिए। तीमध्ये एक थिइन् पूर्णिमा श्रेष्ठ।

सम्मान ग्रहण गरेपछि समारोहलाई पूर्णिमा श्रेष्ठले सम्बोधन गरेकी थिइन्। सम्बोधन अगाडि उनले सगरमाथा आरोहण गर्दा खिचेका भिडिओ र फोटाका क्लिप समावेश भिडिओ स्क्रिनमा देखियो।

त्यसपछि उनले सम्बोधन गर्ने क्रममा उल्लिखित भनाइ राखेकी थिइन्।

सम्बोधन क्रममा पूर्णिमाले छोटकरीमा आफ्नो अनुभव सुनाइन्।

पूर्णिमा गोरखाको आरूघाटमा जन्मिएकी हुन्। काठमाडौँमा पढ्दै फोटो पत्रकारिता गरिरहेकी उनी सन् २०१७ मा सगरमाथा म्याराथनको समाचारका लागि फोटो खिच्न सगरमाथा आधार शिविर पुगेकी थिइन्।

त्यसपछि नै हो उनलाई हिमाल र हिउँले मोहनी लगाएको। त्यसअघि हिउँ र हिमालसँग उनको कुनै नाता थिएन।

'अरूले हिमाल चढ्न सक्छन् भने मैले किन सक्दिनँ' भन्ने अठोट बोकेर उनी हिमाल आरोहणमा लागिन्। अहिलेसम्म उनले ८ हजार मिटरभन्दा अग्ला ८ वटा हिमशिखरमा १३ पटक पाइला राखिसकेकी छन्।

विश्वको सर्वोच्च शिखर सगरमाथा नै उनले पाँच पटक सफल आरोहण गरिसकिन्।

सन् २०२४ मा १३ दिनभित्र तीन पटक सगरमाथाको सफल आरोहण गरेर गिनिज बुकमा नाम दर्ता गरेकी छन्। एकै सिजनमा तीन पटक सगरमाथाको आरोहण गर्ने उनी विश्वकै एक मात्र महिला आरोही हुन्।

पूर्णिमाका कुरा चिनियाँहरूले निकै ध्यान दिएर सुने। उनले नेपालीमा सम्बोधन गरेकी थिइन्। नेपाली दूतावासकी दोभाषेले पूर्णिमाका भनाइ चिनियाँ भाषामा अनुवाद गरेकी थिइन्।

उनको भनाइ सुनेपछि एक जना चिनियाँ पत्रकारले मलाई भने, 'अनुवाद गलत भयो, तपाईँले सच्याउन भनिदिनुहोस्।'

के गलत भयो भनेर मैले उनलाई स्पष्ट पार्न भनेँ।

उनले भने, '१३ महिना हुनुपर्नेमा १३ दिन भनियो। १३ महिनामा तीन पटक सगरमाथाको आरोहण गरेकी होलिन्। अनुवादकले १३ दिन भनिदिइन्।'

म केहीबेर हाँसेँ र भनेँ, 'अनुवाद ठीक, तपाईँले सोचेको बेठीक' उनले १३ दिनमै हो तीन पटक सगरमाथा आरोहण गरेको।'

मेरो कुरा सुनेपछि पनि ती चिनियाँ पत्रकारले अविश्वास कायम राखे।

मैले मोबाइलमा गुगल गरेर देखाएपछि बल्ल विश्वास गरे।

त्यसपछि उनले दुइटा इच्छा व्यक्त गरे– पूर्णिमासँग फोटो खिच्ने र अन्तर्वार्ता लिने ।

उनले फोटो खिच्न पाए पनि समय अभावका कारण अन्तर्वार्ता लिन पाएनन् ।

असार ३ गते चिनियाँ मिडिया ग्रुप 'सिएमजी' को नेपाली सेवामा कार्यरत चिनियाँ पत्रकारहरूले पूर्णिमासँग अन्तर्क्रिया गरे । आधा घण्टाका लागि तोकिएको अन्तरक्रिया झन्डै २ घन्टा चल्यो । पहिले पूर्णिमाले आफ्नो हिमाल आरोहणको अनुभव राखिन् । त्यसपछि चिनियाँ पत्रकारहरूले केही जिज्ञासा राखे ।

सिएमजीको नेपाली सेवामा कार्यरत चिनियाँ पत्रकार च्याङ मिङ (नेपाली नाम रवि) ले सोधे, 'तपाइँको परिभाषामा हिमाल के हो ?'

चम्किलो अनुहारमा थप मुस्कुराहट ल्याउँदै पूर्णिमाले भनिन्, 'आरोहण गरिसकेपछि मैले हिमालका बहुआयामिक परिभाषा बुझ्ने मौका पाएँ । हिमालको काखमा बस्ने शेर्पा तथा अन्य स्थानीयहरूका लागि हिमाल आस्था र आध्यात्मिक मान्यताको धरोहर हो । आरोहीका लागि लक्ष्य र सपना हो । नेपालका लागि पर्यटन उद्योगको मुख्य स्रोत हो । जलवायु परिवर्तनका लागि खोज र अनुसन्धानको प्रमुख स्थल हो । पानीका लागि विश्वकै मुख्य स्तम्भ अनि पदयात्रीका लागि एउटा आकर्षण हो ।'

अन्तरक्रियामा केहीबेर सन्नाटा छायो ।



बौद्धिकता र दर्शन घोलिएको पूर्णिमाको जवाफले उनमा रहेको ज्ञान र विचारको गहिराइ प्रदर्शन गरिरहेको थियो । अन्तरक्रियामा उपस्थित सबै चिनियाँ पत्रकारहरू नेपाली भाषामा पोख्त थिए ।

उनीहरू सबैले पूर्णिमालाई 'सानी बहिनी' भनेर सुरूमै निकै माया र सदभाव दर्साएका थिए ।

उनको जवाफ सुनेपछि उनीहरूले भने, 'तपाइँ उमेरमा हामीभन्दा सानी भए पनि ज्ञान, अनुभव, विचार र कामका हिसाबले हाम्री दिदी हुनुहुन्छ । अझ त्यसभन्दा माथि हाम्रा प्रेरणा, हौसला र हाम्री गुरूआमा हुनुहुन्छ ।'

निकैबेर सभाहलमा हाँसोको फोहोरा छचल्कियो ।

सिएमजीकै अर्का पत्रकार चाङचिङ (नेपाली नाम हिमा) ले लैङ्गिक विभेद र चुनौतीबारे प्रश्न गरिन् ।



उनको प्रश्न थियो, 'तपाइँ महिला, त्यसमाथि युवा । प्रेम गर्ने र डेटिङ जाने समयमा हिमाल आरोहणमा जानुभयो । महिला आरोहीका लागि हिमाल चढ्न के कस्ता चुनौती छन् ? घरपरिवार, समाज, शारीरिक अवस्था, आर्थिक समस्या अनि मानसिक अवस्था तपाइँले अपेक्षा गरेजस्तै थिए कि अनपेक्षित थिए ?'

पूर्णिमाले निकै सहज ढङ्गले आफ्नो भनाइ राखिन् ।

उनको भनाइको सार थियो– हिमाल आरोहण गर्न सबभन्दा ठूलो शक्ति भनेको मानसिक अठोट हो । त्यसपछि मात्र शारीरिक, आर्थिक, लैङ्गिक र अरू कुरा आउँछन् ।

'पक्कै पनि हिमाल चढ्न आँट र साहस चाहिन्छ । चुनौती र समस्या त जुनसुकै पेसामा जहाँसुकै हुन्छन् । त्यसलाई कसरी लिने भन्ने कुरा तपाइँको मानसिक अठोटमा भर पर्छ । हिमालमा धैर्य र साहस गुमाउनुभयो भने कुनै विकल्प रहँदैन । अरूले सक्छन् भने म पनि सक्छु, मैले सक्नैपर्छ भन्ने सोच राख्नुपर्छ । मेरा खुट्टा गले, मैले हारेँ, सक्दिनँ भन्न थाल्नुभयो भने तपाइँले जिन्दगीसँग पनि हार्नु

हुन्छ। त्यस कारण तपाइँको लक्ष्य पाइला पाइलामा अडिएको हुन्छ। हरेक क्षण पाइला अगाडि सार्नु एक मात्र तपाइँको काम हो।'

टेबलमा राखिएको जुस पिएर उनले थप भनिन्, 'मानसिक रूपमा दरिलो भएपछि अन्य चुनौती सहजै सामना गर्न सकिन्छ।'

उनले हिमाल चढ्न सुरु गर्दा स्कुलमा पढ्ने विद्यार्थीहरूले खाजा खर्च कटाएर पैसा सङ्कलन गर्दै दस–बीस रुपैयाँ सहयोग गरेकोदेखि पछिल्लो समय विभिन्न कम्पनीहरूले प्रायोजन गरेको पनि बताइन्।

हिमाल चढ्दा महिलाहरूमा हुने शारीरिक समस्याको व्याख्या गर्दै सगरमाथा शिखरमा पुगेकै समयमा एक पटक महिनावारी भएको सुनाइन्।

अन्तरक्रियाको अन्तमा चिनियाँ पत्रकार कु छङसी (नेपाली नाम राधिका) ले सोधिन्– हिमाल आरोहण गर्न जानुभन्दा अगाडिकी पूर्णिमा र आरोहण सकेर गिनिज बुकमा नाम लेखाइसकेपछिकी पूर्णिमामा के फरक छ ? तपाइँलाई हेर्ने अरूको नजरमा के फरक पाउनुभयो ?

'कति राम्रो प्रश्न' भन्दै पूर्णिमाले भनिन्, 'हिमाल आरोहण गर्नुभन्दा पहिलेकी फोटो पत्रकार पूर्णिमा र अहिलेकी पूर्णिमामा कुनै फरक छैन। म गोरखाकी किसानकी छोरी हुँ। अहिले पनि मेरो मुख्य पहिचान यही हो। तर मलाई हेर्ने अरूको नजर परिवर्तन भएको छ। मेरो कामलाई लिएर मलाई सेलेब्रेटी बनाइएको छ। पहिले मलाई एक हजार रुपैयाँ नपत्याउने मान्छे अहिले मलाई एक लाख रुपैयाँ सापटी दिन तयार छन्। त्यति मात्र हो।'

अन्तरक्रिया सकिएर उठ्ने बेलामा 'सिएमजी' नेपाली सेवाकी प्रमुख लिउ वन (नेपाली नाम सुमेघा) ले सोधिन्, 'मेरो अन्तिम प्रश्न छ। अबको तपाइँको लक्ष्य के हो ? काठमाडौंमा घर, गाडी वा अब फेरि एकै सिजनमा चार पटक सगरमाथा आरोहण ?'

पूर्णिमाको जवाफ नआउँदै यु होङ (नेपाली नाम मेघा) ले थपिन्, 'अथवा विवाह ?'

प्रश्नकर्ताले बहुवैकल्पिक छनोट गर्न उत्तर पनि छोडिदिएका थिए। त्यहीमध्येबाटै उत्तर आउँछ भन्ने हामीले अपेक्षा राखेका थियौँ।

पूर्णिमाले धेरैबेर नलगाई भनिन्, 'अबको मेरो लक्ष्य, इच्छा वा चाहना जे भने पनि एउटै छ – त्यो हो सगरमाथा आधार शिविरसम्म आफ्ना आमाबुबालाई लगेर देखाउने। तपाइँहरूकी छोरीले यहींबाट यात्रा सुरु गरेको भन्दै हिमाल देखाउने। यसका लागि मसँग लामो समय छैन। किनभने मेरा बुबाआमा ६० वर्षको हाराहारीमा हुनुहुन्छ। मैले उहाँहरू तन्दुरूस्त हुँदै सगरमाथा आधार शिविरमा लगेर देखाउनुपर्ने छ।'

गिनिज बुकमा नाम दर्ता गराइसकेकी एउटी हिमाल आरोहीको जवाफ सुनेर सबै चिनियाँ अवाक भए।

महत्वाकाङ्क्षी र आडम्बरी कुरा गर्न पूर्णिमालाई आउँदैन। हिमाल आरोहण सम्बन्धी कुनै संस्था खडा गरेर त्यस क्षेत्रमा काम गर्ने, देश विदेशमा नेपालको गौरव बढाउने, हिमाल आरोहीलाई सहयोग गर्ने, गरिब र असहायलाई नि:शुल्क शिक्षा दिलाउने जस्ता बनिबनाउ कुरा गर्न उनलाई आउँदैन। आफ्नो काममा ध्यान दिने र आमाबुबालाई खुसी बाँड्ने उनको सोचाइ अरूका लागि सानो हुन सक्छ। तर जन्म दिएर हुर्काएका आमाबुबाका लागि त्योभन्दा ठूलो खुसी अर्को हुन सक्दैन।

हरेक पटक हिमाल आरोहण गर्न बिदा माग्दा पूर्णिमाकी आमाले नरोइकन बिदा दिएकी छैनन् रे ! अरूका जस्तै पूर्णिमाका आमाबुबाले पनि छोरीले राम्रो केटासँग बिहे गरेर घरबार बसाओस् भन्ने चाहना राखेका छन्। पूर्णिमाले चाहिँ आफ्ना लागि होइन, आमाबुबा लागि घर बनाउने सोच राखेकी छन्। त्योभन्दा पहिले उनी आमाबुबालाई सगरमाथा आधार शिविर देखाउन चाहन्छिन्।



नेपाल फर्किने दिन बिहान पूर्णिमा र म बेइजिङको एउटा बजार गएका थियौँ। त्यहाँ पूर्णिमाले आफ्ना तीन जना भदा र आमाबुबाका लागि केही लुगाकपडा किनिन्।

त्यो बजारमा मोलतोल हुन्थ्यो। एउटा पसलमा निकै कसिकसाउ गर्दा पनि पूर्णिमाले भनेको मूल्यमा साउनीले सामान दिन मानिनन्।

पूर्णिमाको मूल्य र साहुनीको मूल्य दोब्बरले फरक थियो।

सामान नकिनी हिँड्न लागेका बेला साहुनीले सोधिन्, 'तिमीहरू कुन देशका हौ ?'

'हामी नेपाली हौँ, तिब्बतपारिको सानो देश' भनेर बुझाउँदै गर्दा साहुनीले भनिहालिन्, 'अँ अँ थाहा छ, चोमोलोङमा (सगरमाथा) को देश !'

## विश्व कीर्तिमानी पूर्णिमा

फोटो पत्रकार पूर्णिमाले सन् २०२४ मे १२, मे १९ मे २५ मा एकै सिजनमा तीन पटक सगरमाथाको आरोहण गरिन्। एकै सिजनमा तीन पटक सगरमाथाको आरोहण गर्ने उनी विश्वकै एकमात्र महिला आरोही हुन्। उनले सगरमाथाको पहिलो आरोहण सन् २०१८ मा गरिन्। त्यस्तै २०२४ मा तीन पटक र २०२५ मा एक पटक आरोहण गरी सगरमाथा आरोहण पाँच पटक गरिन्। यो पनि विश्व कीर्तिमान नै हो। स्मरणीय छ सगरमाथाको ३१ पटक आरोहण गरेर विश्व कीर्तिमान नेपालकै कामी शेर्पाले राखेका छन्।

अहिलेसम्म उनले ८ हजार मिटरभन्दा अग्ला ८ वटा हिमशिखरमा १३ पटक पाइला राखिसकेकी छन्। त्यसमा के-टु, कञ्चनजङ्घा, ल्होत्से, मकालु, मनास्लु (२ पटक), धौलागिरी, अन्नपूर्ण प्रथम पर्दछ।

नेवार समुदायबाट सबैभन्दा धेरै सगरमाथा आरोहण गर्ने पनि पूर्णिमा नै हुन्।

(इन्टरनेटबाट)

साहुनीले चोमोलोङमाको देश भनेपछि पूर्णिमाले आफ्नो मोबाइलमा भएका फोटा र भिडिओ देखाउँदै आफू सगरमाथा आरोही भएको बुझाइन्।

ती चिनियाँ साहुनीले के कति बुझिन् कुन्नि, हामी हिंड्ने बेलामा फेरि बोलाइन्।

पूर्णिमाले चाहेको मूल्यभन्दा केही कम भाउमै सामान दिइन्।

अनि बिदा गर्दै भनिन्, 'राम्रो देशकी राम्री छोरी। अनि हिमाल चढ्ने साहसी महिला !'

बजारबाट फर्किंदा मैले ठट्टा गर्दै भनें, 'पूर्णिमालाई त चिनियाँले पनि मान्न थाले। यही मेसोमा मैले पनि सामान किनेको भए सस्तोमा पाइने रहेछ !'

गालाको परिचित डिम्पलमा पूर्णिमा खुलेर हाँसिन्।

अनि भनिन्, 'म जनै पूर्णिमाका दिनमा जन्मेकाले आमाबुबाले नाम पूर्णिमा राख्नुभएको हो। चिनियाँहरूको एउटा ठूलो चाड पूर्णिमाकै दिन पर्छ रे ! त्यही भएर चिनियाँले मलाई मन पराएका होलान् नि !'

स्रोत : सेतोपाटी, २०८२ असार २६

# जीवन-आचरण

## आफू जस्तै रोजाइ

एउटा गाउँमा एक जना किसान रमाएर बसेका थिए। खेतीपातीसँगै उनले तरकारी खेती पनि गरेका थिए। सँगै बाखा, कुखुरा र कुकुर पनि पालेका थिए। उनलाई आम्दानीका लागि आफूले पालेका कुकुरका बच्चाहरू बेच्न मन लाग्यो। उनले घरबाहिर 'कुकुर बिक्री'को सूचना टाँस गरे।

केही दिनपछि केही मानिस आए। कुकुरका बच्चा हेरे। दाम सोधे तर किनेर लगेनन्। किन्नेभन्दा हेर्ने मानिस धेरै आए। एक सातासम्म मान्छे आइरहँदा पनि कसैले किनेर लगेनन्। एक साँझ कसैले उक्त किसानको घरको ढोका ढक्ढक्यायो।

दिक्क भएका किसानले ढोकै खोलेनन्। केहीबेरसम्म त्यो व्यक्तिले ढक ढक गरिरहे। जे भए पनि ढोका खोलिदिन्छु भन्ठानेर किसान उठे। बाहिर हेर्दा दस वर्षको किशोर उभिइरहेका थिए।

ती किशोरले भने– 'म एउटा कुकुरको बच्चा किन्न चाहन्छु' किसानलाई लाग्यो, यी किशोरले पनि ओल्टाइ पल्टाइ हेर्छन् र छोडेर जान्छन्। 'ठीकै छ, तर मैले बेच्न खोजेको कुकुरको बच्चा उन्नत जातको हो। यसको मूल्य पनि बढी पर्छ।' किसानले भने। किशोरले गोजीबाट पाँच सय रुपैयाँको नोट निकाले। किसानलाई दिँदै भने– 'के यतिले पुग्छ ? कि अझै महँगो हो। थपौँ ?'

बल्ल बल्ल किन्ने मान्छे आएको बुझेपछि किसानले कुनै कुरै गरेनन्। मात्र हुन्छ भने।

किसानले पैसा हातमा लिए। त्यसपछि किसानले आफूसित भएका कुकुरका बच्चाहरू देखाए। ती किशोरले अरू जस्तो धेरै केही गरेनन्। सर्लक्क एउटा त्यस्तो कुकुरको बच्चा छाने, जुन किसानले सोचेकै थिएनन्। अरू बच्चाभन्दा कमजोर र खुट्टा पनि राम्ररी चलाउन नसक्नेलाई छाने। त्यही बच्चालाई देखाउँदै किशोरले भने– 'मलाई यही बच्चा दिनुस्।'

'तर तिमीलाई यो बच्चा मन पर्दैन होला। किनभने यसको एउटा खुट्टा कमजोर छ र यो अरू बच्चा जस्तै दौडन सक्दैन।' किसानले भने। तर जब किशोर अगाडि बढे, तब किसानले देखे कि– किशोर पनि एउटा खुट्टा खोच्याएर हिँडिरहेका छन्। किशोरले किसानलाई भने– 'केही फरक पर्दैन, यो कुकुरको बच्चा अपाङ्ग भएकाले मलाई यही बच्चा मन पर्‍यो।' किसान निःशब्द टोलाइरहे।

**नैतिक शिक्षा :** जस्तो आफू रोजाइ पनि त्यस्तै। सबैलाई उत्कृष्ट चिजको मात्र रोजाइ हुन्छ भन्ने छैन।''

# भक्तपुर मालपोत कार्यालय : मालपोत कार्यालयहरूको 'रोलमोडल'



दीपक ओली




केही अगाडि जग्गा नामसारीको काम लिएर भक्तपुर मालपोत कार्यालय गएका थियौँ। बेच्नेतर्फका मानिसले लेखनदासलाई सबै थोक भनेर मिलाइसकेका थिए। लिखत तयार भइसकेको थियो। किनबेच कर्ता चिन्ने, लिखतमा ल्याप्चे लगाउने, सही गर्ने काम खाजा खाने समय अगाडि नै सकिएपछि जग्गा बिक्री गर्ने मानिस गए। उनी सरकारी मान्छे नै भएकोले हतारिँदै हिँडिहाले।

अब लालपुर्जा बन्न, जग्गा किन्नेको फोटो टाँस्न र पुर्जामा सही हुने कामहरू बाँकी रहे। खाजा खाने समय (१:३०) सुरु भयो। खाजा खाने समय सकिनासाथ काम हुने र ३ बजे भित्रैमा घर फर्किन पाउने भइयो भन्ने हाम्रो अनुमान थियो। मालपोत कार्यालयमा सोचेभन्दा अगाडि नै काम हुने जस्तो देखिएकोले हामी तुलनात्मक रूपमा केही छक्क र केही खुशी थियौँ।

खाजा समयपछि (२:३०) मै 'म काम सकेर हजुरहरूलाई बोलाउँछु है' भनेर गएका लेखनदासको १ घण्टा भइसक्दा पनि कुनै अत्तोपत्तो नै थिएन। ३:३० कै हाराहारीमा लेखनदास अत्तालिँदै हामी भएको ठाउँमा आए र भन्न लागे, 'खाजा खाने पैसा नदिइकन काम गर्दैनन् रे ! केही पैसा दिनै पर्‍यो हजुर!'

'कति पैसा दिनु पर्ने रे त ?' मैले बुझ्न खोजे जस्तो गरेँ। उनले त्यस्तै ४/५ हजार जति भए हुन्छ सर भने।

मैले अलि रिसाएको आवाजमा भनेँ, 'जानुहोस्, उनीहरूलाई खाजा खान पुग्ने पैसा नेपाल सरकारले दिएको छैन रे भनेर सोधेर आउनुहोस्।' हस् भनेर केही अँध्यारो अनुहार पार्दै ती लेखनदास गए। त्यसपछि आधा घण्टासम्म पनि उनी फर्किएनन्। आज अब हाम्रो काम हुँदैन भनेर हाम्रो मनमा चिसो पसिसकेको थियो। तर म भने काम ढिला भएछ भने केही छैन, अर्को दिन हुन्छ, तर घुसचाहिँ कुनै हालतमा खुवाउनुहुँदैन भन्नेमा प्रस्ट थिएँ।

संसारभर सरकारी तलब सुविधा अन्य क्षेत्रको कमाइभन्दा कम नै हुन्छ। त्यसैले सरकारी जागिर खाने भनेको सेवा गर्न र जनताका आधारभूत कामहरू गरिदिन आउने क्षेत्र हो। सरकारी जागिर खानेले धेरै सुविधासम्पन्न जिन्दगी बिताउन सक्दैन। तलब र सेवा-सुविधा कम हुन्छ भन्ने कुरा जागिर सुरु गर्नुभन्दा अगाडि नै उम्मेदवारलाई थाहा भइसकेको हुन्छ। फेरि पनि घुस र भ्रष्टाचारमा लाग्नु भनेको देश र समाजलाई धोका दिनु हो। गरिब र निमुखाको जीवनमा विष घोल्नुसरह हो। सबै सरकारी जागिरेले मात्र होइन कि हामी आम जनताले पनि यो कुरा थाहा पाउनुपर्छ। अनि मात्र हामी ठिक ठाउँमा सही तरिकाले बोल्न सक्छौँ।

चार बजेतिर ती लेखनदास फेरि उस्तै निहुरिएको शिर लिएर आए। हामीले 'के भयो' भन्यौँ। 'हजुरहरूको काम आज हुँदैन। काम गर्न आज भ्याउँदैनन् रे ! अर्को हप्तातिर आउनु रे !' अनि अघिसम्म ४/५ हजार पैसा पाए भने आजै हुन्छ भनेका होइनन् र ? मैले झिनो आशाका साथ सोधेँ। यहाँ यस्तै छ सर। उनले उस्तै नरम स्वरमा भने।

जानकारहरूले भनेको मान्ने हो भने कार्यालयका कर्मचारीभन्दा बढी सेटिङ त यस्तै लेखापढी खाले मानिसले गर्छन् रे ! भर्खरै भक्तपुरमा मालपोतमा लगभग ८ महिना लगाएर जग्गा बाँडफाँडको काम सकेका मेरा नजिकका साथीले भनेअनुसार लेखापढी व्यवसायीले उनीसँग काम गर्न कर्मचारीले ५० हजार रुपैयाँ मागेका छन् भनेछन्। आफैं गएर काम गर्न खोज्नुभयो भने तपाइँको काम सकिन महिनौँ लाग्छ वा हुँदैहुँदैन आदि आदि पनि भनेछन्।

मेरो साथीलाई शङ्का लागेछ। मैले त सबै कागज पुर्‍याएर आएको छु त ? त्यस्तो के भएछ त भनेर ती

कर्मचारीलाई गएर सोद्धा त ती कर्मचारीले तपाईंको कामको लागि मैले १ रुपैयाँ पनि मागेको छैन भनेर तुरुन्तै काम गरेर पठाइदिएछन् । त्यसैले त भनिन्छ, सानो सानो कुरामा हतारिने र थोरै समय पनि कुर्न नसक्ने हामी सेवाग्राहीले नै अनावश्यक मध्यस्तकर्ताको निर्माण गरेका छौँ र कर्मचारीलाई पनि घुस खान झन् हौस्याएका छौँ । त्यसो त सबै लेखापढी गर्ने मानिस पनि खराब नै हुन्छन् भन्ने छैन तर धेरैले सेवाग्राही र सरकारी कर्मचारी बिचमा बसेर सेटिङ गर्ने र घुस परम्परालाई निरन्तरता दिनमा योगदान दिइराखेको भन्ने सेवाग्राहीको गुनासो छ, जुन आफैंमा सत्य कुरा हो ।

'खाजा खाने पैसा' वा 'चिया खाने पैसा' खाले भ्रष्ट संस्कृतिलाई नमान्ने केही कर्मचारीलाई यस्ता कार्यालयमा आफ्नै सहकर्मीबाट हेलाहोचो गरेका विषय पनि सुन्न पाइन्छन् । धेरैजस्तो अवस्थामा घुसखाने कर्मचारी भन्दा इमानदार कर्मचारीले समाज, सहकर्मी र माथिल्ला हाकिमबाट समेत असहयोग र हेपाइ भोग्नु परिराखेको हुन्छ । त्यस्ता इमानदार कर्मचारीलाई 'काम गर्न नसक्ने' वा 'पानी नपार्ने बादल'को संज्ञा दिइने र थन्क्याउने जस्तो गरेर कम महत्त्वपूर्ण ( उनीहरूको परिभाषामा) र सेवाग्राहीसँग प्रत्यक्ष व्यवहार गर्नुपर्ने काम दिइने गरिन्छ ।

सरुवा पनि मालदार (मालपोतजस्ता बढी पैसा झर्ने) कार्यालयमा हुँदैन । तर इमानदार कर्मचारीलाई सबैखाले कार्यालय एक जस्तै हुने नै भयो । केही सरकारी नै कर्मचारीको भनाइलाई मान्ने हो भने मालपोतमा आउने लगभग सबै कर्मचारीले आफैंले घुस खुवाएर वा फोर्स लगाएर त्यहाँ आइपुग्ने हुन् । अनि लगानी गरेर आएकाले त्यसको प्रतिफल खोज्नु स्वाभाविक नै भयो ।

फेरि हाम्रो कामतिरै फर्कौं । हाम्रा लेखापढी साथी हाम्रो काम नभएकोमा दुःखी भएका हुन् वा हाकिमले किन ग्राहकसँग राम्रोसँग 'डिल' गर्न सकिनस् भनेर हकारेकोमा चिन्तित भएका हुन् वा आफ्नो पनि कमाइ गुम्यो भनेर खिन्न भएका हुन्, हामीले भेउ पाउन सकेनौं । के चाहिँ प्रस्ट भइसकेको थियो भने घुस नखुवाइकन उनी मार्फत काम नहुने रहेछ ।

मैले उनलाई अहिलेसम्मको सहयोगको लागि धन्यवाद दिएँ । उनले पारिश्रमिक पहिले नै पाइसकेका थिए । बाँकी काम अब म आफैं गर्छु भनेर उनलाई बिदाइ गरेँ । जुन हाकिमले काम रोकेका थिए वा जुन हाकिमको मुखारवृन्दबाट यो काम अगाडि बढाइदेओ भनेर भन्नुपर्ने थियो, हो सरासर म उनै भएको ठाउँमा गएँ । अन्दाजी ५० वर्षका ती अधिकृत हँसिला र व्यक्तित्वशाली देखिन्थे । मैले नमस्कार गर्दै कुरा गर्न खोजेँ । तर हाकिमले मेरो कुरा सुन्ने कुनै चाहना नै गरेनन्, न मैले बोलेको सुने नै । त्यसपछि मैले अलि ठूलो स्वरमा लालपुर्जामा सही गरिदिन अनुरोध गरेँ ।

उनले आफू अर्को काम गर्न लागेकोले पर्खन भने । उनले सही मात्रै गर्नुपर्ने काम भन्ने थाहा पाएपछि पछि हामी त्यही अघिको 'पैसा नदिने सुख्खा पाटी' भन्ने बुझिसकेका थिए । मैले अलि ठूलो स्वरमा 'एउटा सही गर्न दिनभरि पर्खनुपर्ने हो ?' भनेँ । 'ठिक छ, अरू कति समय लाग्ने हो, प्रस्ट बताउनुस्, म त्यसपछि आउँछु' मैले भनेँ ।

उनले बिनाकारण रिसाउँदै, 'तिम्रो काम आज हुँदैन, अर्को हप्तातिर आउनू त्यतिखेर गरौँला' भने । त्यसपछि भने मेरो पनि रिसको पारो अलि बढ्यो । सरकारी कार्यालयका कर्मचारीले आफूसँग जसरी बोल्छन् त्यसरी नै आफू पनि बोल्ने रवैया कायम गर्दै मैले उनलाई उनकोभन्दा अझ ठूलो स्वरमा चिच्याएँ ।

(हामी जनताले नै त हो हाम्रा यस्ता–यस्ता काम गरिदेओ, तिमीहरूको तलबको प्रबन्ध हामी गरिदिन्छौँ भनेर उनीहरूलाई त्यहाँ पठाएको ! तलब खानेले 'तिमी' भनेर सम्बोधन गरेपछि हामी तलबको प्रबन्ध गरिदिनेले 'तपाईं' भनेर किन सम्बोधन गर्नुपर्‍यो ? मलाई त्यस्तै लाग्यो र मैले पनि उनलाई 'तिमी' नै भनेँ ।)

'ए साथी ! तिमीलाई एउटा लाल पुर्जामा सही गर्न एक हप्ता लाग्छ ? लोकसेवा पास गरेर आएका होइनौ र ? कि घुस ख्वाएर पास भयौ ? सिधै भन न, तैँले पैसा दिइनस्, तेरो काम गर्दिनँ भनेर ।' मैले त्यो लालपुर्जा उनको हातमै राखिदिँदै भनेँ, 'हाकिम साहेब, यो पुर्जा तिमी नै राख, अहिल्यै हामीलाई यसको काम पनि छैन । सम्पत्ति हाम्रो हुँदै हो । लालपुर्जा बरु तिमी नै सिरानी हालेर सुत । तर एउटा कुरा बुझ, अब म यो पुर्जा लिन तिम्रो अफिस आउँदिनँ । एक महिनापछि भए पनि तिमीसँग यो पुर्जा अर्को कुनै कार्यालयमा लिउँला । सही गर्ने समय त रहेनछ तिमीसँग, तर यति कुरा लेखेर राख्ने समय निकाल कि तिमीले आजै यो पुर्जा तयार गरिदिन्छौ कि तिमीलाई भेट्न म अरू नै ठूला–ठूला कार्यालय आउनेछु तर यो पुर्जा लिन यो कार्यालयचाहिँ आउने छैन ।'

त्यति भनेर म बाहिर निस्केँ । अलिपर पुगेपछि एउटा मानिस दौडँदै म भएको ठाउँमा आइपुग्यो र एक पटक फर्कन भन्यो । म त्यहाँ पुग्दा ती हाकिमको लवज पनि नम्र र केही डराएको जस्तो थियो । उनले हाकिमगिरी देखाएनन् । मलाई विस्तारै भने, सर उता अर्को कोठामा जानुहोस्, त्यहाँ हजुरकै थरको भाइ छ । उसले मेडमको पुर्जामा आवश्यक

कामकारबाही गरिदिन्छ र फोटो पनि टाँसिदिन्छ । अनि त्यसको केही मिनेटमै काम सकिन्छ । म त्यतै गएँ । सबैले डराएर हो वा किन हो सम्मानका साथ व्यवहार गरे । ओली थर भएका युवा कर्मचारीले तुरुन्तै लालपुर्जामा जे-जसो गर्नुपर्ने हो सबै गरिदिए, फोटो पनि टाँसिदिए । त्यसपछि ती हाकिमले पनि हाम्रो काम सकिएकोमा खुसी हुँदै सही गरिदिए । हाम्रो काम सकिएकोमा हामीभन्दा उनी बढी खुसी भएको भैँ देखिए । हामीलाई बधाई पनि दिए । जेहोस् हाम्रो काम तुरुन्तै सकियो ।

सबै नागरिकले यो पछाडिको एपिसोड जस्तै सम्मानपूर्ण व्यवहार र छिटोछरितो सेवा पाउनुपर्ने होइन र ?

## भक्तपुरका प्रमुख मालपोत अधिकृत र कार्यालय सहयोगी घुससहित पक्राउ

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भक्तपुरका प्रमुख मालपोत अधिकृत कुमार आचार्य र कार्यालय सहयोगी टीकाराम राउतलाई घुस रकमसहित कार्यालयबाटै असार ३१ गते पक्राउ परेका छन् ।

उनीहरू २४ लाख ५० हजार रुपैयाँ घुससहित पक्राउ परेका हुन् । चाँगुनारायण नगरपालिकामा रहेको १४ रोपनी ४ आना जग्गा मोही र तलसिङको लगतकट्टाको फाइल रोकेर उनीहरूले घुस मागेका थिए । अख्तियारले सूचना पाएपछि स्टिङ अप्रेसनमार्फत पक्राउ गरेको हो ।








कार्यालय प्रमुखकै मिलेमतोमा उनले पैसा उठाएको आयोगको दाबी छ । आयोगले कार्यालय प्रमुख आचार्यको दुईवटा मोबाइल पनि जफत गरेको छ ।

भ्रष्टहरूका लागि भक्तपुर मालपोत आकर्षक कार्यालयमा गनिन्छ ।

त्यसो त भक्तपुरका तीनवटै जमिन सम्बन्धी कार्यालयहरू (भूमिसुधार, नापी विभाग र मालपोत) ले मिलेर नै शिकारका लागि धराप थापेका हुन्छन् । प्रायःजसो सबै सेवाग्राही त्यो जालमा गएर नराम्ररी फस्छन् । कसैलाई प्रमाण चाहिएमा सम्पर्क गर्नुहोला । त्यसो त काठमाडौँ होस् वा ललितपुर तिनै जिल्ला भनौँ वा ७७ जिल्ला नै भनौँ सबैतिर यी तीन वटा कार्यालयको रग-रगी उस्तै छ । सरकारले चाहने हो भने १/२ महिनाभित्रमै यी कार्यालयलाई पूर्ण रूपमा कम्प्युटरमा आधारित र स्वचालित बनाउन सक्छ ।

अत्यावश्यक भौतिक कागजातको लागि पनि टेम्प्लेट वा रेडिमेड फर्म बनाउन सक्छ । लिखतको टेम्प्लेट मात्रै बनाइदिने हो भने बिचको 'मिडलम्यानको' जरुरत लगभग ६० प्रतिशत घट्छ । त्यसो त हाल भक्तपुर मालपोतको हाकिमको कुर्सीमा आसीन व्यक्तित्वलाई पनि आवश्यक पर्ने सबै कागजातको टेम्प्लेट वा रेडिमेड फर्म बनाउन अनुरोध गरिएको थियो ८/९ महिना अगाडि नै तर फुर्सद भए पो ! त्यसमाथि सरकार चलाउने ठूला-बडालाई त ठूला-ठूला काण्डमै फुर्सद छैन । जनताका यस्ता सानातिना समस्यामा कताबाट आँखा पर्नु ?

मलाई लाग्छ, तामाकोसीमा धेरै पानी बगिसकेको छ (वाग्मतीमा पानीभन्दा अन्य पदार्थ बढी बग्ने भएकोले तामाकोसीको उदाहरण दिनु परेको हो), त्यसैले अब नेपाली जनताले अन्याय र घुसलाई सहन गर्ने छैनन् । विस्तारै जनताको आँखा खुल्दैछ । बरु काम ढिला होस् वा नहोस् नै किन, जबसम्म हामी घुस दिन छोड्दैनौँ, तबसम्म हाम्रो सरकारी सेवा बदलिने छैन, समाज बदलिने छैन, 'भिजिट भिसा'का प्रणेताहरूलाई मालपोतको भिसा लगाउन लक्ष्मीको प्रसाद चढाउने कर्मचारीको कमी हुने छैन । जय नेपालको सार्वजनिक सेवा !

स्रोत : अनलाइनखबर, २०८२ असार २१



## वडाध्यक्षको डायरीबाट

# नगरभित्र एनजिओ र आईएनजिओलाई व्यवस्थित गर्नुपर्छ

**कुशल**

प्रथम प्रहरको समय थियो। वडामा अलि बढी सेवाग्राहीहरू थिए। म पालैपालो सेवाग्राहीहरूसँग कुराकानी गरिरहेको थिएँ। केही बेरपछि वडाकै एक जना महिलासँग कुराकानी गर्न थालेँ। उनको नाम रजनी शाही (नाम परिवर्तित) हो। उनको माइती घर काठमाडौँमा हो। तर उनको विवाह यही वडामा भएको थियो। उनको अनुहार हेर्दा तीस वर्षभन्दा कम हुनुपर्छ जस्तो लाग्यो। केही महिना अघि पनि उनी वडा कार्यालयमा आएकी थिइन्। त्यसवेला उनी आफ्नो श्रीमान्‌सँग अदालतबाट सम्बन्ध विच्छेद गरेकी हुँदा सम्बन्ध विच्छेद प्रमाणपत्र लिन आएकी थिइन्। त्यसैले गर्दा मलाई उनको नाम र ठेगाना याद भएको थियो। मैले उनीलाई सम्बन्ध विच्छेद हुनुको कारण पनि सोधेको थिएँ। तर उनले त्यसको कारण बताउन चाहिनन्। साथै आफ्नो श्रीमान्‌सँग सम्पत्ति नलिईकन सम्बन्ध विच्छेद गर्नुको कारण पनि सोधेको थिएँ। साथै वालवच्चा भए नभएको पनि सोधेको थिएँ। उनीले आफ्नो श्रीमान्‌को परिवार धेरै धनी र सम्पत्तिवाल भएपनि एक रुपैयाँ नलिइकन सम्बन्ध विच्छेद गरेको र अहिलेसम्म वालबच्चा पाइनसकेको जानकारी पनि दिएकी थिइन्। उनको जवाफले म त्यसवेला अलि अलमलिएको पनि थिएँ किनकी उनको श्रीमान् र सासु ससुराको परिवारलाई म राम्ररी चिन्दथे। प्रशस्त सम्पत्ति र आय भएको परिवार भएको कारण यत्ति सजिलै सम्बन्ध विच्छेद हुनु नपर्ने र सम्बन्ध विच्छेद भएपनि सम्पत्ति दिनुपर्ने हो कि जस्तो लागेको थियो। पारिवारिकरूपमा पनि घरमा त्यस्तो सम्बन्ध विच्छेद नै गर्नुपर्ने सम्मको कारण थिएन जस्तो लाग्यो। तर अचानक सम्बन्ध विच्छेदको अदालतको नजिर अनि सम्बन्ध विच्छेदको निवेदन पेश गर्दा पहिला त पत्यार लागेन। नजिर पढ्दा साँच्चिकै सम्बन्ध विच्छेद भएको हो रहेछ भनी पत्याउनै पर्‍यो। तर त्यस महिलाले मलाई आफ्नो घरायसी कुरा पूरा भन्न नचाहेकीले सबै विवरण सोध्नु उचित लागेन। त्यसकारण मैले उनीलाई सम्बन्ध विच्छेदको प्रमाणपत्रमा सिफारिस गरिदिएको थिएँ र उनीले सम्बन्ध विच्छेदको प्रमाणपत्र लिएर गएकी थिइन्। त्यसपछिका दिनमा मैले त्यस महिला र उनको श्रीमान्‌को परिवारको बारेमा सोधखोज गरिनँ। तर, आज एक महिना पछि फेरि वडामा आउँदा आश्चर्य लाग्नु स्वभाविक हो। त्यसकारणले मैले उनीलाई वडा कार्यालयमा फेरि आउनुको कारण सोधेँ।

उनीले विनम्रतापूर्वक जवाफ दिँदै भन्नु भयो, 'सरले एक महिना अघि म सम्बन्ध विच्छेदको प्रमाणपत्र लिन आउँदा गरेको राम्रो व्यवहार सम्झेर फेरि आएकी हुँ। त्यसवेला सरले गर्नुभएको सबै प्रश्नको उत्तर मैले दिएको थिइनँ। मलाई त्यसवेला अलि अप्ठयारो लागेको थियो। हुनत आज पनि म त्यस प्रश्नको उत्तर दिन आएकी त होइन। तर पनि वडा कार्यालय सम्झेर एउटा काम लिएर आएकी हुँ। भक्तपुर नगरपालिकाले गरेका राम्रा राम्रा कामबारे त मलाई मेरो ससुरा र श्रीमान्‌ले धेरै चर्चा गर्नुहुन्थ्यो। साथै मेरो ससुरा र श्रीमान्‌ले तपाइँको पार्टीलाई नै सधैँ भोट हाल्दै आएको हो। मैले पनि भक्तपुर बसाईको क्रममा तपाइँकै पार्टीमा भोट दिएकी हुँ। तपाइँको पार्टी र नगरपालिकाले गरेको काम राम्रो पनि छ। त्यसैले तपाइँहरू धेरै मत अन्तरले जित्नु भएको हो। त्यसमा मैले र मेरो परिवारले हालेको भोट पनि परेको छ। तर यस्तो जनताको लागि राम्रो नगरपालिका मैले मेरो पारिवारिक वेमेलको कारणले गर्दा छोड्नु परेको छ। यसको लागि मलाई दुःख लाग्छ। तर पनि आज तपाइँको वडा र नगरपालिका सम्झेर आएकी छु। म यस नगरपालिकामा नबसेपनि यस वडाको लागि केही गर्ने सोच लिएर आएकी छु। मेरो परिवारको कारणले मैले यस वडामा बस्न नपाएपनि यस वडावासीसँग मेरो अत्यन्त लगाव छ। मलाई पनि यस वडाको धेरै माया लाग्छ। विशेषगरी बुढाबुढी, एकल महिला, अपाङ्ग, विधवा महिलाहरूको लागि मैले एउटा प्रस्ताव लिएर आएकी छु। तपाइँसँग त्यस विषयमा छलफल गर्न भनेर आएकी हुँ। हिजो मैले तपाइँको मोवाइलमा धेरै पटक कल पनि गरेँ। तर तपाइँले उठाउनु भएन। त्यही भएर पनि आएकी हुँ।'

मैले पनि नरम भाषामा जवाफ फर्काउँदै भनेँ, 'त्यस्तो के प्रस्ताव ल्याउनु भयो ? तपाइँ त हाम्रो वडानै मन नपरेर सम्बन्ध विच्छेद गरेर जानुभयो। तपाइँलाई त वडा र नगरपालिका मन नपरेको हो। यहाँका मानिस पनि मन नपरेको जस्तो लाग्यो। यद्यपि, त्यस्तो के प्रस्ताव

ल्याउनुभयो ?'

त्यस महिलाले फेरि भनिन्, 'मैले मेरो प्रस्ताव लिखितरूपमै ल्याएकी छु। यो पत्र एक पटक पढ्नुस् र त्यसपछि मलाई केही सल्लाह दिनुस्।'

मैले रजनीजीको पत्र लिएँ। एउटा चिठ्ठी पत्र लिएर आउनु भएको रहेछ। त्यसमा लामै विवरण रहेछ। मैले धैर्यपूर्वक सबै पढेँ। चिठ्ठी एउटा आईएनजिओको लेटर पायडमा लेखिएको थियो। चिठ्ठीको विवरणअनुसार यस वडाका सम्पूर्ण विधवा, एकल महिला, अपाङ्ग, असहाय र बृद्धबृद्धाहरूलाई स्वास्थ्य शिविर गरी निःशुल्क चस्मा र औषधि वितरण गर्ने र त्यसको लागि वडा र नगरपालिकाले स्वीकृति दिनुपर्ने माग गरिएको थियो। चिठ्ठीको विवरणअनुसार यो शिविर सम्पन्नभएपछि भविष्यमा वडाका विपन्न वर्गका नागरिकहरूलाई भौतिक र आर्थिक सहयोगका विभिन्न कार्यक्रमहरू गर्ने योजनाहरू रहेछ।

चिठ्ठी पढिसकेपछि मैले फेरि केही प्रश्न गरेँ, 'यो संस्थालाई कुन देशबाट पैसा आउँछ। विदेशबाट सहयोग नआई त पक्कै यत्रो रकम खर्च गर्न सकिँदैन। यो पत्रअनुसार त यो तपाईँको आईएनजिओ अमेरिकाबाट सञ्चालित जस्तो लाग्छ। तपाइँ यस संस्थाको कुन पदमा हुनुहुन्छ ?'

रजनीजीले मेरो प्रश्नको उत्तर दिँदै भन्नुभयो, 'सरले भन्नुभए जस्तै यस संस्थाको केन्द्रीय कार्यालय अमेरिकामा नै हो। नेपालमा यस संस्था चलाउन अमेरिकाबाट नै पैसा आउने हो। विदेशी पैसा नआए यसरी निःशुल्क कहाँ शिविर चलाउन सकिन्छ र सर। त्यसमाथि कर्मचारीहरूलाई डलरमा तलब खुवाउनु पर्छ। विदेशबाट आएको धेरै पैसा त तलब खुवाउन र यसका मुख्य एजेन्टहरूले खान्छन्। थोरै पैसामात्र लक्षित वर्गमा पुग्छ। त्यसैले सरले समन्वय गरिदिनुभयो भने लक्षित वर्गलाई पुग्छ। सरको लागि पनि व्यक्तिगतरूपमा सहयोग गर्नुपर्‍यो भने म सरहरूसँग कुरा गरी हेर्छु। तर, सरले यस वडामा हामीलाई शिविर सञ्चालन र अन्य योजनाहरू कार्यान्वयन गर्ने अनुमति दिनुपर्‍यो।'

रजनीजीको प्रस्तावले मेरो जिउ सिरिङ्ग हुन थाल्यो। उनीले अप्रत्यक्षरूपमा मलाई पनि आर्थिक प्रस्ताव गरिरहेको थियो। उनको नरम र कलात्मक भाष्य शैलीले मलाई प्रभाव पार्न खोजिरहेको जस्तो अनुभव भयो। त्यसैले मैले पनि उनीलाई त्यस्तै भाषा शैलीमा जवाफ फर्काउनु पर्ने अनुभव हुन थाल्यो। अब बल्ल मलाई एक जना महिला यस वडाको आफ्नो श्रीमान्सँग सम्बन्ध विच्छेद गरिसकेपछि पनि किन विदेशी पैसा ल्याएर सहयोग गर्न खोजिरहेको छ भन्ने कुरा विस्तारै बुझ्न थालेँ। वडाका असहाय, विधवा, अपाङ्ग, जेष्ठ नागरिकहरूप्रति त्यस महिलाको माया र सद्भाव फुस्रो र स्वार्थप्रेरित रहेछ भन्ने लाग्यो। यस संस्थाको नाममा विदेशी पैसा ल्याएर पक्कै पनि भक्तपुर नगरपालिकाको सूचना र गतिविधिहरू विदेशमा पठाउने चालजस्तो लाग्यो। नेपाल मजदुर किसान पार्टीले सधैँ नै अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको विरोध गर्दै आएको छ। त्यस कारणले गर्दा त्यही साम्राज्यवादीहरूले भक्तपुरमा आफ्नो जाल विछ्याउन सहयोगको नाममा यस्तो जनस्तरको सूचना सङ्कलन र नगरपालिकाको सूचना सङ्कलन गर्न 'विष पोतिएको गुलियो' ल्याएको हुनुपर्छ भन्ने शङ्का लाग्यो। विगतका दिनमा पार्टीले निकालेको एउटा पुस्तकमा कसरी युगोस्लाभियामा त्यहाँको स्लोभदान मिलोसेभिचको नेतृत्वमा रहेको कम्युनिष्ट सरकारलाई पतन गर्न एनजिओ र आईएनजिओले विदेशी पैसाको खोला बगाएका थिए भन्ने कुरा पढेको थिएँ। ती पढेका कुराहरू मलाई याद आउन थाल्यो। भक्तपुरमा नगरपालिकाले पार्टीका नीति र स्थानीय चुनावको क्रममा प्रकाशित गरेको चुनावी घोषणापत्रमा नगरभित्र एनजिओ र आईएनजिओलाई व्यवस्थित गर्ने कुरा उल्लेख थियो। त्यही कारणले नगरभित्र नगरपालिकाले त्यस्ता संस्थाहरूलाई आफ्नो गतिविधि गर्न दिइएको थिएन। चुनावी घोषणापत्र त मलाई कण्ठनै थियो। त्यसकारण त्यस महिलालाई नरम भाषामा नै जवाफ दिनुपर्ने भयो भन्ने अनुभव भयो। त्यही कारणले मैले नरम भाषामा रजनी बहिनीलाई जवाफ दिँदै भनेँ, 'तपाई यस वडाबाट सम्बन्ध विच्छेद गरेर जानु भएपनि यस वडाका असहायहरूलाई सहयोग गर्छु भनेर आउनु एकदम राम्रो कुरा हो। कुनै पनि महिला यस वडाबाट सम्बन्ध विच्छेद भएपछि यसरी सहयोग गर्छु भनेर आएको छैन। तपाइँनै पहिलो उदाहरण हो। फेरि महिलाहरू यसरी असहायहरूलाई सहयोग गर्छु भनेर विरलै मात्र आएको उदाहरण छ। त्यसैले त्यसकोलागि धेरै धन्यवाद छ। भक्तपुर नगरपालिकाको नीतिअनुसार तपाइँले आईएनजिओमार्फत कुनै पनि कार्यक्रम गर्न भक्तपुर नगरपालिकाको मेयरले मात्र अनुमति दिनुहुन्छ। तपाइँले यस वडामा दिएकोजस्तो पत्र मेयर सरको नाममा एउटा दिनुस् र वहाँबाट लिखितरूपबाट अनुमति आएमा मात्र मैले तपाइँलाई कार्यक्रम गर्न अनुमति दिन सक्छु। अन्यथा यो मेरो क्षेत्राधिकारमा पर्दैन। तर म तपाइँलाई तपाइँको र तपाइँको संस्थाको बारेमा मेयर सरसँग एकपटकचाहिँ कुराकानी गरिदिन सक्छु। तपाइँले मेयर सरबाट लिखित स्वीकृति नल्याई यो कार्यक्रम कार्यान्वयन गर्नदिने अधिकार मलाई छैन। त्यसैले तपाइँ अहिलेनै नगरपालिकामा जानुस्। म पनि मेयर सर भेट हुँदा एकपटक

छलफल गरी दिउँला। मेरो जवाफले उनको उज्यालो अनुहार अलि अँध्यारो भएको मलाई अनुभव भयो।

त्यस महिलाले नगरपालिका नगइकननै यही मेरो मौखिक स्वीकृतिमा गर्न पाउँ भनी अनुरोध गर्न थालिन्। मैले उनीलाई अफिसियल रूपमा लिखित स्वीकृति लिनै पर्नेमा जोड दिएँ। उनको कुरामा म कुनै पनि हालतमा मौखिक र लिखित स्वीकृति नदिने भएपछि उनी अँध्यारो मुख लिएर वडाबाट विदावारि भएर नगरपालिका गईन्। करिब दस मिनेटपछि उनले नगरपालिकाबाटै कल गरिन् र नगरपालिकामा मेयर सर नभएको जानकारी दिनुभयो। त्यसपछि मैले उनलाई मेयर सरको पिएलाई चिठ्ठी छोडेर जान अनुराधे गरेँ।

त्यसपछिका दिनमा उनी पटकपटक मेयर सरलाई भेट्न जानु भएको खबर दिनुभयो। तर मेयर सर भेट्न नसकेको गुनासो गरिन्। सम्भवतः मेयर सरले पनि पार्टी नीति र नगरपालिकाको नीति विपरित भएकोले रजनीजीलाई भेट्न नचाहेको पनि हुनसक्छ।

धेरै दिनपछि फेरि वहाँ वडामा आउनु भयो र मेयर सरले यस पत्रको विषयमा छलफल गर्नुपर्छ र बाँकी कुरा विस्तृतरूपमा बुझ्नको लागि वडाध्यक्षलाई भेट्न पठाएको भन्दै वडामा आउनुभयो। त्यसपछि मैले वहाँलाई वडाका निर्वाचित समितिमा छलफल गरी जवाफ दिउँला भनी विदावारि गरेँ। शुक्रबारको निर्वाचित समितिको नियमित बैठकमा रजनीजीको पत्रको विषयमा छलफल गरेँ। तर जनप्रतिनिधि साथीहरू कार्यक्रम गर्न दिने विषयमा सकारात्मक देखिनु भएन। त्यसपछि मैले त्यही जवाफ रजनीजीलाई जानकारी गराएँ र वहाँको सकारात्मक सोचको लागि वडावासी र वडाको तर्फबाट पनि धन्यवाद छ भनेर जानकारी गराएँ।

## हाम्रा पुराना मूर्ति



**नारायणको तोरण (१७ औं शताब्दी)**

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

## प्रेरणीय

### शिक्षा र उमेरको बन्धन

फ्रान्सिस वेलेन्ड पार्कर (Francis Wayland Parker (October 9, 1837 – March 2, 1902) अमेरिकाका एक प्रसिद्ध शिक्षाविद् थिए। बालबालिकाको शिक्षा सम्बन्धमा उनको योगदान निकै ठुलो थियो। निकै टाढा-टाढाबाट बालबालिकाको शिक्षाका सम्बन्धमा रायसल्लाह लिन उनीकहाँ मानिसको भिड लाग्ने गर्थ्यो। उनी पनि सकेसम्म सहज तरिकाबाट सबै जिज्ञासुको जिज्ञासा शान्त बनाएर पठाउने गर्थे।

एकपटक शिक्षाविद् पार्कर कुनै एक स्थानमा आयोजित विशेष कार्यक्रममा बालशिक्षाबारे आफ्नो मन्तव्य दिइरहेका थिए। उनको मन्तव्य पूरा भएपछि त्यहाँ प्रश्नोत्तरको क्रम सुरु भयो। प्रश्न सोध्ने क्रममा एक महिला आफ्नो स्थानबाट उठिन् र पार्करसित प्रश्न गरिन्- महाशय, म आफ्नी छोरीको पढाइ सुरु गर्न चाहन्छु। त्यसका लागि सबैभन्दा उत्तम उमेर कुन हो ? पार्करले प्रश्न गरे- तपाईँकी छोरी कहिले जन्मिइन् ? महिलाले अचम्म मान्दै जवाफ दिइन्- छोरी त पाँच वर्षपहिल्यै जन्मिसकिन् नि !



महिलाको जवाफ सुनेपछि गम्भीर हुँदै पार्करले भने- देवीजी, तपाईँले आफ्नी छोरीका सुनौला पाँच वर्ष त्यत्तिकै बर्बाद गरिसक्नुभएछ। पठनपाठन कार्य त बालबालिकाको जन्मसँगै सुरु हुनुपर्छ। अब कत्ति पनि ढिलो नगरी फटाफट घर जानुहोस् र छोरीको शिक्षा अहिल्यैदेखि सुरु गर्नुहोस्। किनकि, ज्ञान र शिक्षाका लागि उमेरको कुनै बन्धन हुँदैन।

**पानीजन्य सरुवा रोगबाट बच्न पानी उमालेर खानु सर्वोत्तम उपाय हो।**

# स्वास्थ्य बीमा कार्यक्रम असफल हुने त होइन ?

स्वास्थ्य बीमा बोर्डले २०८२ साउन १ गतेदेखि स्वास्थ्य बीमाका बीमितहरूले प्रथम सेवाबिन्दुमा रहेका सरकारी स्वास्थ्य संस्थाबाट मात्र सेवा लिन पाउने व्यवस्था गऱ्यो। यसअघि निजी सामुदायिक स्वास्थ्य संस्थाहरूलाई दिइरहेको बीमाको व्यवस्था खारेज गरेको कारण अहिले प्रथम सेवा बिन्दुमा परेका अस्पतालहरूमा बिरामीको चाप निकै बढ्न थालेको छ। नेपालको संविधानले प्रत्येक नागरिकको लागि आधारभूत स्वास्थ्य सेवा नि:शुल्क हुने, प्रत्येक नागरिकलाई स्वास्थ्य सेवाको समान पहुँच हुने (धारा ३५) व्यवस्था गरेको छ। संविधान कार्यान्वयनको सिलसिलामा २०७४ सालदेखि स्वास्थ्य बीमा कार्यक्रम लागू गरिएको हो। सम्पूर्ण जनतालाई सहज र भरपर्दो सेवा गर्ने माध्यम पनि स्वास्थ्य बीमा कार्यक्रम हो। तर नेपालमा स्वास्थ्य बीमा कार्यक्रम भरपर्दो र विश्वासिलो हुन सकेन।




स्वास्थ्य बीमाबाट सुविधा पाउने भन्दै अनावश्यक परीक्षण गराउने, नक्कली बिल भुक्तानी दाबी गर्ने, बीमा भुक्तानी सम्बन्धी माग पारदर्शी नहुने जस्ता गुनासाहरू पनि छन्। गलत काम गर्नेहरूलाई छानबिन गरी कारबाही गर्नुपर्दछ। यो निजी अस्पताल र स्वास्थ्य केन्द्रहरूलाई पनि स्वास्थ्य बीमामा समावेश गर्नुको परिणाम हो। देशका ७७ जिल्लाका ७४९ वटा स्थानीय तहसम्म विस्तार भइसकेको स्वास्थ्य बीमा कार्यक्रमलाई सफल पार्न स्वास्थ्य मन्त्रालय र सम्बद्ध क्षेत्रका संस्थाहरू सक्रियतापूर्वक लाग्नुपर्ने हो। स्वास्थ्य केन्द्र वा अस्पतालमा बीमाका औषधिहरू नपाइनु, ग्रामीण क्षेत्रका अधिकाँश मानिसहरू बीमामा समेट्न नसक्नु, बीमित र गैरबीमितबिच स्वास्थ्य संस्थाहरूले सेवा प्रवाहमा भेदभाव गरेको महसुस गर्नुले बीमा सेवाप्रति जनताको आकर्षण घट्दै गएको देखिन्छ।

आर्थिक वर्ष २०८२/८३ को बजेटमा अर्थमन्त्री विष्णु पौडेलले स्वास्थ्य बीमाको लागि जम्मा १० अर्ब बजेट विनियोजन गरे। स्वास्थ्य बीमा बोर्डकाअनुसार वार्षिक २५ अर्बको भुक्तानीको भार बोर्डमा पर्ने गरेको छ। सरकारले बीमाको लागि न्यून बजेट विनियोजन गर्नुले पनि स्वास्थ्य बीमा कार्यक्रम असफल हुने सङ्केत गर्दछ। स्वास्थ्य मन्त्री प्रदिप पौडेलले स्वास्थ्य बीमा सुविधा ५ लाख पुऱ्याउने दाबी गर्दै आएका छन्। तर यस अवधिसम्म बीमा बोर्डले तिर्नुपर्ने भुक्तानी २२ अर्ब बाँकी भएको स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डाक्टर रघुराज काफ्लेको भनाइ छ।

## प्रथम सेवा विन्दु

स्वास्थ्य बीमा बोर्डमा प्रथम सेवा विन्दुको रूपमा सूचिकृत सेवा प्रदायक ३७७ स्वास्थ्य संस्थाहरूमध्ये भक्तपुरका स्वास्थ्य संस्थाहरू

| |
|---|
| ख्वप: अस्पताल |
| नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल |
| भक्तपुर अस्पताल |
| चाँगुनारायण प्राथमिक स्वास्थ्य केन्द्र |
| दधिकोट प्राथमिक स्वास्थ्य केन्द्र |
| सूर्यविनायक नगर अस्पताल (जगाती) |

स्रोत : स्वास्थ्य बीमा बोर्ड

बोर्डकाअनुसार हाल ३७७ वटा स्वास्थ्य संस्थालाई प्रथम सेवा बिन्दुको रूपमा तोकिएको छ । स्वास्थ्य बीमा बोर्डले रकम अभाव देखाउँदै अस्पतालहरूलाई ठूलो रकम भुक्तानी बाँकी राखेको हुँदा धेरैवटा अस्पतालहरूले सेवा नै बन्द गरिसकेका छन् । तर स्वास्थ्य मन्त्री पौडेलले भने छरिएर रहेका सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत गर्न सके रकम समस्या नहुने बताउँदै छन् । त्यसरी एकीकृत गरी बीमा रकम जम्मा गर्न सके ४० अर्ब जति पैसा जम्मा हुने र त्यसले ५ लाखसम्मको बीमा गर्न सकिने उनको दाबी छ ।

अस्पतालहरूको बीमाको बाँकी भुक्तानी गर्नेतर्फभन्दा स्वास्थ्य मन्त्री पौडेलको ध्यान भने अर्कै छ । उनले गम्भीर रोग लागेका बिरामीहरूलाई रु. एक लाखको सुविधा दिइरहेकोमा अबदेखि दुई लाखको सुविधा दिने बताए । यो राम्रो कुरा हो तर त्यहीअनुसार स्वास्थ्यको लागि बजेट विनियोजन गर्नु पर्‍यो नि ! चर्चाको निम्तिमात्र कार्यक्रमहरू घोषणा गरेर हिँड्दा पछि आफैलाई समस्या पर्न सक्नेबारे मन्त्री स्वयंले सोच्नु पर्ने विषय हो ।

निजी अस्पताल वा स्वास्थ्य केन्द्रहरूमा स्वास्थ्य उपचार अत्यन्त महँगो छ । आर्थिक रूपमा कमजोर मानिसहरूले निजी स्वास्थ्य केन्द्रहरूमा उपचार गर्न सजिलो छैन । उपचारपछि घरखेत बेच्नुपर्ने, ठूलो ऋणको भारी बोक्नुपर्ने र उपचारकै कारण कयौँ घरबारविहीन हुनुपरेको नेपालीहरूको वास्तविकता हो । यसर्थ ती नै गरिब मानिसहरूका लागि राम्रो र भरपर्दो स्वास्थ्य सेवा स्वास्थ्य बीमा कार्यक्रम भएकोले त्यसलाई सफल बनाउनेतर्फ सरकारले ध्यान दिनुपर्छ । त्यसका लागि जनताको विश्वास जित्ने घरघरमा गएर बीमाको सदस्य बनाउने र बीमितहरूको सहज नवीकरण गर्न उत्साहित गर्नुपर्दछ । अहिले कतिपयलाई बीमा सेवाबारे राम्रो जानकारी नभएर पनि बीमा सेवामा आबद्ध हुन सकेका छैनन् भने उपचार गर्नुपर्नेले मात्रै बीमामा आबद्ध हुँदा बीमा कोषमा जम्मा हुने रकम न्यून भएको देखिन्छ ।

## ख्वप अस्पतालको बीमा भुक्तानी २८ करोड बढी !

लामो समयदेखि ख्वप अस्पतालको बीमा भुक्तानी बाँकी हुँदै गएको छ । दैनिक एक हजारको हाराहारीमा बिरामीलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएको अस्पतालको आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्ममा बीमा बोर्डसँग रु. २८ करोडभन्दा बढी भुक्तानी लिन बाँकी रहेको र सेवा दिन सकस भएको अस्पतालका निमित्त निर्देशक डा. मजेशप्रताप मल्ल बताउँछन् । उनका अनुसार आ.व. २०८१/८२ मा अस्पतालले देशका ७४ जिल्लाका दुई लाख ८० हजार भन्दा बढी बिरामीलाई सेवा प्रदान गरेको थियो । बजेटमा चालु आ.व.को सम्पूर्ण भुक्तानी दिने भन्ने प्रसङ्ग उल्लेख भएकोले ठूलो रकम भुक्तानी हुने आसामा बसेका थियौँ । असार महिनामा जम्मा रु. २१ लाख मात्रै भुक्तानी पठायो । सरकारको बोलीलाई विश्वास गर्न सकिने अवस्था छैन' –डा.मल्लले भन्नुभयो ।

संविधानले सुनिश्चित गरेको स्वास्थ्य उपचारलाई भरपर्दो र विश्वासिलो बनाउन स्वास्थ्य बीमालाई थप प्रभावकारी बनाउँदै लानु आवश्यक छ । यसको लागि सबै पक्षले ध्यान दिनु जरुरी छ ।

## बासिबियाँलो



क) दिइएको बाह्र थोप्लालाई पाँचओटा सीधा रेखाले जोड्नुहोस् । उत्तर यसै अङ्कमा दिइएको छ ।

तलको चित्रको धर्कोमाथि नकाटी, नदोहोर्‍याइ हात नझिकी अर्को धर्को तान्नुहोस् ।



# किन प्रतिबन्ध लगायो अमेरिकाले अल्बानिजलाई ?



राष्ट्रपति डोनाल्ड ट्रम्पको अमेरिकी सरकारले फ्रान्चेस्का अल्बानिज (Francesca Paola Albanese) माथि आर्थिक प्रतिबन्ध लगायो। प्रतिबन्धका कारण संरा अमेरिकामा अल्बानिजको जति जायजेथा छ त्यो रोक्का हुनेछ। अब उनको अमेरिका यात्रामा प्रतिबन्ध लाग्ने सम्भावना प्रबल छ। प्रतिबन्ध पूर्णतः लागू भए युरोपेली सङ्घमा समेत अल्बानिजले आर्थिक लेनदेन गर्न पाउने छैनन्।

जुलाई ९ गते प्रतिबन्धको घोषणा गर्दै अमेरिकी विदेशमन्त्री मार्को रुबियोले अल्बानिजको कसुर खुलाए। अल्बानिजले 'संरा अमेरिका र इजरायलविरुद्ध राजनीतिक र आर्थिक युद्ध' छेडेको उनको आरोप थियो।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको वासिङटन भ्रमणको मौका छोपी अल्बानिजमाथि प्रतिबन्धको घोषणा गरिएको हो।

अल्बानिजमाथि इजरायली कर्तुतहरूको आलोचना गरेको कसुर मात्र छैन। गाजापट्टी 'हातमा लिने' र प्यालेस्टिनीहरूलाई जबरजस्ती विस्थापित गर्ने ट्रम्प सरकारका नीतिहरूको पनि कडा आलोचक हुन् उनी।

## को हुन् फ्रान्चेस्का अल्बानिज ?

फ्रान्चेस्का अल्बानिज प्यालेस्टिनका लागि संयुक्त राष्ट्रसङ्घकी प्रतिवेदक हुन्। गाजामा इजरायली युद्धकी प्रखर विरोधी हुन् उनी। उनले यसलाई 'युद्ध नभनी जातिसंहार भन्नुपर्ने' बताउँदै आएकी छिन्।

बीस महिनादेखि उनले इजरायललाई अन्तर्राष्ट्रिय कानुनको कठघरामा उभ्याउन भूमिका खेल्दै आएकी छिन्। इजरायलविरुद्ध दक्षिण अफ्रिकाले जातिसंहार चलाइरहेको अभियोग लगाई मुद्दा हालेपछि अल्बानिज दक्षिण अफ्रिकाको पक्षमा उभिएकी थिइन्।

अल्बानिज इटलीकी नागरिक हुन्। उनको जन्म सन् १९७७ मा एरियानो इर्पिनोमा भएको थियो।

अल्बानिज अधिवक्ता हुनुका साथै अन्तर्राष्ट्रिय मानव अधिकारकर्मी हुन्। अन्तर्राष्ट्रिय कानुन तथा मानव अधिकारको क्षेत्रमा उनीसँग दुई दशकभन्दा लामो अनुभव छ। उनले पिसा विश्वविद्यालयबाट कानुनको डिग्री लिएकी थिइन्। लन्डनस्थित स्कुल अफ ओरियन्टल एन्ड अफ्रिकन स्टडिजबाट उनले मानव अधिकार कानुनमा स्नातकोत्तर गरेकी छिन्।

उमेरले अल्बानिज ४८ वर्षकी पुगिन्। हाल उनी वासिङटनस्थित जर्जटाउन विश्वविद्यालयमा अन्तर्राष्ट्रिय आप्रवासन अध्ययन संस्थानमा आबद्ध विज्ञ हुन्।

उनी बेथलहेम, बिर्जेत र सालेन्तो सहरजस्ता विभिन्न ठाउँका विश्वविद्यालयमा पनि गैरआवासीय विश्वविद्यालयमा अध्यापन गर्छिन्।

परिचय दिँदा उनी आफूलाई 'प्यालेस्टिनमा भइरहेको जबरजस्ती विस्थापनको मानवतावादी, कानुनी र राजनीतिक प्रतिक्रिया' भन्छिन्।

अल्बानिजले संयुक्त राष्ट्रसङ्घमा विभिन्न पदमा रहेर काम गरिसकेकी छिन्। दुई वर्ष उनले मोरक्कोमा राष्ट्रसङ्घीय विकास कार्यक्रममा काम गरिन्। चार वर्ष उनले जेनिभामा मानव अधिकार अधिकारीको रूपमा काम गरिन्। त्यहाँ उनी मानवअधिकारका निम्ति राष्ट्रसङ्घीय उच्च आयुक्तको कार्यालयमा कार्यरत थिइन्।

प्यालेस्टिनी शरणार्थीका निम्ति राष्ट्रसङ्घीय एजेन्सी 'उन्रा' को जेरुसेलम शाखामा उनले कानुनी अधिकारीको रूपमा काम गरिसकेकी छिन्।

पेशेवर जीवनमा अल्बानिजले इजरायल र प्यालेस्टिनको कानुनी अवस्थाबारे प्रचुर सामग्री लेखिन्। सन् २०२० मा छापिएको 'अन्तर्राष्ट्रिय कानुनमा प्यालेस्टिनी शरणार्थी' तथा सन् २०२४ मा छापिएको 'आरोप' पुस्तककी सहलेखिका हुन् उनी।

राष्ट्रसङ्घबाहिर पनि क्रियाशील छिन्। उनी प्रजातन्त्र तथा विकासका निम्ति अरब पुनर्जागरण नामक विज्ञसमूहलाई सघाउँछिन्। खासगरी उनी आप्रवासन तथा शरणार्थीसम्बन्धी अनुसन्धान एवम् कानुनी परामर्शमा सहयोग गर्छिन्। अल्बानिज

'प्यालेस्टिनी प्रश्नमा विश्व सञ्जाल' की सहसंस्थापक पनि हुन्। यो इजरायल र प्यालेस्टिन मामिलाका विज्ञ तथा विद्वानहरूको समूह हो।

## प्यालेस्टिनसँगको साइनो

सन् २०२२ यता अल्बानिज अतिक्रमित प्यालेस्टिनमा मानव अधिकारका लागि राष्ट्रसङ्घकी विशेष प्रतिवेदक रहँदै आएकी छिन्। यो भूमिकामा रहेर उनले धेरै कानुनी अवधारणा तथा प्रतिवेदन प्रकाशित गरिसकेकी छिन्।

यी प्रतिवेदनमा उनले प्यालेस्टिनका विविध पक्ष उजागर गर्दै आएकी छिन्। जस्तो – इजरायलले प्यालेस्टिनको आत्मनिर्णय कानुनको उल्लङ्घन गरेको, प्यालेस्टिनी जनताको स्वतन्त्रताको हक कुण्ठित गरेको, प्यालेस्टिनमा बालापनको अधिकार मिचेको आदि। अल्बानिजले प्यालेस्टिनी जनताविरुद्ध इजरायलले जातिसंहार गरेको विषयमा दुई प्रतिवेदन लेखेकी छिन्।

गत वर्ष मार्चमा उनले राष्ट्रसङ्घको मानव अधिकार परिषद्मा एउटा प्रतिवेदन बुझाइन्। त्यसबेला उनले गाजामा इजरायली क्रियाकलाप जातिसंहारको तहमा उक्लेको भन्न मिल्ने यथेस्ट प्रमाण रहेको बताएकी थिइन्।

प्रतिवेदनमा अल्बानिजले सामूहिक हत्या, सार्वजनिक पूर्वाधारको विनाश र प्यालेस्टिनी धनजनमा क्षति पुग्ने माहोलको निर्माणलगायतका घटना उल्लेख गरेकी थिइन्।

## "जातिसंहारक अर्थतन्त्र" बारे प्रतिवेदन

अल्बानिजले हालै एउटा प्रतिवेदन लेखिन्। यसैकारण अमेरिकाले उनीविरुद्ध आर्थिक प्रतिबन्ध लगाएको हो।

जून ३० को दिन प्रतिवेदन प्रस्तुत गर्दै अल्बानिजले ६० भन्दा बढी देशका दोषी कम्पनीहरूको नाम लिइन्। गुगल, अमेजन र माइक्रोसफ्ट जस्ता अमेरिकाका ठुला प्राविधिक



A/79/384

**Report of the Special Rapporteur on the situation of human rights in the Palestinian territories occupied since 1967, Francesca Albanese**

**Genocide as colonial erasure**

*Summary*

In the present report, the Special Rapporteur on the situation of human rights in the Palestinian territories occupied since 1967, Francesca Albanese, examines the unfolding horrors in the occupied Palestinian territory. While the wholesale destruction of Gaza continues unabated, other parts of the land have not been spared. The violence that Israel has unleashed against the Palestinians post-7 October is not happening in a vacuum, but is part of a long-term intentional, systematic, State-organized forced displacement and replacement of the Palestinians. This trajectory risks causing irreparable prejudice to the very existence of the Palestinian people in Palestine. Member States must intervene now to prevent new atrocities that will further scar human history.

अल्बानिजको 'इजरायलले प्यालेस्टिन भूमी कब्जा गरेपछिको मानवअधिकारको अवस्था' बारेको प्रतिवेदन अंश

कम्पनी पनि यो सूचीमा छन्। यी कम्पनीले 'इजरायलको कब्जाकारी अर्थतन्त्रलाई जातिसंहारक अर्थतन्त्रमा बदलेको' प्रतिवेदनमा उल्लेख छ।

उक्त प्रतिवेदनमा अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) र राष्ट्रिय न्याय प्रणालीलाई ती कम्पनी र तिनका कार्यकारी अधिकृतविरुद्ध छानबिन गर्न र तिनलाई कठघरामा उभ्याउन आह्वान गरिएको छ। साथै, राष्ट्रसङ्घका सदस्य देशहरूलाई ती कम्पनी र व्यक्तिविरुद्ध आर्थिक प्रतिबन्ध लगाउन र तिनका जायजेथा रोक्का गर्न पनि सिफारिस गरिएको छ।

## अमेरिकी आरोप र चलखेल

अमेरिकी विदेशमन्त्री रुबियोले अल्बानिजले अमेरिकाका प्रमुख कम्पनीका साथै अन्य विश्वव्यापी निकायहरूलाई 'धम्कीपूर्ण पत्र' लेखेको आरोप लगाए। रुबियोले '(अल्बानिजले) अतिवादी र निराधार आरोप लगाएको तथा यी कम्पनी र तिनका प्रमुखहरूविरुद्ध छानबिन गर्न र तिनीहरूविरुद्ध मुद्दा चलाउन आइसीसीलाई सिफारिस गरेको' बताए।

रुबियोले भने, 'हामी यी राजनीतिक र आर्थिक युद्ध अभियान सहनेछैनौँ। यी अभियानले हाम्रो राष्ट्रिय हित र सार्वभौमसत्तालाई खतरामा पार्छन्।'

रुबियोले अर्को उदाहरण पनि दिए। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहु र तिनका पूर्व रक्षामन्त्री योआभ गालान्तविरुद्ध पक्राउ पुर्जी जारी गराउन अल्बानिजले 'आइसीसी' लाई सिफारिस गरेको रुबियोको जिरह थियो। यो पक्राउ पुर्जी गत नोभेम्बरमा जारी गरिएको थियो।



करिम असद अहमद खान

गत महिना अमेरिकी सरकारले 'आइसीसी' का प्रमुख अभियोक्ता करिम असद अहमद खानलगायत चार न्यायाधीशविरुद्ध आर्थिक प्रतिबन्ध लगायो। आरोप थियो – ती न्यायाधीशले इजरायलीहरूविरुद्ध पक्राउ पुर्जी जारी गरे तथा अफगानिस्तानमा संरा अमेरिकाले गरेका अपराधको छानबिन गरे।

गत महिना नै ट्रम्प सरकारले राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलाई पत्र लेख्दै अल्बानिजलाई पदबाट बर्खास्त गर्न माग गरेको थियो।

रुबियोले अल्बानिजलाई अनेक आरोप लगाए। उनले

अल्बानिज 'निर्लज्ज यहुदीविरोधी' भएको, अल्बानिजले 'आतङ्कवादलाई समर्थन' जनाएको र 'संरा अमेरिका, इजरायल र पश्चिमको खुला निन्दा' गरेको बताए। अल्बानिजले यी आरोपको खण्डन गर्दै आएकी छिन्।

## प्रतिबन्धअघि

आफूविरुद्ध प्रतिबन्ध लाग्नुअघि दिएको एक अन्तर्वार्तामा अल्बानिजले इजरायलको गाजा युद्धबाट बहुराष्ट्रिय कम्पनीहरूले नाफा कमाइरहेकोमा चर्को आलोचना गरेकी थिइन्।

उनले भनेकी थिइन्,'युरोप र अमेरिकामा रक्षा उद्योगसँग जोडिएका केही धनपतिहरू छन् जो जातिसंहारको फाइदा उठाएर झन्झन् धनी बन्दै छन्।'

उनले भनिन्, 'आज हामीसँग कानुनी खाका नै छ जसले (इजरायली) कब्जासँग मिलेमतो गर्नु सोर्है आना अवैध हो भनी किटान गर्छ। किनभने, हामीकहाँ इजरायल वा इजरायली अधिकारीहरूविरुद्ध जातिसंहार, युद्ध अपराध तथा मानवताविरोधी अपराधसँग जोडिएका फौजदारी मुद्दा चालु छन्।'

## प्रतिबन्धको विरोध

राष्ट्रसङ्घका पूर्व र वर्तमान प्रतिवेदकहरूले अल्बानिजविरुद्ध अमेरिकाले लगाएको प्रतिबन्धको विरोध गरेका छन्। यो प्रतिबन्धलाई संयुक्त राष्ट्रसङ्घको मानव अधिकार प्रणालीमाथि घातक प्रहारको रूपमा हेरिएको छ।



एग्नेस क्यालमार्ड

मानव अधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनलकी प्रमुख एग्नेस क्यालमार्डले अमेरिकी प्रतिबन्धलाई 'खतरनाक नजीर' भनिन्। अमेरिकाले एम्नेस्टी इन्टरनेसनल 'यहुदीविरोधी' संस्था भएको आरोप लगाइसकेको छ।

अमेरिकी प्रतिबन्धका कारण 'कानुनी अधिकारीहरूको बिनादबाब स्वतन्त्ररूपमा काम गर्ने क्षमतामा आँच पुग्ने' क्यालमार्डले बताइन्। उनी 'विशेष प्रतिवेदकका प्रतिवेदन चित्त नबुझे सरकारले जे पायो त्यही गर्ने जोखिम बढेको' बताइन्। यसअघि क्यालमार्ड पनि राष्ट्रसङ्घकी विशेष प्रतिवेदक थिइन्।

राष्ट्रसङ्घका विशेष प्रतिवेदक स्वतन्त्र विज्ञ हुन्छन्। उनीहरूलाई जेनेभा सहरमा रहेको संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद् (युएनएचसिआर) ले नियुक्त गर्छ। कुनै विशेष मानव अधिकारसम्बन्धी मुद्दा वा देशको अवस्थामा मानव अधिकारको अवस्था जाँचबुझ गर्न, त्यसबारे प्रतिवेदन लेख्न र परामर्श दिनका लागि विशेष प्रतिवेदक नियुक्त गरिन्छ।

लक्षित देशको सरकारले सहकार्य गर्न नमान्दा विशेष प्रतिवेदकको काममा बाधा पुग्छ। विशेष प्रतिवेदकलाई अन्तर्राष्ट्रिय कानुनले कूटनीतिक सुरक्षा दिएको छ। अर्थात्, तिनलाई आर्थिक प्रतिबन्धजस्ता कानुनी छेकबार लगाउन मिल्दैन। तर, मानव अधिकारको पक्ष लिँदा प्रायः तिनलाई विभिन्न देशका सरकारले आलोचना गर्दै आएका छन्।

**अल्बानिज अमेरिकी आर्थिक प्रतिबन्ध झेल्ने प्रथम राष्ट्रसङ्घीय विशेष प्रतिवेदक हुन्।** सन् १९८० को दशकदेखि नै विभिन्न कानुनी झमेला र धाकधम्की खेप्दै आए पनि आजसम्म विशेष प्रतिवेदकमाथि आर्थिक प्रतिबन्ध लागेको थिएन। तसर्थ, विशेष प्रतिवेदकहरू अल्बानिजको पक्षमा उभिएका हुन्।



बेन सौल

मानव अधिकार तथा आतङ्कवादसम्बन्धी राष्ट्रसङ्घीय विशेष प्रतिवेदक बेन सौलले 'प्यालेस्टिनी मानव अधिकारको पक्षमा वैधानिक काम गर्दा' अल्बानिजलाई बदनियतपूर्वक आर्थिक प्रतिबन्ध लगाएको बताए।

उनले भने, 'देशहरूले राष्ट्रसङ्घका स्वतन्त्र विज्ञहरूको काममा टेवा दिने हो, अवरोध हाल्ने होइन।'

एक पत्रकार सम्मेलनमा राष्ट्रसङ्घका महासचिव गुटेर्रेसका प्रवक्ताले भने, 'विशेष प्रतिवेदकमाथि प्रतिबन्ध लगाउनु खतरनाक नजीर हो।' त्यसैगरी मानव अधिकारका लागि राष्ट्रसङ्घका उच्च आयुक्त भोल्कर टर्कले अल्बानिजविरुद्ध प्रतिबन्ध हटाउन माग गरे।

## अल्बानिजको प्रतिक्रिया

रुबियोको वक्तव्यमा टिप्पणी गर्दै अल्बानिजले आफूले व्यक्तिगत रूपमा इजरायल र अमेरिकाविरुद्ध कानुनी कदम नचाल्ने बताइन्। एक राष्ट्रसङ्घीय विज्ञको रूपमा आफूले कानुनी उपायको सिफारिस गर्ने उनले स्पष्ट पारिन्।

राष्ट्रसङ्घबाट के अपेक्षा गर्नुहुन्छ भनी सोधिएको प्रश्नमा उनले भनिन्, 'संयुक्त राष्ट्रसङ्घले जस्तो व्यवहार गर्नुपर्छ, संयुक्त राज्य अमेरिकाले जस्तो होइन।'

उनले स्पष्ट भनिन् – ट्रम्प सरकारले 'हामी सबैको सुरक्षा गर्ने प्रणाली भत्काउँदै छ' र 'बहुध्रुवीय विश्व व्यवस्थाको जग खुकुलो पार्दै छ'।

अन्तर्राष्ट्रिय जगतको बचाउ गर्दै अल्बानिजले भनिन्, 'राष्ट्रसङ्घमा १९३ सदस्य देश छन्। हामीलाई संयुक्त राज्य अमेरिका होइन संयुक्त राष्ट्रसङ्घ भनिन्छ।'

अमेरिकी प्रतिबन्धले आफू विचलित नभएको अल्बानिजले बताइन्। उनले भनिन्, 'लाग्छ, मैले मूल नसामै प्रहार गरेछु।'

अन्तर्वार्तामा अल्बानिजले भनिन्, 'अहिले हामी कुरा गर्दैगर्दा गाजामा मानिसहरू मारिँदै छन्। यसलाई रोक्न राष्ट्रसङ्घले केही गर्न सकिरहेको होइन। मेरो चासो यहीँनिर हो।'

अल्बानिज, उनको परिवार तथा काममा पर्ने असरबारे प्रश्न गर्दा उनले भनिन्, 'पक्कै पनि यसले मलाई असर गर्नेछ।... म र मेरो परिवारमाथि यसको प्रभाव पर्नेछ। तर, हामी डट्नेछौँ – हामीले यो बलिदान दिनेछौँ। यसको लागि हामीले सबथोक गर्नेछौँ। जातिसंहारविरुद्ध उभिन जे गरिरहेका छौँ, त्यसलाई जारी राख्नेछौँ।'

## अल्बानिजको बचाउमा मुद्दा हाल्नुपर्छ

संरा अमेरिकाले सन् १९४६ को 'राष्ट्रसङ्घको विशेषाधिकार तथा प्रतिरक्षा अभिसन्धि' मा हस्ताक्षर गरेको छ। यसर्थ, राष्ट्रसङ्घका विशेष प्रतिवेदकको प्रतिरक्षा गर्नु अमेरिकाको कानुनी कर्तव्य हो। यसकै आधारमा संरा अमेरिकाविरुद्ध अन्तर्राष्ट्रिय न्यायालयमा मुद्दा हाल्न मिल्ने विशेषज्ञहरूले सुझाएका छन्।

संरा अमेरिका अन्तर्राष्ट्रिय न्यायालयको न्यायिक दायराभित्र पर्दैन। यद्यपि, विभिन्न देशका सरकारले राष्ट्रसङ्घको महासभा वा अन्य राष्ट्रसङ्घीय निकायलाई आग्रह गरेर न्यायालयको परामर्श लिन सक्छ र त्यो नै आधिकारिक कानुनी निर्णय बन्न सक्छ।

राष्ट्रसङ्घका महासचिव गुटेर्सले संरा अमेरिकाले 'अभिसन्धि' उल्लङ्घन गरेकोमा विरोध जनाउन सक्छन्। यसका साथै उनले अल्बानिजमाथि लगाइएको प्रतिबन्ध हटाउन भन्न सक्छन्।

अल्बानिजलाई जोगाउन राष्ट्रसङ्घका सबै सदस्य देश एक हुनुपर्ने एम्नेस्टीकी प्रमुख क्यालमार्डले बताइन्। उनले अल्बानिजको देश इटली र युरोपेली युनियनले प्रतिबन्धको विरोध गर्नुपर्ने बताइन्। उनले भनिन्, 'राष्ट्रसङ्घलाई जिम्मेवारीबाट पन्छिन दिन सकिन्न। आफूमाथि गरिएको प्रहारको जवाफ दिनैपर्छ राष्ट्रसङ्घले।'

राष्ट्रसङ्घकी स्वतन्त्र विज्ञको रूपमा अल्बानिजले प्यालेस्टिनको पक्षमा बोलेको र लेखेको विषयलाई लिएर प्रतिबन्ध लगाइएको हुँदा त्यो १९४६ को अभिसन्धिको उल्लङ्घन हो। अभिसन्धिको दफा ३० विशेष प्रतिवेदनको लेखन र अभिव्यक्तिको पक्षमा छ। यसै दफालाई समाएर अन्तर्राष्ट्रिय न्यायालयको राय लिन सकिन्छ।


दातो पारम

सन् १९९९ मा यसको नजीर पनि छ। एक पत्रिकामा विवादित अभिव्यक्ति दिएपछि मलेसियाको अदालतमा एक विशेष प्रतिवेदकले मुद्दा खेप्नुपरेको थियो। त्यसबेला अन्तर्राष्ट्रिय न्यायालयले विशेष प्रतिवेदक दातो पारम कुमारास्वामीको पक्षमा उभिएको थियो। न्यायालयले मलेसिया सरकारलाई प्रतिवेदकको प्रतिरक्षाबारे अवगत गराएको थियो।

हाल अन्तर्राष्ट्रिय न्यायालयमा राष्ट्रसङ्घमाथि इजरायलले लगाएका आरोपको वैधानिकतामाथि छानबिन हुँदैछ। इजरायलले प्यालेस्टिनी शरणार्थीका लागि राष्ट्रसङ्घीय निकाय (उन्रा) माथि प्रतिबन्ध लगाएपछि न्यायालयमा गत अक्टोबरमा मुद्दा परेको थियो। इजरायली प्रतिबन्धका कारण विश्वभरि इजरायलविरुद्ध आक्रोश बढेको थियो। किनभने, इजरायली प्रतिबन्ध राष्ट्रसङ्घ स्थापना गर्दा पारित गरिएको बडापत्रको ठाडो उल्लङ्घन हो।

अनुवादः सम्यक

स्रोत : 'मिडल इस्ट आइ' मा प्रकाशित विभिन्न समाचार तथा लेख। मजदुर दैनिक, असार ३१, २०८२

**बसिबियाँलो (क) को उत्तर**



## तस्बिरमा केही गतिविधि



भक्तपुर नगरपालिका पर्यटन सेवा तथा सुरक्षा केन्द्रमा कार्यरत कर्मचारीहरूको वार्षिक भेटघाट कार्यक्रम । असार ३२ गते



भक्तपुर नगरपालिकालाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा । असार १९ गते



भक्तपुर नगरपालिकाअन्तर्गत खेलकुद प्रशिक्षणमा रहेका एसईई उत्तीर्ण खेलाडीहरूलाई बधाईज्ञापन तथा मार्गनिर्देशन । असार २५ गते



भक्तपुरनपाद्वारा सहकारी संस्थाको विगत र वर्तमान अवस्थाबारे सहकारी संस्थाका पदाधिकारीहरूको भेला कार्यक्रम । साउन २ गते

## तस्बिरमा केही गतिविधि



वाग्मती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापामगरले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको अवलोकन । असार ३१ गते



भक्तपुर जिल्ला न्यायाधीश विश्वनाथ भट्टराईको नेतृत्वमा आएको टोलीबाट भक्तपुर नगरपालिका न्यायिक समितिबाट भए–गरेका कार्यको अनुगमन तथा निरीक्षण । असार २७ गते



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा धुलिखेल अस्पतालका चिकित्सकहरूको टोलीले अवलोकन भ्रमण । साउन ८ गते



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुरको जात्रा पर्व र पर्यटन प्रवर्द्धनसम्बन्धी पर्यटन व्यवसायीहरूबिच छलफल कार्यक्रम । साउन ८ गते

# तस्बिरमा केही गतिविधि





लघु उद्यमीहरूको व्यवसाय प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण कार्यक्रम । असार २९ गते




नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) द्वारा लिखित 'जेलका चिठीहरू'को अङ्ग्रेजी अनुवाद सार्वजनिकीकरण । साउन २ गते



सफाइ कर्मचारीहरूको भेला । असार ३१ गते

## तस्बिरमा केही गतिविधि







प्रसिद्ध सिद्ध पोखरीको पर्खाल जीर्णोद्धार (बायाँ) । अरनिको सभाभवन सँगैको मन्दिरमा उम्रेको झार हटाउँदै ।

# नरसंहारबाट नाफा कमाउने अमेरिकी कम्पनीहरू



जेरेमी कुजमारोभ

जुलाई महिनाको आरम्भमा फ्रान्चेस्का अल्बानिजले एउटा निन्दात्मक प्रतिवेदन सार्वजनिक गरिन् । फ्रान्चेस्का अल्बानिज संयुक्त राष्ट्रसङ्घकी विशेष प्रतिवेदक हुन् । सन् १९६७ यता इजरायलले कब्जा गरेको अतिक्रमित प्यालेस्टिनी भूभागमा विद्यमान मानव अधिकारको स्थितिबारे प्रतिवेदन लेख्नु उनको जिम्मेवारीमा पर्छ । पछिल्लो प्रतिवेदनमा उनले पश्चिम किनार तथा गाजामा इजरायलले (२०२३ अक्टोबर ७ यता) चलाइरहेको जातिसंहारबाट अकुत नाफा कमाइरहेका बहुराष्ट्रिय कम्पनीहरूको विस्तृत विवरण दिइन् ।




अल्बानिज इटालीकी कानुनविद् एवम् मानव अधिकार विज्ञ हुन् । लामो समयदेखि उनले प्यालेस्टिनी भूभागमा इजरायलले गर्दै आएका ज्यादतीको तीखो आलोचना गर्दै आएकी छिन् । उनले नै गाजामा जातिसंहारको दोषी इजरायल हो भनी राष्ट्रसङ्घसमक्ष किटान गरेकी थिइन् ।

सन् २०२५ जून २० गते अमेरिकाको ट्रम्प सरकारले राष्ट्रसङ्घका महासचिवलाई सम्बोधन गर्दै एक पत्र लेख्यो । पत्रमा अल्बानिजलाई राष्ट्रसङ्घबाट बर्खास्त गर्न माग गरिएको थियो । अल्बानिज आतङ्कवादको पक्षधर र यहुदीहरूकी विरोधी (एन्टी सेमाइट) हुनाले उनलाई पदमुक्त गर्नुपर्ने ट्रम्प सरकारको दलिल थियो । तर, यो दलिलमा कुनै सत्यता छैन ।

(**टिपोट** : अल्बानिजले युद्ध अपराध र मानव अधिकार उल्लङ्घनका घटनामा अमेरिका र इजरायलको साँठगाँठको भन्डाफोर गर्दै आएकी छिन् । उनले ती देशका सरकारी अधिकारीहरूलाई तिनको दुर्व्यवहारका लागि जवाफदेही बनाउने प्रयास गर्दै आएकी छिन् । यसकारण, उनको निरन्तर चरित्रहत्या गर्न खोजिन्छ । उनले लगातार ज्यान मार्ने धम्की पनि पाउँदै आएकी छिन् । उनका यिनै कामका कारण पछिल्लोपल्ट अमेरिकाको ट्रम्प सरकारले उनीमाथि आर्थिक प्रतिबन्ध लगाएको छ ।)

यसअघि इजरायल सरकारले अल्बानिजको चरित्रहत्या गर्ने अभियान नै चलाएको थियो । त्यसबेला विश्वका १०० भन्दा बढी मानव अधिकारवादी समूह अल्बानिजको पक्षमा एक भएका थिए ।

अल्बानिजले आफ्नो प्रतिवेदनको सुरुआत हार्वर्ड विश्वविद्यालयले हालै प्रकाशित गरेको अध्ययनबाट गरेकी छिन् । बेलायती साम्राज्य स्थापना गर्ने कर्पोरेसनहरूको विषयमा थियो हार्वर्डको त्यो अध्ययनपत्र । त्यसैलाई उद्धृत गर्दै अल्बानिज लेख्छिन्, 'औपनिवेशिक अभियान र तद्जन्य जातिसंहारहरूलाई इतिहासमा सधैँ कर्पोरेट जगतले अघि बढाउँदै र साकार पार्दै आएका छन् ।'

सन् १९४८ को नक्बा तथा सन् १९६७ को ६ दिने युद्धमार्फत इजरायलले प्यालेस्टिनी भूमिमा उपनिवेश खडा गऱ्यो । (६ दिने युद्धमा इजरायलले पश्चिम किनार र गाजा कब्जा गरेको थियो ।) यो औपनिवेशीकरणमा कर्पोरेट जगत्ले अतुलनीय भूमिका खेलेको अल्बानिज प्रतिवेदनमा उल्लेख गर्छिन् । उनी लेख्छिन्, 'घर, स्कूल, अस्पताल, आराम र पूजापाठ गर्ने ठाउँमा, जैतुनका रुख र बगानजस्ता आजीविका तथा उत्पादनका साधनलाई ध्वस्त पार्न; प्राकृतिक संसाधनको पहुँचमाथि पावन्दी लगाउन; समुदायहरूलाई अलगअलग राख्न र नियन्त्रण गर्नका लागि इजरायललाई चाहिने जति हातहतियार तथा सैन्य उपकरण प्रदान गरेर (कर्पोरेट जगत्ले इजरायललाई सघाएको छ ।)'

अल्बानिज लेख्छिन्, 'अतिक्रमित प्यालेस्टिनी भूभागमा अवैध इजरायली उपस्थितिलाई सैन्यकृत तथा उत्साहित गर्न सघाएर कर्पोरेट जगतले प्यालेस्टिनीहरूको जातीय सफाया गर्ने माहोल बनाउन भूमिका खेलेको छ ।'




अल्बिट सिस्टम, इजरायल एरोस्पेस इन्डस्ट्रिज र लकहीड मार्टिनलाई इजरायलको व्यापक कब्जा अभियान तथा युद्धबाट नाफा कमाउने मुख्य हतियार कम्पनी भन्छिन् अल्बानिज। यिनै कम्पनीले हतियार आपूर्ति गरेको हुनाले इजरायलले गाजामा जातिसंहार मच्चाउन सकेको हो।

(**टिपोट** : सन् २०२३ देखि २०२४ सम्ममा इजरायलको सैन्य खर्चमा ६५ प्रतिशत बढोत्तरी भएर साढे ४६ अर्ब डलर पुग्यो। यो संसारकै सबैभन्दा ठूलो प्रतिव्यक्ति सैन्य खर्च हो। यो खर्चका कारण अल्बिट सिस्टम, इजरायल एरोस्पेस इन्डस्ट्रिज र युद्धलाई कमाउधन्दा बनाउने अन्य कम्पनीको वार्षिक मुनाफा ह्वात्तै बढेको छ।)

लकहीड मार्टिनले एफ-३५ र एफ-३६ लडाकु विमान उत्पादन गर्छ। अल्बानिज लेख्छिन्, '१,७९,४११ भन्दा बढी प्यालेस्टिनीहरूलाई मार्न र घाइते पार्न तथा गाजालाई सखाप पार्न अनुमानित ८५ हजार टन बम (जसमध्ये अधिकतर अनिर्देशित छ) खसाल्न सक्ने गरी (इजरायलको) अभूतपूर्व हवाई क्षमता बनाउन (यी कम्पनीको) ठूलो हात छ।'




अल्बानिजले अल्बिट सिस्टम, इजरायली रक्षा मन्त्रालय तथा म्यासाच्युसेट्स प्राविधिक संस्थान (एमआईटी) को साझेदारीको चर्चा गरेकी छिन्। यी निकायले प्यालेस्टिनीहरूलाई आतङ्कित पार्न प्रयोग हुने ड्रोन सलहलगायत नयाँ ड्रोन प्रविधिको विकासमा साझेदारी गर्दै आएका छन्।

डेनमार्कको एपी मोलर-कायर्स्कलगायत विशाल जहाज कम्पनीहरूले इजरायललाई हतियार पैठारी गरेरै अकुत नाफा कमाएका छन्।

त्यस्तै, प्राविधिक जगतका विशाल कम्पनीहरूले प्यालेस्टिनीहरूमाथि जासुसी गर्नका लागि विशेष कम्प्युटर, कृत्रिम बौद्धिकता तथा तथ्याङ्क विश्लेषण उपलब्ध गराउँछन्। यसरी तिनले इजरायललाई सशक्त सामाजिक नियन्त्रणका विधि विकसित गर्न सघाउँछन्।

नाजीहरूले चलाएको आततायी होलोकस्टमा अमेरिकाको प्राविधिक कम्पनी 'आईबीएम' एउटा प्रमुख साझेदार थियो। सन् २०१९ यता 'आईबीएम' ले प्यालेस्टिनी जनताको बायोमेट्रिक डेटा उपयोग गर्नका लागि इजरायल सरकारलाई आफ्नो केन्द्रीय डेटाबेसमा पहुँच दिएको छ। यसरी 'आईबीएम' ले प्यालेस्टिनीहरूलाई अनुमतिपत्रको विभेदकारी जालोमा फसाउन इजरायललाई सघाएको छ।




'आईबीएम' भन्दा अगाडि ह्युलेट प्याकार्ड (एचपीई) सँग डेटाबेस थियो। त्यसको इजरायली शाखाले अझै इजरायली सेना र प्रहरीलाई आफ्नो सर्भर उपलब्ध गराइरहेको छ। यसैले गर्दा यी दुई निकायले प्यालेस्टिनी जनतालाई कुल्चिराख्न सकेका हुन्।

बिल गेट्स सहसंस्थापक रहेको माइक्रोसफ्ट यस्तै अर्को प्राविधिक कम्पनी हो। यसका प्रविधिहरू पनि इजरायली निकायहरूसँग अभिन्नरूपले जोडिएका छन्। आफ्नो सफ्टवेयर व्यवस्थित पार्न उसले इजरायली सेनासँग महत्त्वपूर्ण समझदारी गरेको छ।




सन् २०२१ मा इजरायलले अल्फाबेट (गुगल) र अमेजन नामक दुई कम्पनीलाई १ अर्ब २० करोड डलरको ठेक्का दियो । यो रकमको ठूलो हिस्सा इजरायलको रक्षा मन्त्रालयबाट आउँछ । यसलाई निम्बस परियोजना भनिन्छ । यो परियोजनाअन्तर्गत यी दुई कम्पनीले इजरायललाई उन्नत प्राविधिक पूर्वाधार उपलब्ध गराउँछन् । माइक्रोसफ्ट, अल्फाबेट र अमेजनले इजरायल सरकारका सबैजसो निकायलाई आफ्नो क्लाउड र कृत्रिम बौद्धिकता (एआई) प्रविधिहरूमा पहुँच दिएका छन् । यसले गर्दा इजरायलको सामाजिक नियन्त्रण क्षमता कैयौँ गुणा बढेको छ ।

प्यालेन्टियर अमेरिकी गुप्तचर निकाय 'सीआईए' को स्टार्टअप कम्पनी हो । यसले नयाँनयाँ 'एआई' प्रविधि खोजबिन गर्छ । यो कम्पनीले इजरायली सेना (आईडीएफ) लाई 'लेभेन्डर', 'गस्पेल' र 'ह्वेर्स ड्याडी ?' जस्ता कृत्रिम बौद्धिकताका प्रणालीहरू विकसित गर्न सघाएको छ । यी प्रणालीले डेटा प्रोसेस गर्न र बमबारीका लागि तारो तय गर्न सघाउँछ ।

सन् २०२४ जनवरीमा प्यालेन्टियरले इजरायलसँग नयाँ रणनीतिक साझेदारीको घोषणा गऱ्यो र इजरायलप्रति 'ऐक्यबद्धता' मा तेल अभिभमा बोर्ड बैठक बस्यो ।

अल्बानिजले प्रतिवेदनमा क्याटरपिलर कम्पनीको चर्चा गरेकी छिन् । दसौँ वर्षदेखि यो कम्पनीले इजरायललाई प्यालेस्टिनी घर तथा भौतिक पूर्वाधार भत्काउन बुलडोजर तथा अन्य उपकरण उपलब्ध गराउँदै आएको छ ।

अल्बानिजको भनाइअनुसार इजरायलले क्याटरपिलर कम्पनीको डि–९ बुलडोजरलाई स्वचालित र रिमोट–नियन्त्रित हतियारमा विकसित गरेको छ । उसले सन् २००० यता आफ्ना प्रत्येक सैन्य कारबाहीमा यी बुलडोजरको प्रयोग गर्दै आएको छ । खासगरी तारबार हटाउन, बसोबास क्षेत्रलाई भताभुङ्ग पार्न र प्यालेस्टिनीहरूलाई मार्न यसको प्रयोग गरिन्छ ।



ह्युन्डाइ र भोल्भो कम्पनीले समेत इजरायली सेनालाई उपकरण उपलब्ध गराउँदै आएका छन् । यी कम्पनीले दिने उपकरणको मद्दतले इजरायली सेनाले प्यालेस्टिनी भूभागलाई तहसनहस पार्छ । पूर्वी जेरुसेलममा यिनै उपकरणको सहाराले इजरायली सेनाले प्यालेस्टिनी खेतबारी र जैतुनका बगैँचा ध्वस्त पार्दै छ । यी कम्पनीले इजरायललाई (अल्बानिजको भाषामा) 'अवैध बस्ती' बसाल्न उपकरण उपलब्ध गराउँछन् । यी बस्ती कम्तीमा १० वर्ष पुराना छन् । इजरायली बसोबासीहरूले प्यालेस्टिनीहरूसँग भूमि खोसेर यस्ता बस्ती बसालिरहन्छन् ।

(**टिपोट** : ह्युन्डाइ र भोल्भोबारे अल्बानिज लेख्छिन्, 'आफ्ना उपकरणलाई इजरायलले आपराधिक कार्यमा प्रयोग गरिरहेको पर्याप्त प्रमाण बाहिरिए पनि र मानव अधिकार समूहहरूले सम्बन्ध विच्छेद गर्न लगातार आग्रह गरिरहे पनि (यी कम्पनीले) इजरायली बजारमा सामान आपूर्तिलाई जारी राखेका छन् । निष्क्रिय आपूर्तिकर्ताहरू पनि विस्थापनकारी व्यवस्थाका नियोजित सहयोगी हुन् ।')

केलर विलियम्स घरजग्गा कारोबार कम्पनी हो । इजरायलको कब्जाकारी नीतिमा यसको साँठगाँठ रहेको तथ्य त्यतिबेला खुल्यो जब यसले क्यानडा र अमेरिकामा घरजग्गा कारोबारीहरूको रोड सो आयोजना गऱ्यो । त्यस कार्यक्रममा भाग लिने कम्पनीहरूले पश्चिम किनारमा यहुदी बसोबासीहरूका निम्ति ठूला अपार्टमेन्टहरूको निर्माण तथा बजारीकरण गरिरहेका थिए ।

अमेरिकाको अलाबामामा मुख्यालय रहेको ड्युमोन्ड कर्पोरेसनका संस्थापक गेरी ड्युमोन्ड पूर्वराष्ट्रपति बिल क्लिन्टनका नजिकका मान्छे थिए । त्यस्तै, स्वीजरल्यान्डमा मुख्यालय रहेको ग्लेनकोर कम्पनी खोल्ने व्यक्ति मार्क रिच पनि क्लिन्टनकै सहयोगी हुन् । (रिच अहिले जघन्य अपराधका आरोपी हुन् ।) ड्युमोन्ड र ग्लेनकोर कम्पनी इजरायललाई कोइला पैठारी गर्ने प्रमुख आपूर्तिकर्ता हुन् ।

(**टिपोट** : जेरेमी कुजमारोभको पुस्तक 'वारमोङ्गर' (२०२४) मा यसबारे चर्चा गरिएको छ । सन् १९९० को

दशकको अन्त्यतिर कोलम्बियाको भ्रमणमा ड्रयुमोन्ड पनि क्लिन्टनसँगै थिए। ड्रयुमोन्डविरुद्ध त्यसबेला अदालतमा मुद्दा चलिरहेको थियो। दक्षिणपन्थी अर्धसैन्य लडाकाहरूलाई पैसा खुवाएर ड्रयुमोन्डका दुई मुख्य खानीबाट क्यारिबियाली सागरस्थित बन्दरगाह पुग्ने १२० माइल लामो रेलमार्गको आसपास बसोबास गर्ने जनतालाई आतङ्कित पारेको अभियोग लागेको थियो ड्रयुमोन्डलाई। ती खानीमा ड्रयुमोन्डका साढे ७ अर्ब डलर बराबरको सम्पत्ति थियो। ड्रयुमोन्डका लठैतहरूले वामपन्थी फार्क विद्रोहीहरूलाई शरण दिएको आरोपमा सर्वसाधारण जनतालाई सताउँथे, यातना दिन्थे र मार्थे। रैथाने जनतालाई उठिबास लगाएको र स्थानीय वातावरण प्रदूषित पारेको हुनाले फार्क विद्रोहीहरूले ड्रयुमोन्डका खानीहरूमा जाने रेलमार्गमा बमबारी गरिदिए। ड्रयुमोन्ड कर्पोरेसनमा काम गर्ने दुई युनियन नेताको हत्या भयो। यसमा पनि तिनै अर्धसैन्य लडाकाहरूको हात थियो।

ग्लेनकोर कम्पनीले अफ्रिकाका धेरै खुफिया खानीहरूमा लगानी गरेको छ। यसका मालिक रिचलाई आफ्नो कार्यकालको अन्तिमतिर क्लिन्टनले आममाफी दिएका थिए।)




इजरायलको ऊर्जा आपूर्तिमा शेभरोन घरानाको योग ७० प्रतिशतभन्दा बढी छ। उसले इजरायली प्रशोधन केन्द्रहरूमा तेल आपूर्ति गर्छ। यी केन्द्रमा गाजामा बमबारी गर्ने इजरायली सैन्य विमानमा प्रयोग हुने इन्धन उत्पादन हुन्छ।

(**टिपोट** : ब्रिटिश पेट्रोलियम (बीपी) र शेभरोन इजरायलमा कच्चा तेल पठाउने मुख्य आपूर्तिकर्ता हुन्। अजेरी बाकु–तिब्लिस–सेहान पाइपलाइन र कजाख क्यास्पियन पाइपलाइन तथा ती पाइपलाइन सम्बद्ध तेल खानीहरू यिनै कम्पनीका हातमा छन्।)

अल्बानिज लेख्छिन्, 'इजरायललाई कोइला, ग्यास, तेल र इन्धन आपूर्ति गरेर (यी) कम्पनीहरूले ती भौतिक पूर्वाधार निर्माणमा टेवा दिँदै छन् जसलाई इजरायलले कब्जाकारी गतिविधि सघन पार्न प्रयोग गर्छ। अहिले गाजामा प्यालेस्टिनी जीवनलाई ध्वस्त पार्न यही पूर्वाधारको प्रयोग हुँदै छ। यी कम्पनीले जुन पूर्वाधारमा संसाधन पैठारी गर्छन्, तिनै पूर्वाधारको मद्दतले इजरायली सेनाले गाजालाई ध्वस्त पार्दै छ। यसको लागि इजरायली सेनाले अचाक्ली ऊर्जा खपत गर्ने प्रविधिको प्रयोग गर्छ।'

प्रतिवेदनको पुछारमा अल्बानिजले इजरायली युद्धमा लगानी गर्ने वित्तीय उद्योग तथा कब्जाबाट नाफा सोहोरिरहेका कम्पनीबारे छलफल गरेकी छिन्। यो युद्ध र कब्जामा वालस्ट्रीटको धनकुबेर कम्पनी ब्ल्याकरक अत्यन्त ठूलो लगानीकर्ता हो। प्यालेन्टियर, माइक्रोसफ्ट, अमेजन, अल्फाबेट र आईबीएममा लगानी गर्ने दोस्रो ठूलो लगानीकर्ता ब्ल्याकरक हो। त्यस्तै, लकहीड मार्टिन र क्याटरपिलरको तेस्रो ठूलो लगानीकर्ता पनि ब्ल्याकरक नै हो।

वालस्ट्रीटको अर्को धनकुबेर कम्पनी भेनगार्डको पनि इजरायली युद्धमा साँठगाँठ छ। क्याटरपिलर, शेभरोन र प्यालेन्टियरको सबैभन्दा ठूलो लगानीकर्ता भेनगार्ड हो। त्यस्तै, लकहीड मार्टिन र अल्बिट सिस्टमको दोस्रो ठूलो लगानीकर्ता पनि भेनगार्ड नै हो।

अल्बानिजको प्रतिवेदनमा धार्मिक सङ्घसंस्था तथा विश्वविद्यालयबारे पनि उल्लेख छ। प्यालेस्टिनमा भइरहेको जातिसंहार र सैन्य कब्जाका पूर्वाधारलाई यी पश्चिमा सङ्घसंस्था र विश्वविद्यालयले टेवा दिँदै आएका छन्।

विश्वविद्यालयहरूले आफ्ना पाठ्यक्रमबाट प्यालेस्टिनी पक्षको धारणा हटाएर यो काम गर्छन्। त्यस्तै, प्यालेस्टिनीहरूको हत्यामा प्रयोग हुने हतियार प्रणालीको अनुसन्धानमा पनि यिनको मिलेमतो हुन्छ। खासगरी 'एमआईटी' ले यो काममा अन्य अमेरिकी विश्वविद्यालयलाई पछि पारेको छ। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले यही 'एमआईटी' मै पढेका थिए।

अल्बानिजले बेलायती साम्राज्यसँग मात्र नभई नाजी जर्मनीसँग पनि वर्तमान स्थितिको तुलना गरेकी छिन्। नुरेम्बर्ग इजलासमा जर्मनीका कर्पोरेट जगत्का प्रमुखहरूलाई पनि

कठघरामा उभ्याइएको थियो । आइजी फार्बेनलगायत जर्मन कम्पनीका मालिकहरूले हिटलरको नीति लागु गर्न सघाएका थिए । यहुदीहरूको जातिसंहारबाट ती कम्पनीले अकुत नाफा कमाएका थिए ।

गाजा तथा विश्वका अन्यत्र स्थानमा भइरहेका ज्यादती र अपराधमा जिम्मेवार कर्पोरेट जगतका प्रमुखहरूलाई जवाफदेही बनाउन आज नयाँ नुरेम्बर्ग इजलासको आवश्यकता महसुस हुँदै छ ।

दुर्भाग्य, आजका मितिमा संरा अमेरिका वा इजरायलबाहेक अर्को बलशाली शक्ति छैन जसले त्यस्तो इजलास राख्न सकोस् र ती अपराधमा संलग्नहरूलाई जवाफदेही बनाउन सकोस् ।

त्यसकारण, अल्बानिज आफैले इजरायलमाथि आर्थिक प्रतिबन्ध लगाउन र पूर्ण सैन्य नाकाबन्दी लगाउन आह्वान गर्छिन् । उनी प्यालेस्टिनी पीडितहरूलाई क्षतिपूर्ति तिर्नुपर्ने माग गर्छिन् ।

यी उपाय लागु भए सबैले स्वागतै गर्थे । तर, विश्वको वर्तमान शक्ति संरचनाभित्र यी उपाय लागु हुने सम्भावना देखिन्न ।

अन्ततः समाजवादी रूपान्तरणप्रति प्रतिबद्ध जनताको विशाल आन्दोलन उठाउनुको विकल्प छैन ।

## इजरायली सैन्य अखडामा अमेरिकाको करोडौं डलर

प्यालेस्टिनमा कर्पोरेट जगतले अकुत नाफा सोहोर्दै जाँदा इजरायली सेनाको तान्डव जारी छ । इजरायलको प्रमुख अखबार हारेत्जले हालै सार्वजनिक भएका अमेरिकी सेनाको इन्जिनियर कोरका दस्तावेजहरूको समीक्षा छाप्यो । सो अध्ययनअनुसार अमेरिकाले इजरायलमा सैन्य संरचना निर्माणमा साढे १ अर्बभन्दा बढीका परियोजनाहरूको व्यवस्थापन गर्दै छ ।

अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामाले इजरायललाई वार्षिक ३ अर्ब ८० करोड डलर बराबरको सैन्य प्याकेज सहयोग दिने सहमति गरेका थिए । यहीबाट सैन्य परियोजनाको लागत भरिनेछ । नयाँ परियोजनाअन्तर्गत सैन्य अखडाहरूको स्तरवृद्धि गरिनेछ । इजरायली वायुसेनाका नयाँ विमान र हेलिकप्टरहरूमा इन्धन भर्नलाई सहज बनाउने गरी यी अखडाको डिजाइन गरिँदै छ । इजरायली जलसेनाको शायतेत-१३ कमान्डो युनिटको नयाँ मुख्यालयको निर्माण हुँदै छ । साथै, यी अखडामा लकहीड एफ-१५ र एफ-३५ लडाकु विमानहरू प्रक्षेपण गर्न मिल्ने पूर्वाधार हुनेछ ।

हालै 'मिडल इस्ट मोनिटर' मा एउटा रिपोर्ट छापियो । अमेरिकी अधिकारीहरूले यी सहयोग साझा सुरक्षाको लागि हुने दाबी गर्दै छन् । तथापि, इजरायलमा अमेरिकाको निर्माण परियोजनाको आकार अत्यन्त ठूलो छ । रिपोर्ट भन्छ, '(आकार हेर्दा) भित्र गहिराइमा अर्कै थोक देखिन्छ – दीर्घकालीन सैन्य मोर्चाबन्दी ।'

ताइनोफ हवाई अड्डामा अमेरिकी लगानीमा एउटा नयाँ परियोजना चल्दै छ । धावनमार्ग फराकिलो पारिँदै छ र इजरायलको नयाँ 'सीएच-५३ के' सैन्य हेलिकप्टर राख्न नयाँ ह्याङ्गरको निर्माण हुँदै छ । अन्य परियोजनामा इजरायली जलसेनाको लागि नयाँ पायरको निर्माण, भूमिगत बङ्कर एवम् कमान्ड सेन्टरको निर्माण, हतियार भण्डार क्षमतामा विस्तार तथा इजरायली अखडाहरूमा बस्ने अमेरिकी सैन्य अधिकारीका लागि आवास व्यवस्थाको पुनर्निर्माण पर्छन् ।

'मिडल इस्ट मोनिटर' ले अर्को तथ्य पनि खुलासा गर्‍यो । उसले लेख्यो, '(यी परियोजनाहरू) स्पष्ट चित्र कोर्छन् – संरा अमेरिकाले इजरायललाई हातहतियार मात्र सहयोग गरिरहेको छैन, बरु उसले भौतिकरूपमै इजरायली भूमिमा गएर अमेरिकी पैसाले इजरायलको सैन्य क्षमता बढाउन पूर्वाधारको निर्माण पनि गर्दै छ ।' यसबाट अन्ततः को लाभान्वित होला ? अल्बानिजको प्रतिवेदनमा तिनलाई 'मृत्युका व्यापारी' भनिएको छ ।

(कुजमारोभले अमेरिकी इतिहासमा विद्यावारिधी गरेका छन् । साथै, विभिन्न प्रसिद्ध कृतिका लेखक तथा राजनीतिक विश्लेषक हुन् । उनले अमेरिकाका विभिन्न कलेजमा अध्यापन गरेका छन् ।)

अनुवाद : सम्यक

स्रोत : कोभर्ट एक्सन म्यागेजिन/मजदुर दैनिक, श्रावण ७, २०८२

भक्तपुर
BHAKTAPUR [MONTHLY] मासिक
भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ ।

# गोपालराज वंशावली




जयस्थिति मल्लको शासनकाल १४ औँ शताब्दीमा सङ्ग्रह गरिएको नेपालमा पाइएको सबैभन्दा पुरानो वंशावली 'गोपालराज वंशावली' हो । ताडपत्रमा यसको पहिलो भाग संस्कृत र दोस्रो भाग तत्कालीन नेपालभाषामा भुजिमोल लिपिमा लेखिएको छ । नेपालको इतिहासमा यो हस्तलिखित वंशावली जति प्रमाणित ग्रन्थ अरू छैन भन्ने कुरा निर्विवाद भइसकेको छ । ताडपत्रमा पत्र १७ देखि ६३ सम्म र एक अतिरिक्त गरी जम्मा १२८ पृष्ठ छन् । **धनवज्र बज्राचार्य** (विसं १९८८।१२।१६-२०५१।३।२०) र **कमलप्रकाश मल्ल** (विसं १९९३।७ ।२९-२०७५।८।१) ले तयार गर्नुभएको पुस्तक **इन्टरनेट अर्काइभ**बाट साभार गरी इतिहास, अनुसन्धाता र लेखकलगायत विद्यार्थीहरूको लागि महत्त्वपूर्ण स्रोत रहेको यस वंशावली पाठकहरूको निम्ति अध्ययनमा सहयोगी हुने विश्वासले क्रमशः प्रकाशित गरिएको छ ।

## पत्र १७

क्रमशः कलियुग लागेपछि, सारा राजाहरूका शिरपेचका मालाले पाउ सुहाएका श्रीमान् युधिष्ठिरको आदिराज्यमा, हिमाल पहाडको काखमा रहेको घना जङ्गल भएको भूमण्डलमा (नेपाल उपत्यकामा) प्रधान श्रीभृङ्गारेश्वर भट्टारकको प्रादुर्भाव भयो । त्यसपछि गौतम आदि ऋषिगण आई रहन लागे । अनि गौतमेश्वर आदि देवताको प्रतिष्ठा भयो । त्यसबीच श्रीभृङ्गारेश्वर भट्टारक श्लेष्मान्तक वनमा विहार गरिरहेको वेलामा गोपाल भए । त्यसपछि मालाखाबाट गोग्रामको आगमन भयो । 'नेप' कहलाएका गोपालकी बहुही नाम भएकी कैली गाई दिनकादिन वाग्वतीको तीरमा गई प्वालमा पूजाको लागि दूधको धारा बगाउने गर्न लागी; ती गाईले सेचन गर्न लागेको त्यो ठाउँ गोपालले देखे; खनेर हेर्दा श्रीपशुपति भट्टारकको प्रादुर्भाव भयो ।

त्यस गोपालवंशमा पहिला राजा श्रीभूमिगुप्त भए; वर्ष ८६ । राजा श्रीजयगुप्त; वर्ष ७३ महीना ३ । राजा श्रीधर्मगुप्त; वर्ष ९१ । राजा श्रीहर्षगुप्त; वर्ष ६७ । राजा श्री भीमगुप्त; वर्ष ३४ । राजा श्रीमणिगुप्त; वर्ष ३७ । राजा विष्णुगुप्त; वर्ष ४६ । राजा श्रीजिनगुप्त; वर्ष ७१ । यसरी आठजना गोपाल राजा भए ।

त्यसपछि गोपाल राजालाई जिती महिषपालहरूले क्रमैले



धनवज्र बज्राचार्य



कमलप्रकाश मल्ल

राज्य गरे । राजा श्रीवरसिंह; वर्ष ४९ । राजा श्रीजयसिंह; वर्ष ७१ महीना २ । राजा श्रीभुवनसिंह; वर्ष ४१ । यी तीनजना महिषपाल त्यसपछि गोपाल र महिषपालहरूलाई जिती किरात राजा भए । राजा श्रीएलम्, वर्ष ९० ।

राजा श्री-

## पत्र १८

पेलम्; वर्ष ८१ । राजा श्रीमेलम्; वर्ष ८९ । राजा श्रीचंमिं; वर्ष ४२ । राजा श्रीधस्कं; वर्ष ३७ । राजा श्रीवलुंच; वर्ष ३१ महीना ६ । राजा श्रीहुंतिं; वर्ष ४० महीना ८ । राजा श्रीहुरमा; वर्ष ५० । राजा श्रीतुस्के; वर्ष ४१ महीना ८ । राजा श्रीप्रसफुं; वर्ष ३८ महीना ६ । राजा श्रीपव; वर्ष ४६ । राजा श्रीदास्ती; वर्ष ४० । राजा श्रीचम्ब; वर्ष ७१ ।



राजा श्रीकंकं; वर्ष ५४। राजा श्रीस्वनन्द; वर्ष ४० महीना ६। राजा श्रीफुकों; वर्ष ५८। राजा श्रीशिंघु; वर्ष ४९ महीना ६। राजा श्रीजुलम्; वर्ष ७३ महीना ३। राजा श्रीलुकं; वर्ष ४०। राजा श्रीथोरम्; वर्ष ७१। राजा श्रीथुको; वर्ष ८३। राजा श्रीवर्म्म; वर्ष ७३ महीना ६। राजा श्रीगुंज; वर्ष ७२ महीना ७। राजा श्रीपुस्क; वर्ष ८१। राजा श्रीत्यपमि; वर्ष ५४। राजा श्रीमुगमम्; वर्ष ५८। राजा श्रीशसरु; वर्ष ६३। राजा श्रीगुंणं; वर्ष ७४। राजा श्रीखिम्बुं; वर्ष ७६। राजा श्रीगिरिजं; वर्ष ८१। राजा श्रीखुरांज; वर्ष ७८। राजा श्रीखिगु; वर्ष ८५।

यी बत्तीस किरात राजाहरू भए। जुन किरातहरू (अहिले) तामाकोशी र अरुणकोशीको बीचको भूभागमा बस्तछन्।

त्यसपछि अब बीचमा सूर्यवंशको उत्पत्तिबारे बताउँछ। कल्पान्तमा भगवान् जलशायी विष्णुको नाइटोरूपी कमलबाट ब्रह्माको प्रादुर्भाव भयो। ब्रह्माका छोरा मरीचि भए। मरीचिका छोरा काश्यप भए। काश्यपका छोरा भगवान् सूर्य भए। सूर्यका छोरा मनु भए। मनुका छोरा काकुत्स्थ भए। काकुत्स्थका छोरा वेणु भए। वेणुका छोरा पुष्य भए। पुष्यका छोरा अनरण्य भए। अनरण्यका छोरा पृथु भए। पृथुका छोरा त्रिशङ्कु भए। त्रिशङ्कुका छोरा धुन्धुमार भए। धुन्धुमारका छोरा पवनाश्व भए। पवनाश्वका छोरा मान्धाता भए। मान्धाताका छोरा सुसन्धि भए। सुसन्धिका छोरा धृतिसन्धि भए। धृतिसन्धिका छोरा भरत भए। भरतका छोरा असित भए। असितका छोरा सगर भए। सगरका

## पत्र १९

छोरा असमंजस भए। असमंजसका छोरा अंशुमान् भए। अंशुमान्का छोरा दिलीप भए। दिलीपका छोरा भगीरथ भए। भगीरथका छोरा ककुत्स्थ भए। ककुत्स्थका छोरा रघु भए। रघुका छोरा कल्माषपाद भए। कल्माषपादका छोरा शङ्खण भए। शङ्खणका छोरा सुदर्शन भए। सुदर्शनका छोरा अग्निवर्ण भए। अग्निवर्णका छोरा श्रीगर्ग भए। श्रीगर्गका छोरा मरु भए। मरुका छोरा पशुश्रुव भए। पशुश्रुवका छोरा अम्बरीष भए। अम्बरीषका छोरा नहुष भए। नहुषका छोरा चनाभाग भए। चनाभागका छोरा अज भए। अजका छोरा दशरथ भए। दशरथका छोरा राम भए। रामका छोरा लव कुश भए।

यी अयोध्याका राजा हुन्। अनि फेरि इक्ष्वाकुवंशमा विशाल भए। विशालका छोरा हेमचन्द्र भए। हेमचन्द्रका छोरा सुचन्द्र भए। सुचन्द्रका छोरा धूमाश्व भए। धूमाश्वका छोरा श्रृंजय भए। श्रृंजयका छोरा सुवर्णखनि भए। सुवर्णखनिका छोरा कृशाश्व भए। कृशाश्वका छोरा सोमदत्त भए। सोमदत्तका छोरा जन्मेजय भए। जन्मेजयका छोरा परीक्षित् भए। परीक्षित्का छोरा मतिमान् भए। मतिमान्का छोरा विकुक्षि भए।

यी राजाहरू विमलनगरी (वैशाली ?) मा भएका हुन्।

अनि सूर्यवंशको प्रभावले नेपालमा किरात राजालाई जितेर लिच्छवि वंश चल्यो। तिनका (लिच्छविका) छोरा श्रीनिमित्तकाल भए; वर्ष ५०। राजा श्रीमकरान्त; वर्ष ४१। राजा श्रीकाकवर्मा; वर्ष ७६। राजा श्रीसुपुष्पदेव; वर्ष ७६। तिनले नेपाल भूमिमा वर्णव्यवस्था कायम गरे। श्रीपशुपति भट्टारकको देवल बनाए। श्रृङ्खलाले छोप्ने काम गरे (छाना लाए)। त्यसपछि सुन्दर शहर बनाउन लाए। राज्यको सारा मर्यादा बाँधे; न्यायपूर्वक सारा प्रजाहरूको पालना गरे; आफ्नो आफ्नो 'भूमि' ... व्यवहार चलाए।

## पत्र २०

राजा श्रीभास्करदेव वर्ष ७४ श्री पशुपतिस्थानमा धेरै कालसम्म तपस्या गरेर तीनवटा कोष चढाए। त्यसको प्रसादले... जितेर दक्षिण सागर काञ्चीनगरमण्डलसम्म जितेर अनेक कोष ल्याई श्रीपशुपति भट्टारकलाई कोष बनाई चढाए। त्यस कोषको काञ्ची नामकरण गरियो।

राजा श्रीभूमिगुप्त; वर्ष ४१। राजा श्रीचन्द्रवर्मा; वर्ष २१। राजा श्रीजयवर्मा; वर्ष ४५। राजा श्रीवर्षवर्मा; वर्ष ५८। राजा श्रीकुबेरवर्मा; वर्ष ७४। राजा श्रीहरिवर्मा; वर्ष ५६। राजा श्रीसिद्धिवर्मा; वर्ष ४१। राजा श्रीहरिदत्तवर्मा; वर्ष ४६। तिनले चारै शिखरप्रदेशमा भगवान् विष्णु भट्टारकका मन्दिर बनाई पूरा पारे।

राजा श्रीवसुदत्तवर्मा; वर्ष ३७। राजा श्रीश्रीपतिवर्मा; वर्ष ३४। राजा श्रीशिववृद्धिवर्मा; वर्ष ७५। राजा श्रीवसन्तवर्मा; वर्ष ४१। राजा श्रीसुपुष्पवर्मा; वर्ष ५६। तिनले नेपाल भूमिलाई धर्मपूर्वक बढाए। फेरि श्रीपशुपति भट्टारकको देवल अतिसुन्दरसँग बनाए।

राजा श्रीविश्व (वृष) देव; वर्ष १००। तिनले सीनगुं (स्वयम्भू) विहारमा चैत्य भट्टारकको प्रतिष्ठा गरे। त्यहीँ ढुंगेधारा पनि बनाए। फेरि श्रीपशुपतिस्थानमा उत्तरपट्टि ठूलो त्रिशूलको प्रतिष्ठा गरे। राति प्रणालिकास्थान (ढुंगेधारा) मा छोराद्वारा शिर काटिएको हुँदा तिनको मृत्यु भयो; बाबुको आज्ञाद्वारा यो गरिएको थियो।

तिनका छोरा श्रीमानदेव भए; वर्ष ४१। तिनले थाहा नपाई बाबुको वध गरे। यस्तो महाघोर पाप गरेका हुनाले रुँदै घुम्दै गुंविहारको शिखरमा पुगी तपस्या गरे। तपस्याको प्रभावले ठूलो चैत्य उत्पन्न भयो र तिनको प्रतिष्ठा गरियो। त्यहाँ पहिलेका धेरै विहारको स्थान...

(क्रमशः)

## भक्तपुरका राणाकालीन धारा



(सुकुलढोका, भिसिंद्यः तँचा)
Sukukdhoka, Bhisindyo tancha



(क्वाठण्डौ)
Kwathandau



(दत्तात्रय)
Datatraya



(गछें)
Gachhe



(लायकू)
Laayku, Durbar Square



(साकोठा)
Saakotha



(बालाखु)
Baalakhu



Bulcha
(बुल्चा)



(खँला)
Khanlaa



(इनाच्व, स्वंगलोहँ)
Inacho, Swangaloha




(तौमढी)
Taumadhi



(गोल्मढी तँक्वे)
Golmadhi Tan Kwe



Mulakhu, Nasamana (मुलाखु, नासमना)



Itachhe (इटाछेँ)



Yaalachhe, Byasi (यालाछेँ, ब्यासी)



Bharbacho (भार्वाच्व)

तस्बिर सौजन्य : इतिहासविद् प्राध्यापक हेमन्त शमशेर राणा

## Gorky in America (XII)



# The City of the Yellow Devil

Maxim Gorky




Thus, is born that terrifying beast which bears the stolid name of Mob.

...When someone appears on the street who does not look like everybody else, either because he is dressed differently or because he walks faster than the rest, the Mob watches him, turning its hundreds of heads towards him and probing him with a gimlet eye.

Why does not he dress like everybody else? Suspicious. And what could be making him walk so fast along this street on a day when everyone walks slowly? Strange....

Two young men walk by laughing loudly. The Mob is alerted. What is there to laugh about in a life where everything is so unintelligible, when there is no work to do? Laughter rouses a faint irritation in the beast, inimical to gayety. Several heads turn sullenly and, grumbling, follow with their eyes the gay pair...

But the Mob itself breaks out laughing when it sees a newspaper boy trying to dodge streetcars that are closing in on him from three sides of the square, threatening to crush him. The panic of a man threatened by death is something the Mob understands, and anything it understands in the mysterious bustle of life gives it joy...

There, riding by in his car, is a man known throughout the city, throughout the country even—the Boss, The Mob looks at him with a deep interest, it fuses the stare of its numerous eyes in one ray, illumining the shrivelled, bony, sallow face of the Boss with the dull gleam of its respect.

It is thus that old bears who have been tamed as cubs look at their master. The Mob understands the Boss—he is a power. He is a great man—thousands toil that he may live, thousands! The Mob sees a perfectly clear meaning in the, Boss—the Boss provides work. But there in a streetcar sits a grey-headed man; he has a grim face and stern eyes. The Mob knows who he is, too; he is often described in the newspapers as a maniac who wants to destroy the state, to take away all the factories, railroads, ships—to take away everything The papers call this a mad ridiculous project. The Mob stares at the old man with reproach, with cold condemnation, with scornful curiosity. A madman is always interesting.

The Mob only senses, only sees. It cannot convert its impressions into thoughts; its spirit is numb and its heart blind.

...People walk along, one after another, and this is strange, incomprehensible, inexplicable—where are they going, and why? There is a tremendous number of them, and they differ far more than the pieces of metal, wood and stone, than the coins, fabrics and all the tools with which yesterday the beast worked. This irritates the Mob.

It vaguely feels that there is another life, different from the one it leads, with other ways and habits, a life full of a strange allure....

A suspicion of danger, slowly feeding on this feeling of irritation, scrapes at the blind heart of the beast with its fine needles. The eyes of the beast darken, its thick, formless body grows visibly tense, gripped by an unconscious excitement, it trembles all over People, streetcars, and automobiles flash by.... In the store windows, shiny baubles tease the eye. Their use is obscure, but they attract attention and provoke a desire to possess them....

The Mob is perturbed....

It vaguely feels itself alone in this life, lonely and disclaimed by all these smartly dressed people. It notices how clean are their necks, how slender and white their hands, how smooth and glossy their calm, well-fed faces. It can just picture the food these people gorge themselves with every day. Wonderful tasting food it must be, to give the faces such a sleek look and make the bellies fill out to such globous magnificence. ...

The Mob feels envy stir within itself, insistently tickling its stomach...,

Lovely, graceful women ride by in light, costly carriages. They ratline provocatively on their cushions, their legs stretched out to show their little feet; their faces are like stars, and their beautiful eyes bid the people smile.

"See how lovely we are!" the women mutely call out.

The Mob attentively scrutinizes these women and compares them with its wives. Very bony or too fat, the wives are always greedy and frequently sick. More than anything else their teeth trouble them and their stomachs get upset. And they are always wrangling among themselves.

The Mob sensually strips the women in the carriages of their clothes, paws their breasts and legs. And picturing the nude, well-fed, firm, gleaming bodies of the women, the Mob cannot withhold its admiration and voices it in lusty words which smell of hot, oily sweat, words that are pithy and strong, like the slap of a heavy, dirty hand....

The Mob wants a woman. Its eyes glitter, greedily clutching at the slim, firm bodies of the beauties that flash by Their children, too, are a lovely sight. Their laughter and cries ring in the air. Neatly dressed, healthy children, with straight, slender legs. Rosy-cheeked, high-spirited...

The children of the Mob are sickly and sallow-faced, and their legs, for some reason or other, are bowed. That is very common—bow-legged children. Must be the mothers' fault; they probably do something they shouldn't when giving birth to them....

These comparisons breed envy in the Mob's dark heart.

To its irritation is added hostility, which always flowers out luxuriantly on the fertile soil of envy. The huge black body clumsily moves its limbs, hundreds of eyes meet all they find strange and inexplicable with an intent and prickly stare.

The Mob feels that it has an enemy, a crafty and powerful enemy who is scattered everywhere and therefore elusive. He is somewhere close and yet he is nowhere. He took for himself all the savoury dishes, the beautiful women, the rosy children, the carriages, the bright silk fabrics, and he gives all this away to those he chooses—but not to the Mob. The Mob he despises, disclaims, and sees not, just as it sees not him....

The Mob searches, sniffs; it watches everything. But all is as usual. And though there is much in the life of the streets which is new and strange, it flows on, flits past the Mob, without touching the taut strings of its hostility and its obscure desire to grab someone and crush him.

**(To be continued)**

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या- ८२

## मिति २०८२ जेठ ५ गते, सोमबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छैँ | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई | ऐ |

## निर्णयहरू

### कर्मचारी सम्मान

भक्तपुर नगरपालिका सुशासन समितिको मिति २०८२।२।५ को निर्णय अनुसार देहायबमोजिमका १० जनाउत्कृष्ट कर्मचारीहरू तथा ३० वर्षभन्दा बढी कार्य गरेका ५ जनाकर्मचारीहरूलाई सम्मान गर्ने निर्णय गरियो–

**उत्कृष्ट कर्मचारीहरू**

१. ड्राइभर मनोज छुकां (प्रशासन शाखा)
२. क.अ. राजन बनमाला (योजना तथा प्राविधिक शाखा)
३. व.स.अर्जुन खाइतु (कर उपशाखा)
४. हेल्पर कृष्णप्रसाद त्वायना (श्यानिटेशन उपशाखा)
५. स.म. उर्मिला पोडे (श्यानिटेशन उपशाखा)
६. व.स.श्री विकास प्रजापति (पर्यटन सेवा केन्द्र)
७. शिक्षिका नजरमाया बाटी (शिशु स्याहार केन्द्र)
८. का.स. हिराबहादुर खत्री (३ नं. वडा कार्यालय)
९. ई. विजय जति (नक्सा उपशाखा)
१०. आर्क. रामगोविन्द श्रेष्ठ (सम्पदा उपशाखा)

**३० वर्ष सेवाअवधि पूरा गरेका कर्मचारीहरू**

१. अ. रोशना न्याइच्याई
२. व.स.कृष्ण गोविन्द सुवाल
३. व.स.हरिराम कुसी
४. व.नि. राम सुवाल
५. का.स.श्रीकृष्ण त्वन्जु

### समितिको निर्णय अनुमोदन

विभिन्न समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदानिम्नानुसार गर्ने निर्णय गरियो–

**कृषि समिति**

**मिति २०८२।०२।५**

मिति २०८१।१०।२३ गते मजदुर दैनिकमा प्रथम पटक प्रकाशित प्रस्ताव आह्वान सूचनामा कुनै पनि प्रस्ताव नपरेको र मिति २०८१।११।२६ गते पुन:प्रकाशित सूचना बमोजिम म्यादभित्र पर्न आएको एक मात्र फर्म 'कमलविनायक नगाँचा कृषि समूह' को प्रस्ताव, **कौशी खेती प्रवर्द्धन** कार्यक्रम मूल्याङ्कन समितिबाट उक्त फर्मको प्रस्ताव स्वीकृतिका लागि सिफारिस भई आएकोले सो फर्मलाई कौसी खेती प्रवर्द्धन कार्यक्रममा साझेदार छनौट गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

### विविध

विविधविषयमा छलफल हुँदानिम्नानुसार गर्ने निर्णय गरियो–

क. ख्वप बहु प्राविधिक अध्ययन संस्थानमा अध्यनरत विद्यार्थीहरूबाट २०८२ असारसम्ममा प्राप्त हुने रकम र हाल बाकी रहेको मौज्दात रकम कम भएकोले संस्थानका कर्मचारीहरूलाई २०८२ वैशाख महिनाको तलव भत्ता तथा

पारिश्रमिक भुक्तानी गर्न, नयाँ कार्यक्रमहरूको व्यवस्थापनका लागि आवश्यक खर्चहरू, भुक्तानी दिन बाँकी बक्यौताहरू भुक्तानीलगायत ख्वप अस्पतालसँग लिएको ऋण चुक्ता समेतका लागि नपुग रकम रु.१ करोड ५० लाख अनुदान उपलब्ध गराई पाऊँ भनी परेको निवेदनमा छलफल हुँदा नपुग रकम रु.७५ लाख मात्र **अनुदान उपलब्ध गराउने** निर्णय गरियो ।

ख. भ.न.पा. वडा नं. ८ महेश्वरी पुलदेखि ब्रम्हायणी पुलसम्मको खोला र लर्के खोला सुधार कार्य योजना सञ्चालनगर्न मिति २०८२।२।५गते बसेको बैठकबाट निम्नअनुसार उपभोक्ता समिति र निरीक्षण तथा अनुगमन **समिति गठन** गर्ने निर्णय गरियो–

**उपभोक्ता समिति**

अध्यक्ष : नारायणप्रसाद खाइतु
सचिव : धर्म गुसाई
कोषाध्यक्ष : राज्यश्वरी कोजु
सदस्य : गणेशप्रसाद गलजु
सदस्य :लक्ष्मीप्रसाद न्हुछे
सदस्य : कृष्ण भक्त सांध
सदस्य : धनबहादुर सितिखु
सदस्य : लक्ष्मीकपाली
सदस्य : मैया गाइँजु

**निरीक्षण तथाअनुगमन समिति**

संयोजक : कृष्णप्रसाद कोजु
सदस्यः सुमित्रा बोहजु
सदस्य : रामप्रसाद किसी
सदस्य गोपालबहादुर प्रधान
सदस्य : लक्ष्मीकेशरी पौ (सितिखु)

# बैठक सङ्ख्या– ८३

## मिति २०८२ जेठ २३ गते, शुक्रबार

## निर्णयहरू

### नदी किनारमा क्षेत्र छोड्ने

श्री सम्मानित सर्वोच्च अदालतको संयुक्त इजलासबाट मिति २०८०।९।३ मा भएको आदेश रामकृष्ण काफ्ले विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत भएको उत्प्रेषण परमादेश समेत मुद्दा उपर प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले दर्ता गरेको पुनरावलोकनको निवेदनमा सम्मानित अदालतले पुनरावलोकनको अनुमति प्रदान गरेकोले सोही कार्यालयको च.नं. २७१७ मिति २०८१।८।२७ को पत्र तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १९५ मिति २०८१।९।४ को पत्रानुसार हाल 'नदी किनारमा के कति तटीय क्षेत्र छोड्ने' भन्ने विषय सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको हुँदा उक्त मिति २०८०।९।३ को फैसला मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३१ बमोजिम हाललाई कार्यान्वयन नगरी **साविक बमोजिमको नक्सा** पास प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

### जग्गा प्रयोगमा मन्जुरी

भक्तपुर नगरपालिका वडा नं. ६, देकोचास्थित कित्ता नं. २१५७ को जग्गा (भक्तपुर नगरपालिकाको नाममा दर्ता कायम भएको) यसै नगरपालिकाको पूर्ण स्वामित्व रही सञ्चालनमा रहेको ख्वप कलेजले उपयोग गर्ने गरी भक्तपुर नगरपालिकाबाट निकासा भएको रकमबाट भवन (कि.नं. २१५७ जग्गामध्ये उत्तर र पूर्व भागको ७,२६८.७६ वर्गमिटर अर्थात् १४ रोपनी ४ आना २ पैसा र १.६७ दाम क्षे.फ. जग्गामध्ये ९५४.२३ वर्गमिटर (१०,२६७.५ वर्ग फिट) मा बनेको पाँच तले भवन) निर्माण गरी ख्वप कलेजका शैक्षिक कार्यक्रम तथा कार्यालयहरू सञ्चालन भइरहेकोमा उल्लेखित भवन र क्षेत्रफलको जग्गा ख्वप कलेज सञ्चालन रहेसम्म कलेजले नै प्रयोग गर्न पाउने गरी मन्जुरी दिने निर्णय गरियो ।

### समितिको निर्णय अनुमोदन

समितिको निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

**वातावरण समिति**

**मिति २०८२।०२।२० गते**

विश्व वातावरण दिवसको अवसरमा मिति २०८२ जेठ २२ गते (June 5) भक्तपुर नगरपालिका र चाँगु नारायण नगरपालिकाको संयुक्त आयोजनामा चाँगु नारायण न.पा. वडा नं. ६ र ७ मा पर्ने **खानेपानी मुहान पोखरी परिसरमा सफाइ** कार्यक्रम गर्ने निर्णय गरियो ।

### पर्यटक शुल्क समायोजन

भक्तपुर नगर अवलोकनको लागि आउनु भएका गैर सार्क पर्यटकहरूसँग अमेरिकी डलर १५ वा नेपाली रु. १,८००।- प्रवेश शुल्क सङ्कलन गरी आएकोमा हाल अमेरिकी डलर १ बराबर नेपाली रु. १३६.३० विनिमय दर कायम भएकोले अमेरिकी डलर १५ बराबर रु.२०४४.५ हुन आएको छ । हालका विनिमय दरलाई समायोजन गरी २०८२ श्रावण १ गतेदेखि लागू हुने गरी अमेरिकी डलर १५ वा नेपाली रु. २०००।- **प्रवेश शुल्क कायम** गर्ने निर्णय गरियो ।

## युवा तथा खेलकुदसमिति

**मिति २०८२।०१।२८ गते**

भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नु भएका वर्षको उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा वर्षको उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री, निर्णायक र प्रशिक्षक प्रशिक्षण कोर्ष उत्तीर्ण प्रशिक्षकहरूलाई सम्मान कार्यक्रमको लागि खेलाडी छनौट गर्न तपसिल अनुसार रहने गरी **खेलाडी छनौट समिति** गठन गर्ने निर्णय गरियो–

**तपसिल**

संयोजक : श्री श्यामकृष्ण खत्री
सदस्य : श्री उपेन्द्र सुवाल
सदस्य : श्री उकेश कवां
सदस्य : श्री रामसुन्दर बासी
सदस्य : श्री रविन्द्र खर्बुजा
सदस्य : श्री विनोदचरण राय
सदस्य : श्री विनोद प्रजापति
सदस्य : श्री प्रकाशमोहन धौभडेल
सदस्य सचिव : श्री कृष्णगोविन्द सुवाल

**मिति २०८२।०२।७ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नु भएका वर्षको उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा वर्षको उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री, निर्णायक र प्रशिक्षक प्रशिक्षण कोर्ष उत्तीर्ण प्रशिक्षकहरूलाई **सम्मान कार्यक्रम** गर्ने निर्णय गरियो।
२. भक्तपुर नगरपालिका वडा नं. १देखि १० वडाको विभिन्न स्थानहरूमा सञ्चालन गरिरहेको शारीरिक **व्यायाम सामग्रीहरू मर्मत** गर्ने निर्णय गरियो।
३. भक्तपुर नगरपालिकाद्वारा नियमित रूपमा प्रशिक्षण सञ्चालन गरिरहेको जिम्नाष्टिक प्रशिक्षणमा थप १ जना **सहायक प्रशिक्षकको** व्यवस्था गर्ने निर्णय गरियो।

## निर्माण समिति

**मिति २०८२।२।२० गते**

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रिल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | Rain water Pipeजडान कार्य, कम्पोष्ट प्लान, लर्के | ८ | मर्मत | ७६,७३९।१७ | | | | | | | | |
| २ | कमलविनायक पोखरीमा सीसीटीभी सर्भिलेन्सको लागि फ्लोड लाइट जडान कार्य | १० | मर्मत | ९६,६६०।०० | | | | | | | | |
| ३ | सीसीटीभी मर्मत सम्भार कार्य, टौमढी/तेका पुखू र दरबार क्षेत्र/इटाछें सडकमा | १-९ | मर्मत | २५८,१७३।७० | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ख) रि.ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भेलुखेलमा पार्किङ पूर्वाधार निर्माण कार्य | ५ | पार्किङ्ग पूर्वाधार (नपा) | ५,२१३,०७०।४२ | ५,४७३,०६५।८९ | | | | | | | |
| २ | सीसीटीभी मर्मत सम्भार कार्य, दरबार क्षेत्र र भार्वाचो/दत्तात्रय सडकमा | १, ३, ४, ५, ७, ९ | मर्मत | १७५,५७०।०० | २१५,९५१।१० | | | | | | | |
| ३ | इटापाके पाटी पुन:निर्माण कार्य | २ | नपा | १,४६२,७७९।२९ | १,९५१,२१३।२९ | | | | | | | |
| ग) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | महादेव बगैंचाको सार्वजनिक जग्गा संरक्षण गर्न पर्खाल निर्माण र ढुङ्गा छपाइ कार्य | ६ | मर्मत | ६३८,५९६।७२ | | | उ.स.अ. : श्री सुनिल सुवाल अ.स.स. : श्री हरिराम सुवाल | | | | | |
| २ | याछेँ पाटीको छाना मर्मत कार्य | ६ | मर्मत | १७६,४२२।९० | | | उ.स.अ. : श्री बलराम नापित अ.स.स. : श्री सिद्धिराम अवाल | | | | | |
| घ) पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | तारा लाँ बाटो स्तरोन्नती कार्य ( ठेक्का नं. bktmun/NCB/works/03/081/82_ | १ | बागमति प्रदेश समपूरक र नपा बजेट | ल.ई. रकम २,३४,११,८६०।२४ | कबोल अंक १,४०,०७,८३२।४९ | प्रथम रनिङ्ग बिल | ३,९५२,९३९।६३ | ३,९५२,९३९।६३ | ३,९५२,९३९।६३ | आंशिक सम्पन्न | Iskra/Abhiyanta J.V., Koteshwor, Kathmandu | दोस्रो रनिङ्ग बिल रू. ३२,५६,३२९।३४ भुक्तानी दिने |
| | | | | | | दोस्रो रनिङ्ग बिल | ३,२५६,३२९।३४ | ३,२५६,३२९।३४ | ३,२५६,३२९।३४ | | | |
| | | | | | | जम्मा | ७,२०९,२६८।९७ | ७,२०९,२६८।९७ | ७,२०९,२६८।९७ | | | |
| २ | नगरका विभिन्न सडकहरूको स्तरोन्नती कार्य | ४, ६, ८ र १० | सडक स्तरोन्नी | ल.ई. रकम १,८४,९८,५३२।८९ | कबोल रकम १,२७,४३,६७२।८ | प्रथम रनिङ्ग बिल | २,३८०,७५४।७२ | २,३८०,७५४।७२ | २,३८०,७५४।७२ | आंशिक सम्पन्न | Standard Asphalt and Construction Company Pvt. Ltd., Liwali, Bhaktapur | दोस्रो रनिङ्ग बिल रू. ५५,३४,२०६।९ भुक्तानी दिने |
| | | | | | | दोस्रो रनिङ्ग बिल | ५,५३४,२०६।९० | ५,५३४,२०६।९० | ५,५३४,२०६।९० | | | |
| | | | | | | जम्मा | ७,९१४,९६१।६२ | ७,९१४,९६१।६२ | ७,९१४,९६१।६२ | | | |
| ३ | हाडा छेँ पुन:निर्माण कार्य (अन्तिम चरण) | ४ | नपा | ५,९७०,३९९।४२ | | २,०००,०००।०० | २,४५१,३२७।५० | ४५१,३२७।५० | २,८५२,७६८।५५ | आंशिक सम्पन्न | कृष्ण गोबिन्द दुवाल | |
| ४ | सलाँ गणेश मन्दिर पछाडिको पाटी पुन:निर्माण कार्य | ९ | नपा | २,७७०,६५३।५६ | | ६५०,०००।०० | १,०८२,८२४।६७ | ४३२,८२४।६७ | १,१६१,३२१।५७ | आंशिक सम्पन्न | जगत लाल मानन्धर | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | भेलुखेलमा पार्किङ पूर्वाधार निर्माण कार्य | ५ | पार्किङ्ग पूर्वाधार (नपा) | ५,४७३,०६५।८९ | | १,५००,०००।०० | १,९२७,७५२।०० | ४२७,७५२।०० | २,१२१,३५०।९० | सम्पन्न | राम प्रसाद फसिकवा | |
| ६ | वासिक टोल बाटोमा ढुङ्गा छपाइ मर्मत कार्य | ३ | सडक बोर्ड नेपाल र नपा | १,२८३,५९४।४७ | | ३८०,०००।०० | १,२८०,१४३।११ | ९००,१४३।११ | १,६७९,४१०।७० | सम्पन्न | राजा राम स्वनपा | |
| ७ | इटापाके पाटी पुन:निर्माण कार्य | २ | नपा | १,९५१,२१३।२९ | प्रथम रनिङ्ग बिल | ५००,०००।०० | ७६८,६९४।७० | २६८,६९४।७० | ९४४,४७६।६७ | सम्पन्न | साहिँला वैद्य | दोस्रो पेश्की फछ्र्यौट गरी रू. २,४३,८३९।०० भुक्तानी दिने |
| | | | | | दोस्रो रनिङ्ग बिल | ७००,०००।०० | ९४३,८३९।०० | २४३,८३९।०० | १,२०९,२६२।३३ | | | |
| | | | | | जम्मा | | १,७१२,५३३।७० | ५१२,५३३।७० | २,१५३,७३९।०० | | | |
| ८ | वन्ती पाटीको छाना मर्मत कार्य | ६ | मर्मत | १९७,५८७।८२ | | ६५,०००।०० | १४९,५८५।६८ | ८४,५८५।६८ | १९९,८१४।७२ | सम्पन्न | सर्मिला मानन्धर | |
| ९ | भनपाका विभिन्न स्थानहरूमा विद्युतीय मर्मत तथा सडक बत्ती जडान तथा मर्मत (वैशाख महिनाको) | १-१० | मर्मत | ८४,१०२।६६ | | | ४१,४००।०० (ज्याला मात्र) | ४१,४००।०० (ज्याला मात्र) | ७९,६१२।७५ | सम्पन्न | अमानत (जयराम प्रजापति) | सामान सम्बन्धी वडाबाट प्राप्त भएकोले रू. ४१,४००।- ज्याला मात्र भुक्तानी गर्ने |
| १० | सडक बत्ती जडान कार्य (लिबाली आवस क्षेत्र) को पूर्वतर्फको दुई वटा बाटोमा | ८ | मर्मत | ७८३,८३९।११ | | १९०,०००।०० | ७३०,७००।२८ | ५४०,७००।२८ | ९४३,५२७।९५ | सम्पन्न | न्हुछेराम सैजू | |

मिति २०८२/०२/२२ गते

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | तारा लाँ बाटोको दुवैतर्फ खानेपानी पाइप लाइन जडान कार्य | १ | वागमती प्रदेश समपूरक र नपा बजेट | ४२६,६१३।५१ | | | | | | | | सो ठेक्काको कन्टिजेन्सी रकमबाट भुक्तानी गर्ने |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | तारा लाँ बाटोमा रहेका विद्युतीय पोलहरू स्थानान्तरण कार्य | १ | बागमती प्रदेश समपूरक र नपा बजेट | १३७,२० ७५६ | | | | | | | | खर्च भएको रकमको ३० प्रतिशत विद्युत् प्राधिकरणबाट व्यहोर्ने र ७० प्रतिशत नपाबाट व्यहोर्ने उक्त खर्च सो ठेक्काको कन्टिजेन्सी रकमबाट भुक्तानी गर्ने । |
| ३ | इटापाके पाटी पुन:निर्माण कार्य (अन्तिम चरण) | २ | नपा | २,२३८, ९२१।७२ | | | | | | | | |
| ४ | फोहोरमैला प्रशोधन केन्द्रको टहरा निर्माण कार्य | २ | नपा | ३,१७३,१ ५२।९८ | | | | | | | | |
| ख) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | इटापाके पाटी पुन:निर्माण कार्य ( अन्तिम चरण) | २ | नपा | २,२३८, ९२१।७२ | | | उ.स.अ. : श्री साहिँला वैद्य अ.स.स. : श्री श्यामसुन्दर मातां | | | | | |
| ग) पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | शितभण्डारण गृह भवन निर्माण कार्य तेस्रो चरण (ठेक्का नं. bktmun/NCB/works/03/081/82_ | ८ | सङ्घीय समपूरक अनुदान | ल.ई. रकम ३,९८,३ ४,३३२। २९ | कबोल अंक ३,७२,८७,१ ७३।१३ | | ७,२५७, ९५७।५ ० | ७,२५७,९ ५७।५० | ७,२५७, ९५७।५ ० | आंशिक सम्पन्न | Buildcon Design and Developers Pvt. Ltd., Bharatpur -9, Chitwan | |
| २ | न्याकी दह नारायण मन्दिर पुन:निर्माण कार्य | ८ | नपा | ५,०१९, ७९१।४३ | | ६५०,००० ।०० | १,२२४, ९११।५० | ५७४,९१ १।५० | १,२७२, ८४८।६ ८ | आंशिक सम्पन्न | कृष्ण सागर बासी | |
| ३ | भनपाका विभिन्न स्थानमा नियमित मर्मत सम्भार कार्य (वैशाख महिनाको) | १-१ ० | मर्मत | ज्याला ९०,६५ ९।८५ | | | ज्याला ८४,६० ०।०० | ज्याला ८४,६०० ।०० | ज्याला ८८,३० १।५५ | सम्पन्न | (राधेश्याम भैनात्व) अमानत | जिन्सी शाखाबाट प्राप्त पुरानो निर्माण सामाग्री प्रयोग भएको |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

आ.व. २०८१/०८२ को ख्वप अस्पताल सञ्चालनको लागि विनियोजित रकममध्ये रु. २ करोड **बजेट निकासा** दिने निर्णय गरियो ।

# बैठक सङ्ख्या– ८४

## मिति २०८२ असार १ गते, आइतबार

## निर्णयहरू

### नगरसभा

भक्तपुर नगरपालिकाको १८ औं नगर सभाको उद्घाटन समारोह प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधि सभा सदस्य माननीय श्री प्रेम सुवालको प्रमुख आतिथ्यमा मिति २०८२।०३।०६ गते शुक्रबार बिहान ख्वप इन्जिनियरिङ्ग कलेजमा गर्ने निर्णय गरियो ।

### समितिको निर्णय अनुमोदन

विभिन्न समितिको निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

### निर्माण समिति

**मिति २०८२/०२/२९ गते**

### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

**मिति २०८२।०२।२८ गते**

१. यस नगरपालिकास्थित विभिन्न विद्यालयहरूमा पदस्थापन भएका नवप्रवेशी शिक्षकहरूलाई यही मिति २०८२ जेठ ३० गतेदेखि असार २ गतेसम्म चार दिनको **तालिम** वागीश्वरी कलेजमा सञ्चालन गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार केन्द्रमा रहेका बालबालिकाहरूलाई यही २०८२ असार १ गतेदेखि असार १० गतेसम्म **स्वास्थ्य परीक्षण** गराउने र आवश्यक खर्च नगरपालिकाबाट व्यवस्था गर्ने निर्णय गरियो ।

### महिला बालबालिका तथा समाज कल्याणसमिति

**मिति २०८२।०१।१९ गते**

बाल अदालत, भक्तपुरको मिति २०८२।०१। को प.सं. ०८१/०८२, च.नं. २१ अनुसार भक्तपुर नगरपालिकाको निम्ति बाल मनोविज्ञ तथा समाजसेवीको सूची तयार गर्न आवश्यक भएकोले 'मजदुर' दैनिक पत्रिकामा २१ दिने **सूचना प्रकाशन** गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई. रकम | रिल.ई. /कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | सिद्धपोखरीमा पार्किङ काउन्टर निर्माण कार्य | १ | मर्मत | १६१,३११। ४९ | | | | | | | | |
| २ | सीसीटीभी सर्भिलेन्स जडान कार्य ( लक्ष्मीनरसिंह मन्दिर र जिल्ला प्रहरी परिसरबाट भनपा कार्यालयसम्म) | नपा | सीसीटी भी मर्मत | १६७,३१० ।६३ | | | | | | | | |
| ३ | सीसीटीभी सर्भिलेन्स मर्मत कार्य ( ब्रम्हायणी, देकोचालगायतका स्थानमा) | ६, ९, १० | सीसीटी भी मर्मत | १०२,०१ ०।७५ | | | | | | | | |
| ४ | विद्युतीकरण मर्मत सम्भार कार्य ( सार्वजनिक शौचालय, रामन्दिर) | ४ | मर्मत | ९६,६७५। २३ | | | | | | | | |
| ख) | रि. ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | सलाँ गणेश पोखरी जिर्णोद्धार | ९ | नपा | ५,४१९,१ १२।४४ | ४,६८५, १०९।३० | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ग) | भेरिएशन स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | खँचा पुखू स्वास्थ्य चौकी निर्माण कार्य (तेस्रो चरण) (ठेक्का नं. bktmun/NCB/works/01/080/81) | ७ | वाग्मती प्रदेश विशेष बजेट नपा | सुरू ल.ई. : १,४२,४६,१६१।८७ | भेरिएसन भएपछिको ल.ई. १,४८,९६,७३३.४८ | सुरू कबोल अङ्क ९१,३१,२६२।६३ | भेरिएसन भएपछिको कबोल अङ्क ९५,२५,००४.३८ | | | | | |
| घ) | उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | सडक बत्ती जडान कार्य, ( सूर्यविनायकदेखि जगातीसम्म) | ३, ४, ५ ७ | मर्मत | ४६४,९८०।७२ | | | उ.स.अ. : श्री सानुकाजी चिकंबन्जार अ.स.स. : श्री नारायणप्रसाद त्वानाबासु | | | | | |
| ङ) | पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | |
| १ | पुरानो जगाति पुल निर्माण (डिपिआर सहित), भ.न.पा. वडा नं. ८ | ८ | सङ्घीय सरकार सशर्त | ५,३४४,०१८।१८ | | १,६५०,०००।०० | २,०७५,६२२।४२ | ४२५,६२२।४२ | २,२८४,५३०।३२ | आंशिक सम्पन्न | बालगोपाल बन्द तचामो | |
| २ | सलाँ गणेश पोखरी जिर्णोद्धार | ९ | नपा | ४,६८५,१०९।३० | | ६५०,०००।०० | १,०८२,५८३।०० | ४३२,५८३।०० | १,२७४,५४९।३० | आंशिक सम्पन्न | श्यामकृष्ण लवजु | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. उपरोक्त सम्बन्धमा नारायणमान बिजुक्छेँ समेतको निवेदनले यस कार्यालयको नाउँमा दान बकस पाएको भ.न.पा. वडा नं. ७ कि.नं. ७५४ क्षे.फ. ०–१–२–१ र ऐ. वडा नं. ८ कि.नं. ३६३ क्षे.फ. ०–१–०–१ (हाल परिवर्तित ऐ. वडा नं. ५) कित्ता २ मा बनेको निजी गुठी घर समेत यस कार्यालयको नाउँमा दा.खा. गर्न यस नगर कार्यपालिकाको मिति २०७९।७।३ को निर्णय अनुसार दा.खा. गर्न उपरोक्त कित्ताहरू दा.खा. गर्न यस कार्यालयको प.सं. ९२२ च.नं. १२७७ मिति २०७९।८।२५ को पत्र श्री भूमि सुधार तथा मालपोत कार्यालय भक्तपुरको नाउँमा जारी भई दा.खा. कार्यबाहीको क्रममा रही सार्वजनिक सूचना 'गोरखापत्र' दैनिकमा हकदाबी सार्वजनिक सूचना प्रकाशित गर्ने लगायतका कार्य सम्पन्न भएपछि दा.खा. निर्देशनको लागि पेश हुँदा भूमि व्यवस्थापन तथा अभिलेख विभागको च.नं. २५१९ मिति २०८०।१२।१३ को पत्रबाट सर्वोच्च अदालतको मिति २०६४।१०।१० को फैसला समेतको आधारमा नामसारी बाहेक अन्य प्रयोजनबाट निजी गुठीको जग्गा हक हस्तान्तरण गर्न नमिल्ने भनी लेखी आएको र कि.नं. ७५४ को हकमा निजी जग्गाधनीको शेषपछि अपुताली नामसारी भएपछि मात्र दानपत्रको प्रक्रियामा प्रवेश गर्न सकिने हुँदा हाललाई मोठ श्रेस्तामा कार्यबाहीको व्यहोरा जनाई दायरी लगत कट्टा गरी मिसिल तामेलीमा बुझाई दिनू भनी मिति २०८१।२।१६ गते आदेश भएको र सो आदेश बमोजिम यस कार्यालयको नाउँमा लिखित जानकारी प्राप्त नहुँदा यस कार्यालयको प.सं. १३७, च.नं. ४०२४ मिति २०८२।२।५ गतेको पत्रबाट तामेली आदेशको प्रतिलिपि सहित जग्गाधनी प्रमाण पुर्जा फिर्ता पठाई दिने सम्बन्धमा पत्राचार हुँदा उक्त कार्यालयको च.नं. १८०२६ मिति २०८२।२।२० गतेको पत्र साथ उपरोक्त तामेली आदेशसहित सक्कल जग्गाधनी पूर्जा फिर्ता प्राप्त भएको हुँदा जानकारी एवं आवश्यक निर्देशनको लागि कानून अधिकृत श्री राजकुमार त्वायनाद्वारा प्रस्तुत प्रतिवेदनमा छलफल हुँदा यसमा **नामसारी गरी हक हस्तान्तरण** गर्न मिल्ने कित्ता जग्गाको हकमा आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

ख. चालु आ.व. २०८१/०८२ का लागि यस नगरपालिकाका प्रत्येक वडाहरूमा वडास्तरीय योजनाहरू सञ्चालन गर्न वडास्तरीय बजेट विनियोजन भएकोमा सो बजेट अपुग भएकोले यस नगरपालिकाका प्रत्येक वडाहरूको लागि रु.१०,००,०००।– गरी जम्मा रु. १,००,००,०००।– (अक्षरूपी एक करोड रूपैयाँ) **बजेट रकमान्तरण** गर्ने निर्णय गरियो ।

# बैठक सङ्ख्या- ८५

## मिति २०८२ असार ५ गते, बिहीबार

## निर्णयहरू

### १८ औं नगरसभा

१. भक्तपुर नगरपालिकाको आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम स्वीकृत गरी अठारौं नगर सभाको बैठकमा पेश गर्ने निर्णय गरियो।

२. यस नगरपालिकाको आ.व. २०८२/०८३ को अनुमानितआय र व्यय सम्बन्धीविवरणसहितको बजेटको हालसम्मको तयारीबारे छलफल गरियो।

### समितिको निर्णय अनुमोदन

विभिन्न समितिको निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदानिम्नानुसार गर्ने निर्णय गरियो–

### निर्माण समिति

**मिति २०८२/०३/०४ गते**

| क्र.सं. | योजनाकाविवरण | वडा नं. | बजेट शीर्षक | ल.ई. रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | फाउन्टेनको वाटर पम्प केबुल अण्डरग्राउण्ड कार्य (रानीपोखरीको पश्चिमतर्फ) | १ | मर्मत | ९३,५५०।१० | | | | | | | | |
| २ | न.पा.भवनको लिफ्ट मर्मत सम्भार कार्य | नपा | मर्मत | ७२०,९४०।०० | | | | | | | | |
| ख) पेश्की फछ्र्यौट तथाभुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | लायकू पाहाछैं पुन:निर्माण | ३ | नपा | ३,०६५,८३७।५९ | | १,०००,०००।०० | १,२२६,७९७।०० | २२६,७९७।०० | १,५२६,७९७।७५ | आंशिक सम्पन्न | रामहरि गोरा | |
| २ | नपलीपाटीमा छानामर्मत कार्य | १ | मर्मत | ३२०,४१०।८८ | | १००,०००।०० | १५६,४३२।०० | ५६,४३२।०० | २०८,६०८।०० | सम्पन्न | भोजराज बस्नेत | |
| ३ | राममन्दिरमाअवस्थितशौचालयको झ्यालतथाखापा मर्मत कार्य | ४ | मर्मत | ९७,८९६।९१ | | | ९६,८३३।८० | ९६,८३३।८० | १०४,८७३।३७ | सम्पन्न | कपिलदुवाल (अमानत) | |
| ४ | भक्तपुर नपाकार्यालयको सभाहल र बैठक कक्षमा रंगरोगनकार्य | २ | मर्मत | ४८,४४४।३३ | | | ४७,२००।९५ | ४७,२००।९५ | ४९,४९३।९२ | सम्पन्न | कृष्णहरि लागेजु (अमानत) | |

## बैठक सङ्ख्या- ८६

## मिति २०८२ असार ८ गते, आइतबार

### निर्णयहरू

### अनुमानित बजेट

भक्तपुर नगरपालिकाको आ.व. २०८२।०८३ को अनुमानित आम्दानी खर्चका विवरणसहितको रु. २ अर्ब ४७ करोड ३१ लाख ११ हजारको बजेट स्वीकृत गरी नगर सभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

### आर्थिक विधेयक

स्थानीय राजस्व परामर्श समिति तथा बजेट तर्जुमा समितिबाट निर्णय भै अन्य कर दस्तुर साविककै रहने गरी भक्तपुर नगरपालिकाको आर्थिक ऐन, २०८१ मा तपसिल अनुसारको कर दस्तुरको दर तथा दायरामा संशोधन प्रस्ताव पेश गरी पेश भएको भक्तपुर नगरपालिकाको आर्थिक विधेयक, २०८२ स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो :

भक्तपुर नगरपालिका
आ.व.२०८२/०८३ को लागि प्रस्तावित कर दस्तुरको दर तथा दायरा

साविकको भक्तपुर नगरपालिकाको आर्थिक ऐन २०८१ मा व्यवस्था भएको कर तथा शुल्कहरूको दर तथा दायरामा आ.व.२०८२/०८३ को लागि निम्नअनुसार संसोधन तथा थप गरी भक्तपुर नगरपालिकाको आर्थिक विधेयक २०८२ मा संसोधन प्रस्ताव गरिएको । उल्लिखित संसोधन बाहेक साविककै कर दस्तुर प्रस्ताव गरिएको ।

१. निम्नानुसार नयाँ शिर्षक थप गर्ने प्रस्ताव-

| क.सं. | शिर्षक । श्रेणी | साविक दर(रु) | प्रस्तावित दर(रु) | पुष्ट्याईं (परिवर्तन । थप गर्नुपर्ने कारण) |
|---|---|---|---|---|
| १. | विद्युतीय सवारी चार्जिङ स्टेशन वार्षिक कर | | रु. १२,०००। | नयाँ शीर्षक थप गर्नुपर्ने |
| २. | व्यवसायिक कम्पनी(कम्पनी रजिष्टर्ड कार्यालयमा दर्ता भएको तथा आर्थिक ऐनमा शीर्षक नखुलेको) वार्षिक कर | | क. वर्ग २०,०००।- (रु. ५ करोडभन्दा बढी चुक्ता पूँजी भएको)<br>ख. वर्ग १५,०००।- (रु. १ करोडभन्दा बढी रु. ५ करोडसम्म चुक्ता पूँजी भएको)<br>ग. वर्ग १०,०००।- (रु. ५० लाखभन्दा बढी रु. १ करोडसम्म चुक्ता पूँजी भएको)<br>घ. वर्ग ५,०००।- (रु. ५० लाख सम्म चुक्ता पूँजी भएको) | नयाँ शीर्षक थप गर्नुपर्ने |
| ३. | रिसाइक्लिङ व्यवसाय (नकुहिने फोहोर तथा सामान) | | क. वर्ग १५,०००।-<br>ख. वर्ग १०,०००।- | नयाँ शीर्षक थप गर्नुपर्ने |
| ४. | हर्बल तथा जडिबुटी सामान बिक्री गर्ने व्यवसाय | | क वर्ग ५,०००।-<br>ख वर्ग ३,०००।- | नयाँ शीर्षक थप गर्नुपर्ने |
| ५. | खेलकुद सामग्री (व्यायाम लगायत) निर्माण गर्ने व्यवसाय | | क वर्ग ७,०००।-<br>ख वर्ग ३,०००।- | नयाँ शीर्षक थप गर्नुपर्ने |
| ६ | कापी उद्योग वार्षिक कर | | क वर्ग ५,०००।-<br>ख वर्ग ३,०००।- | नयाँ शीर्षक थप गर्नुपर्ने |
| ७. | नेपाली तथा हाते कागज उद्योग | | क वर्ग ५,०००।-<br>ख वर्ग ३,०००।- | नयाँ शीर्षक थप गर्नुपर्ने |
| ८. | घरभाडा खोजी तथा व्यवस्थापन गर्ने व्यवसाय वार्षिक कर | | क वर्ग ५,०००।-<br>ख वर्ग ३,०००।- | नयाँ शीर्षक थप गर्नुपर्ने |
| ९ | स्केटिङ व्यवसाय वार्षिक कर | | क वर्ग ५,०००।-<br>ख वर्ग ३,०००।- | नयाँ शीर्षक थप गर्नुपर्ने |
| १०. | तयारी पोशाक तथा गहना भाडामा दिने | | क वर्ग ५,०००।-<br>ख बर्ग ३,०००।- | नयाँ शीर्षक थप गर्नुपर्ने |
| ११. | नगरपालिकाले घुम्ती शौचालय भाडामा दिंदा लाग्ने शुल्क(प्रतिदिन) | | नगरभित्र रु. १०,०००।-<br>नगर बाहिर रु. १२,०००।- | नयाँ शीर्षक थप गर्नुपर्ने |
| १२. | गलैंचा तथा कार्पेट वासिङ व्यवसाय वार्षिक | | क वर्ग ७,०००।-<br>ख वर्ग ५,०००।- | नयाँ शीर्षक थप गर्नुपर्ने |
| १३. | भन्सार एजेन्ट तथा एजेन्ट सर्भिस | | क वर्ग १०,०००।-<br>ख वर्ग ५,०००।- | नयाँ शीर्षक थप गर्नुपर्ने |
| १४. | बाजा समूह । दाफा भजन । सांस्कृतिक समूह वार्षिक शुल्क | | रु. ५,००।- | नयाँ शीर्षक थप गर्नुपर्ने |
| १५. | क्रेन भाडा प्रतिघण्टा(तेल बाहेक) | | रु. ३,०००।- | नयाँ शीर्षक थप गर्नुपर्ने |
| १६ | रोलर भाडा प्रतिघण्टा(तेल बाहेक) | | रु.१,५००।- | नयाँ शीर्षक थप गर्नुपर्ने |

## २. साविक दरमा निम्नानुसार संसोधन प्रस्ताव गरिएको-

| क.सं. | मुख्य शिर्षक | साविक<br>दर(रु) | प्रस्तावित<br>दर(रु) | पुष्ट्याइँ,। परिवर्तन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | सम्पत्ति कर<br>(घर । जग्गा) | रु. १० लाख सम्मको मूल्याङ्कनमा रु. २००।<br>त्यसपछिको थप रु. २० लाखसम्म रु. ३००।<br>त्यसपछिको थप रु. २० लाखसम्म रु. ५००।<br>त्यसपछिको थप रु. ५० लाखसम्म रु. १,०००।<br>त्यसपछिको थप रु. १ करोड सम्म ०.१५%<br>त्यसपछिको थप रु. १ करोड सम्म ०.२०%<br>त्यसपछिको थप रु. १ करोड सम्म ०.३०%<br>त्यसपछिको जतिसुकै रुपैयां थप भएपनि ०.६०% | रु. १० लाख सम्मको मूल्याङ्कनमा रु. २००।<br>त्यसपछिको थप रु. २० लाखसम्म रु. ३००।<br>त्यसपछिको थप रु. २० लाखसम्म रु. ५००।<br>त्यसपछिको थप रु. ५० लाखसम्म रु. १,०००।<br>त्यसपछिको थप रु. १ करोड सम्म ०.१५%<br>त्यसपछिको थप रु. १ करोड सम्म ०.२०%<br>त्यसपछिको थप रु. १ करोड सम्म ०.२५%<br>त्यसपछिको थप रु. १ करोड सम्म ०.३५%<br>त्यसपछिको जतिसुकै रुपैया थप भएपनि ०.४५% | वर्ग वृद्धि गरी करदातालाई सहुलियत प्रदान गर्न आवश्यक देखिएकोले |
| २. | सेवा शुल्क,दस्तुर | क) नक्सा पास दस्तुर<br>पक्की घर(आरसिसि,स्टिल तथा आइविएम स्ट्रक्चर) प्रतिवर्गफिट निम्नानुसार शुल्क लिने:<br>१००० वर्गफिट सम्मको क्षेत्रफलको लागि रु. ५<br>१००० देखि २००० वर्गफिट सम्मको लागि रु. १०<br>२००० वर्गफिट भन्दामाथिको क्षेत्रफलको लागि रु. १५ | क) नक्सा पास दस्तुर<br>पक्की घर(आरसिसि,स्टिल तथा आइविएम स्ट्रक्चर) प्रतिवर्गफिट निम्नानुसार शुल्क लिने:<br>१००० वर्गफिट सम्मको क्षेत्रफलको लागि रु. ५<br>१००० देखि २००० वर्गफिट सम्मको लागि रु. १०<br>२००० देखि ५००० व.फि सम्मको लागि रु. १५<br>५००० वर्गफिट भन्दा माथिको क्षेत्रफलको लागि रु २० | वर्ग वृद्धि गर्न आवश्यक देखिएकोले |
| | सेवा शुल्क,दस्तुर | ख) धारा वा ढल निकासको लागि बाटो खन्दा लाग्ने शुल्क:<br>पिच बाटो प्रति व.मि.रु ६,०००।<br>ढुङ्गा । ब्लक बिछ्याइएको बाटो-प्रति .मि.२,५००।,<br>ईँटा छापिएको बाटो प्रति वर्ग मिटर २,२५०।,<br>अन्य ग्रावेल । माटो बाटो प्रति वर्गमिटर रु. १,०००। | ख) धारा वा ढल निकासको लागि बाटो खन्दा लाग्ने शुल्क::<br>पिच बाटो प्रति व.मि.रु ६,०००।<br>ढुङ्गा । ब्लक बिछ्याइएको बाटो-प्रति व.मि.२,५००।,<br>ईँटा छापिएको बाटो प्रति वर्ग मिटर २,२५०।,<br>अन्य ग्रावेल । माटो बाटो प्रति वर्गमिटर रु ५००। | नगरवासीहरूलाई कर दस्तुरमा सहुलियत प्रदान गर्न । |
| | सेवा शुल्क,दस्तुर | ग) निजी प्लानिङ सम्बन्धमा ६ रोपनी भन्दा कम क्षेत्रफलमा जग्गा विकास गरेको अवस्थामा योजना क्षेत्रको जग्गाको सरकारी मुल्याङ्कनको ३(तीन) गुणा मूल्य तोकी सो योजना क्षेत्रको ५ प्रतिशत जग्गा बराबरको रकम नगरपालिकाले व्यवस्था गरेको खुला क्षेत्र व्यवस्थापन कोषमा दाखिला गर्नुपर्नेछ । | ग) निजी प्लानिङ सम्बन्धमा ६ रोपनी भन्दा कम क्षेत्रफलमा जग्गा विकास गरेको अवस्थामा योजना क्षेत्रको जग्गाको सरकारी मुल्याङ्कनले हुन आउने सो योजना क्षेत्रको ५ प्रतिशत जग्गा बराबरको रकम नगरपालिकाले व्यवस्था गरेको खुला क्षेत्र व्यवस्थापन कोषमा दाखिला गर्नुपर्नेछ । | नगरवासीहरूलाई कर दस्तुरमा सहुलियत प्रदान गर्न । |
| | सेवा शुल्क,दस्तुर | घ) सल्लाघारीस्थित १०८ रोपनी चौर लगायत सार्वजनिक स्थानमा ड्राइभिङ सिक्ने सिकाउने लाई लाग्ने कर<br>क) दुई पाङ्ग्रे सवारी साधन(मोटर साइकल,स्कुटर आदि) प्रतिदिन रु. १०० ।<br>ख) चार पाङ्ग्रे सवारी साधन(कार । भ्यान आदि) प्रतिदिन रु. ३००। | घ)सल्लाघारीस्थित १०८ रोपनी चौर लगायत सार्वजनिक स्थानमा ड्राइभिङ सिक्ने सिकाउने लाई<br>क) दुई पाङ्ग्रे सवारी साधन(मोटर साइकल,स्कुटर आदि) प्रतिदिन रु. १०० ।<br>ख) चार पाङ्ग्रे सवारी साधन(कार । भ्यान आदि) प्रतिदिन रु. ३००।<br>ग) चार पाङ्ग्रे भन्दा बढी १० पाङ्ग्रे सम्मका सवारी साधन प्रतिदिन रु. १,०००।<br>घ) दस पाङ्ग्रे भन्दा माथिको सवारी साधनको हकमा प्रतिदिन रु. ३,०००। | चार पाङ्ग्रे भन्दा माथिकाको हकमा थप व्यवस्था गर्नुपर्ने भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| ३. | विज्ञापन कर | क। न:पुखू, भाजु पुखू, कमलपोखरी लगायत न.पा. क्षेत्रभित्र व्यवसायिक कार्यक्रम तथा मेला सञ्चालन गर्दा रु. २,५००। देखि रु. १५,०००। सम्म | क । न:पुखू, भाजु पुखू, कमलपोखरी लगायत न.पा.क्षेत्रभित्र व्यवसायिक कार्यक्रम तथा मेला सञ्चालन गर्दा रु. १०,०००। देखि रु ४०,०००। सम्म | समय सापेक्ष वृद्धि गर्न आवश्यक देखिएकोले । |
| ४. | पर्यटन शुल्क | गैर सार्क मुलुकका लागि प्रतिव्यक्ति ने.रु. १,८००। वा १५ अमेरिकी डलर लिने । | गैर सार्क मुलुकका लागि प्रतिव्यक्ति ने.रु. २,०००। वा १५ अमेरिकी डलर लिने । | अमेरिकी डलर को सतही दर समय सापेक्ष समायोजन गर्न । |

३. यस नगरपालिकाको विनियोजित विधेयक सम्बन्धमा आगामी आ.व. २०८२/०८३ को लागि बजेटको सीमाभित्र रही विनियोजन गरिने रकम समावेश गरी पेश गरिएको तपसिल अनुसारको भक्तपुर नगरपालिकाको विनियोजन विधेयक, २०८२ स्वीकृत गरी नगर सभाको बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो-

## भक्तपुर नगरपालिकाको विनियोजन विधेयक २०८२

भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०८२/२०८३ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

नगर सभाबाट स्वीकृत मिति : २०८२ असार.....

**प्रस्तावना :** भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम भक्तपुर नगरपालिकाको अठारौँ नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "भक्तपुर नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८२/८३ को निम्ति सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०८२।८३ को निम्ति नगरकार्यपालिका, वडा कार्यालय, विषयगत शाखा र नगरपालिकाद्वारा सञ्चालित आयोजनाहरूले गर्ने सेवा र कार्यहरूका निम्ति अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. २,४७,३१,११,०००।- (अक्षेरूपी दुई अर्ब छैसाठ्ठी करोड त्रियालिस लाख दस हजार रूपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को निम्ति भक्तपुर नगरपालिको नगर कार्यपालिका, वडा कार्यालय, विषयगत समिति/शाखा र नगरपालिकाद्वारा सञ्चालित आयोजनाहरूले गर्ने सेवा र कार्यहरूको निम्ति विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा कार्यालय र विषयगत समिति/शाखा र नगरपालिकाद्वारा सञ्चालित आयोजनाहरूले गर्ने सेवा र कार्यहरूको निम्ति विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत् साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगरसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम भक्तपुर नगरपालिकाको

स्थानीय सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | १,५१५,३११,०००।०० | ७५४,८००,०००।०० | | २,२७०,१११,०००।०० |
| २ | | वडा कार्यालय | १०,०००,०००।०० | ५०,०००,०००।०० | | ६०,०००,०००।०० |
| ३ | | ऋण लगानी तथा फिर्ता | | | १४३,०००,०००।०० | १४३,०००,०००।०० |
| | | | | | | |
| | | | १,५२५,३११,०००।०० | ८०४,८००,०००।०० | १४३,०००,०००।०० | २,४७३,१११,०००।०० |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. भक्तपुर नगरपालिका क्षेत्रभित्रका जग्गाहरूको आ.व.२०८२/०८३ को रजिष्ट्रेशन प्रयोजनको लागि प्रस्तावित न्यूनतम मूल्याङ्कन दर तपसिल अनुसार रहने गरी भूमिसुधार तथा मालपोत कार्यलय,भक्तपुरमा सिफारिस गरी पठाउने निर्णय गरियो–

| सि.नं. | विवरण | आ.व.२०८१/०८२ (प्रतिआना) | प्रस्तावित आ.व.२०८२/०८३ (प्रतिआना) |
|---|---|---|---|
| १ | अरनिको राजमार्गसँग जोडिएको | ३५,००,००० | ३५,००,००० |
| २ | सल्लाघारी चोकदेखि दुधपाटी चोकसम्म (सडकको दायाँबायाँ) | २२,००,००० | २२,००,००० |
| ३ | जगाती –च्याम्हसिंह –पसिखेल सडकदेखि कमलविनायक चोकसम्म (सडकको दायाँबायाँ) | २२,००,००० | २२,००,००० |
| ४ | सल्लाघारी चोकदेखि दुवाकोट छुट्टिने खस्याङ खुसुङ खोलासम्म (सडकको दायाँबायाँ) | २२,००,००० | २२,००,००० |
| ५ | नगरकोट सडक(सल्लाघारी चोकदेखि देकोचासम्म) | २२,००,००० | २२,००,००० |
| ६ | नगरकोट सडक (देकोचा चोकदेखि लाँचा फल्चासम्म, दायाँबायाँ) | २२,००,००० | २२,००,००० |
| ७ | नगरकोट सडक (लाँचा फल्चादेखि ब्यारेकसम्म, सडकको दायाँबायाँ) | २२,००,००० | २२,००,००० |
| ८ | दोका फल्चा, घलांते, आलाबुं, चुनदेवी, धालाखुसी सल्लाघारीपुलसम्मको पक्की सडक | २२,००,००० | २२,००,००० |
| ९ | देकोचाबाट चाँगु जाने पक्की मोटर बाटो (सडकको दायाँबायाँ) | २२,००,००० | २०,००,००० |
| १० | च्यामासिंह चोकदेखि देगइना,ब्रम्हायणी,भाने,मालपोत चोक हुँदै साविक ताथलीको सिमाना सम्म (सडकको दायाँबायाँ)भानेदेखि गोंसपुल | २२,००,००० | २२,००,००० |
| ११ | ब्यासीचोकदेखि कालीघाट सम्मको दायाँबायाँको पक्की सडक | २२,००,००० | २०,००,००० |
| १२ | (सडकको दायाँबायाँ) सूर्यविनायक चोकदेखि राममन्दिर पुलसम्मको पक्की सडक (भूलांचा सडक समेत) | २२,००,००० | २२,००,००० |
| १३ | भ.न.पा. १० पाइप लाइन(तपँचुलाँ)सडक | १६,५०,००० | १६,५०,००० |
| १४ | ब्यारेकदेखि ध्वलाँ पुलसम्मको सडक | १६,५०,००० | १६,५०,००० |
| १५ | पुरानो जगाती बाटो | १६,५०,००० | १६,५०,००० |
| १६ | तपाकेदेखि धालाखुसीसम्म सडक | १६,५०,००० | १६,५०,००० |
| १७ | वासिकचाबाट आदर्श चोकजाने बाटो | १६,५०,००० | १६,५०,००० |
| १८ | लिडागाचा सडक | १६,५०,००० | १६,५०,००० |

| | | | |
|---|---|---|---|
| १९ | १० नं. वडा कार्यालयदेखि ख्वप कलेजसम्मको सडक | १६,५०,००० | १६,५०,००० |
| २० | १० नं.वडा कार्यालयदेखि भुटिपाखा हुँदै वन्ती सम्मको सडक | १६,५०,००० | १६,५०,००० |
| २१ | गपलीदेखि दोका फल्चासम्मको सडक | १६,५०,००० | १६,५०,००० |
| २२ | पसहिटिदेखि बाराही पुलसम्मको सडक | | १६,५०,००० |
| २३ | तारा लाँ बाटो, भनपा १ नपली पिपलबोटदेखि आधारभूत स्वास्थ्य केन्द्र हुँदै अरनिको राजमार्गसम्म | | १६,५०,००० |
| २४ | कुथुसुव्यादेखि काल्हांचा चम्पकेश्वर हुँदै अरनिको राजमार्ग जोड्ने सडक | | १६,५०,००० |
| २५ | बाराहीस्थान हनुमान मन्दिरदेखि घलांते चोकसम्म जोड्ने सडक | | १६,५०,००० |
| २६ | सल्लाघारी चोकदेखि नपली पुल, पिपलबोट हुँदै अरनिको राजमार्गसम्म | | १६,५०,००० |
| २७ | नपली पिपलबोटदेखि आधारभूत स्वास्थ्य केन्द्र हुँदै अरनिको राजमार्गसम्म | | १६,५०,००० |
| ख | प्लानिङको पक्की बाटो | | |
| १ | क वर्ग : ११ मीटर र सो भन्दा माथि | | २०,००,००० |
| २ | ख वर्ग : ७ मीटर र सो भन्दा माथि | १७,५०,००० | १७,५०,००० |
| ३ | ग वर्ग : ५ मीटर र सो भन्दा माथि | १५,५०,००० | १५,५०,००० |
| ४ | घ वर्ग : ४ मीटर र सो भन्दा माथि | १३,००,००० | १३,००,००० |
| ५ | ङ वर्ग : ४ मीटर भन्दा कम | ११,००,००० | ११,००,००० |
| ग | माथि उल्लेख गरिए बाहेकका पक्की मोटर बाटोको (सडकको दायाँबायाँ) | ११,००,००० | ११,००,००० |
| घ | प्लानिङको कच्ची मोटरबाटो | | |
| १ | क वर्ग : ११ मीटर र सो भन्दा माथि | | १३,००,००० |
| २ | ख वर्ग : ७ मीटर र सो भन्दा माथि | ११,००,००० | ११,००,००० |
| ३ | ग वर्ग : ५ मीटर र सो भन्दा माथि | ९,००,००० | ९,००,००० |
| ४ | घ वर्ग : ४ मीटर र सो भन्दा माथि | ७,५०,००० | ७,५०,००० |
| ५ | ङ.वर्ग : ४ मीटर भन्दा कम | ६,५०,००० | ६,५०,००० |
| ङ. | माथि उल्लेख गरिए बाहेक अन्य कच्ची मोटर बाटो (सडकको दायाँबायाँ) | ७,५०,००० | ७,५०,००० |
| च. | गोरेटो बाटोमा जोडिएको(नापी नक्सामा नदेखिएको चलनचल्तीको गोरेटो बाटो समेत) | ४,५०,००० | ४,५०,००० |
| छ. | सहरी इलाका | | |
| १ | सहरी इलाका (क) मूलबाटो | १६,५०,००० | १६,५०,००० |
| | मूल बाटो भन्नाले: अ) च्याम्हासिंह ढोका देखि इनाग हुँदै दुधपाटी सम्मको | | |
| | आ) दुधपाटीदेखि खौमा हुँदै साकोठासम्मको बाटो | | |
| | इ) राममन्दिर पुलदेखि बुल्चासम्मको बाटो | | |
| | ई) दोका फल्चादेखि बाराही पुल हुँदै बंशगोपालसम्मको बाटो | | |
| | उ) हनुमानघाटदेखि वासिकचा हुँदै जगातीसम्मको बाटो | | |
| | ऊ) वासिकचादेखि गय भिन्द्यो हुँदै तरकारी बजारसम्मको सडक | | |
| २ | सहरी इलाका (ख) सहायक बाटो | १३,५०,००० | १३,५०,००० |
| ३ | सहरी इलाका (ग) गल्ली बाटो | ८,००,००० | ८,००,००० |
| ४ | सहरी इलाका (घ) चोकबाटो(सागल समेत) | ६,००,००० | ६,००,००० |
| ५ | सहरी इलाका (ङ) | ५,००,००० | ५,००,००० |
| | सहरी इलाका (च) र (छ) घरमुनिको बाटो (लाँबो) | ५,००,००० | ५,००,००० |
| ज. | बाटो नभएको जगगा | ४,००,००० | ४,००,००० |
| ६ | असगालदेखि सिंहख्वाते फलामे पुलसम्मको सडक | १२,००,००० | १२,००,००० |
| ७ | कृषि सडक | ८,००,००० | ८,००,००० |
| ८ | खोला कोरिडोर सडक (कच्ची) | | ८,००,००० |

## भक्तपुर नगरपालिका गतिविधि

### एसईई उत्तीर्ण खेलाडीहरूलाई बधाईज्ञापन




भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिको आयोजनामा भक्तपुर नगरपालिकाअन्तर्गत खेलकुद प्रशिक्षणमा रहेका एसईई उत्तीर्ण खेलाडीहरूलाई बधाईज्ञापन तथा मार्गनिर्देशन कार्यक्रम असार २५ गते भयो ।

कार्यक्रमका प्रमुख अतिथि एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले एसईई उत्तीर्ण खेलाडीहरूलाई फूलमाला र प्रकाशनहरूसहित बधाईज्ञापन गर्नुहुँदै खेलाडीहरूले खेलकुदमा मिहिनेत गरेजस्तै आफ्नो अध्ययनमा पनि मिहिनेत गर्नुपर्ने बताउनुभयो ।

उहाँले एसईईपछि आफ्नो रुचि र देशको आवश्यकताको विषय अध्ययन गर्न सल्लाह दिनुहुँदै जुनसुकै विषय पढेपनि त्यस विषयमा विशेषज्ञता हासिल गर्ने उद्देश्य राख्नुपर्ने औँल्याउनुभयो ।

भक्तपुर नगरपालिकाले खेलाडीहरूलाई शिक्षा क्षेत्रमा पनि अगाडि बढाउने उद्देश्यले छात्रवृत्तिको व्यवस्था गरेको जानकारी दिनुहुँदै देशभरकै शैक्षिक गन्तव्यको रूपमा विकास हुँदै गएको भक्तपुर नगरका विद्यालय र कलेजहरूमा अध्ययन गर्न सुझाव दिनुभयो ।

शिक्षा क्षेत्रको विकासको निम्ति आफ्नै लगानीमा कलेजहरू स्थापना र सञ्चालन गर्ने पहिलो स्थानीय तह भक्तपुर नगरपालिका रहेको प्रस्ट पार्नुहुँदै अहिले भक्तपुर नगरपालिकाको अनुभव देशभरिकै पालिकाहरूका लागि नमुना बनिरहेको छ भन्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. १० का वडाअध्यक्ष **लक्ष्मीप्रसाद ह्यौँमिखा**ले विद्यार्थीहरूले उच्च शिक्षा अध्ययनमा पनि ध्यान दिनुपर्ने बताउनुहुँदै अध्ययनशील खेलाडीले देश विदेशमा मौका पाउने चर्चा गर्नुभयो ।

आयोजक समितिका संयोजक एवं भनपा वडा नं. १ का वडाअध्यक्ष **श्यामकृष्ण खत्री**ले भक्तपुर नगरपालिकाकाले हरेक वर्ष खेलकुद क्षेत्रको विकासको लागि बजेट वृद्धि गर्दै आएको बताउनुहुँदै खेलाडीहरूले मिहिनेत गरी उत्कृष्ट नतिजा ल्याउनेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।



कार्यक्रममा आयोजक समितिका सदस्य एवं भक्तपुर नपा कार्यपालिका सदस्य **सुनिता आवाल**ले भनपाले हरेक वर्ष विद्यालय स्तरीय खेलकुद प्रतियोगिता गरेर विद्यार्थी जीवनदेखि नै खेलकुदमा लाग्न अभिप्रेरित गर्दै आएको बताउनुभयो भने समितिका सदस्य रञ्जना त्वातीले पनि बधाई ज्ञापन गर्नुभयो ।

### भक्तपुर नपा न्यायिक समितिले सम्पादन गरेका कार्यहरूको अनुगमन तथा निरीक्षण



भक्तपुर जिल्ला न्यायाधीश विश्वनाथ भट्टराईको नेतृत्वमा आएको जिल्ला अदालतका प्रतिनिधिहरूबाट असार २७ गते भक्तपुर नगरपालिका न्यायिक समितिबाट भए - गरेका कार्यको अनुगमन तथा निरीक्षण गर्नुभयो ।

उक्त निरीक्षणका क्रममा जिल्ला न्यायधीश भट्टराई नेतृत्वको टोलीले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भेटघाट गऱ्यो । भेटमा न्याय प्रणालीमा देखिएका समस्याहरू, न्यायिक समितिले सम्पादन गरेका कार्यहरूबारे छलफल भयो ।

निरीक्षणको क्रममा उपस्थित जिल्ला अदालतका प्रतिनिधिहरूले भक्तपुर नगरपालिका न्यायिक समितिबाट सम्पादन भएका उजुरी निवेदनका मिसिलहरू अध्ययन गरी आवश्यक राय र सुझाव दिएका थिए । भक्तपुर नगरपालिकाले न्यायिक क्षेत्रमा अदालतले गर्ने शैलीमै व्यवस्थित रूपमा तथ्याङ्क राख्ने गरेको प्रतिनिधिहरूले बताउनुभयो ।



संविधानले हरेक वर्ष न्यायिक समितिको अनुगमन र निरीक्षण गरी त्यसको प्रतिवेदन समेत तयार गरी सम्बन्धित निकायमा बुझाउनुपर्ने कानुनी र संवैधानिक व्यवस्था गरेको छ ।

## सम्पदालाई मौलिक शैलीमा संरक्षण गर्न भनपा प्रतिबद्ध



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा वडा नं. ८ मा निर्मित हैमा द्यः मन्दिरको असार २८ गते एक कार्यक्रमबिच उद्घाटन गर्नुभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले स्थानीय जनताले उपभोक्ता समितिमा बसेर सहयोग गर्नुभएकोमा धन्यवाद दिनुभयो ।

उहाँले सम्पदा भक्तपुरको विशेषता भएकोले यहाँका हरेक सम्पदालाई मौलिक शैलीमै संरक्षण गर्न भक्तपुर नगरपालिका लागिरहेको बताउनुहुँदै नयाँ पुस्तालाई पनि सम्पदाको महत्त्वबारे विद्यालयहरूमा अध्ययन गराइरहेको प्रस्ट पार्नुभयो ।

भक्तपुर आन्तरिक र बाह्य पर्यटकहरूको गन्तव्यको रूपमा विकास भइरहेको बताउनुहुँदै नगरवासीहरू थप सचेत भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, 'भक्तपुर नपाले युवाहरूलाई आत्मनिर्भर बनाउन विभिन्न सीपमूलक तालिमहरू दिइरहेको छ । सरकारले वैदेशिक रोजगारको नाउँमा युवाहरूलाई विदेशमा पठाइरहेको छ । त्यो गलत हो ।'

शिक्षा र स्वास्थ्यमा पनि भक्तपुरका जनतालाई सहज पहुँच पुऱ्याउन नगरपालिकाले शैक्षिक संस्थाहरू सञ्चालन गरी जनताको सेवा गरिरहेको छ – उहाँले भन्नुभयो ।



भनपा वडा नं. ८ का वडाध्यक्ष **कृष्णप्रसाद कोजू**ले आ.व. २०८१/८२ मा वडामा भएका विकास निर्माणका कार्यहरूबारे सङ्क्षिप्तमा जानकारी दिनुभयो ।

उपभोक्ता समितिका अध्यक्ष **सत्यप्रसाद प्रजापति**ले मन्दिर निर्माण गर्न ३ लाख लगत इस्टिमेट भएकोमा जम्मा खर्च २ लाख २३ हजार भएको हिसाब प्रस्तुत गर्नुभयो ।

कार्यक्रम स्थानीय ज्येष्ठ नागरिक **रत्नभक्त प्रजापति**को सभापतित्वमा भएको थियो ।

# लघु उद्यमीहरूको व्यवसाय प्रवर्द्धनका लागि उपयुक्त प्रविधि हस्तान्तरण



भक्तपुर नगरपालिकाले लघु उद्यमीहरूको व्यवसाय प्रवर्द्धनका लागि असार २९ गते प्रविधि हस्तान्तरण गऱ्यो।

उक्त कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले अभिभावकत्व ग्रहण गरी नगरवासीहरूलाई आवश्यक सीपमूलक तालिमहरू सञ्चालन गर्दै आत्मनिर्भर बनाउने प्रयास गर्दै आएको बताउनुभयो।

उहाँले श्रमको सम्मान र श्रमिकलाई माया गर्ने नीतिअनुरूप नपाले सबै पेसा व्यवसायलाई समान ढङ्गले साथ र सहयोग गर्दै आएको बताउनुहुँदै व्यवसायीहरूले आफ्नो कर्ममा ध्यान केन्द्रित भएर लाग्न सके सफलता हात पर्ने बताउनुभयो।

विद्यालय शिक्षासँगै युवा, विद्यार्थी र महिलाहरूलाई हातमा सीप दिने उद्देश्यले नगरपालिकाले धेरै सीपमूलक तालिम सञ्चालन गरिसकेका बताउनुहुँदै उहाँले सस्तोमा गुणस्तरीय सेवा प्रदान गरी स्वस्थ प्रतिस्पर्धामा उत्रन उद्यमी तथा व्यवसायीहरूलाई प्रेरित गर्नुभयो।



असफलताबाट पाठ सिकेर अगाडि बढनुपर्ने बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने १६ वर्षदेखि ४५ वर्षसम्मका बेरोजगार एवम् आर्थिक रूपले कमजोर तथा विपन्न युवाहरूलाई उद्यमशील बनाउन धितो जमानीमा सहुलियतपूर्ण ब्याजदरमा ऋण उपलब्ध गराउन युवा उद्यमशीलता प्रवर्द्धन ऋण लागू गरिसकेको सोही क्रममा जानकारी गराउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले उद्यमशील बन्ने अठोट नै विकासको पहिलो खुड्किला हो भन्नुहुँदै श्रमलाई सम्मान गर्ने बानीको विकास गर्नुपर्ने बताउनुभयो। छालाको जुत्ता बनाउन महिलाहरूले देखाएको सक्रिय सहभागिता प्रशंसा गर्न लायक भएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले एक नागरिक एक सीपको अवधारणाले सीपमूलक तालिमहरू सञ्चालनलाई जोड दिँदै आएको बताउनुभयो।



कार्यक्रममा कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले पनि बोल्नुभएको थियो भने प्रशिक्षार्थीद्वय रामकृष्ण सुवाल र नारायणदेवी दुवालले तालिमबारे आफ्नो अनुभव सुनाउनुभयो।

# भानु जयन्तीको अवसरमा कविता लेखन तथा वाचन प्रतियोगिता



आदिकवि भानुभक्तको ११३ औँ जयन्तीको अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा विद्यालयस्तरीय कविता लेखन तथा वाचन प्रतियोगिताको प्रमाणपत्र तथा पुरस्कार वितरण कार्यक्रम असार २९ गते भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रतियोगिताका विजेता र सहभागी विद्यार्थी र विद्यालयहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो।

कार्यक्रममा प्रमुख **प्रजापति**ले साहित्यिक रचनाहरू सरल र सहज हुनुपर्ने बताउनुहुँदै जनताको भाषा बोल्ने 'जनताको साहित्य' आजको आवश्यकता हो भन्नुभयो।

विद्यार्थीहरूलाई साहित्यकारहरूको जीवनी अध्ययनमा जोड दिन प्रेरित गर्नुहुँदै उहाँले एकजना साहित्यकारको विचार बन्दुकको गोलीभन्दा पनि शक्तिशाली हुने धारणा राख्नुभयो।

प्रमुख प्रजापतिले साहित्यको हरेक शब्दमा समाजको सेवाभाव, देश प्रेम र परिवर्तनकारी सोचको आवश्यकता औँल्याउनुहुँदै कुनै पनि विषयमा सफलता प्राप्त गर्न त्यस विषयमा पोख्त हुने गरी ज्ञान हासिल गर्नुपर्छ भन्नुभयो।

कल्पनाशीलता र समय व्यवस्थापनले विद्यार्थीलाई सफल बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै उहाँले विद्यार्थीलाई समाजको असल र प्रेरणादायी पात्र बन्न मार्गनिर्देश गर्नुभयो।

कार्यक्रमका सभापति भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले साहित्यलेखनतर्फ विद्यार्थीलाई अभिप्रेरित गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरेको बताउनुभयो। विद्यार्थीलाई किताबी ज्ञानसँगसँगै अतिरिक्त क्रियाकलापमा पनि सक्रिय बनाउनु आवश्यक भएको बताउनुहुँदै विद्यार्थीमा लुकेका प्रतिभा उजागर गर्न प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

निर्णायकद्वय **सूर्यराम श्रेष्ठ** र **आशाकुमार चिकंबन्जार**ले विद्यार्थीको साहित्यबाट आफूहरू प्रभावित भएको बताउनुहुँदै प्रतियोगिताले राम्रा राम्रा कविता सिर्जना गर्न सघाउ पुऱ्याएको बताउनुभयो। उहाँहरूले साहित्यकार बन्न अध्ययन गर्न जरुरी रहेको र व्यापक दृष्टिकोण, विषयवस्तुबारे जानकारी हासिल गरी सत्यको पक्षमा आवाज उठाउन प्रेरित गर्नुभयो।

कार्यक्रममा वडा सदस्य **सूर्यप्रसाद श्रेष्ठ**ले प्रतियोगितामा सहभागी विद्यालय र विद्यार्थीहरूलाई धन्यवादज्ञापन गर्दै वडाले आगामी दिनहरूमा पनि यस्तै विविध गतिविधिहरू सञ्चालन गर्दै जाने विचार व्यक्त गर्नुभयो।

विद्यालयस्तरीय कविता लेखन प्रतियोगिताअन्तर्गत कक्षा ५ सम्म छात्रतर्फ ज्ञानविजय आविका विपन खत्री **प्रथम**,



गणेश माविका निकेश भुजेल **द्वितीय**, सन्तति आविका दिपांशु श्रेष्ठ **तृतीय** भएका थिए भने छात्रातर्फ सूर्यविनायक स्कूलका बिहानी तामाङ **प्रथम**, सनसाइनका पल्लवी कार्की **द्वितीय** र सेरफ वर्ल्डका विविध भट्टराई **तृतीय** भएका थिए।

त्यस्तै, कक्षा ६, ७ र ८ छात्रतर्फ गणेश माविका असरव मुहवत **प्रथम**, सन्तति आविका संसार अधिकारी **द्वितीय** र ज्ञानविजयका जीवन चौधरी **तृतीय** भएका थिए भने छात्रातर्फ ज्ञानविजय स्कूलका जस्मिन क्षेत्री **प्रथम**, सन्तति आविका एलिसा गौतम **द्वितीय** र सूर्यविनायक स्कूलका विनिसा भट्टराई **तृतीय** भएका थिए।

माध्यमकि विद्यालयतर्फ गणेश माविका प्रज्ज्वल तामाङ **प्रथम** र गणेश माविकै स्मृति मानन्धर **द्वितीय** भएका थिए।

## कृषकहरूलाई अनुदानमा कृषि सामग्री वितरण

भक्तपुर नगरपालिकाले ५० प्रतिशत अनुदानमा भक्तपुर नपा वडा नं. १० नगांचाका कृषकहरूलाई असार २९ गते कृषि सामग्री वितरण गरेको छ।

भक्तपुर नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष एवं नगर कृषि समितिका संयोजक राजकृष्ण गोराले एक समारोहबिच नगांचा कृषि समूहका सदस्य वडावासीहरूलाई सामान वितरण गर्नुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडा अध्यक्ष लक्ष्मीप्रसाद हयौंमिखा, वडा सदस्यहरू जितेन्द्र मुनंकर्मी, कृष्णनारायण दुमरु र विष्णुमाया कामीले आ–आफ्नो धारणा राख्नु भयो।

कार्यक्रमको औचित्यबारे स्थानीय लक्ष्मीप्रसाद चवालले प्रस्ट पार्नुभयो। स्वागत नारायणप्रसाद हयौं मिखाले गर्नुभएको थियो।

वडाका २५ जनालाई प्रतिपरिवार तीस हजार बराबरका सामानहरू वितरण गरिएको हो।

यसअघि सामान लिने किसानलाई चारदिने कौसी खेती तालिम दिइएको थियो।

## वडा नं. ३ का एसईई उत्तीर्ण विद्यार्थीहरूलाई बधाईज्ञापन

भक्तपुर नगरपालिका वडा नं. ३ को आयोजनामा एसईई २०८१ उत्तीर्ण विद्यार्थीहरूलाई बधाईज्ञापन तथा




मार्गनिर्देशन कार्यक्रम असार ३० गते भयो।

## नगर प्रमुख सुनिल प्रजापतिसँग बासुका विद्यार्थीहरूको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग बासु माध्यमिक विद्यालय कक्षा ८ का 'ख्वपको पहिचान' विषय अध्ययनरत विद्यार्थीहरूको भेटघाट तथा अन्तरक्रिया कार्यक्रम असार ३० गते भयो।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले भक्तपुर नपाले स्थानीय पाठ्यक्रम निर्माण गर्नुको उद्देश्यमाथि प्रकाश पार्नुहुँदै भक्तपुरको भाषा, लिपि, सम्पदा, भूगोल, राजनीति आदिबारे विद्यार्थीहरूलाई सानैदेखि अध्ययन गराएर अरूसँग नभएको ज्ञान प्रदान गर्ने उद्देश्यले पाठ्यक्रम निर्माण गरेको बताउनुभयो।

विद्यार्थीहरूलाई आफ्नो शैक्षिक जग मजबुत बनाउन आफूले रोजेको विषयमा ध्यान केन्द्रित भएर अध्ययन गर्न प्रेरित गर्नुहुँदै उहाँले घोकन्ते शिक्षालाई निरुत्साहित गर्दै लानुपर्ने बताउनुभयो।

आफू अध्ययनरत विद्यालय र शिक्षकप्रति जहिल्यै सम्मानभाव राख्नुपर्ने बताउनुहुँदै उहाँले विद्यार्थीहरूलाई किताबी ज्ञानसँगसँगै व्यवहारिक ज्ञान हासिल गर्न मार्गनिर्देश गर्नुभयो।

भक्तपुर नपाले देकोचामा अरनिको सभाभवन निर्माण कार्य अगाडि बढाइरहेको बताउनुहुँदै उहाँले विद्यार्थीको कल्पनाशीलताले नयाँ नयाँ प्रविधिको विकास हुने बताउनुभयो।

सफलता र असफलता दुवैबाट पाठ सिक्दै अगाडि बढ्न मार्गनिर्देश गर्नुहुँदै आफ्नो समाज र देशप्रतिको माया र जिम्मेवारीबोधलाई सँधै मनन गरेर अगाडि बढ्नुपर्छ भन्नुभयो।

कार्यक्रममा उपस्थित विद्यार्थीहरूले भक्तपुर नपाले भक्तपुर नपाको वातावरण सुधारमा नपाको पहल, फोहोर व्यवस्थापनको नीति, सहरी विकास योजना, ख्वप अस्पतालको सेवा प्रवाह, तरकारी बजार व्यवस्थापन, समाजवादी र पूँजीवादी व्यवस्थाबिचको भिन्नता, मल कारखाना सञ्चालन, भक्तपुरको साँढे धपाउने र बाली काट्ने आन्दोलन आदिबारे आ–आफ्नो जिज्ञासा राखेका थिए।

कार्यक्रममा बासुका शिक्षक **विष्णुप्रसाद दुमरु**ले पनि बोल्नुभएको थियो भने नगर प्रमुख प्रजापतिले बासु माविका सहायक प्रअ राजकुमार ह्यौँमिखालाई नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो।

## सफाइ कर्मचारीहरूको भेला



'सरसफाइ सम्मानित कार्य हो।'

उक्त भनाइ भक्तपुर नगरपालिका वातावरण तथा पर्यटन समितिको आयोजनामा सफाइ कर्मचारीहरूको भेलामा नगर प्रमुख **सुनिल प्रजापति**ले असार ३१ गते बताउनुभएको हो।

भेलामा प्रमुख प्रजापतिले सफाइ सबैको साझा जिम्मेवारी भएको बताउनुहुँदै सफाइ मजदुरहरूले आफ्नो दायित्व पूरा गर्नुपर्ने बताउनुभयो। उहाँले सबैबाट नराम्रो भनी गुनासो आए पक्कै पनि नराम्रो हुने भएकोले जनताको आँखा दूरबिनसरह हुने बताउनुभयो। उहाँले विश्व सम्पदामा रहेको मठमन्दिर, पाटीपौवा र पोखरी समयमै सफा गर्न निर्देशन दिनुभयो। उहाँले प्रतिस्पर्धा कुलतमा नभई राम्रो काम र व्यवहारमा हुनुपर्ने उल्लेख गर्नुहुँदै कुलत त्याग्ने, कर्तव्य र कार्यालयको निर्देशन पालना गर्नुपर्ने बताउनुभयो।

उहाँले भक्तपुर नमुना बनाउन जनतालाई दिएको वचनअनुसार जनप्रतिनिधिहरूको निर्णय कर्मचारीहरूले कार्यान्वयन गर्नुपर्ने उल्लेख गर्नुहुँदै जनप्रतिनिधिहरू भ्रष्ट भए कर्मचारी झन भ्रष्ट हुने भएकोले सबै इमानदार भए संस्था राम्रो हुने बताउनुभयो ।

प्रमुख प्रजापतिले समाजवादी सोभियत सङ्घमा शारीरिकरूपमा गाह्रो कामलाई डाक्टर, इन्जिनियरको भन्दा बढी पारिश्रमिक हुने बताउनुहुँदै रुसमा हरेक हप्ता स्वयम्सेवा काम भएजस्तै भक्तपुरमा पनि सहयोग, श्रमदान र पाक्षिक सरसफाइ गर्दै आएको बताउनुभयो ।

उहाँले सहयोगी भावना र विचार राम्रो भए समाज विकास गर्नसक्ने उल्लेख गर्नुहुँदै नेपाल मजदुर किसान पार्टीको भावनाअनुसार जनताको नि:स्वार्थ सेवा गरिरहेको बताउनुभयो । उहाँले हरेक व्यक्तिको सफलता सङ्घर्ष र दु:खकष्टले भरिएको हुने बताउनुहुँदै सफाइमा राम्रो परिणाम आउन पूर्वजहरूले गरेको योगदान र जनताको भूमिका हुने बताउनुभयो ।

कार्यक्रममा ५ नं. वडाका वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले सफाइका कारण भक्तपुरलाई हेर्ने दृष्टिकोण फरक भएको औँल्याउनुहुँदै अहिलेको भक्तपुर बन्नुमा अग्रजहरूको धेरै योगदान रहेको बताउनुभयो । उहाँले समय परिवर्तन महत्त्वपूर्ण कुरा नभएको बरु सफाइ उत्कृष्ट बनाउनु महत्त्वपूर्ण काम हो भन्नुभयो ।

कार्यक्रममा ८ नं. वडाका वडाध्यक्ष **कृष्णप्रसाद कोजु**, ४ नं. वडाका वडाध्यक्ष **उपेन्द्र सुवाल** र वातावरण समितिका सदस्य **मन्जुमैया लाखा**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा वडा निरीक्षक रामकृष्ण प्रजापतिले सरसफाइलाई प्रभावकारी बनाउनु पर्ने बताउनुभयो ।

## पर्यटन विकासको लागि शान्ति सुरक्षा महत्त्वपूर्ण



भक्तपुर नगरपालिका पर्यटन सेवा तथा सुरक्षा केन्द्रमा कार्यरत कर्मचारीहरूको वार्षिक भेटघाट कार्यक्रम असार ३२ गते भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले पर्यटन विकासको लागि सबभन्दा महत्त्वपूर्ण आधार शान्ति सुरक्षा भएको स्पष्ट पार्नुहुँदै भक्तपुर पर्यटकहरूलाई शान्त र सुरक्षित सहर भएको बताउनुभयो ।

पर्यटन सेवामा आबद्ध कर्मचारीहरूको प्रत्यक्ष सम्पर्क स्वदेशी एवं विदेशी पर्यटकहरूसँग हुने, कर्मचारीहरूको बोली र व्यवहारले देशप्रतिकै दृष्टिकोण झल्किने भएकोले कर्मचारीहरू सुसंस्कृत र सभ्य हुनुपर्नेमा जोड दिनुभयो ।

राजस्व उठाउने कर्मचारीहरूलाई शङ्काको दृष्टिकोणले हेर्ने खतरा भएकोले सबै कर्मचारी आर्थिक मामिलामा इमानदार हुनु जरुरी छ, उहाँले भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टीको निर्वाचन घोषणापत्रमा व्यक्त गरेका प्रतिबद्धताअनुसार नगरपालिकाले काम गर्दै आएको स्पष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षणमा विशेष जोड दिँदै भनपाले काम गरिरहेको र ख्वप अस्पतालले देशभरिका जनताकै सेवा गरिरहेको बताउनुभयो ।

भक्तपुर नपा वातावरण तथा पर्यटन समितिका संयोजक **रवीन्द्र ज्याख्व**ले पर्यटन विकासको लागि भनपाले विभिन्न गतिविधि र महोत्सव गर्दै आएको बताउनुभयो ।

पर्यटन सेवा तथा सुरक्षा केन्द्रका उपनिर्देशक **गौतमप्रसाद लासिवा**ले कार्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै सार्क र गैरसार्क गरी वर्षभरिमा २ लाख ४४ हजार ८६८ जनाले भक्तपुर नगरको भ्रमण गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा **शरद खत्री**ले पनि बोल्नुभएको थियो ।

## खिछेँस्थित भजन पाटी सार्वजनिक कायम



भक्तपुर नगरपालिका वडा नं. ५ खिछेँस्थित सार्वजनिक भजन पाटी 'व्यक्तिको नाम कायम गरी व्यक्तिगत प्रयोग गर्न पाउनुपर्छ' भनी परेको रिट निवेदन सर्वोच्च अदालतबाट खारेज गरी सार्वजनिक भजन पाटी नै कायम हुने गरी आदेश

जारी गरिएको छ।

परापूर्व कालदेखि दाफा भजन गर्दै आएको उक्त भजन पाटी २०४२ सालको नापीनक्साको फिल्डबुकमा पाटी नै कायम भएको थियो।

२०४३ सालतिर उक्त भजन पाटीलाई व्यक्तिगत प्रयोगको लागि आसकुमार दुवालले बन्द गरेको थियो। टोलवासी तथा खिछैं दाफा भजन समूहले पटक पटक भजन पाटी खोली भजन गर्न ठाउँ खुला गर्न अनुरोध गर्दा पनि निजले बेवास्ता गर्दै आए। २०७२ सालको विनाशकारी भूकम्पमा भजनपाटी रहेको उक्त घर भत्कियो तर भजन पाटीको अवशेष बाँकी नै थियो। भत्किएको घर पुनःनिर्माणका लागि नपामा नक्सा आवेदन पेश गरिएको थियो। सो नक्सामा भजनपाटीको सट्टामा पसल कवल राखी पेश गरियो। सोही समयमा टोलवासी तथा भजन समूहहरूले भजन पाटी राखेर मात्र नक्सा पास गरिदिन नगरपालिकामा निवेदन पेश गरे। टोलवासी तथा भजन समूहले पटक पटक भजनपाटी खुला राख्न घरधनी नानीछोरी दुवाललगायत परिवारलाई अनुरोध गरेको थियो। त्यसलाई बेवास्ता गर्दै निरन्तर नक्सा पास गर्न दबाब दिँदै आयो।

पटक पटक नगरपालिकाको मध्यस्थतामा भजनपाटी खुला राख्न दुई पक्षबिच छलफल भयो तर सफल भएन। परापूर्वकालदेखिको सम्पदाको रूपमा रहीआएको पाटी र त्यसमा पुर्खादेखि गरिआएको भजनलाई रोक्न मिल्दैन, सार्वजनिक भजन पाटी पाटीकै रूपमा हुनुपर्छ भनी भक्तपुर नगरपालिकाले निर्णय गरिदियो। सो निर्णयअनुसार भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष तथा जिल्ला प्रशासनको रोहबरमा मिति २०७५ असोज ६ गते भजन समूह र टोलवासीले भजनपाटी खुला गराएको थियो।

घरधनी नानी छोरी दुवालसमेत परिवारजनले नगरपालिकाको निर्णयविरुद्ध नगरपालिका, भजन समूह तथा ५२ जना टोलवासीलाई विपक्ष बनाई जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। उक्त मुद्दा २०७८।४।२२ गते जिल्ला अदालत भक्तपुरका न्यायाधीश स्वयं स्थलगत अध्ययन गरी सार्वजनिक भजन पाटी नै हो भनी फैसला गरियो।

पछि २०७९।९।२२ गते जिल्ला अदालत भक्तपुरको फैसलाविरुद्ध भक्तपुर नगरपालिका र ५२ जना टोलवासी तथा भजन समूहहरूलाई विपक्ष बनाई सर्वोच्च अदालमा रिट निवेदन दर्ता गरेको थियो। पटक पटकको पेशी पश्चात मिति २०८२।३।३२ गतेको इजलास नं. १० मा रहेको न्यायधीशद्वय श्री अब्दुल अजिज र टेक प्रसाद ढुंगानाको संयुक्त इजलासले रिट खारेजीको आदेश जारी गरेको थियो।

उक्त आदेशबाट एउटा सम्पदा जोगिनुका साथै पाटीसँग जोडिएको धर्म, संस्कृति तथा परम्परागत भजन पनि जोगिएको र पूर्णता पाएको छ।

# ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा सहकारीकर्मी भेला




नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा सहकारी संस्थाको विगत र वर्तमान अवस्थाबारे सहकारी संस्थाका पदाधिकारीहरूको भेला कार्यक्रम साउन २ गते भयो। भक्तपुर नगरपालिकाको आयोजनामा भएको उक्त कार्यक्रममा भक्तपुरको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलन २०२५ साउन २ र २०२६ असार १९ को स्मरण गऱ्यो।

कार्यक्रममा सांसद **सुवाल**ले देशको सन्तुलित विकास नहुँदा देशमा भ्रष्टाचार मौलाइरहेको बताउनुहुँदै सहकारी सञ्चालक र कर्मचारीहरूमा अर्थशास्त्रबारे राम्रो अध्ययन र जानकारी हुनुपर्ने बताउनुभयो।

समुदायमा आधारित सहकारी संस्थाहरू बैङ्क तथा वित्तीय संस्था जस्तो सञ्चालन हुनुहुँदैन भन्नुहुँदै सांसद सुवालले सहकारीले विभिन्न सीपमूलक तथा रोजगारीमूलक तालिम सञ्चालन गरी इमानदारीपूर्वक र निःस्वार्थ रूपमा जनताको सेवा गर्ने भावनाले काम गर्न तत्पर हुनुपर्ने बताउनुभयो।

पुँजीवादी व्यवस्था भ्रष्टाचारको छाया हुने भएकोले त्यसको विरोधमा समाजवादी व्यवस्था स्थापनाको लागि जनतालाई सचेत पार्नुपर्ने बताउनुहुँदै उहाँले नेपालका उद्योग कलकारखाना जस्ता सार्वजनिक संस्थान कौडीको मूल्यमा बेच्ने सरकारको नीति नै गलत भएको बताउनुभयो।

सांसद सुवालले देशलाई आत्मनिर्भर बनाउन देशमै उद्योग कलकारखानाहरू स्थापना हुनुपर्नेमा जोड दिनुहुँदै सहकारीका सञ्चालकहरूले सहकारी सिद्धान्त र मूल्यमान्यतालाई व्यवहारमा कार्यान्वयन गरेर देखाउनु आजको

आवश्यकता हो भन्नुभयो ।

काठमाडौँ उपत्यकामा डेंगु सङ्क्रमणको जोखिम बढ्दै गएको बताउनुहुँदै उहाँले भ्रष्टाचारविरोधी आन्दोलनलाई चालु राख्नुपर्ने बताउनुभयो ।

औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योगहरूको ध्वनि र धुवाँ प्रदूषणले स्थानीय जनस्वास्थ्यमा प्रतिकूल असर पुऱ्याइरहेको बताउनुहुँदै भक्तपुर औद्योगिक क्षेत्रलाई अन्य उपयुक्त ठाउँमा स्थानान्तरण गर्न नगरपालिकाले पहल गर्नुपर्ने धारणा राख्नुभयो ।




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरको किसान आन्दोलनको जगमा उभिएर भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माण, सरसफाइ, खेलकुदको विकासलगायतका क्षेत्रहरूमा उल्लेखनीय काम गर्न सफल भएको बताउनुहुँदै सहकारी संस्थाहरूले सहकारीको सिद्धान्त, मूल्य मान्यताअनुसार गरिब जनताको हितमा काम गरी उनीहरूको जीवनस्तर उत्थानमा सहयोगी भूमिका खेल्नुपर्ने बताउनुभयो ।

उहाँले भ्रष्टाचारविरोधी आन्दोलनबारे जानकारी गराउनुहुँदै सहकारी संस्थामा भएको भ्रष्टाचारको विरोधमा संस्थाका अध्यक्षलाई उल्टो टोपी लगाई भक्तपुर नगर घुमाई जनताले दण्ड दिएको घटनाबारे स्मरण गर्नुभयो ।

प्रमुख प्रजापतिले चीनको हुनान किसान आन्दोलनको प्रभावमा भक्तपुरमा पनि किसान आन्दोलन भएको बताउनुहुँदै नेमकिपाले शोषित पीडित किसानहरूलाई राजनीतिक र साङ्गठनिक रूपले सङ्गठित बनाई उनीहरूको हकहित सुनिश्चित गर्ने काम पनि गरेको बताउनुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले आर्थिक वर्ष २०८१/८२ मा भक्तपुर नपाको सहकारी समितिले सहकारी अनुगमन र नियमनलाई प्राथमिकतामा राखी अगाडि बढेको बताउनुहुँदै संस्थामा देखिएका समस्या र विकृति नियन्त्रणमा सुधार गर्न समितिले निरन्तर पहल गर्दै आएको बतउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका उपाध्यक्ष **गोविन्द दुवाल**ले भ्रष्टाचारविरोधी आन्दोलन अहिले पनि सान्दर्भिक भएको बताउनुहुँदै बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, भ्रष्टाचारविरोधी सङ्घर्षजस्ता क्रान्तिकारी गतिविधिमार्फत वर्गसङ्घर्षलाई तीव्र गति दिन नेपाल मजदुर किसान पार्टी सफल भएको बताउनुभयो ।

भक्तपुर जिल्ला बचत सङ्घका सचिव **जगन्नाथ प्रजापति**ले सहकारी संस्थालाई अप्ठेरो अवस्थामा पार्ने काम सहकारी संस्थाका सञ्चालकहरूबाट नै हुने गरेको बताउनुहुँदै सहकारी स्थापनाको उद्देश्यअनुसार सहकारी सञ्चालन नहुँदा समस्या निम्त्याएको हो भन्नुभयो ।

सहकारीको विकृति सरकारले नै नियन्त्रण गर्न नसक्ने अवस्थामा पुगेको बताउनुहुँदै उहाँले सहकारी पूर्ण रूपमा वित्तीय संस्थामा रूपान्तरण गर्न नहुने धारणा राख्नुभयो ।



कार्यक्रममा सहकारी समितिका सदस्य **सरिना ह्योला**ले भ्रष्टाचारविरोधी आन्दोलनको इतिहासबारे प्रष्ट पार्नुभयो भने सदस्य **नारायणप्रसाद त्वानाबासु**ले पनि बोल्नुभयो ।

## सामाजिक सुरक्षा भत्ता वितरणसम्बन्धी अभिमुखीकरण




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सबै वडाका वडा सचिव र कर्मचारीहरूलाई बायो–मेट्रिक भेरिफिकेशनमार्फत सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा नयाँ दर्ता गर्नेसम्बन्धी अभिमखुकीरण कार्यक्रम साउन २ गते भयो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले सेवाग्राहीको माग, आवश्यकता तथा प्राथमिकता पहिचान गरी नगरपालिकाबाट प्रवाहित हुने सेवा सुविधालाई सहज र सरल ढङ्गले सेवा प्रवाह गर्न कर्मचारीहरूले समन्वयकारी भूमिका खेल्नुपर्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले सेवाप्रवाहको क्रममा देखिने समस्यालाई कानुनी आधार देखाएर सेवाग्राहीलाई प्रष्ट पार्नुपर्ने बताउनुहुँदै भक्तपुर नपाले कर्मचारीहरूलाई आवश्यकताको आधारमा क्षमता अभिवृद्धि तालिमहरू प्रदान गर्दै आएको बताउनुभयो ।

वडा कार्यालय भनेको जनताबिच नजिक जनसम्पर्क हुने ठाउँ हो भन्नुहुँदै उहाँले कर्मचारीहरूले आफ्नो शैक्षिक योग्यतालाई निखार्दै आफूलाई विज्ञको रूपमा विकास गर्दै लान प्रेरित गर्नुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले जनप्रतिनिधि र कर्मचारीसँग जनताको नजिकको सम्बन्ध रहने हुँदा सेवाग्राहीहरूलाई सरल र सहज ढङ्गले सेवा प्रवाह गर्नेतर्फ जोड दिनुपर्ने बताउनुभयो ।

कर्मचारीहरूले नपाको ऐन, नियम, कानुन तथा नियमावलीहरू राम्रोसँग अध्ययन गरी जनतालाई सेवाप्रवाहमा सहजता प्रदान गर्नुपर्ने बताउनुहुँदै उहाँले कर्मचारीहरूमा व्यवहारिक पक्षमा पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यपालिका सदस्य एवम् महिला बालबालिका तथा समाज कल्याण समितिका संयोजक **रोशनमैंया सुवाल**ले भक्तपुर नपाले नेपाल सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्थित, प्रभावकारी र पारदर्शी ढङ्गले वितरणमा जोड दिँदै आएको बताउनुभयो ।

वडा सदस्य **हेरा ख्याजू**ले कार्यक्रमको उद्देश्यबारे प्रष्ट पार्नुभएको उक्त कार्यक्रममा वडा सदस्य **सुमित्रा बोहजू**ले पनि बोल्नुभएको थियो ।

## जनप्रतिनिधि तथा कर्मचारीहरूको भेटघाट




भक्तपुर नगरपालिका वडा नं. ९ का जनप्रतिनिधि तथा कर्मचारीहरूको भेटघाट कार्यक्रम साउन ३ गते भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नयाँ पुस्तालाई शिक्षित, सङ्गठित, अनुशासित र इमानदार बनाउन सकेमात्र भविष्य राम्रो हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'नेपाल मजदुर किसान पार्टीको सिद्धान्त र विचारबाट जनतामा सकारात्मक प्रभाव छ । राजनीति कार्यकर्तामा त्यागको भावना आवश्यक छ । नेमकिपाका अग्रजहरूको त्याग र समर्पणको कारण पार्टी आजको अवस्थामा पुग्न सफल भएको हो ।'

भक्तपुरको परिचय र पहिचान नै पारदर्शी र आर्थिक अनुशासन भएको स्पष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले जनप्रतिनिधि र कर्मचारीले समयको परिपालनालाई जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, 'भनपाको विशेषता जनतालाई केन्द्रित गरी निःस्वार्थ, इमानदारीपूर्वक सेवा गर्नु हो । भक्तपुरको सन्तुलित विकासमा नेमकिपाका अग्रजहरूको महत्त्वपूर्ण योगदान छ ।'

देश र जनताको हितमा इमानदारीपूर्वक लाग्नेहरूविरुद्ध कुनै पनि बेला षड्यन्त्र हुनसक्ने प्रति सजग गराउनुहुँदै उहाँले कार्यकर्ताहरूले अन्याय र अत्याचारको विरोधमा जनताको साथ लिई अगाडि बढ्नु जरुरी छ भन्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भनपाले समाजवादी समाज स्थापनाको लागि आधारभूत जगहरू बनाउने काम गरिरहेको बताउनुभयो ।

अग्रज र नयाँ पुस्ताबिच अनुभव आदानप्रदान कार्यक्रमलाई चालु राख्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै विगतका कमी कमजोरीलाई सच्याई अगाडि बढ्न सकेमात्र सफलतामा पुग्न सकिने बताउनुभयो ।

पूर्ववडाध्यक्ष **कृष्णभक्त लवजु**ले भनपाका जनप्रतिनिधिहरूले पार्टीको नीति र निर्देशनअनुसार इमानदारीपूर्वक जनताको सेवा गरिरहेका छन् भन्नुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले वडाको वार्षिक गतिविधिको समीक्षा गर्न कार्यक्रम गर्दै आएको चर्चा गर्नुहुँदै जनप्रतिनिधि र कर्मचारीको संयुक्त प्रयासले वडाको काम सहज ढङ्गले अगाडि बढ्न सहयोग पुग्ने बताउनुभयो ।

कार्यक्रममा **छोरीमैया सुजखु** र **रामेश्वरी किसी**ले पनि बोल्नुभएको थियो ।

## भक्तपुरको जात्रा पर्व र पर्यटन प्रवर्द्धनसम्बन्धी छलफल



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुरको जात्रा पर्व र पर्यटन प्रवर्द्धनसम्बन्धी पर्यटन व्यवसायीहरूबीच छलफल कार्यक्रम साउन ८ गते सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले नेपाल पर्यटन क्षेत्रमा प्रचुर सम्भावना भएको देश भए पनि नेपालको पर्यटन विकास सन्तोषजनक नरहेको बताउनुभयो ।

उहाँले छिमेकी देशका पर्यटकलाई लक्षित गरी आवश्यक योजनाहरू बनाउनुपर्नेमा जोड दिनुहुँदै भक्तपुर नपाले आन्तरिक पर्यटन प्रवर्द्धनमा विशेष जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुरका जात्रा पर्व सांस्कृतिक पर्यटन विकास गर्ने आधार हो भन्नुहुँदै उहाँले यहाँका मौलिकता प्रदर्शन र मूर्त अमूर्त सम्पदा देखाउने राम्रो अवसर पनि सांस्कृतिक गतिविधिले दिएको बताउनुभयो ।

भक्तपुरको मौलिकता संरक्षण गर्न नपाले मौलिक शैलीमा घर निर्माण गर्ने घरधनीहरूलाई आर्थिक अनुदानको व्यवस्था गर्दै आएको बताउनुहुँदै उहाँले पर्यटकले निर्धक्क रूपमा घुम्न पाउने वातावरण सिर्जना गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वातावरण तथा पर्यटन समितिका संयोजक **रवीन्द्र ज्याख्व**ले भक्तपुरको सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न र नजिकिँदै गरेको गाईजात्रा पर्वमा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनको लागि सरोकारवाला निकायबाट साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले गाईजात्रामा प्रदर्शन हुने सांस्कृतिक गतिविधिमार्फत पनि स्थानीयहरूले लाभ लिन सक्ने वातावरण सिर्जना गर्नुपर्ने बताउनुहुँदै जात्रा पर्व भनेको भक्तपुरको मूर्त र अमूर्त कला प्रदर्शन गर्ने अवसर पनि हो भन्नुभयो ।

पर्यटन सूचना तथा सेवा केन्द्र प्रमुख **गौतमप्रसाद लासिवा**ले कार्यक्रमको उद्देश्य र पर्यटन प्रवर्द्धनमा नगरपालिकाको भावी योजनाबारे प्रष्ट पार्नुभयो ।

कार्यक्रममा होटल एशोसिएन नेपालका अध्यक्ष **विनायक शाह**ले भक्तपुरको समग्र विकासमा भक्तपुर नगरपालिकाले अग्रणी भूमिका खेल्दै आएको बताउँनुहुदै भक्तपुर पर्यटकहरूले एकपटक घुम्नै पर्ने सहरको रूपमा विकास भइरहेको बताउनुभयो ।

नेपाल एशोसिएसन टुर एण्ड ट्राभल एजेन्सीका सांस्कृतिक विभागका विशेषज्ञ **यज्ञमूर्ति आचार्य**ले भक्तपुरलाई खुला आकाशमुनिको सङ्ग्रहालयको रूपमा प्रचारप्रसार गर्नुपर्ने बताउनुहुँदै पर्यटन प्रवर्द्धनमा नपासँग हातेमालो गरी अगाडि बढ्न तत्पर रहेको बताउनुभयो ।

भक्तपुर पर्यटन विकास समितिका **दिपेशराज शर्मा**ले भक्तपुरका सांस्कृतिक जात्रा पर्वलाई पनि पर्यटनसँग जोडेर अगाडि बढ्नुपर्ने बताउनुहुँदै नगरको सांस्कृतिक विशेषताबारे व्यापक प्रचारप्रसार आवश्यक भएको बताउनुभयो ।

त्यस्तै होटल एशोसिएसन अफ भक्तपुरका अध्यक्ष **कृतन अवाल**ले जात्रा पर्वको समयमा भक्तपुरका होटलहरूलाई निर्वाध रूपमा सञ्चालन गर्ने वातावरण सिर्जना गर्न आवश्यक पहल गरिने बताउनुहुँदै भक्तपुरको सांस्कृतिक पर्यटन प्रवर्द्धनलाई डिजिटल बनाउँदै लानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

## सलाँ गणेश मन्दिर पछाडिको पाटी उद्घाटन



भक्तपुर नगरपालिका वडा नं. ९ स्थित ऐतिहासिक सलाँ गणेश मन्दिर पछाडिको पाटी पुनः निर्माण सम्पन्न भई साउन १० गते विशेष समारोहबिच उद्घाटन गरिएको छ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्थानीय उपभोक्ता समितिको पहलमा सम्पन्न पाटीको उद्घघाटन गर्नुभएको हो ।

नगर प्रमुख **प्रजापति**ले भक्तपुर सम्पदाको सहर भएकाले सम्पदा संरक्षणमा नगरपालिका विशेष प्राथमिकताका साथ लागिरहेको बताउनुहुँदै अरनिको सभा भवन र दरबार क्षेत्रका अन्य सम्पदाहरूको पुनः निर्माण कार्य तीव्र गतिमा अगाडि बढाइएको जानकारी दिनुभयो ।



उहाँले जनताको सहभागितामा सम्पदा जगेर्ना कार्य भइरहेको बताउनुहुँदै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूले देशकै लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गरिरहेको र स्थानीय विकासका लागि शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा निरन्तर सेवा दिइरहेको उल्लेख गर्नुभयो ।

भक्तपुरको विकासमा सबैको साथ र सहयोग रहेको बताउनुहुँदै उहाँले नगरपालिकाले जनताको सहजताको लागि विभिन्न क्षेत्रमा काम गरिरहेको बताउनुभयो ।

कार्यक्रममा ९ नं. वडा अध्यक्ष **रवीन्द्र ज्याख्व**ले पाटी पुनः निर्माण कार्यको आर्थिक हिसाब किताब पारदर्शी बनाउन सार्वजनिक सुनुवाइ कार्यक्रमको खाँचो रहेको बताउनुहुँदै प्रत्येक वडाले एउटा सम्पदा निर्माण कार्यलाई जोड दिँदै आएको बताउनुभयो । पाटीलाई पुरानै शैलीमा निर्माण गर्ने कोसिस गरेको बताउनुहुँदै यो फल्चा करिव ३ सय वर्ष पुरानो रहेको बताउनुभयो । उहाँले हाल उपभोक्ता समिति मार्फत सलाँ गणेश जीर्णोद्धार सँगै पोखरीको वरपरको सौन्दर्यीकरण पनि सँगै अगाडि बढाइने जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाका सम्पदा शाखा प्रमुख **रामगोविन्द श्रेष्ठ**ले वि.सं. २०७२ सालको भुकम्पले क्षति भएको पाटी लामो समयको प्रयासपछि पाटी निर्माण सम्पन्न भएको बताउनुभयो ।

सलाँ गणेश पोखरी उपभोक्ता समितिका अध्यक्ष **श्यामकृष्ण लवजु**ले ५४ लाख रुपैयाँ लगत इस्टिमेतमा सलाँ गणेश पोखरी जीर्णोद्धार भैरहेको र हालसम्म करिव ७० प्रतिशत काम सम्पन्न भएको जानकारी दिनुभयो ।



सलाँ गणेश मन्दिर पछाडिको पाटी उपभोक्ता समितिका कोषाध्यक्ष **रत्ना चवाल**ले पाटी निर्माणमा हालसम्म १९ लाख ६४ हजार ५१२ रुपैयाँ खर्च भएको विवरण सार्वजनिक गर्नुभयो ।

कार्यक्रममा पूर्व वडा सदस्य एव सलाँ गणेश मन्दिर पछाडिको पाटी पुनः निर्माण समितिका अध्यक्ष **जगतलाल मानन्धर**ले धन्यवाद व्यक्त गर्नुभएको थियो ।

## जनप्रतिनिधि, कर्मचारी र जनताको संयुक्त पहलबाट उदाहरणीय काम सम्पन्न



भक्तपुर नगरपालिका वडा नं. १० को आयोजनामा वडाका जनप्रतिनिधि तथा कर्मचारीहरूको पारिवारिक भेटघाट कार्यक्रम साउन १० गते भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले पारिवारिक भेटघाटले आत्मीयता र सहयोगी भावनाको विकास गर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'जनप्रतिनिधि, कर्मचारी र जनताको संयुक्त पहलबाट उदाहरणीय काम सम्पन्न हुने उदाहरण भक्तपुर नगरपालिका हो । जनता इमानदार भए निर्वाचित जनप्रतिनिधि पनि इमानदार हुने हुँदा जनतालाई राजनीतिक र सैद्धान्तिक रूपमा सङ्गठित गर्नु जरूरी छ ।'

व्यक्तिगत स्वार्थ त्यागेर काम गरे समाजको विकास तीव्रगतिले गर्न सकिने भनाइ उहाँको थियो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'भक्तपुर शैक्षिक, राजनीतिक, सांस्कृतिक र सफाइमा परिवर्तन हुनुमा पार्टीका अग्रजहरूको भूमिका महत्त्वपूर्ण छ। राजनीतिक कार्यकर्ताहरू विचार र सिद्धान्तमा प्रतिबद्ध भई लाग्नुपर्छ।'

भक्तपुर नगरका जनप्रतिनिधि, कर्मचारी र राजनीतिक नेतृत्वको अनुशासन र इमानदारीको कारण देशभरिका नगरपालिकालाई मार्ग निर्देश गर्ने क्षमताको विकास भएको छ, उहाँले भन्नुभयो।

नगरपालिकाले लागु गरेको पर्यटन शुल्कले भक्तपुर विकासमा महत्त्वपूर्ण योगदान गरेको चर्चा गर्दै प्रमुख प्रजापतिले जनतालाई स्वयम्सेवीको भावना दिन पाक्षिक सरसफाइ कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले कर्मचारी, जनप्रतिनिधिबिच पुनर्ताजगीको लागि पारिवारिक भेटघाट आवश्यक भएको धारणा राख्नुहुँदै नेमकिपाको उद्देश्य र सिद्धान्तलाई व्यवहारमा लागु गर्ने जिम्मेवारी जनप्रतिनिधि, कार्यकर्ता र कर्मचारीको हो भन्नुभयो।

पूर्ववडाध्यक्ष **चन्द्रबहादुर उलक**ले कर्मचारी र जनप्रतिनिधिको कर्तव्य र जिम्मेवारी फरक भए पनि जनताको सेवा गर्ने साझा जिम्मेवारीबाट प्रेरित भई काम गर्नुपर्ने बताउनुभयो।

कर्मचारीहरू पनि राजनीतिकरूपमा स्पष्ट र प्रतिबद्ध भई अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले जनप्रतिनिधिको उद्देश्य पूरा गर्ने कर्मचारीले सहयोगी भूमिका खेल्नुपर्ने बताउनुभयो।

भनपा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौँमिखा**ले जनताको मन जितेर काम गर्न सकेमात्र जनप्रतिनिधि र कर्मचारी सफल भएको ठान्नुपर्छ भन्नुभयो।

कार्यक्रममा वडा सदस्य **जितेन्द्र मुनंकर्मी**ले पनि बोल्नुभएको थियो।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले सेवानिवृत्त कर्मचारीहरू गोविन्दराम थुसा र भुवन बखुन्छेलाई सम्मानपत्र र मायाको चिनो प्रदान गर्नुभएको थियो।

## अपाङ्गता भएकाहरूलाई थेरापी सामग्री हस्तान्तरण

भक्तपुर नगरपालिकाको आयोजनामा अपाङ्गता भएका व्यक्तिहरूलाई थेरापी सामग्री हस्तान्तरण कार्यक्रम साउन ११ गते एक कार्यक्रमबिच सम्पन्न भयो।

नगर प्रमुख **प्रजापति**ले भक्तपुर नपाद्वारा सञ्चालित पाँचवटा स्वास्थ्य केन्द्रलाई थेरापी मेसिन हस्तान्तरण गर्नुभएको थियो।

कार्यक्रममा उहाँले अपाङ्गता भएका व्यक्तिको पनि समाजमा समान ढङ्गले बाँच्नपर्छ भन्नहुँदै स्वास्थ्यमा सहज पहुँच प्रदान गर्न स्वास्थ्य सामग्री सहयोगको रूपमा हस्तान्तरण कार्यक्रम अगाडि बढाएको बताउनुभयो।

ख्वप अस्पतालले गत आ.व.मा २ लाख ८८ हजारभन्दा बढीलाई सेवा गरेको जानकारी दिनुहुँदै प्रमुख प्रजापतिले अस्पतालमा देशैभरिका नागरिकले सेवा लिइरहेका छन् भन्नुभयो।

शिक्षा र स्वास्थ्य निःशुल्क गरेको भए भ्रष्टाचार स्वतः हट्दै जाने धारणा राख्नुहुँदै उहाँले सरकारी सेवा गुणस्तरीय बनाउने उद्देश्यले काम गरिरहेको बताउनुभयो।




जनतालाई समान ढङ्गले सेवा प्राप्त गर्ने अधिकार सुनिश्चितता गर्न लागिपरेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले समाजवादी विचारबाट प्रभावित भई जनताको सेवा गर्दै आएको बताउनुभयो।

कार्यक्रमका सभापति एवं भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले अपाङ्गता भएका व्यक्तिहरूको सहजताको लागि थेरापी मेसिन वितरण कार्यक्रम राखिएको बताउनुहुँदै भनपाभित्र अपाङ्गता भएका ६८८ जना रहेको जानकारी दिनुभयो।

शारीरिक अशक्तहरूलाई सरकारले विशेष सुविधाहरू प्रदान गर्दै आएको उल्लेख गर्नुहुँदै उहाँले आगामी दिनमा पनि आवश्यकताअनुसार स्वास्थ्य सामग्री सहयोग गर्दै जाने बताउनुभयो।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले अपाङ्गता भएका व्यक्तिलाई घरदैलो गरी परिचयपत्र प्रदान गर्ने कार्यक्रम अगाडि बनाउने योजना रहेको बताउनुभयो।

भक्तपुर नपाद्वारा सञ्चालित पाँचवटा स्वास्थ्य केन्द्रलाई यूएस मसाजर, फिजियो बल, थेरा ब्रान्ड, ह्यान्ड ग्रिपर, वाहकर, क्रुत्येस, ट्ली लकर र वेट कफ गरी १० किसिमका सामग्री सम्बन्धित वडाध्यक्षमार्फत वितरण गरिएको थियो।

कार्यक्रममा डा. रत्नसुन्दर लासिवाले पनि बोल्नुभएको थियो।

# ब्रह्मायणी मन्दिरको मौलिक स्वरूप र शैलीबारे अन्तरक्रियात्मक छलफल




भक्तपुर नगरपालिका ९ नं वडा कार्यालयको संयोजनमा वडा नं. ९ स्थित ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्त्वको ब्रह्मायणी मन्दिर पुनः निर्माण गर्ने सन्दर्भमा राय सुझाव लिन साउन १२ गते ब्रह्मायणी परिसरमा एक छलफल कार्यक्रमको आयोजना भयो।

पुराना चित्रकार, ज्येष्ठ नागरिक, इन्जिनियर, सम्पदाप्रेमी, शिक्षक, संस्कृतिप्रेमी, डकर्मी, सिकर्मी, किसान, महिला, मजदुर, युवा, विद्यार्थी, जनप्रतिनिधि तथा स्थानीय वडावासीहरू सहभागी भएको सो भेलामा भक्तपुर नगरपालिकाका नगर प्रमुख **सुनिल प्रजापति**ले ऐतिहासिक प्रमाणकै आधारमा मन्दिर पुनःनिर्माण गर्नुपर्नेमा जोड दिनुभयो।

थंथु दरबार, कला सङ्ग्रहालय, गुठी संस्थान भवन आदि मल्लकालीन शैलीमा बनाउन लागिपरेको उल्लेख गर्नुहुँदै उहाँले लक्ष्मी नरसिंह मन्दिर सम्बन्धित व्यक्ति, विज्ञहरूसँगको लामो अध्ययन र अनुसन्धानपछि मात्र पुनःनिर्माण गरेको बताउनुभयो।

यहाँका हरेक मठ, मन्दिर, सत्तल, पाटी, ढुङ्गेधारा आदि सबैको साझा सम्पत्ति भएको हुँदा सोको संरक्षण गर्ने जिम्मेवारी पनि सबैको हुने उल्लेख गर्नुहुँदै उहाँले पुरानो बचाउने या संरक्षण गर्ने नाउँमा मौलिक स्वरूपविपरीत आधुनिकीकरण गर्न नहुने विचार व्यक्त गर्नुभयो।

ब्रह्मायणी मन्दिरको स्वरूप कस्तो हो भन्ने कुराको हरेक दृष्टिकोणबाट हेर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै पुरातात्त्विक, ऐतिहासिक आधार, संस्कृतिविद् र इतिहासहरूको अनुभव सङ्कलन गरी अध्ययन अनुसन्धानपछि प्राप्त सुझावमा पनि अन्तरक्रियात्मक छलफल गरी निचोडमा पुगेपछि मात्रै ब्रह्मायणी मन्दिर पुनः निर्माण प्रक्रिया अघि बढाउनुपर्ने विचार व्यक्त गर्नुभयो।

भक्तपुरलाई देशकै सुन्दर, आकर्षक र नमुना नगर बनाउने उद्देश्यले काम गरिरहेको स्पष्ट पार्नुहुँदै उहाँले भक्तपुर सबैको निम्ति सिक्ने, सिकाउने र अध्ययन गर्ने थलोको रूपमा परिचित हुँदै गएको बताउनुभयो।

भक्तपुर नगरको सम्पदा संरक्षण विदेशी लगानीबिना यहाँका जनताको स्रोत, साधन, सीप र लगानीमा भइरहेको उल्लेख गर्नुहुँदै उहाँले नगरको प्रवेशद्वारदेखि नै आकर्षक र सुन्दर बनाउनेतर्फ नपा लागिपरेको बताउनुभयो।



भनपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले ब्रह्मायणी मन्दिर, पीठ सबैको आस्थाको केन्द्र, धार्मिक, ऐतिहासिक र सांस्कृतिक केन्द्र भएको उल्लेख गर्नुहुँदै ब्रह्मायणी मन्दिर पहिले कस्तो शैली र स्वरूपमा बनेको हो, त्यसबारे विज्ञ र वडावासीहरूसँग राय सुझाव लिन भेला आयोजना गरिएको बताउनुभयो।

हरेक सम्पदाको अभिलेखीकरण गर्नुपर्ने आवश्यकतामा जोड दिनुहुँदै उहाँले ब्रह्मायणी मन्दिर मौलिक स्वरूपमै पुनः निर्माण गर्नुपर्ने पुरातत्त्वविद्, संस्कृतिविद् र विज्ञहरूको सुझाव आइरहेको बताउनुभयो।

सहरी विकास मन्त्रालयले ब्रह्मायणी परिसर सुधारको लागि बजेट छुट्याएको जानकारी दिनुहुँदै उहाँले ब्रह्मायणी मन्दिरको मौलिक स्वरूप थाहा पाउन अन्तरक्रिया र छलफललाई चालु राख्ने बताउनुभयो।

चाँगु नारायण नपा वडा नं. ९ का वडाध्यक्ष गणेश त्यातले ब्रह्मायणी मन्दिर र वरपरको सम्पदा संरक्षण र सुधारमा एक आपसमा समन्वय र सहकार्य हुनुपर्नेमा जोड दिनुभयो।

रवीन्द्र ज्याख्वको सभापतित्वमा भएको सो भेलामा इन्जिनियर **सरिता धुख्वा**ले ब्रह्मायणी मन्दिरको पहिलेको स्वरूप, संरचना, ज्येष्ठ र विज्ञहरूको भनाइ र स्थलगत अध्ययनबाट प्राप्त सुझावबारे जानकारी दिनुभयो।

भेलामा **छोरीमैया सुजखु**ले भेला आयोजनाको आवश्यकताबारे बताउनुभयो।

भेलामा विभिन्न सहभागीहरूले ब्रह्मायणी मन्दिरको स्वरूप र स्थितिबारे थाहा पाउन अभिलेख, शिलापत्र अध्ययन गर्नुपर्ने, त्यसको फोटो, चित्र खोजीनीति गर्नुपर्ने, डाफा भजनको गीत, इतिहास र संस्कृतिसम्बन्धी पुस्तक अध्ययन गर्नुपर्ने, ब्रह्मायणी मन्दिर काभ्रे र उपत्यकामा कहाँ कहाँ छन् बुझ्नुपर्ने सुझाव दिएका थिए ।

मन्दिरको हाल कायम रहेको अवशेष हेर्नुपर्ने, ब्रह्मायणी मन्दिर भत्केसँगै बाँकी रहेको विभिन्न टुँडाल, आँखीझ्यालको अध्ययन गर्नुपर्ने, इतिहासकार, चित्रकार, राजोपाध्याय, संस्कृतिविद्, ज्येष्ठ नागरिक आदिसँग बुझ्नुपर्ने, विदेशीहरूको यात्रा संस्मरण, यात्राको क्रममा खिचेको फोटो, अष्टमातृकाको मन्दिर आदिबारे पनि अध्ययन अनुसन्धान गर्नुपर्ने सुझाव सहभागीहरूले दिएका थिए ।

त्यस्तै, ब्रह्मायणी मसान घाटमा शव दाह गर्न आउने गुठीका नाइकेहरूसँग पनि आवश्यक परामर्श लिनुपर्ने सुझाव दिइएको थियो ।



ब्रह्मायणी मन्दिर

स्मरणीय छ, भक्तपुरको अष्टमातृकाहरूमध्ये ब्रह्मायणी मन्दिर र स्थान पनि एक हो । यस्तै अन्य मातृका देवीहरूमा महेश्वरी, कुमारी, भद्रकाली, बाराही, इन्द्रायणी, महाकाली, महालक्ष्मी र त्रिपुरासुन्दरी रहेका छन् ।

ब्रह्मायणी मन्दिरको स्वरूपबारे कुनै इतिहासकार, संस्कृतिविद्, पुरातत्त्वविद्, ज्येष्ठ नागरिक, विज्ञ या अन्य ज्ञाताहरूसँग कुनै ऐतिहासिक प्रमाण, फोटो, चित्र, मन्दिर, अभिलेख भए भक्तपुर नपा वडा नं. ९ या भक्तपुर नपाको कार्यालयमा सम्पर्क राखी सहयोग गर्न अनुरोध गरिएको छ ।

## सांस्कृतिक मूल्याङ्कनकर्ताहरूको भेला



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नजिकिँदै गरेको सापारु (गाईजात्रा) पर्व २०८२ मा प्रदर्शन हुने सांस्कृतिक प्रदर्शनीका सांस्कृतिक मूल्याङ्कनकर्ताहरूको भेला साउन १३ गते भयो ।

## शिशुस्याहार तथा बालविकास केन्द्रहरूमा निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आज नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहार तथा बालविकास केन्द्रहरूको साउन १४ गते स्थलगत निरीक्षण गर्नुभयो ।

भक्तपुर नगरपालिकाले हाल भनपा वडा नं. १ दुधपाटी, वडा नं. ३ मंगलतीर्थ, वडा नं. ७ कार्यालय, वडा नं. ७ खँचा, वडा नं. ८ लिबाली र वडा नं. ६ भोलाछेँ गरी ६ स्थानमा शिशुस्याहार केन्द्रहरू सञ्चालन गर्दै आएको छ ।

भार्वाचो शिशुस्याहार केन्द्रमा ४३ जना, मंगलतीर्थ शिशु स्याहार केन्द्रमा २९ जना, गोल्मढी शिशु स्याहार केन्द्रमा ४० जना, खँचा शिशुस्याहार केन्द्रमा ३४ जना, भोलाछेँ शिशु स्याहार केन्द्रमा ४४ जना र लिबाली शिशुस्याहार केन्द्रमा ३० जना गरी २२९ जना शिशुहरु भर्ना भएका छन् ।

## सरसफाइ कार्यक्रम

भक्तपुर नगरपालिकाको आयोजनामा पाक्षिक सरसफाइ अन्तरगत साउन १५ गते भाजु पुखू परिसरमा सरसफाइ कार्यक्रम आयोजना गऱ्यो ।







कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी, विद्यार्थी र स्थानीय जनताको सहभागिता रहेको थियो ।

झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।

## गुन्हिपुन्ही / सापारूको तयारीमा संस्कृतिकर्मीहरूको भेला




भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ सालको गाईजात्रा पर्व (सापारु) मा प्रदर्शन हुने परम्परागत तथा आधुनिक सांस्कृतिक विधाहरूको प्रतियोगिताको तयारीस्वरुप साउन १५ गते संस्कृतिकर्मीहरूको भेला भयो ।

नगरका दाफा, भजन, सांस्कृतिक टोलीलगायतको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले गाईजात्रा पर्व भक्तपुरको सांस्कृतिक प्रदर्शनीहरू प्रदर्शन गर्ने राम्रो अवसर हो भन्नुहुँदै जात्रालाई व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न सबैको साथ र सहयोग आवश्यक भएको बताउनुभयो ।

गाईजात्रामा प्रदर्शन हुने घिन्ताङघिसी भक्तपुरको प्रमुख विशेषताको रूपमा रहेको हुँदा नयाँ पुस्तालाई भक्तपुरको कला संस्कृतिमा उत्साहित गर्न संस्कृतिकर्मीहरूको विशेष योगदान रहने उहाँले बताउनुभयो ।

आधुनिक र परम्परागत विधालाई सँगसँगै अगाडि बढाउन सांस्कृतिक प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै उहाँले भक्तपुर नपाले विद्यालयस्तरबाटै विद्यार्थीहरूलाई यहाँको कला संस्कृति अध्ययन अध्यापन गराउने व्यवस्था पनि गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले भक्तपुर नपाले सापारुको दिन घिन्ताङघिसी र माक प्याखँ तथा कृष्णाष्टमीसम्म परम्परागत एवम् आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिकरणको मूल्याङ्कन गरी पुरस्कृत गर्ने भएको हुँदा सांस्कृतिक समूह र संस्कृतिकर्मीहरूले भक्तपुर नपा र वडा कार्यालयहरूमा सांस्कृतिक विधाहरू दर्ता गर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा विभिन्न विधाका संस्कृतिकर्मीहरूले गाईजात्रालाई सभ्य र सुसंस्कृत बनाउन सबैको संयुक्त पहल आवश्यक भएको बताउँदै भक्तपुर नपाका सकारात्मक कदममा सहयोग गर्न प्रतिबद्ध रहेको बताउनुभयो ।

eQmk'/ gkfsf]cgudg

## व्यासीका मासु पसल

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा असार २९ गते व्यासीमा मासु पसल अनुगमन गऱ्यो।

अनुगमन गरिएका सबैजसो पसलमा मासु खुला रूपमा धूलो र झिँगा भन्किने गरी राखेको पाइएकोले जालीले छोपेर राख्न वा सिसाको बाकस बनाएर त्यसभित्र सुरक्षितसाथ राख्न निर्देशन दिइएको संयोजक गोराले बताउनुभयो।

अनुगमन टोलीले सानो व्यासी मासु पसल तीन दिनभित्र नवीकरण गर्न, निकास व्यवस्थित गर्न, एप्रोन सेतो प्रयोग गर्न र मासु खुला रूपमा धूलो र झिँगा भन्किने गरी राखेको पाइएकोले जालीले छोपेर राख्न वा सिसाको बाकस बनाएर सुरक्षितकासाथ राख्न निर्देशन दियो।

इन्द्रायणी मिट सपलाई मासु काट्न प्रयोग हुने औजारहरू, भाँडावर्तन सफा राख्न, भित्ता, भुइँमा पानी नसोसिने र सजिलै सफा गर्न सकिने गरी कार्पेट वा टायल राख्न र निकासको व्यवस्थित व्यवस्थापन गर्न निर्देशन दियो।

बाराही अजिमा मिट सपलाई पसल तीन दिनभित्र दर्ता गर्न, एप्रोन सेतो प्रयोग गर्न, सरसफाइमा ध्यान दिन, भुइँमा पानी नसोसिने र सजिलै सफा गर्न सकिने गरी कार्पेट वा टायल राख्न र निकासको व्यवस्थित व्यवस्थापन गर्न र फ्रिज चलाउने सिस्टम नमिल्दा फ्रिजमा रहेको बिग्रेको मासु जफत गरी नष्ट गरियो।

भक्तपुर चिकेन हाउसलाई आ.व. २०७६/०७७ देखि नवीकरण नभएकोले तीन दिनभित्र नवीकरण गर्न, मूल्य सूची राख्न, सरसफाइमा ध्यान दिन, भुइँमा पानी नसोसिने र सजिलै सफा गर्न सकिने गरी कार्पेट वा टायल राख्न र निकासको व्यवस्थित व्यवस्थापन गर्न निर्देशन दियो।

न्यू नवदुर्गा मिट सपलाई सरसफाइमा ध्यान दिन र एप्रोन सेतो प्रयोग गर्न निर्देशन दियो।

बालाखु गणेश कोल्ड स्टोरमा बिग्रेको कुखुराको मासु जफत गरी नस्ट गरियो भने एभरेष्ट चिकेन स्टोरमा पसल र तराजु दुवै नवीकरण गर्न निर्देशन दियो।

## भार्वाचोका मासु पसल

अनुगमन टोलीले असार ३० गते भार्वाचोका मासु पसल अनुगमन गऱ्यो।

अनुगमन टोलीले जे.एस.चिकेन सप्लायर्सलाई नवकरण



गर्न, एप्रोन सेतो प्रयोग गर्न, धेरै पुरानो बिलविजक प्रयोग भएकोले भ्याट तथा प्यान बिल आर्थिक वर्षअनुसार सुरु १ देखि चलाउन, तराजु नापतौल विभागमा नवीकरण गर्न, फ्रिज निभाउने र बाल्ने गर्दा मासु बिग्रने भएकोले एकनासले कम तापक्रममा सञ्चालन गर्न र फ्रिज भित्र राखी राखेको बिग्रेको मासु जफत गरी नस्ट गरियो।

भार्वाचो मासु पसललाई सरसफाइमा ध्यान दिन, मूल्य सूची राख्न, जिपलक प्लाष्टिक व्यागमा राखेर मात्र फ्रिजमा मासु राख्न, बासी बिग्रेको मासु फ्रेस मासुसँगै फ्रिजमा नराखी छुट्टै राख्न, कुखुरा र राँगोको मासुसँगै राखेर नबेच्न र छुट्टाछुट्टै राखेर बिक्रीवितरण गर्न र मासु खुला रूपमा धूलो र झिँगा भन्किने गरी राखेको पाइएकोले जालीले छोपेर राख्न वा सिसाको बासक बनाएर सुरक्षितकासाथ राख्न निर्देशन दियो।

मनिता मासु पसललाई तीन दिनभित्र दर्ता गर्न; हरि मिट सपलाई दर्ता प्रमाणपत्र पसलमा राखी राख्न, तराजु नापतौल विभागमा नवीकरण गर्न, पसल व्यवस्थित गर्न निर्देशन दियो।

## भुलाछेँ र देकोचाका वधस्थल र मासु पसल

टोलीले असार ३१ गते भुलाछेँ र देकोचाका वधस्थल र मासु पसल अनुगमन गऱ्यो।

अनुगमन टोलीले महाकाली कोल्ड स्टोरलाई वधस्थल नगन्हाउने गरी व्यवस्थापन गर्न, कीटाणुबाट सङ्क्रमण तुरुन्त हुने भएकोले भुइँभन्दा तीन फिट अग्लो टेबल बनाई भुइँ सजिलै सफा गर्न मिल्ने गरी मार्वल वा टायल राख्न, कामदारलाई अनिवार्य सेतो एप्रोन, मास्क, पञ्जा, हेयरनेट राख्न लगाई मासुको काम गराउन निर्देशन दियो।

ईश्वरी शाहीको मासु पसललाई तीन दिनभित्र दर्ता गरी नगरपालिकामा उपस्थित हुन, वधस्थल सफा गर्न मिल्ने गरी भुइँ, भित्तामा टायल र मार्बल राख्न, सरसफाइमा ध्यान दिन, कामदारलाई अनिवार्य सेतो एप्रोन, मास्क, पञ्जा, हेयरनेट राख्न लगाई मासुको काम गराउन निर्देशन दिइयो ।

न्यु चिकेन स्टोरलाई वधस्थलको फोहोर सिधै ढल निकासमा नराखी उपचारपछि निकासमा जोड्न, कामदारलाई अनिवार्य सेतो एप्रोन, मास्क, पञ्जा, हेयरनेट राख्न लगाई मासुको काम गराउन र वधस्थल छुट्टै दर्ता गरी सञ्चालन गर्न निर्देशन दियो ।

विकेश मिट सपलाई नवीकरण गर्न, मूल्यसूची राख्न, कामदारलाई अनिवार्य सेतो एप्रोन, मास्क, पञ्जा, हेयरनेट राख्न लगाई मासुको काम गराउन, भुइँ भित्ता सफा गर्न मिल्ने गरी कार्पेट वा टायल राख्न र निकासको व्यवस्थापन गर्न निर्देशन दियो ।

भक्तपुर आर. कोल्ड स्टोरलाई फ्रिजमा मासुजन्य पदार्थ र तरकारीजन्य पदार्थसँगै राख्दा कीटाणुहरू सजिलै सङ्क्रमण हुनसक्ने भएकोले छुट्टाछुट्टै फ्रिजमा राख्न, कामदारलाई अनिवार्य सेतो एप्रोन, मास्क, पञ्जा, हेयरनेट राख्न लगाई मासुको काम गराउन निर्देशन दियो ।

रोयल मिट सपको फ्रिजमा राखेको पुरानो र बिग्रेको मासु जफत गरी नष्ट गरियो । कालिका कोल्ड स्टोरमा पनि अनुगमन गरिएको थियो ।

## सल्लाघारीका खाद्य र मासु पसल



टोलीले असार ३२ गते वडा नं.१ सल्लाघारीका ३ वटा खाद्य पसल र ५ वटा मासु पसल अनुगमन गर्‍यो ।

सविका मिट सपमा पसलमा फ्रिजमा बिग्रेको मासु जफत गरी नस्ट गरी तराजु नवीकरण नभएकोले १ थान जफत गर्नुका साथै दर्ता नवीकरण कागजात नभएकोले कागजात लिएर तीन दिनभित्र नपा कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

न्यू भक्तपुर मिट सपलाई दर्ता नभएकोले तीन दिनभित्र दर्ता गरी नगरपालिकामा उपस्थित हुन निर्देशन दियो ।

एन्ताज मासु पसललाई धूलो र झिँगाले नभन्किने गरी सिसाको बाकस भित्र सुरक्षित साथ राख्न, तराजु नवीकरण नभएकोले १ थान जफत गर्‍यो । साथै एउटा पसल दर्ता गरी दुई वटा सञ्चालन गरेकोले थप एक वटा तीन दिनभित्र दर्ता गरी नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

सप्त रत्न बज्राचार्यको किराना पसल २०७५ देखि नवीकरण नगरी सञ्चालन गरेकोले तीन दिनभित्र नवीकरण गरी नगरपालिकामा उपस्थित हुन निर्देशन दियो ।

च्वङा गणेश खाद्य स्टोरलाई दर्ता प्रमाणपत्र पसलमा नभएकोले तीन दिनभित्र कागजातसहित नगरपालिका कार्यालयमा उपस्थित हुन, तराजु नवीकरण नगरेकोले थान १ जफत गरी तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन र म्याद नाघेको सामानहरू विभिन्न परिमानका रोजमेरी, डाइजेस्टिभ बिस्कुट, निरमा सरफ, निरमित बदाम, गणपति सुप, क्वीक चाउचाउ, गुड लाईफ बिस्कुट, ओरेगानो जफत गरी नस्ट गरियो ।

जय बराही मिट सपलाई फ्रिज व्यवस्थित गरी सञ्चालन गर्न र फ्रिजिङ ससेज्‌लगायत मासुजन्य वस्तु कहिले बाहिर राख्ने कहिले फ्रिजमा राख्ने गर्दा कीटाणु सङ्क्रमण भई बिग्रने भएकोले त्यस्तो नगर्न निर्देशन दिई चोङ्गा गणेश मिट सेन्टर, न्यू दि मनकामना मिट शप, कौशल मासु पसलको पनि अनुगमन गरियो ।

## कमलविनायकमा

भक्तपुर नपाको अनुगमन टोलीले साउन १४ गते कमलविनायक पोखरी परिसरका १२ वटा फास्टफुड, लज र रेष्टुराँ पसलहरूमा अनुगमन गर्‍यो ।

अनुगमनमा अधिकांश पसल दर्ताबिना सञ्चालन गरेको पाइएको छ ।

अनुगमनको क्रममा एस के टि सपलाई दर्ता प्रमाणपत्र पसलमा नभएकोले तीन दिन भित्र दर्ता प्रमाणपत्र लिई नगरपालिकामा उपस्थित हुन र म्याद नाघेको विभिन्न परिमाणका सामानहरू पेप्सी, मिरिण्डा, स्लाइस र ड्यू जफत गरी नष्ट गरियो भने मूल्य सूची राख्न र सरसफाइ गर्न निर्देशन दियो ।

एल.एण्ड एस. भिडियो गेम एण्ड ज्याकपटलाई आव २०६९/०७० पछिदेखि नवीकरण नगरेको र वडा नं. ९ मा दर्ता गरी वडा नं. १० मा सञ्चालन भएकोले पसल नवीकरण र ठाउँसारी गर्न निर्देशन दिई चिया पसलसमेत भएकोले चिया पसल पनि दर्ता गर्न निर्देशन दिई ज्याकपट थान १ जफत गरियो ।

स्वादिष्ट म:म:पसल २०७४ सालदेखि बिनादर्ता सञ्चालन गरेकोले तीन दिनभित्र दर्ता गरी नगरपालिकामा उपस्थित हुन र मूल्य सूची राख्न, सरसफाइमा ध्यान दिन निर्देशन दियो ।

चिनो फास्टफुड एण्ड लज र एप्पल फास्टफुड, शैलुङ च्याङबा, आइ हब क्याफे एण्ड रेष्ट्रोलाई बिनादर्ता सञ्चालन भएकोले दर्ता गराएर मूल्य सूची राख्न निर्देशन दियो ।

ए वान म:म एण्ड फास्टफुडलाई पसल बिनादर्ता सञ्चालन भएकोमा घरबेटीले साधारण रेष्टुराँमा दर्ता गरी आव २०७५/०७६ सालपछि नवीकरण नगरी सञ्चालन गरेकोले नवीकरण गर्न र हट एण्ड कोल्ड कफि बिनादर्ता सञ्चालन भएकोले दर्ता गरी तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दियो ।

टाइम्स क्याफे र अरेन्ज फास्टफुडलाई तीन दिनभित्र दर्ता गरी नगरपालिकामा उपस्थित हुन निर्देशन दियो ।

कुम कुम ब्यूटी पार्लरलाई बिनादर्ता विगत १५ वर्ष अगाडिदेखि सञ्चालन गरिराखेकोले तीन दिनभित्र दर्ता गरी नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

## फेरि कमलविनायकमा

अनुगमन टोलीले साउन १५ गते पनि कमलविनायकका ३० वटा खाद्य, फेन्सी र जुत्ता पसलहरूमा अनुगमन गऱ्यो ।

अनुगमनमा अधिकांश पसलहरू नवीकरण नगरी सञ्चालन गरेको पाइएको छ ।

टोलीले एस एण्ड एस स्टोरलाई तीन दिनभित्र नवीकरण गर्न, गोदाम सरसफाइ र व्यवस्थित गर्न, म्याद नाघेको मैदा जफत गरी नष्ट गरियो भने प्याकेजिङ सामान खाद्य अनुज्ञापत्र लिई लेवल राखी मात्र बिक्रीवितरण गर्न साथै खैरो चना लेवल नभएकोले तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

जेवि स्टोरलाई दर्ता नवीकरण प्रमाणपत्र नभएकोले तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन र पेटीमा सामान नराख्न निर्देशन दियो ।

नरेन किराना स्टोरलाई दर्ता नवीकरण प्रमाणपत्र नभएकोले तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन, म्याद नाघेको सामानहरू अल्पाइन चकलेट, पोष्टकारी नष्ट गराएर र पेटीमा सामान नराख्न निर्देशन दियो ।

न्यू मोबाइल रिपेरिङ सेन्टरलाई आव २०७६/०७७ पछि नवीकरण नगरेकोले नवीकरण गरी तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन र लुनिभा ब्युटि पार्लर्सलाई तीन दिनभित्र दर्ता गर्न निर्देशन दियो ।

त्यस्तै कमलविनायक हडकड बजारमा रहेको फेन्सी, कपडा, जुत्ता पसलहरू २० वटामा अधिकांश नवीकरण नभएको र दर्ता नभएकोले दुई वटा जति दर्ता र ५ वटा जति नवीकरण गरेको पाइएकोले सम्बन्धितलाई दर्ता र नवीकरण गर्न निर्देशन दिइयो ।

अनुगमन टोलीमा विभिन्न मितिमा अनुगमन समितिका सदस्य वडाध्यक्ष श्यामकृष्ण खत्री, वडा सदस्य रोशन मैया सुवाल, ज्ञानबहादुर मानन्धर र रिता फसिकवा, भनपा श्यानिटेशका व.नि.रामकृष्ण प्रजापति, भनपा कर उपशाखाका मोहनदेवी ब्याञ्जु, जिल्ला प्रशासन कार्यालय, भक्तपुरका मालती पन्त र यादवप्रसाद मिश्र, महानगरीय प्रहरी प्ररिसरका प्रहरी सहायक निरिक्षक कमल कुमार श्रेष्ठ र चिरंजिवी नेउपाने, प्रहरी हवल्दारहरू सविर वि.क.,तेजप्रसाद खतिवडा र राजकुमार बखति, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, उद्योग बाणिज्य सङ्घका राजेश त्वानाबासु र लक्ष्मीप्रसाद कासुला, घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, भक्तपुर नपा पशुसेवा कार्यालयका पार्वती योञ्जनको सहभागिता थियो ।

## Word Search

General Animals

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| H | E | D | M | P | E | C | S | H | A | R | K |
| K | S | R | L | I | L | A | T | M | M | T | G |
| C | R | A | E | G | O | M | R | E | I | P | R |
| M | O | P | S | T | M | E | N | G | S | R | C |
| L | H | O | A | O | S | L | E | L | A | H | W |
| L | L | E | E | T | R | R | T | T | P | G | R |
| L | E | L | W | E | L | T | R | U | T | T | S |
| G | A | Z | E | L | L | E | S | N | A | K | E |
| E | E | L | E | P | H | A | N | T | W | R | N |
| K | A | N | G | A | R | O | O | Z | A | S | O |
| R | O | E | U | R | T | E | R | M | I | T | E |
| S | R | M | A | H | H | P | A | R | R | O | T |
| A | A | U | H | M | L | A | I | A | P | L | R |
| L | T | E | A | I | G | O | R | I | L | L | A |

ELEPHANT
WHALE
CAMEL
EMU
GAZELLE
GORILLA
HORSE
KANGAROO
LEOPARD
MOLE
PARROT
TURTLE
WEASEL
TERMITE
TIGER
SNAKE
RAT
SHARK
PIG

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस् ।)

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ब्यासी–२, भक्तपुर

## सूचना सूचना सूचना

१. यस वर्षको गुन्हीपुन्ही सापारू पर्वमा २०८२ साल साउन २५ गते प्रस्तुत गरिने घिन्ताङघिसी तथा माक प्याखंको स्थलगत मूल्याङ्कन हुने तथा कृष्णाष्टमीसम्म (२०८२ साउन २७ गतेदेखि ३१ गतेसम्म) प्रदर्शन गरिने परम्परागत र आधुनिक सांस्कृतिक विधाहरूको धें धें बल्लाकासा (प्रतियोगिता) गरी मूल्याङ्कन गर्न पूर्णाङ्क १०० राखी निम्नअनुसारका शीर्षकहरूमा अङ्क प्रदान गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क) | परम्परागततर्फ | अङ्क | ख) | आधुनिकतर्फ | अङ्क | ग) | ख्याल/नाटकतर्फ | अङ्क |
|---|---|---|---|---|---|---|---|---|
| १. | पोशाक | १० | १. | पोशाक | ५ | १. | पोशाक | ५ |
| २. | अभिनय | २५ | २. | अभिनय | १५ | २. | अभिनय | १५ |
| ३. | ताल | २० | ३. | विषयवस्तु | २० | ३. | विषयवस्तु | २५ |
| ४. | बाजा | १५ | ४. | समयको परिपालना | ५ | ४. | समयको परिपालना | ५ |
| ५. | अनुशासन | ५ | ५. | अनुशासन | ५ | ५. | अनुशासन | ५ |
| ६. | कलाकार | ५ | ६. | कलाकार | ५ | ६. | कलाकार | ५ |
| ७. | गण | ५ | ७. | प्रस्तुति | ५ | ७. | प्रस्तुति | १० |
| ८. | नगर परिक्रमा | १० | ८. | नगर परिक्रमा | १० | ८. | नगर परिक्रमा | १० |
| ९. | समयको परिपालना | ५ | ९. | अन्त्य | ५ | ९. | अन्त्य | ५ |
| | | | १०. | निर्देशन | १५ | १०. | निर्देशन | १५ |
| | | | ११. | सुर, ताल र बाजा | १० | | | |
| | जम्मा | १०० | | जम्मा | १०० | | जम्मा | १०० |

२. गुन्हीपुन्ही सापारू पर्वको समयमा प्रदर्शन गरिने विभिन्न सांस्कृतिक विधाहरूलाई मूल्याङ्कन गर्न तोकिएको समयावधि देहायबमोजिम हुने ।

| | | |
|---|---|---|
| क) | भैल प्याखं | २० मिनेट |
| ख) | शेरसिंहसमेत भएको भैल प्याखं | ३० मिनेट |
| ग) | ख्या प्याखं/लाखे प्याखं | ८ मिनेट |
| घ) | कवांचा, खिचा, म्हेखा, जङ्गली, हनुमान, डा, धुँ, सलां, हाँय्, पहलमान र दैत्य प्याखं | ७ मिनेट |
| ङ) | नागाचा, कलांली/मथु/लुसि/झ्याँ झ्याँ/भौ मैंचा | १० मिनेट |
| च) | किजापुजा/कपाँय् फेनेगु प्याखं | २० मिनेट |
| छ) | ख्याल, नाटक र म्ये प्याखं (गीति नाटक) | २५ मिनेट |
| ज) | देवी प्याखं | २० मिनेट |
| झ) | शेर सिंहसहितको देवी प्याखं | २५ मिनेट |
| ञ) | भालु प्याखं | २० मिनेट |
| ट) | माक प्याखं | १० मिनेट |
| ठ) | गाईचा प्याखं/फाकंदली प्याखं | ७ मिनेट |
| ड) | हुला प्याखं/लाहुरे/झ्याउरे/साँय् सामिचा/ध्याचु प्याखं | ५ मिनेट |
| ढ) | गरुड प्याखं/सिंह प्याखं/शेर प्याखं | १० मिनेट |

३. गुन्हीपुन्ही सापारू पर्वको समयावधिमा प्रदर्शन गरिने घुम्ती नाच तथा ख्याल/नाटकहरूको मूल्याङ्कन गर्दा निम्न सर्तहरू पूरा गर्ने समूहलाई प्राथमिकता दिइने :

क) ताहामचा घुमाउने प्रदक्षिणा मार्ग परिक्रमा गरेको
ख) परम्परागत विधाहरूमा नयाँ कलाकारहरू समावेश भएको
ग) समय सापेक्ष प्रस्तुति भएको
घ) अश्लील शब्द र अभिनय नभएको
ङ) अनुशासित रूपमा उपस्थित भएको
च) एउटा समूहमा प्रस्तुति गर्ने कलाकार (प्याखं म्वः) अर्को समूहमा सहभागी नगराउने

४. सापारूको दिन भक्तपुर जिल्लाबाहेक अन्य जिल्लाबाट घिन्ताङघिसी, माक प्याखं, लाखे प्याखंलगायतका सांस्कृतिक विधाहरू प्रस्तुत गरी नगर परिक्रमा गर्ने टोलीलाई सोही दिन नगरपालिकाको तर्फबाट मायाको चिनो प्रदान गर्ने ।

५. गुन्हीपुन्ही सापारू पर्वको समयमा प्रदर्शन हुने परम्परागत तथा आधुनिक सांस्कृतिक विधाहरू देहायको मिति, समय र स्थानमा दर्ता गर्ने :

दर्ता गर्ने अन्तिम मिति : २०८२ साउन २३ गते, शुक्रबार
दर्ता गर्ने समय र फाराम लिने :
क. स्थान : भ.न.पा. का सबै वडा कार्यालयहरू
समय : बिहान १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म (शुक्रबार ३:०० बजे)
ख. स्थान : पर्यटक सेवा केन्द्र, खौमा काउन्टर
समय : बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म
ग. स्थान : भ.न.पा. प्रशासन शाखा
समय : बिहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म (शुक्रबार ३:०० बजे)

# शैक्षिक गतिविधि

## ख्वप कलेज अफ इन्जिनियरिङमा रू. २८ लाख ६४ हजार ६५८ छात्रवृत्ति रकम वितरण




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङमा स्नातक तहमा भर्ना भई हाल दोस्रो, तेस्रो र चौथौ वर्षमा अध्ययनरत विद्यार्थीहरूलाई असार २७ गते एक कार्यक्रमबिच कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले छात्रवृत्ति रकम हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले कलेजले नियमित रूपमा विद्यार्थीहरूलाई प्रदान गर्दै आएको छात्रवृत्तिले धेरै विद्यार्थीहरूले उच्च शिक्षा अध्ययन गर्न अवसर पाएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले विद्यार्थीहरूलाई प्रोत्साहनस्वरुप वार्षिक ४ करोड २५ लाख बराबरको छात्रवृत्ति प्रदान गर्दै आएको बताउनुहुँदै उहाँले छात्रवृत्ति सँगै नगरपालिकाले सहुलियत दरमा शैक्षिक ऋण समेतको व्यवस्था गर्दै आएको बताउनुभयो ।

देशको लागि योग्य र सक्षम नागरिक तयार गर्ने उद्देश्यले भक्तपुर नपाले विभिन्न विषयका ७ वटा कलेजहरू सञ्चालनमा ल्याएको बताउनुहुँदै देशको चिन्तन गर्ने नयाँ पुस्ता अहिलेको आवश्यकता भएको र देशको भविष्य युवामा निहित हुने भए पनि नेपालका दक्ष नागरिकहरू विदेशिने क्रम बढेसँगै देश विकासको सम्भावना पनि पछाडि धकेल्दै गइरहेको छ भन्नुभयो । उहाँले युवाहरू विदेश पलायन हुनुमा सरकारको नीतिले पनि धेरै प्रभाव पारेको बताउनुभयो ।

विदेशमा क्षणिक सुख होला तर आत्मसन्तुष्टि कहिले नहुने बताउनुहुँदै विदेशमा उच्च शिक्षा हासिल गरेर स्वदेशमै सेवा गर्नुपर्ने बताउनुभयो ।

अर्को एक प्रसङ्गमा सरकारले आ.व. २०८२/८३ को बजेटमा आगामी २ वर्षभित्र चामल र दालमा आत्मनिर्भर बन्ने योजना सुन्दा राम्रो लागेपनि तथ्यमा आधारित नरहेको बताउनुभयो । ३० वर्ष अगाडि चामल निर्यात गर्ने देशमा अहिले आयात गर्नुपर्ने अवस्थामा पुगेको बताउनुहुँदै कृषिको लागि आवश्यक मलखाद्य उपलब्ध गराउने, स्वदेशमै रसायनिक मल कारखाना स्थापना गर्नुपर्ने, कृषकलाई आधुनिक उत्पादन प्रणाली सम्बन्धी तालिम दिनुपर्ने बताउनुभयो ।

'सरकारले सस्तो लोकप्रियताको लागि आकर्षक नीति तथा कार्यक्रम सञ्चालन गर्नुभन्दा तथ्यमा आधारित भएर योजना अगाडि बढाउनु पर्छ' प्रमुख प्रजापतिले भन्नुभयो ।

चिनियाँ वैज्ञानिक युआन लङपिङले सन् १९७० को दशकमा पहिलो हाइब्रिड धानका प्रजातिहरू विकास गरी करौडौं जनतालाई भोकमरी र गरिबीबाट छुट्कारा दिलाएको उहाँले चर्चा गर्नुभयो ।

स्वास्थ्य बिमाको लागि छुट्याएको बजेट अपुग भएको चर्चा गर्नुहुँदै यो आ.व.मा विभिन्न अस्पतालहरूको अझै पनि २६ अर्ब स्वास्थ्य बिमाको रकम भुक्तानी गर्न बाँकी भएको बताउनुभयो ।

'स्वच्छ पानी खाने हो भने रिजर्भायर सफा हुनुपर्छ' प्रमुख प्रजापतिले भन्नुभयो ।

'कुलिङ पिरियड' सम्बन्धी त्रुटि कानुन निर्माण गर्ने स्थल संसद्‌बाट हुनु गम्भीर विषय भएको बताउनुभयो ।

हाल पत्रपत्रिकामा आइरहेका विविध भ्रष्टाचारका समाचारहरूमा प्राविधिक इन्जिनियरिहरूको संलग्नताका समाचारहरू आइरहने चर्चा गर्नुहुँदै अनैतिक काम गरेर पैसा कमाउनेभन्दा पनि देश र समाजको सेवाकै निम्ति काम गर्नुपर्ने सुझाव दिनुभयो ।



भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवं छात्रवृत्ति सिफारिस समितिका संयोजक **रवीन्द्र ज्याख्व**ले छात्रवृत्ति रकम प्राप्त गर्ने विद्यार्थीहरूलाई बधाई दिनुहुँदै ख्वप कलेज अफ इन्जिनियरिङलगायतका कलेजहरू स्थानीय सरकार र

नगरवासी जनताको करबाट सञ्चालित गैरनाफामूलक सरकारी कलेज भएको बताउनुभयो। ख्वप सर्कल अन्तर्गतका कलेज र अन्य कलेजहरूबिचको भिन्नताबारे प्रष्ट पार्नुहुँदै उहाँले यी कलेजहरू विद्यार्थी र अभिभावकहरूको विश्वसनीय कलेजको रूपमा सञ्चालनमा रहेको बताउनुभयो। कलेजले आर्थिक रूपले कमजोर तथा अध्ययनमा जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको बताउनुहुँदै विद्यार्थीले देश र जनताको हितमा काम गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा कलेजका प्राचार्य ई. **सुनिल दुवाल**ले आर्थिक कारणले विद्यार्थीको अध्ययनमा समस्या नहोस् भनी भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूले गरिब र जेहेनदार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्दै आएको बताउनुभयो। उहाँले ख्वपका विद्यार्थीले कार्यस्थलमा उच्च नैतिकता तथा इमानदारी कायम गरेको उदाहरण प्रस्तुत गर्नुहुँदै छात्रवृत्ति रकम सदुपयोग गर्न सुझाव दिनुभयो।

कार्यक्रममा लेखा शाखा प्रमुख **काजीबहादुर पञ्च**ले पनि बोल्नुभएको थियो।

कार्यक्रममा दोस्रो, तेस्रो र चौथो वर्षमा भर्ना भई अध्ययनरत ५९ जना विद्यार्थीहरूलाई रु. २८ लाख ६४ हजार ६५८ रुपियाँ बराबरको छात्रवृत्ति रकम वितरण गरिएको थियो।

## ख्वप इन्जिनियरिङ कलेजका विद्यार्थीलाई रू. ४४ लाख २८ हजार छात्रवृत्ति रकम वितरण




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजले गरिब, जेहेनदार तथा अनुशासित विद्यार्थीलाई साउन ६ गते एक कार्यक्रमको आयोजना गरी छात्रवृत्ति रकम वितरण गर्‍यो।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप इ. कलेजमा स्नातक तहको इन्जिनियरिङ र आर्किटेक्चर शैक्षिक कार्यक्रम २०७७, २०७८, २०७९ र २०८० मा भर्ना भई अध्ययनरत ९३ जना विद्यार्थीहरूलाई रु. ४४ लाख २८ हजार बराबरको छात्रवृत्ति रकम हस्तान्तरण गर्नुभयो।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले कमजोर विद्यार्थीलाई उत्कृष्ट अङ्कसहित परीक्षामा उत्तीर्ण गराउनमा शिक्षकको सफलता रहने बताउनुभयो।

विद्यार्थीहरूलाई न्यून शुल्कमा प्राविधिक शिक्षा प्रदान गर्ने, सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्न र २१ औं शताब्दीको लागि योग्य विद्यार्थी उत्पादन गर्ने उद्देश्यले नगरपालिकाले विभिन्न विषयका कलेजहरू स्थापना गरेको बताउनुहुँदै भक्तपुर नपाबाट सञ्चालित कलेजहरू जनताको श्रम र करबाट सञ्चालित सामुदायिक कलेज हो भन्नुभयो।

छात्रवृत्ति प्राप्त विद्यार्थीहरूले जहिल्यै देश र समाजप्रति उत्तरदायी बन्न प्रेरित गर्नुहुँदै उहाँले हाम्रो शिक्षा विदेशको सेवाको लागि हुनुहुन्न भन्नुभयो।

नयाँ पुस्तामा सरकारप्रति अविश्वासले गर्दा नेपाली विद्यार्थी विदेश पलायन हुने प्रवृत्ति विकास भइरहेको बताउनुहुँदै उहाँले विद्यार्थीहरूलाई परीक्षामा उत्तीर्ण मात्र होइन, आफूले अध्ययन गरेको विषयमा विशेषज्ञता हासिल गर्ने ढङ्गले उच्च शिक्षा अध्ययनमा जोड दिन मार्गनिर्देश गर्नुभयो।

इन्जिनियरिङ विषयमा भ्रष्टाचार तथा आर्थिक अनियमितताका विषयहरू धेरै हुने गरेको हुँदा आफ्नो कार्यक्षेत्रमा सतर्कता अपनाएर काम गर्नुपर्ने बताउनुहुँदै उहाँले भन्नुभयो, 'देशमा इन्जिनियरहरूको कमी छैन, इमानदार इन्जिनियरहरूको अभाव भएको हो।'

त्यस्तै छात्रवृत्ति छनोट समितिका सदस्य एवम् भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले विद्यार्थीहरूले आर्थिक कारणबाट उच्च शिक्षा अध्ययनबाट वञ्चित नहोऊन् भन्ने उद्देश्यले गरिब, जेहेनदार तथा अनुशासित विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्दै आएको बताउनुभयो।

उहाँले कलेजमा नगर बाहिरका धेरै विद्यार्थीहरू अध्ययनरत छन् भन्नुहुँदै नपाले देशभरिका विद्यार्थीहरूलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले कलेज स्थापना गरेको बताउनुभयो। छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूले कलेज स्थापनाको उद्देश्य प्राप्तिका लागि थप मिहिनेत गर्नुपर्ने बताउनुहुँदै उहाँले नपाबाट सञ्चालिक कलेजहरूलाई अनुसन्धानको केन्द्रको रूपमा विकास गर्ने कोसिस गर्दै आएको बताउनुभयो।



कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक**ले कलेजले प्रदान गर्दै आएको छात्रवृत्तिको उद्देश्य र प्रक्रियाबारे प्रष्ट पार्नुहुँदै कलेजको नतिजालाई थप सुदृढ बनाउन कलेजले जोड दिँदै आएको बताउनुभयो । विद्यार्थीहरूको छात्रवृत्ति सुविधा नभई अवसरको रूपमा प्रदान गरिएको बताउनुहुँदै उहाँले कलेजको आचारसंहितालाई कडाइका साथ पालना गर्न विद्यार्थीलाई अनुरोध गर्नुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजले आर्थिक वर्ष २०८१/८२ मा कलेजमा अध्ययनरत स्नातक तहका आर्किटेक्चर, सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ र इलेक्ट्रोनिक्स, कम्युनिकेशन एण्ड अटोमेशन इन्जिनियरिङका विद्यार्थीहरूलाई रु.१ करोड ६० लाख ६९ हजार ३२६ रुपियाँ वितरण गरिएको कलेजले बताएको छ ।

त्यस्तै आर्थिक वर्ष २०८१/८२ मा ख्वप कलेज अफ इन्जिनियरिङमा अध्ययनरत स्नातक तहका सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ र इलेक्ट्रिकल इन्जिनियरिङका विद्यार्थीहरूलाई रु.१ करोड १० लाख ५९ हजार ५३३ रुपियाँ वितरण गरिएको जनाएको छ ।

दुवै इन्जिनियरिङ कलेजको गरी जम्मा २ करोड ७१ लाख २८ हजार ८५९ रुपियाँ छात्रवृति रकम वितरण गरिएको छ ।

## ख्वप माविमा शिक्षक कर्मचारी भेला




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालय र शारदा क्याम्पस माविको आयोजनामा कलेजमा कार्यरत शिक्षक तथा कर्मचारी भेला कार्यक्रम भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा साउन ७ गते भयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाप्रति विद्यार्थी र अभिभावकको विश्वास विद्यार्थीको अनुशासनले गर्दा कायम भएको हो भन्नुहुँदै जस्तो विद्यार्थी भर्ना हुन आए पनि उनीहरूलाई योग्य बनाउने जिम्मेवारी शिक्षकको हो भन्नुभयो ।

एसईईपछि कलेजमा भर्ना हुने विद्यार्थी सङ्ख्या धेरै भए पनि बिचमै पढाई छोड्ने र विदेशिने संस्कृतिको विकास भइरहेको बताउनुहुँदै उहाँले नयाँ पुस्ताले आफ्नो देशलाई कम र विदेशलाई बढी बुझ्न खोजिरहेका छन् भन्नुभयो ।

शिक्षाको मोडालिटी पुरानो हुनु नेपालको सबैभन्दा ठूलो समस्याको रूपमा रहेको बताउनुहुँदै उहाँले मुलुकको सर्वाङ्गीण विकासको मूल आधार शिक्षा भएकोले गुणस्तरीय शिक्षामा सबै नागरिकको पहुँच स्थापित गर्नु आजको आवश्यकता हो भन्नुभयो ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) को परीक्षामा भक्तपुर नगरपालिकाका ९० प्रतिशत विद्यार्थी ग्रेडेड अथवा उत्तीर्ण हुन सफल भएको बताउनुहुँदै उहाँले आगामी वर्षहरूमा अझ उत्तीर्ण प्रतिशत वृद्धि गर्न शिक्षक र विद्यालयहरूले मिहिनेत गर्नुपर्नेमा जोड दिनुभयो ।

ख्वप माविका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले नयाँ शैक्षिक सत्रमा भर्ना हुन आएका विद्यार्थी र अभिभावकहरूमा उत्साह देखिएको बताउनुहुँदै शिक्षण सिकाइको गतिविधिलाई समयसापेक्ष ढङ्गले परिमार्जन गर्दै लानुपर्ने बताउनुभयो ।

शिक्षकले विद्यार्थीलाई पढाउने मात्र नभई सिक्न पनि अभिप्रेरित गर्नुपर्ने बताउनुहुँदै उहाँले विद्यार्थीलाई केही आउँदैन, शिक्षकले नै सबै सिकाउने हो भन्ने भ्रमबाट शिक्षकहरू सजग हुनुपर्ने बताउनुभयो ।

ख्वप कलेज अफ ल का प्राचार्य **अनिता जधारी**ले शैक्षिक प्रणालीमा गुणस्तर कायम गर्न शिक्षक कर्मचारीहरू संवेदनशील हुनुपर्ने बताउनुहुँदै नयाँ पुस्ताका विद्यार्थीहरूलाई अध्ययन अध्यापनको लागि आधुनिक रणनीति आवश्यक हुने बताउनुभयो । शिक्षकहरू समयअनुसारको शिक्षा प्रदान गर्न सक्षम हुनुपर्ने आजको आवश्यकता हो भन्नुभयो ।

ख्वप माविका प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य**ले देशभरिका विद्यार्थीहरू गुणस्तरीय शिक्षा हासिल गर्ने उद्देश्य लिएर ख्वपमा भर्ना हुन आएको हुँदा विद्यार्थीहरूको रुचि र आवश्यकताअनुसारको शिक्षा प्रदान गर्नमा शिक्षकहरू चनाखो हुनुपर्ने बताउनुभयो ।

उहाँले अभिभावक, शिक्षक र विद्यार्थीबिचको सहकार्यलाई प्रभावकारी बनाउन 'ख्वप एप' सञ्चालनमा ल्याएको अवगत गराउनुहुँदै विद्यार्थीको व्यक्तिगत निगरानीको लागि मनोपरामर्श शाखा पनि कलेजमा विस्तार गर्दै लगिने बताउनुभयो ।



कार्यक्रममा ख्वप माविका उपप्राचार्य **विष्णुप्रसाद किसी**ले २०८२ मा कक्षा ११ मा हालसम्म ६७ जिल्लाका १८२२ जना विद्यार्थी भर्ना हुन आएको तथ्याङ्क प्रस्तुत गर्नुभयो ।

## नवआगन्तुक विद्यार्थीहरूको स्वागत र अभिमुखीकरण




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालय तथा शारदा क्याम्पस माध्यमिक विद्यालयमा शैक्षिक वर्ष २०८२/८३ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को आतिथ्यमा साउन ९ गते सम्पन्न भयो ।

विद्यालयको प्राङ्गणमा भएको उक्त कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले भक्तपुर कला–संस्कृतिको क्षेत्रमा छुट्टै पहिचान र आफ्नै जाति र जनजातिको बाहुल्यता रहेको नगर भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'देशका विभिन्न जिल्लाका भाषाभाषी, जनजातिको कला र संस्कृतिको पनि छुट्टै महत्त्व छ । हाम्रो देशमा रहेका जातजातिको जति पनि भाषाभाषी, कला र संस्कृति छन् ती सबै विश्वको कला र संस्कृतिभित्र पर्दछ । भक्तपुर नगरका केही मन्दिर र सांस्कृतिक धरोहरहरू विश्व सम्पदामा सूचिकृत छन् । त्यस्तै नेपालमा रहेका जातजाति, भाषाभाषीका सम्पदाहरू पनि विश्वकै सम्पदा हुन् । त्यसको संरक्षण हामीले गर्नुपर्छ; नेपाली जनताले गर्नुपर्छ ।'

विद्यालयमा अध्ययनको क्रममा केही अप्ठ्यारा भएमा



विद्यालय सञ्चालक समिति र शिक्षकहरूलाई आफ्नै अभिभावक ठानी समस्या पोखेमा समस्याको समाधानतर्फ विद्यालय परिवार लागिपर्ने उहाँले बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'अध्ययनरत विद्यार्थीले विद्यालयलाई आफ्नै घरको रूपमा हेर्नुहोला, आफ्नै घर ठानी माया गर्नुहोला ।'

कार्यरत शिक्षक तथा कर्मचारीहरूको भाषा सभ्य र सुसंस्कृत हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले भन्नुभयो, 'कर्मचारीहरूको व्यवहार विद्यार्थीलाई चित्त दुख्ने खालको हुनुहुन्न । विद्यार्थीको दृष्टिकोण सकारात्मक हुने गरी शिक्षक कर्मचारीले जिम्मेवारी निर्वाह गर्नु जरूरी छ ।'

कार्यक्रमका सभापति, विद्यालय सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले ख्वप मा.वि. स्थानीय तहबाट सञ्चालित देशकै पहिलो अग्रणी संस्था भएको चर्चा गर्नुहुँदै सर्वसाधारण जनताका छोराछोरीलाई सुलभ शिक्षा प्रदान गरी एक्काइसौँ शताब्दीका चुनौतीहरू सामना गर्न सक्ने देशभक्त र कर्तव्यनिष्ठ नागरिक तयार गर्नु विद्यालयको उद्देश्य रहेको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले भन्नुभयो, 'शिक्षा भनेको राज्यको दायित्व हो, जिम्मेवारी हो, संविधानले देखाएको बाटो पनि यही नै हो ।'

ख्वप मा.वि.को जगमा दुई वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन भइरहेको र आज ती शैक्षिक संस्थाहरू विद्यार्थीको आकर्षणको केन्द्र बनिरहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो, 'यस वर्ष ख्वप मा.वि.मा कक्षा ११ मा मात्र ६८ जिल्लाका १,८२९ जना विद्यार्थी भर्ना हुनु खुसीको कुरा हो ।'

गुणस्तरीय शिक्षाको लागि ख्वप माविमा भर्ना भएका विद्यार्थीहरूको विश्वासमा कमी आउन नदिन विद्यालय सञ्चालक समिति र भक्तपुर नगरपालिका लागिपर्ने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'ख्वप मा.वि. भक्तपुर

नगरपालिका र भक्तपुर नगरवासीको करबाट सञ्चालित भएकोले यसमा केही कमीकमजोरी भएमा कर दुरूपयोग भएको ठानी नगरवासीले चित्त दुखाउनेछ। यहाँ अध्ययनरत विद्यार्थी अनुशासित भएमा विद्यार्थीको अभिभावक, शिक्षकमात्र होइन भक्तपुर नगरवासी नै खुसी हुनेछन्; भक्तपुर नगरको विकास निर्माणमा कटौती गरी विद्यालय सञ्चालनमा गरेको खर्चले देशभरिका जनताका छोराछोरीलाई पढाउन पायौँ भनेर नगरवासी खुसी हुनेछन्।'

कार्यरत शिक्षक-कर्मचारी र विद्यार्थीहरूले भक्तपुर नगरवासीको योगदानलाई कहिल्यै बिर्सन नहुने आशा गर्दै प्रमुख प्रजापतिले भन्नुभयो, 'सम्भवतः शिक्षामा धेरै खर्च गर्ने नगरपालिकाहरूमा सबभन्दा माथि भक्तपुर नगरपालिका पर्दछ। यस वर्ष भनपाले ५४ करोड ४ लाखभन्दा बढी रकम अर्थात् भनपाको बजेटको २१.८ प्रतिशत शिक्षाको विकासको लागि विनियोजन गरेको छ।'

पढ्ने र श्रम गर्ने नाममा युवाहरूको बढ्दो विदेश पलायनले पढाउने शिक्षक र उपचार गर्ने चिकित्सकका साथै देश युवाविहीन हुँदै गइरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले अध्ययनरत विद्यार्थीले देशमै बसी सेवा गर्न सोच राख्नुपर्ने र अहिलेदेखि नै देशको सेवा गर्ने सोच राखेमा सुन्दर नेपालको नक्सा तयार गर्न सकिने र यस्तै विद्यार्थी तयार गर्ने उद्देश्य विद्यालयको रहेको बताउनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, 'विदेशमा विद्यार्थी पठाउने केही शैक्षिक दलालीहरूले देशको शैक्षिक संस्थाहरू तहस नहस गर्दै छन्; यसतर्फ विद्यार्थीहरू सचेत रहनुपर्छ। ख्वप शैक्षिक संस्थाहरू शैक्षिक हडताल र बन्दबाट टाढा रही असल र सुसंस्कृत नागरिक तयार गर्ने अभियानमा अग्रसर छ।'

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईले** साथीहरूसँग मित्रवत् व्यवहारका साथै मित्रवत् प्रतिस्पर्धा हुनुपर्ने र मित्रवत् व्यवहारले सफलता प्राप्त गर्न सकिने बताउनुभयो।

उहाँले भन्नुभयो, 'विद्यार्थीले विद्यालयलाई पिँजडा होइन घरको रूपमा लिनुपर्छ। त्यसको लागि विद्यालयलाई परिवारको सदस्यको रूपमा आफूलाई परिवर्तन गर्नुपर्छ।'

विद्यार्थीहरू अत्यन्त उत्सुक र जिज्ञासु हुनुपर्ने धारणा



राख्नुहुँदै प्रदेश सांसद गोसाईले उत्साह र जिज्ञासुलाई प्रेरणाको रूपमा लिए सफलतामा पुग्न सकिने बताउनुभयो।

उहाँले भन्नुभयो, 'दुःख र सङ्घर्ष नगरी कुनै पनि उपलब्धि हासिल गर्न सकिन्न। यदि कसैले दान वा निगाहको रूपमा सफलता हासिल गरेमा त्यो नक्कलीमात्र हुनेछ। नक्कली सफलताको पछाडि विद्यार्थी लाग्नुहुन्न।'

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशीले** समाजलाई बुद्धिजीवीकरण गर्ने सपनालाई साकार पार्ने उद्देश्यले विद्यालय सञ्चालन भइरहेको र भनपा ख्वप विश्वविद्यालय सञ्चालनमा लागिपरेको बताउनुभयो।

समाज परिवर्तन गर्न विद्यार्थी स्वयं अनुशासित र इमानदार हुनुपर्नेमा उहाँले जोड दिनुभयो।



भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराईले** जीवनको लक्ष्यप्रति आशावादी भएर लाग्न विद्यार्थीलाई सुझाव दिनुभयो।

ख्वप अस्पतालका निर्देशक डा. **मजेशप्रताप मल्लले** आफ्नो जीवनको लक्ष्य प्राप्तिप्रति गम्भीर भएर लाग्न र अभिभावकहरूसँग नियमितरूपमा छलफल र भावना सातासात गर्न सुझाव दिनुभयो।

ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठले** ख्वप मा.वि.को आफ्नै किसिमको गौरव र गरिमा रहेको जानकारी दिँदै विद्यार्थीहरू कर्तव्यनिष्ठ हुनुपर्नेमा जोड दिनुभयो।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माकले** सामाजिक सञ्जाललाई सचेततापूर्वक प्रयोग गर्नुपर्ने सुझाव दिनुभयो।

ख्वप कलेज अफ ल का प्राचार्य **अनिता जधारीले** समयको संवेदनशीलतालाई ध्यान दिन नसके जीवन लक्ष्यमा पुग्न गाह्रो हुने बताउनुभयो।

ख्वप मा.वि.का प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्यले** स्वागत गर्नुभएको उक्त कार्यक्रममा विद्यार्थीहरू **प्रशान्त महतो** र **नेहा पटेलले** पनि स्वागत मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले ख्वप कलेजबाट प्रकाशित **'ख्वप जर्नल'**को अङ्क ७ विमोचन गर्नुभएको थियो।

कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुति देखाएका थिए।

# स्वास्थ्य सेवा

## भक्तपुर नगरपालिका पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा



भक्तपुर नगरपालिकालाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरिएको छ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले असार १९ गते एक कार्यक्रमबिच पूर्ण खोप सुनिश्चितता घोषणा गर्नुभयो ।

कार्यक्रममा उहाँले पूर्ण खोप सुनिश्चिततासँगै स्वास्थ्य स्वयम्सेविका र स्वास्थ्यकर्मीहरूमा थप जिम्मेवारी थपिएको बताउनुहुँदै सरकारले प्रमाणित गरेका खोपलाई सबैको पहुँचमा



पुऱ्याउन जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले कोभिड मानव जीवनको लागि चुनौतीसँगसँगै नयाँ खोप आविष्कार गर्ने अवसर पनि बनेको बताउनुहुँदै खोपलाई बेवास्ता गर्न नहुने पाठ कोभिडले सिकाएको बताउनुभयो ।

उपप्रमुख **रजनी जोशी**ले स्वस्थ नयाँ पुस्ता तयार गर्न खोपको महत्त्वपूर्ण भूमिका हुने बताउनुहुँदै स्वस्थ र सभ्य समाज निर्माणमा सबैको हातेमालो आवश्यक भएको बताउनुभयो ।

सो अवसरमा जनस्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख **अन्जना खड्का**ले खोप सुनिश्चितता घोषणा गर्न सहयोग गर्ने सबैलाई धन्यवाद दिनुहुँदै यससँगै भक्तपुर जिल्लाका चारवटै नगरपालिकाहरू पूर्ण खोप सुनिश्चित भएको बताउनुभयो ।

उक्त कार्यक्रममा जनस्वास्थ्य कार्यालय प्रमुख खड्काले भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिलाई पूर्ण खोप सुनिश्चितताको प्रमाणपत्र हस्तान्तरण गर्नुभएको थियो भने प्रमुख प्रजापतिले १० वटै वडाका वडाध्यक्षलाई पूर्ण खोप सुनिश्चित प्रमाणपत्र हस्तान्तरण गर्नुभयो ।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले स्वागत मन्तव्य दिनुभएको थियो भने खोप फोकल व्यक्ति **कमलकेशरी राजचल**ले भक्तपुर नगरपालिकामा नियमित खोप र पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाबारे डाटा प्रस्तुतीकरण गर्नुभयो ।

## डेंगु तथा कीटजन्य रोग सम्बन्धी सचेतना ऱ्यालीहरू

भक्तपुर नपाका विभिन्न वडामा डेंगु तथा कीटजन्य रोग सम्बन्धी सचेतना ऱ्यालीहरू भएका छन् ।

### वडा नं. ९

भक्तपुर नगरपालिका वडा नं. ९ कार्यालयको आयोजनामा असार २३ गते 'डेंगु तथा कीटजन्य रोगहरूबारे सचेतना ऱ्याली' सम्पन्न भएको छ । पुराना बस्तीका टोल







तथा गल्लीहरूमा सञ्चालन गरिएको र्‍यालीमा स्थानीय बासिन्दा, विद्यार्थी, स्वास्थ्यकर्मी तथा सरोकारवालाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रमको उद्घाटन गर्दै वडा नं. ९ का वडा अध्यक्ष **रवीन्द्र ज्याख्व**ले डेंगु रोगको बढ्दो सङ्क्रमणलाई नियन्त्रण गर्न समुदाय स्तरमै सचेतना फैलाउनु अत्यावश्यक भएको बताउनुभयो । उहाँले जनस्वास्थ्य सुरक्षाका लागि यस्ता सचेतनामूलक अभियान निरन्तर आवश्यक रहेकोमा जोड दिनुभयो ।

कार्यक्रममा स्वास्थ्य विशेषज्ञ डा. **रत्न सुन्दर लासिवा**ले डेंगु रोगको लक्षण, रोकथामका उपाय तथा उपचारबारे जानकारी दिनुभयो । उहाँले डेंगु लागेमा देखिने मुख्य लक्षणहरू – उच्च ज्वरो, टाउको दुखाइ, आँखामुनि दुख्ने, जोर्नी तथा मांसपेशी दुखाइ, र छालामा दाना आउनुलगायतका कुराको जानकारी दिनुहुँदै लामखुट्टे टोकाइबाट जोगिन आवश्यक सावधानी अपनाउन सुझाव दिनुभयो ।

र्‍यालीका सहभागी विद्यार्थीहरूले 'स्वच्छता अपनाऔं, डेंगु भगाऔं', 'घर आँगन सफा गरौं', 'लामखुट्टेबाट बचौं' जस्ता सन्देशसहितका प्लेकार्डहरू बोकेका थिए । चोकचोकमा माइकिङ गर्दै जनचेतनामूलक सन्देशहरू प्रवाह गरिएको थियो ।

असार २४ गते नयाँ बस्ती क्षेत्रमा समेत यस्तै सचेतनामूलक र्‍याली सञ्चालन हुने वडा कार्यालयले जनाएको छ ।

## वडा नं. २

भक्तपुर न.पा. वडा नं. २ को आयोजनामा सरुवा रोग डेंगु तथा कीटजन्य रोगसम्बन्धी सचेतना र्‍याली असार २६ गते भयो ।

कार्यक्रममा वडा नं.२ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले वर्षयामसँगै नेपालभरि फैलिरहेको डेंगु रोगसम्बन्धी सर्वसाधारण जनतालाई सचेत पार्न, रोगबाट बच्न घरमै बसी रोकथाम गर्न सकिने विषयवस्तुबारे जानकारी दिने उद्देश्यले सचेतनामूलक र्‍याली गरिरहेको बताउनुभयो ।

डेंगु रोगसम्बन्धी सचेतना र स्वस्थ बनाउने अभियानअन्तर्गत रोग लागेपछि जथाभावी औषधि प्रयोग नगरी चिकित्सकको सल्लाह सुझावअनुसार औषधि सेवन गर्नुपर्ने चर्चा गर्नुहुँदै उहाँले भक्तपुर नपाले छोटो दूरीमै जनतालाई स्वास्थ्य उपचार दिन स्वास्थ्य सेवा केन्द्रहरू सञ्चालन गर्दै आइरहेको जानकारी गराउनुभयो ।

वडा सदस्य **मन्जु लाखाजु**ले रोग लागेपछि उपचार गर्नुभन्दा पहिले रोग नै लाग्न नदिन सचेत हुन वडाका विभिन्न स्थानमा क्षेत्रगत भेला गर्दै आएको बताउनुभयो ।

डा. **रत्नसुन्दर लासिवा**ले डेंगु रोग फैलिरहेको चर्चा गर्नुहुँदै यसबाट बच्न र बचाउन सबैले आफ्नो घर वरपर, कार्यालय र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा सुग्घर राख्न, आफू र आफ्ना परिवारका सदस्यलाई रोगबाट बचाउन घरघरबाटै अभियानको रूपमा चलाउन अनुरोध गर्नुभयो ।

स्थानीय वडावासी, शिक्षक शिक्षिका स्वास्थ्यकर्मी, महिला, विद्यार्थी, युवा सहभागी भएको उक्त र्‍यालीमा वडा नर्स **प्रास्ना शिल्पकार**ले पनि बोल्नुभएको थियो ।

## वडा नं. ७

भक्तपुर नपा ७ वडा कार्यालयको आयोजनामा असार २८ गते इनाचो, वाचुत्व, खंचा, हनुमानघाट, चोर्चा र गोल्मढी यातामा डेङ्गु रोग नियन्त्रण र रोकथामको लागि दुईदिने सचेतना र्‍याली गरी लामखुट्टेको वासस्थान खोज र नष्ट गर्ने अभियान सम्पन्न भयो ।




विभिन्न सहकारी संस्था, स्कूल, सामाजिक सङ्घ संस्था, स्वयंसेविका, वडावासी, कर्मचारी, जनप्रतिनिधिहरू सहभागी भएको सो ऱ्यालीपछि गोल्मढी र जगातीमा सभा भयो।

सभामा भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले लामखुट्टेको टोकाइबाट डेंगु सर्ने हुँदा सचेत रहन र कोरोना रोगबाट सचेत रहन आग्रह गर्नुभयो।

कार्यक्रममा वडा सदस्य **हेरा ख्याजु**, **हरिरत्न गोर्खाली** र **रञ्जना त्वाती**ले भक्तपुर नगरलाई सफा सुन्दर बनाउन अग्रजहरूले सफाइ अभियान गरेको स्मरण गर्नुभयो।

त्यस्तै **आशाकुमार चिकंबञ्जार**, **रुद्रनारायण लाखा**, **राजेश कुस्मा**, **प्रेरणा तपोल**, **साजन कसपाल**, **प्रकाश गोसाई र नारायणप्रसाद कवां**ले डेंगु रोग नियन्त्रण तथा रोकथामबारे बताउनुभयो।

असार २७ गते वाचुत्व, खंचा, हनुमानघाट, चोर्चा, झौरबही र इनाचोमा प्रचार प्रसार गरी सभा भएको थियो।

उक्त सभामा वडाध्यक्ष **उकेश कवां, हेरा ख्याजु, आस्था सुवाल, रञ्जना त्वाती, रुद्रनारामण लाखा, राजेश कुस्मा, प्रेरणा तपोल**ले आफ्नो ठाउँ आफैले सफा गरेर डेंगु रोगबाट बच्न र बचाउन आग्रह गर्नुभयो।

## वडा नं. ६




भक्तपुर नगरपालिका ६ नं. वडा कार्यालयको आयोजनामा वडाका जनप्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका, कर्मचारी, स्कूलका विद्यार्थी, सहकारी संस्था, खेलकुद समिति र वडावासीहरूको सहभागितामा बाजा गाजासहित डगु रोगसम्बन्धी जनसचेतनामूलक ऱ्याली असार २८ गते भयो।

उक्त कार्यक्रममा भक्तपुर नपा ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले डेंगु रोकथामसम्बन्धी जनसचेतनामूलक विभिन्न कार्यक्रमहरू भइरहेको बताउनुहुँदै आफ्नो घर आँगनमा जथाभावी फोहोर नफ्याँकी कुहिने र नकुहिने फोहोर घरघरैबाट छुट्याई फोहोर व्यवस्थापनमा सहयोग गर्न आग्रह गर्नुभयो। डेंगु रोग लाग्दा उच्च ज्वरो आउने, जोर्नी र मांशपेशी दुख्ने, शरीरमा राता राता बिमिराहरू आउने, वाकवाकी लाग्ने, बान्ता हुने जस्ता आदि हुने बताउनुहुँदै उहाँले लामखुट्टेको टोकाइबाट बच्न विभिन्न उपाय अपनाई पानी जम्मा हुन नदिन र लामखुट्टे मार्ने औषधि छर्कनुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सफाइ क्षेत्रमा लगानी गरिरहेको चर्चा गर्नुहुँदै जथाभावी फोहोरका कारण लामखुट्टेको विकास हुने हुँदा समयमै स्वच्छ सफा सुग्घर राख्नु प्रत्येक नागरिकको कर्तव्य रहेको उल्लेख गर्नुभयो।

वडा सदस्य **सिद्धिराम अवाल**ले टोल टोलमा भेला कार्यक्रमहरू राखी प्रचार प्रसार गरी रोकथामका प्रयासहरू जारी राखी डेंगु रोग लाग्नबाट न्यूनीकरण गर्न सकिने बताउनुभयो।

## वडा नं. १०




भक्तपुर नगरपालिका १० नं. वडा कार्यालयको आयोजनामा असार ३० गते डेंगु ज्वरो बारे सचेतना ऱ्याली कार्यक्रम वडाध्यक्ष लक्ष्मी प्रसाद हयौंमिखाको नेतृत्वमा कमलविनायक यातु गणेश मन्दिरबाट सुरु भई लान्चाफल्चा, पाइपलाइन, कमलविनायक बसपार्क, क्वाठण्डौ, बेखाल, नागपोखरी, महालक्ष्मी, देकोचा हुँदै वडा कार्यालय अगाडि

सम्पन्न भयो ।

समापन कार्यक्रममा डाक्टर **रत्नसुन्दर लासिवा**ले डेंगु एडीस एजिप्टी र एडीस एल्बोपिक्टस् प्रजातिका लामखुट्टेको टोकाइबाट हुने भएकोले यसबाट बच्न झुल लगाएर मात्र सुत्ने, पूरा बहुला भएको शरीर ढाक्ने लुगा लगाउने, लामखुट्टे धपाउने उपायहरू अपनाउने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने गरी जाली राख्ने र लामखुट्टे विकास हुने पानी जम्न नदिने कार्य गर्नुपर्ने बताउनुभयो ।

उहाँले डेंगु ज्वरो लागेमा पानी तथा झोल र पोषिलो खानेकुरा प्रशस्त मात्रामा खाने, पारासिटामोल खाने तर इब्रुफिन र आसप्रिन जस्ता दुखाई कम गर्ने औषाधि सेवन गर्न नहुने बताउनुभयो ।

कार्यक्रममा वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा**ले सहभागी सङ्घ संस्था, विद्यालय, स्वयम्सेविका, बक्सिङ र टेबुलटेनिस खेलाडीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो भने वडासदस्य **जितेन्द्र मुनाकर्मी**ले कमलबिनायकबाट ऱ्याली सुरु गर्नुभयो ।

कार्यक्रममा वडा नर्स **तुल्सी लक्ष्मी किलम्बु**ले पनि बोल्नु भएको थियो ।

## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको भेला



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरूको भेला कार्यक्रम असार ३२ गते भयो ।

भेलामा नगर प्रमुख **प्रजापति**ले महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका कार्यक्रम विशुद्ध स्वयम्सेवी कार्यक्रम भएको बताउनुहुँदै जनताको घरदैलो पुगेर जनतालाई स्वास्थ्यबारे सचेतना फैलाउने काममा महिला स्वयम्सेविकाहरूको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले आर्थिक वर्ष २०८१/८२ मा ७४ जिल्लाका २ लाख ८० हजारभन्दा बढीलाई स्वास्थ्य सेवा प्रदान गरेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले सञ्चालन गरेको घरदैलो नर्सिङ सेवा अन्य स्थानीय तहहरूको लागि पनि अनुकरणीय रहेको बताउनुभयो ।

लागू औषधी प्रोगकर्ताहरूको सङ्ख्या दिन प्रतिदिन बढिरहेको बताउनुहुँदै उहाँले महिला स्वास्थ्य स्वयम्सेविकाहरूले लागु औषधको दुर्व्यसन तथा अवैध ओसारप्रसारबारे विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

स्वास्थ्य स्वयम्सेविकाहरूलाई आगामी दिनहरूमा अझ क्रियाशील भई जनताको सेवा गर्न प्रेरित गर्नुहुँदै उहाँले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण, सरसफाइलगायतको क्षेत्रमा अरूले भन्दा फरक ढङ्गले काम गर्ने उद्देश्यले जनमुखी कार्यहरूमा जोड दिँदै आएको बताउनुभयो ।



कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले स्वास्थ्य स्वयम्सेविकाहरूले आफ्नो कामको व्यवस्थित अभिलेखीकरणमा जोड दिन आग्रह गर्नुहुँदै सरकारले स्थानीय तहमा प्रथम सेवा विन्दु कायम गरेको अस्पतालहरूको विषयमा नगरवासीहरूलाई स्पष्ट पार्नुपर्ने बताउनुभयो ।

स्वास्थ्य शाखा प्रमुख डा. **रत्नसुन्दर लासिवा**ले आ.व. २०८२/८३ को भावी योजनाहरूबारे प्रष्ट पार्नुहुँदै पूर्ण खोप र आमा सुरक्षा कार्यक्रमबारे व्यवस्थित रूपमा प्रचारप्रसार गर्न स्वयम्सेविकाहरूलाई मार्गनिर्देश गर्नुभयो ।

उक्त कार्यक्रममा हेल्थ असिसटेन्ट **कमलकेशरी शिल्पकार**ले महिला स्वास्थ्य स्वयम्सेविकाहरूले पालना गर्नुपर्ने नीति नियमहरूबारे प्रष्ट पार्नुभयो ।

## ख्वप अस्पतालद्वारा नवजात शिशुको दुर्लभ रोगको निःशुल्क उपचार

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले नवजात शिशुमा भएको दुर्लभ रोगको निःशुल्क उपचार गरेको छ ।

सिन्धुली घर भई हाल जगातीमा डेरा गरी बस्ने अन्दाजी २८ वर्षका मनमाया सार्कीले जुम्ल्याहा बच्चालाई जन्म दिए। जुम्ल्याहामध्ये एक शिशुमा पेटको अङ्ग बाहिर निस्कने (omphalocele) समस्या भएको हुँदा सुत्केरीलाई सिन्धुली जनस्वास्थ्य कार्यालयबाट डेलिभरीको लागि भक्तपुर अस्पतालमा रिफर गरिएको र भक्तपुर अस्पतालले थापाथलीमा रिफर गरिएको थियो। थापाथली अस्पतालमा जुम्ल्याहा शिशुहरूको जन्म भयो। परिवारको आर्थिक अवस्था कमजोर भएकोले उपचार गराउन नसकिने भन्दै घरफिर्ता ल्याए। आर्थिक अभावका कारण आफ्नो शिशुलाई उपचारको लागि अस्पताल लान नसकिरहेको अवस्थामा भक्तपुर नगरपालिकाको घरदैलो नर्सिङमा खटिएका नर्सहरूले शिशुको अवस्थाबारे अस्पताललाई जानकारी दिए।




ख्वप अस्पताल प्रशासनले तुरुन्त अभिभावकलाई बोलाई सम्पूर्ण उपचार नि:शुल्क हुने गरी व्यवस्था मिलायो। विशेषज्ञ डाक्टर, नर्स र स्वास्थ्यकर्मीहरूको सहयोगले शिशुको सफल उपचार गराइयो र त्यस शिशुलाई २३ दिनसम्म अस्पतालमा राखेर नि:शुल्क उपचार गरेको ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेश प्रताप मल्लले बताए। शिशु पूर्ण रूपमा निको भएर अस्पतालबाट डिस्चार्ज भइसकेको डा. मल्लले बताए।

ख्वप अस्पताल जनताको अस्पताल हो, गरिब जनताको उपचारमा अस्पताल सदा दत्तचित्त भएर लाग्ने बताउनुहुँदै डा. मल्लले नवजात शिशुले नयाँ जीवन पाएकोमा सिङ्गो अस्पताल हर्षित भएको बताए।

## गैर सार्क पर्यटक शुल्क समायोजन

भक्तपुर नगर अवलोकनमा आउने गैर सार्क पर्यटकहरूसँग अमेरिकी डलर १५ वा नेपाली रु. १,८००।- प्रवेश शुल्क सङ्कलन गरी आएकोमा हाल अमेरिकी डलर १ बराबर नेपाली रु. १३६।३० विनिमय दर कायम भएकोले अमेरिकी डलर १५ बराबर रु.२०४४।५० हुन आएको छ। हालको विनिमय दर लाई समायोजन गरी **२०८२ श्रावण १ गतेदेखि** लागू हुने गरी अमेरिकी डलर १५ वा नेपाली रु. २०००।- प्रवेश शुल्क कायम गर्ने निर्णय गरियो।

(भक्तपुर नगरपालिकाको २०८२ जेठ २३ गते बसेको कार्यपालिका बैठकको निर्णय)

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

## लेखा परीक्षण सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०४/०६
अन्तिम मिति : २०८२/०५/०४

भक्तपुर नगरपालिकाको क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरू तथा सिकाइ केन्द्रहरूको आ.व. २०८१/०८२ को अन्तिम लेखापरीक्षण गर्न तपसिलबमोजिमका कागजातहरूसहित सम्बन्धित विद्यालयबाट कम्तीमा ३ जना लेखापरीक्षक सिफारिस गरी पठाउन यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस नगरपालिकामा पेस गर्नुहुन अनुरोध छ।

**संलग्न गर्नुपर्ने कागजातहरू :**

१. लेखा परीक्षकहरूको व्यक्ति वा फर्म वा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि।
२. लेखा परीक्षकहरूको स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणको प्रतिलिपि।
३. लेखा परीक्षकहरूको आ.व. २०८०।८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. लेखा परीक्षकहरूको नेपाल चार्टड एकाउन्टेन्ट संस्थामा चालु आ.व.को लेखापरीक्षण प्रमाणपत्र नवीकरण गरेको इजाजतपत्रको प्रतिलिपि।
५. सम्बन्धित स्थानीय तहमा लेखापरीक्षकको व्यवसाय दर्ता तथा चालु आ.व.को नवीकरणको प्रमाणको प्रतिलिपि।
६. विद्यालय व्यवस्थापन समितिबाट तीन जना लेखापरीक्षक सिफारिस गरेको निर्णयको प्रतिलिपि।
७. चालु आ.व.को विद्यालयले सफाई शुल्क तिरेको रसिदको प्रतिलिपि।

**भक्तपुर नगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

## मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरूलाई औषधि उपचार खर्चबापत रकम निकासा प्राप्त भएकोसम्बन्धी सूचना

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरूलाई औषधि उपचारबापत खर्च उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०७८ अनुसार यस नगरपालिका क्षेत्रका सम्बन्धित बिरामीहरूको आ.व. २०८१/८२ को असार मसान्तसम्मको उपचार खर्चबापत रकम निकासा प्राप्त भई सम्बन्धित बैङ्क खातामा रकम जम्मा भइसकेको जानकारी गराउँदै आवश्यकताअनुसार रकम प्राप्त गर्नुहुन र नयाँ नवीकरणको लागि यही २०८२ साउन १ गतेदेखि भदौ १५ गतेभित्र नवीकरण गर्नुहुन तथा नवीकरण गर्नुहुँदा सम्बन्धित बैङ्क खाताको चेकको प्रतिलिपिसमेत बुझाइदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Ashad Report, 2082

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2931 | 10.05 |
| 10-14. | 974 | 3.34 |
| 15-19 | 1054 | 3.61 |
| 20-59 | 18442 | 63.21 |
| ≥60 | 5777 | 19.80 |
| Total | 29178 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Dang | 1 | 0.01 |
| Nuwakot | 1 | 0.01 |
| Rautahat | 1 | 0.01 |
| Rolpa | 1 | 0.01 |
| Saptari | 1 | 0.01 |
| Bajhang | 1 | 0.01 |
| Mugu | 1 | 0.01 |
| Myagdi | 1 | 0.01 |
| Banke | 1 | 0.01 |
| Syangja | 1 | 0.01 |
| Rupandehi | 1 | 0.01 |
| Ilam | 2 | 0.01 |
| Solokhumbu | 2 | 0.01 |
| Taplejung | 2 | 0.01 |
| Dhading | 2 | 0.01 |
| Dailekh | 3 | 0.01 |
| Sunsari | 3 | 0.01 |
| Chitwan | 4 | 0.01 |
| Makwanpur | 4 | 0.01 |
| Parsa | 4 | 0.01 |
| Bara | 4 | 0.01 |
| Accham | 5 | 0.02 |
| Kailali | 6 | 0.02 |
| Kalikot | 9 | 0.03 |
| Surkhet | 9 | 0.03 |
| Lalitpur | 10 | 0.03 |
| Udayapur | 10 | 0.03 |
| Okhaldhunga | 11 | 0.04 |
| Morang | 13 | 0.04 |
| Jhapa | 14 | 0.05 |
| Dolkha | 15 | 0.05 |
| Khotang | 15 | 0.05 |
| Sindhuli | 15 | 0.05 |
| Kathmandu | 31 | 0.11 |
| Jumla | 34 | 0.12 |
| Sindhupalchowk | 48 | 0.16 |
| Ramechap | 53 | 0.18 |
| Kavrepalanchok | 156 | 0.53 |
| Bhaktapur | 28683 | 98.30 |
| Total | 29178 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 231 |
| Suryabinayak | 1799 |
| Changu | 5640 |
| Bhaktapur | 21013 |
| Total | 28683 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 590 | 2.02 |
| General | 4622 | 15.84 |
| Insurance | 23966 | 82.14 |
| Total | 29178 | 100.00 |

| Department | Number | In Percentage |
|---|---|---|
| Neuro Surgery | 73 | 0.25 |
| CHRP- Respiratory Medicine | 101 | 0.35 |
| Urology | 104 | 0.36 |
| Nephrology | 105 | 0.36 |
| General Ward | 301 | 1.03 |
| Cardiologist | 168 | 0.58 |
| Psychiatric | 284 | 0.97 |
| Laboratory | 489 | 1.68 |
| MDGP | 491 | 1.68 |
| Internal Medicine | 670 | 2.30 |
| Dermatology | 772 | 2.65 |
| General Surgery OPD | 1078 | 3.69 |
| Emergency Ward | 1324 | 4.54 |
| Physiotherapy | 1456 | 4.99 |
| Dental | 1620 | 5.55 |
| ENT | 1716 | 5.88 |
| Paediatric | 2021 | 6.93 |
| Obs. & Gynaecology | 2178 | 7.46 |
| Orthopedic | 3839 | 13.16 |
| General OPD | 10388 | 35.60 |
| Total | 29178 | 100.00 |

| | |
|---|---|
| Patient Admitted | 287 |
| Discharge | 278 |
| LAMA | 4 |
| Refer | 6 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 3173 |
| Total Cataract Surgery | 85 |

### Operation

| | |
|---|---|
| Major | 114 |
| Minor | 76 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 17549 | 73.40 |
| Male | 11629 | 48.64 |
| Total | 29178 | 122.04 |

Safe Motherhood Program 65

An Undertaking of Bhaktapur Municipality

## Khwopa Hospital

Yearly Report 2081/82

### Comparision

| Department/ Month | Year 2081 Shrawan | Bhadra | Ashow | Kartik | Mangsir | Poush | Magh | Falgun | Chaitra | Year 2082 Baishak | Jestha | Ashad | Total | In % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Physiotherapy | 147 | 180 | 794 | 988 | 1073 | 1146 | 1186 | 1074 | 1196 | 909 | 1176 | 1456 | 11325 | 3.92 |
| Paediatric | 1988 | 1818 | 1402 | 1328 | 1535 | 1837 | 2377 | 2132 | 1961 | 1301 | 1886 | 2021 | 21586 | 7.47 |
| ENT | 1587 | 1154 | 1292 | 1122 | 1124 | 1298 | 1313 | 1353 | 1365 | 1090 | 1203 | 1716 | 15617 | 5.40 |
| Obs. & Gynaecology | 1947 | 1730 | 1413 | 1493 | 1426 | 1721 | 1605 | 1709 | 1663 | 1648 | 1862 | 2178 | 20395 | 7.06 |
| Dermatology | 921 | 774 | 659 | 642 | 579 | 577 | 503 | 555 | 680 | 652 | 764 | 772 | 8078 | 2.80 |
| Laboratory | 458 | 397 | 342 | 352 | 332 | 349 | 381 | 412 | 407 | 378 | 435 | 489 | 4732 | 1.64 |
| Orthopedic | 2934 | 2637 | 2159 | 2343 | 2132 | 2310 | 2474 | 2284 | 2011 | 2877 | 3351 | 3839 | 31351 | 10.85 |
| Emergency Ward | 1556 | 1475 | 1592 | 1460 | 1299 | 1152 | 1410 | 1124 | 1222 | 1277 | 1334 | 1324 | 16225 | 5.62 |
| Dental | 1588 | 1481 | 1168 | 1314 | 1181 | 1269 | 1351 | 1261 | 1437 | 1267 | 1465 | 1620 | 16402 | 5.68 |
| General OPD | 8488 | 7685 | 7994 | 8140 | 6868 | 7642 | 10150 | 9065 | 9264 | 8691 | 9868 | 10388 | 104243 | 36.08 |
| General Surgical OPD | 713 | 676 | 611 | 669 | 587 | 721 | 708 | 709 | 784 | 730 | 909 | 1078 | 8895 | 3.08 |
| Internal Medicine | 1745 | 2158 | 2138 | 1925 | 1362 | 739 | 553 | 702 | 680 | 100 | 470 | 670 | 13242 | 4.58 |
| Cardiology | 292 | 308 | 182 | 237 | 267 | 269 | 232 | 242 | 258 | 169 | 220 | 168 | 2844 | 0.98 |
| MDGP | 237 | 108 | 172 | 611 | 633 | 847 | 975 | 732 | 585 | 421 | 382 | 491 | 6194 | 2.14 |
| Inpatient Services | 209 | 206 | 204 | 205 | 185 | 200 | 221 | 195 | 210 | 208 | 240 | 301 | 2584 | 0.89 |
| Psychiatric | 302 | 224 | 171 | 204 | 183 | 183 | 177 | 172 | 240 | 271 | 286 | 284 | 2697 | 0.93 |
| Neuro Surgery | 81 | 41 | 69 | 63 | 59 | 49 | 66 | 52 | 63 | 69 | 72 | 73 | 757 | 0.26 |
| Urology | 2 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 68 | 58 | 104 | 233 | 0.08 |
| CHRP-Respiratory | 106 | 92 | 52 | 98 | 99 | 119 | 120 | 122 | 98 | 99 | 105 | 101 | 1211 | 0.42 |
| ICU | 8 | 8 | 6 | 3 | 10 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 36 | 0.01 |
| Nephrology | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 13 | 73 | 59 | 49 | 105 | 299 | 0.10 |
| Total | 25309 | 23153 | 22420 | 23197 | 20934 | 22429 | 25802 | 23908 | 24197 | 22284 | 26135 | 29178 | 288946 | 100.00 |
| Average per day | 973.4231 | 890.5 | 862.3077 | 892.1923 | 805.1538 | 862.6538 | 860.0667 | 796.9333 | 806.5667 | 742.8 | 871.1667 | 972.6 | | |
| | | | | | | | | | | Average Patients per Month | | | 24078.83 | |
| | | | | | | | | | | Average Patients Per day | | | 926.11 | |
| Respiratory Rehabilitation Center | 171 | 161 | 131 | 146 | 163 | 156 | 145 | 191 | 176 | 229 | 236 | 308 | 2213 | |
| Ambulance | 235 | 249 | 181 | 184 | 265 | 249 | 297 | 247 | 252 | 243 | 299 | 315 | 3016 | |
| Covid /General Ambulance | 175 | 97 | 168 | 250 | 118 | 105 | 142 | 82 | 74 | 108 | 122 | 155 | 1596 | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Saab Bahan (Ambulance for death) | 7 | 8 | 8 | 9 | 9 | 6 | 26 | 17 | 11 | 9 | 9 | 12 | 131 |
| Total USG | 1977 | 1709 | 1444 | 1444 | 1491 | 1567 | 1578 | 1645 | 1616 | 1599 | 1950 | 2237 | 20257 |
| Total X-Ray | 3578 | 3268 | 2715 | 2917 | 2802 | 3038 | 4064 | 3397 | 2875 | 3065 | 3459 | 3579 | 38757 |
| Dressing | 750 | 724 | 732 | 724 | 319 | 609 | 687 | 654 | 675 | 709 | 693 | 834 | 8110 |
| Echo | 335 | 344 | 243 | 288 | 292 | 292 | 278 | 302 | 311 | 243 | 294 | 272 | 3494 |
| ECG | 1059 | 1004 | 903 | 956 | 683 | 951 | 1145 | 1027 | 972 | 802 | 1064 | 1190 | 11756 |
| Lab Patients | 9207 | 8668 | 8717 | 8682 | 7330 | 7350 | 8706 | 7057 | 7975 | 6885 | 9613 | 10400 | 100590 |
| CTG | 65 | 60 | 60 | 50 | 40 | 60 | 65 | 50 | 35 | 30 | 69 | 61 | 645 |

## Eye Program

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Total Checkup | 3276 | 2950 | 1888 | 1955 | 1851 | 2295 | 2563 | 2355 | 2936 | 2485 | 2833 | 3173 | 30560 |
| Total Cataract Surgery | 149 | 135 | 49 | 20 | 92 | 132 | 66 | 72 | 97 | 74 | 66 | 85 | 1037 |

| Department/Month | Shrawan | Bhadra | Ashow | Kartik | Mangsir | Poush | Magh | Falgun | Chaitra | Baishak | Jestha | Ashad | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Urban Health Clinic, Byasi | 1444 | 1326 | 1329 | 1259 | 1247 | 1391 | 1540 | 1417 | 1432 | 1321 | 1565 | 1690 | 16961 |
| Bhagawati Clinic | 773 | 742 | 635 | 626 | 555 | 767 | 850 | 856 | 817 | 453 | 700 | 734 | 8508 |
| Sallaghari Adharbhut Swastha Kendra | 571 | 492 | 450 | 462 | 411 | 380 | 601 | 525 | 535 | 450 | 470 | 560 | 5907 |
| MCH Clinic Bhaktapur Hospital | 1446 | 1220 | 1211 | 1150 | 1252 | 1228 | 1290 | 1176 | 1300 | 1411 | 1293 | 1394 | 15371 |
| Dattarya UHC | 538 | 349 | 272 | 302 | 319 | 324 | 359 | 342 | 309 | 403 | 406 | 568 | 4491 |

| Oxygen/Month | Shrawan | Bhadra | Ashow | Kartik | Mangsir | Poush | Magh | Falgun | Chaitra | Baishak | Jestha | Ashad | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Small | 802 | 831 | 731 | 787 | 425 | 823 | 1123 | 816 | 372 | 940 | 1048 | 1030 | 9728 |
| Big | 465 | 368 | 413 | 364 | 240 | 363 | 404 | 416 | 227 | 432 | 514 | 453 | 4659 |
| Total | 1267 | 1199 | 1144 | 1151 | 665 | 1186 | 1527 | 1232 | 599 | 1372 | 1562 | 1483 | 14387 |

| Inptient/ Services | Shrawan | Bhadra | Ashow | Kartik | Mangsir | Poush | Magh | Falgun | Chaitra | Baishak | Jestha | Ashad | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Inpatients | | | | | | | | | | | | | 0 |
| Medicine | 54 | 66 | 76 | 77 | 61 | 29 | 53 | 43 | 36 | 34 | 59 | 66 | 654 |
| ENT | 6 | 5 | 4 | 4 | 8 | 8 | 8 | 9 | 6 | 10 | 5 | 19 | 92 |
| Pediatric | 13 | 17 | 13 | 8 | 16 | 18 | 18 | 20 | 41 | 26 | 30 | 31 | 251 |
| Ortho | 61 | 29 | 40 | 36 | 47 | 55 | 49 | 37 | 50 | 56 | 53 | 63 | 576 |
| Gyane | 50 | 55 | 53 | 52 | 39 | 62 | 65 | 52 | 51 | 50 | 41 | 57 | 627 |
| Surgery | 26 | 24 | 14 | 25 | 19 | 27 | 24 | 24 | 37 | 26 | 40 | 50 | 336 |
| Derma | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 1 |
| ICU | 0 | 9 | 8 | 5 | 13 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 37 |
| Total | 210 | 205 | 208 | 207 | 203 | 199 | 217 | 185 | 221 | 202 | 228 | 287 | 2572 |

| Length of stay | | 608 | 558 | 583 | 631 | 574 | 753 | 626 | 696 | 739 | 884 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Operation/Month** | Shrawan | Bhadra | Ashow | Kartik | Mangsir | Poush | Magh | Falgun | Chaitra | Baishak | Jestha | Ashad | Total |
| Major | 94 | 60 | 50 | 55 | 59 | 92 | 78 | 84 | 77 | 80 | 86 | 114 | 929 |
| Minor | 62 | 48 | 62 | 75 | 72 | 59 | 59 | 43 | 53 | 50 | 77 | 76 | 736 |
| Intermidiate | 37 | 21 | 17 | 26 | 23 | 28 | 36 | 29 | 50 | 31 | 26 | 34 | 358 |
| Total | 193 | 129 | 129 | 156 | 154 | 179 | 173 | 156 | 180 | 161 | 189 | 224 | 2023 |
| Laproscopic | 12 | 6 | 8 | 7 | 5 | 17 | 14 | 19 | 22 | 7 | 30 | 43 | 190 |

| Delivery | Shrawan | Bhadra | Ashow | Kartik | Mangsir | Poush | Magh | Falgun | Chaitra | Baishak | Jestha | Ashad | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Normal | 21 | 13 | 20 | 16 | 13 | 16 | 15 | 13 | 8 | 23 | 8 | 17 | 183 |
| **Ortho/ENT/General Surgery** | | | | | | | | | | | | | |
| C/S | 21 | 27 | 17 | 20 | 15 | 32 | 25 | 24 | 17 | 19 | 19 | 22 | 258 |
| Gyane | 12 | 14 | 7 | 10 | 13 | 20 | 20 | 28 | 42 | 31 | 24 | 19 | 240 |
| Ortho | 78 | 37 | 53 | 66 | 75 | 73 | 74 | 50 | 70 | 65 | 74 | 63 | 778 |
| ENT | 9 | 2 | 7 | 8 | 9 | 8 | 12 | 16 | 17 | 9 | 9 | | 106 |
| General Surgery | 73 | 49 | 44 | 50 | 37 | 41 | 38 | 35 | 34 | 36 | 51 | | 488 |
| Derma | | | 1 | 2 | 5 | 5 | 14 | 3 | 0 | 1 | 2 | 2 | 35 |
| Total | 214 | 142 | 149 | 170 | 167 | 190 | 198 | 169 | 180 | 161 | 179 | 123 | 2088 |

**Health Camps**

| Date/Camp Organizer/ Ward | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | Other | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Sikaritar, Thimi, 2081.04.05 | | | | | | | | | | | 197 | |
| Ward no 7 Ortho Camp 2081.4.32 | | | | | | | 215 | | | | | |
| Ward No 2 Ortho Camp 2081.05.22 | | 175 | | | | | | | | | | |
| Thamunjya ENT+General Camp | | | | | | | | | 89 | | | |
| Ward no 10 Ortho camp 2081.06.18 | | | | | | | | 161 | | | | |
| Camp in Bhaktapur Mahotsab | 604 | 366 | 63 | 482 | 328 | 392 | 484 | 350 | 350 | 470 | 676 | 4565 |
| Chochee Sadbhav Samiti 2081.09.06 | | | | | | 60 | | | | | | |
| Madhava Narayan 2081.10.06 | | | | | | | 42 | | | | | |
| Sangam Sakosh (2081.11.07) | | | | 160 | | | | | | | | |
| Nepal Karmachari Samaj (2081.11.17) | | | | | 109 | | | | | | | |

# भेटघाट–अवलोकन

## वाग्मती प्रदेशका स्वास्थ्यमन्त्री ख्वप अस्पतालमा




वाग्मती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापामगरले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित १०० शय्याको ख्वप अस्पतालको असार ३१ गते अवलोकन गर्नुभयो। मन्त्री थापामगरलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अस्पतालमा स्वागत गर्नुभएको थियो। स्थलगत अवलोकनका क्रममा मन्त्री थापामगरले अस्पतालको अवस्था र अस्पतालबाट प्रवाहित उपचार सेवाबारे सेवाग्राहीसँग जानकारी लिनुभयो।

अवलोकनपश्चात आयोजित कार्यक्रममा मन्त्री **थापामगर**ले भक्तपुर नगरपालिका शिक्षा र स्वास्थ्यमा जनतालाई सर्वसुलभ ढङ्गले सेवा प्रदान गर्दै आएको देशकै नमुना नगरपालिका भएको बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल व्यवस्थित रूपमा सञ्चालन भइरहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले देशैभरिका बिरामीहरूको सेवा गरिरहेको छ, ख्वप अस्पतालको विकास र प्रगतिको लागि आवश्यक सहयोग गर्न प्रदेश सरकार सदा तत्पर रहने बताउनुभयो।

उहाँले भक्तपुरलाई शिक्षा र स्वास्थ्यको केन्द्र बनाउन सबै एकजुट भएर लाग्नुपर्ने बताउनुहुँदै मन्त्री थापामगरले वाग्मती प्रदेशभित्रका अस्पतालहरू स्तरीय बन्दै जानु प्रदेश सरकारको लागि गौरवको विषय हो भन्नुभयो।

मन्त्री थापामगरले प्रदेश सरकारअन्तर्गत सञ्चालित अस्पतालहरूको भौतिक पूर्वाधारहरूको विकास गर्ने कार्य भइरहेको चर्चा गर्नुहुँदै प्रदेश सरकारले सीमित स्रोतसाधनको अधिकत्तम सदुपयोग गरी प्रदेशका नागरिकलाई सस्तो र सुलभ रूपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सरकार कटिबद्ध रहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले नगरवासीको भावनाअनुसार कम शुल्कमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको बताउनुहुँदै ख्वप अस्पताललाई देशकै उत्कृष्ट अस्पताल बनाउन निरन्तर लागिरहने र यस कार्यमा सबै सरोकारवालाबाट सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो।

ख्वप अस्पतालले वर्षको ३६५ दिन ११ घण्टा ओपिडी सेवा प्रदान गर्दै आइरहेको अवगत गराउनुहुँदै भक्तपुर नगरपालिकाले ख्वप अस्पताल सँगै श्वासप्रश्वास पुनःस्थापना केन्द्र, जनस्वास्थ्य केन्द्र, सहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रहरूमार्फत स्वास्थ्य सेवा प्रदान गर्दै आएको बताउनुभयो।

अस्पतालले छिट्टै सिटी स्क्यान सञ्चालनमा ल्याउने तयारी गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले नेपाल सरकारले स्वास्थ्य बीमा उपचारबापतको रकम समयमै भुक्तानी नदिँदा अस्पताल सञ्चालनलगायतका गतिविधिमा समस्या भएको बताउनुभयो।

शासकहरूको अदूरदर्शिताले जनताले दुःख पाइरहेको बताउनुहुँदै उहाँले नेपालमा शिक्षा र स्वास्थ्य क्षेत्र महँगो हुँदा गरिब जनता मारमा परिरहेको बताउनुभयो।

भक्तपुर नपाले नगरवासीहरूको लागि निःशुल्क अक्सिजन वितरण गर्दै आइरहेको बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको पनि सो अवसरमा बताउनुभयो।

कार्यक्रममा प्रदेश स्वास्थ्य मन्त्रालयका स्वास्थ्य सचिव डा. **सुमित्रा गौतम**ले वाग्मती प्रदेशअन्तर्गत स्थानीय तहले



सञ्चालन गरेको नमुना अस्पतालको रूपमा रहेको ख्वप अस्पताल अवलोकन गर्न पाउँदा गौरवान्वित महसुस भएको बताउनुभयो ।

उहाँले शिक्षा र स्वास्थ्यलाई नि:शुल्कसँगै नागरिकको सहज पहुँच र गुणस्तरीय बनाउँदै लानुपर्नेमा जोड दिनुहुँदै भक्तपुरले शिक्षा र स्वास्थ्य क्षेत्रमा गरेको काम अन्य स्थानीय तहहरूको लागि अनुकरणीय भएको बताउनुभयो ।

उहाँले सरकारी सेवा सुविधालाई स्तरीय बनाउने नीतिमा प्रदेश सरकारले जोड दिँदै आएको बताउनुहुँदै प्रदेश मातहतका अस्पतालहरूमा विशिष्टिकृत सेवा प्रदान गर्दै लाने बताउनुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेश प्रताप मल्ल**ले ख्वप अस्पतालले स्वास्थ्य क्षेत्रमा धेरै प्रगति गरिसकेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै अस्पतालको सेवा प्रवाहबारे प्रस्तुतीकरण देखाउनुभयो ।

वि.सं. २०३० सालमा जनस्वास्थ्य सेवा केन्द्रको रूपमा स्थापना भएको उक्त संस्था हाल १०० शय्याको ख्वप अस्पतालको रूपमा सञ्चालनमा रहेको बताउनुहुँदै अस्पतालले ३६५ दिन नै ओपीडी सेवा सञ्चालन गर्दै जनतालाई सेवा गर्दै आइरहेको बताउनुभयो ।

मन्त्री थापाले ख्वप अस्पतालका ओपडी सेवाहरू, अक्सिजन प्लान्ट, आकस्मिक कक्ष, नर्सिङ कलेज, छाती पुन:स्थापना केन्द्र, अस्पतालको औषधालय, ल्याब, ख्वप तीलगंगा आँखा अस्पताल, ब्रम्हायणीस्थित अन्तरंग सेवामा भर्ना भएका बिरामीको अवस्था, आईसियुलगायतको अवलोकन गर्नुभयो ।




अवलोकन टोलीमा चिकित्सा सेवा महाशाखा प्रमुख डा. खगेश्वर गेलाल, स्वास्थ्य मन्त्रालय कम्युनिटी नर्सिङ यमुना भण्डारी, आर्युवेद तथा वैकल्पिक चिकित्सालय काठमाडौँका शल्य चिकित्सक डा. रविन भुषाल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला निर्देशक नारायणबहादुर कार्की, भक्तपुर अस्पतालका नि. अस्पताल निर्देशक डा. सुरेन्द्र भट्ट, वाग्मती प्रदेश स्वास्थ्य मन्त्रालयका विशेषज्ञ चिकित्सक डा. रन्जित कुमार माकजु, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका डा. श्वेता झा, भक्तपुर अस्पतालका नर्सिङ अधिकृत रोशनी श्रेष्ठ, वाग्मती प्रदेश स्वास्थ्य मन्त्रालयका नर्सिङ अधिकृत स्वेता मानन्धरलगायतको सहभागिता रहेको थियो ।

## ख्वप अस्पतालमा धुलिखेल अस्पतालका चिकित्सक टोलीद्वारा अवलोकन



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा धुलिखेल अस्पतालका चिकित्सकहरूको टोलीले साउन ८ गते अवलोकन भ्रमण गऱ्यो । अस्पतालको स्वास्थ्य सेवाको अवस्थाबारे जानकारी लिने उद्देश्यले टोलीका सदस्यहरूले ख्वप अस्पतालका सबै विभागहरूको स्थलगत अवलोकन गरेका हुन् ।

अवलोकनपश्चात आयोजित बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप अस्पतालले दैनिक एक हजारभन्दा बढी बिरामीहरूलाई उपचार सेवा दिँदै आएको बताउनुहुँदै जनताको सहयोगमा निर्मित ख्वप अस्पताले जनतालाई सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको बताउनुभयो ।

प्रमुख प्रजापतिले नगरपालिकाले आगामी दिनमा स्वास्थ्यसम्बन्धी कार्यहरूमा धुलिखेल अस्पतालसँग पनि सहकार्य गर्दै अगाडि बढ्न सकिने धारणा व्यक्त गर्नुभयो ।

नसर्ने रोगको पहिचान गर्न र नागरिकको स्वास्थ्य अवस्थाबारे जानकारी हासिल गर्न घरदैलो नर्सिङ सेवा प्रभावकारी रहेको बताउनुहुँदै उहाँले बिरामीहरूलाई सहजता र स्वास्थ्य सेवामा थप सुविधा प्रदान गर्न आवश्यक पहल गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले नगरवासीहरूलाई नि:शुल्क अक्सिजन र नि:शुल्क रगत प्रदान गर्दै आएको बताउनुहुँदै उहाँले हरेक वर्ष नयाँ नयाँ स्वास्थ्य उपचारका सेवाहरू विस्तार गर्ने नीतिअनुसार अस्पताल अगाडि बढिरहेको बताउनुभयो ।



बैठकमा धुलिखेल अस्पतालका वरिष्ठ स्त्री रोग विशेषज्ञ डा. **आभा श्रेष्ठ**ले भक्तपुर नगरपालिकाले सञ्चालन गरेको ख्वप अस्पताल निकै सुविधासम्पन्न रहेको बताउनुहुँदै अस्पतालको सेवा सुविधाहरूबाट प्रभावित भएको बताउनुभयो ।

धुलिखेल र ख्वप अस्पतालबिच सहकार्य गरेर अगाडि बढ्न तत्पर रहेको बताउनुहुँदै डा. श्रेष्ठले ख्वप अस्पतालको प्रसूति सेवा निकै प्रभावकारी रूपमा सञ्चालनमा आएको बताउनुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले अस्पतालको सेवा सुविधा र आ.व. २०८१/८२ मा अस्पतालले प्रवाह गरेको सेवा र आगामी योजनाबारे प्रस्तुतीकरण देखाउनुभयो । उहाँले ख्वप अस्पताल ३६५ दिन सञ्चालन हुने र दैनिक ११ घण्टा ओपीडी सेवा दिने अस्पताल भएको बताउनुहुँदै आ.व. २०८१/८२ मा २ लाख ८८ हजारभन्दा बढी बिरामीलाई सेवा दिएको जानकारी दिनुभयो ।



ख्वप अस्पताल अवलोकन भ्रमणमा धुलिखेल अस्पतालका डा. पुष्पाञ्जली अधिकारी, नर्सिङ निर्देशक डा. सुलेखा श्रेष्ठ, जनसम्पर्क अधिकृत डा. आभा श्रेष्ठलगायतको उपस्थिति रहेको थियो । टोलीले ख्वप अस्पतालका ओपीडी सेवाहरू, अक्सिजन प्लान्ट, आकस्मिक कक्ष, नर्सिङ कलेज, छाती पुनःस्थापना केन्द्र, अस्पतालको औषधालय, ल्याब, ख्वप तीलगंगा आँखा अस्पताल, ब्रम्हायणीस्थित अन्तरंग सेवा, आईसियु, श्वासप्रश्वास पुनःस्थापना केन्द्रलगायतको अवलोकन गर्नुभयो ।

यसअघि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा ख्वप अस्पतालका प्रतिनिधिमण्डलसहित २०८२ असार १७ गते धुलिखेल अस्पतालको स्थलगत अवलोकन गरेको थियो ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**सूचना ! सूचना !! सूचना !!!**

(प्रथम पटक प्रकाशित मिति : २०८२/०४/०६)
अन्तिम मिति : २०८२/०५/०४

भक्तपुर नगरपालिकाको क्षेत्रभित्र सञ्चालित गुठी तथा संस्थागत विद्यालयहरूको आ.व. २०८१/०८२ को अन्तिम लेखापरीक्षण गर्न विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएको लेखा परीक्षकलाई स्वीकृति दिने व्यवस्थाअनुसार न.पा.बाट स्वीकृति लिन सम्बन्धित विद्यालयहरूलाई यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस नगरपालिकामा तपसिलबमोजिमका कागजातहरूसहित निवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**संलग्न गर्नुपर्ने कागजातहरू :**

१. आ.व.२०८१/०८२ को सफाइ शुल्क तिरेको प्रमाणको प्रतिलिपि ।
२. सम्बन्धित वडामा आ.व.२०८१/०८२ को वार्षिक कर तिरेको प्रमाणको प्रतिलिपि ।
३. घर/जग्गा बहाल कर तिरेको प्रमाणको प्रतिलिपि ।
४. विद्यालय व्यवस्थापन समितिबाट दर्तावाला लेखापरीक्षकको नाम सिफारिसको निर्णयको प्रमाणको प्रतिलिपि ।
५. लेखापरीक्षकको नागरिकता, आ.व. २०८०/८१ को कर चुक्ताको प्रमाण, ICAN मा दर्ता तथा चालु आ.व.को नवीकरण भएको प्रमाणको प्रतिलिपि ।
६. आ.व. २०८०/८१ को विद्यालयको कर चुक्ताको प्रमाणको प्रतिलिपि ।
७. लेखापरीक्षकको सम्बन्धित स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाणको प्रतिलिपि ।

भक्तपुर नपाबाट प्रकाशित
**पुखू सम्बन्धी पुस्तक**



**पढ्नुहोस्, पढाउनुहोस् ।**

# संक्षेपमा

## पाक्षिक सरसफाइ



भक्तपुर नगरपालिकाको आयोजनामा अरनिको राजमार्ग उत्तरतर्फ सबट्रायक डोका फल्चादेखि चुनदेवीसम्म साउन १ गते सरसफाइ कार्यक्रम भयो । तस्बिर : मजदुर दैनिक

## प्राविधिक विद्यार्थीहरुलाई नक्सापास सम्बन्धी अभिमुखीकरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा साउन ८ गते वागीश्वरी माध्यमिक विद्यालय कक्षा ११ का प्राविधिक विषयका विद्यार्थीलाई नक्सापाससम्बन्धी अभिमुखीकरण कार्यक्रम भयो ।

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।



# विविध समाचार

## योग्य शिक्षकबाट योग्य विद्यार्थी उत्पादन हुन जरुरी




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा वागीश्वरी माध्यमिक विद्यालयबाट एसईई परीक्षा २०८१ उत्तीर्ण विद्यार्थीहरूलाई बधाई, मार्गनिर्देशन तथा मायाको चिनो वितरण कार्यक्रम असार २० गते भयो ।

कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले नेपाल विश्व व्यापार सङ्गठनको सदस्य बनेसँगै नेपाली विद्यार्थीहरू विदेशिने क्रम बढेको बताउनुहुँदै विश्व व्यापार सङ्गठनको सदस्यतासँगै विदेशी सङ्घ संस्थाले निर्वाध रूपमा नेपालमा विद्यालय, कलेज सञ्चालन र व्यापार गर्न पाउने अधिकारको सुनिश्चितता भएको छ, जुन नेपालको लागि घातक सावित भएको बताउनुभयो ।




नेमकिपाले धेरै समय यसको विरोध गरे पनि शासक दलको अकर्मन्यताको कारण संसद्‌बाट त्यसलाई अनुमोदन गरेको उहाँले स्पष्ट पार्नुभयो ।

परीक्षा नदिइकन विद्यार्थीहरू उत्तीर्ण गर्ने नीति मूर्खता हो भन्नुहुँदै उहाँले यसले नेपालको शैक्षिक स्तर झन् खस्काउनेछ भन्नुभयो ।

शिक्षकहरू योग्य भएर मात्र नपुग्ने बताउनुहुँदै उहाँले योग्य शिक्षकबाट योग्य विद्यार्थी उत्पादन हुन जरुरी रहेको बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले विद्यालयतहदेखि विद्यार्थीहरूलाई भाषामा दख्खल बनाउनुपर्ने र विदेशी भाषा सिक्न पनि प्रेरित गर्नुपर्ने बताउनुहुँदै एसईई पछि विद्यार्थीहरूलाई विषय छनोटबारे अभिमुखीकरण र मार्गनिर्देश गर्नु आवश्यक छ भन्नुभयो ।

युगअनुसारको नयाँ पुस्ता तयार गर्ने जिम्मेवारी शैक्षिक संस्थाहरूको हो भन्नुहुँदै उहाँले विद्यार्थीहरूलाई इतिहास, भूगोल, राजनीति, नेपालभाषालगायतका विषय अध्ययन गर्न प्रेरित गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले एसईई उत्तीर्ण विद्यार्थीहरूलाई बधाई र शुभकामना दिनुहुँदै विद्यालयको शैक्षिक जग बलियो भए उच्च शिक्षा अध्ययनमा सहज हुने बताउनुभयो ।

एसईई उत्तीर्ण विद्यार्थीहरूलाई भक्तपुरमै उच्च शिक्षा अध्ययनको लागि भक्तपुर नपाबाट सञ्चालित कलेजहरूमा सबै विषयको अध्ययन अध्यापनको व्यवस्था रहेको बताउनुहुँदै उहाँले नेपाली विद्यार्थीहरू विदेशिँदा नेपालका कलेजहरू ओझेलमा परेको छ भन्नुभयो ।

उहाँले विद्यार्थीहरूलाई आफ्नो छुट्टै पहिचान बनाउन अध्ययनशील र आत्मनिर्भर हुन तथा आफ्नो शैक्षिक योग्यता र पारिवारिक क्षमताअनुसारको विषय रोजेर अगाडि बढ्न प्रेरित गर्नुभयो ।

कार्यक्रमका सभापति विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले विदेशी सम्बन्धनमा खोलेका विद्यालय र कलेजहरूले विद्यार्थीहरूलाई गलत संस्कार सिकाउने सम्भावना रहेको बताउनुहुँदै नमुना विद्यालयको रूपमा परिचित वागीश्वरीका विद्यार्थीहरूले आगामी दिनहरूमा पनि विद्यालयको गरिमा कायम हुने गरी उच्च शिक्षा अध्ययन गर्न शुभकामना दिनुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य एवम् प्लस टु संयोजक **ज्ञानसागर प्रजापति**ले वागीश्वरीले विद्यार्थीहरूलाई पाठ्यक्रम मात्र पढाउँदैन, आत्मनिर्भरताको पाठ पनि सिकाउँदै आएको बताउनुभयो ।

एसईई उत्तीर्ण विद्यीहरूले उच्च शिक्षा अध्ययनको लागि विषय छनोटमा ध्यान दिन आग्रह गर्नुहुँदै उहाँले वागीश्वरीले वार्षिक १ करोडभन्दा बढी छात्रवृत्ति वितरण गर्दै आएको बताउनुभयो । उहाँले देशैभरिका ३५ हजार सामुदायिक विद्यालयमध्ये वागीश्वरी ९ औँ स्थानमा रहनु आफैमा गौरवको विषय हो भन्नुहुँदै वागीश्वरीमा हाल ५

हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुभयो।

कार्यक्रममा वागीश्वरी माविका प्रअ **कृष्णप्रसाद कर्माचार्य**ले शिक्षक र विद्यार्थीको संयुक्त मिहिनेतले एसईईमा राम्रो नतिजा हासिल भएको बताउनुहुँदै आगामी दिनमा अझ लगनका साथ उच्च शिक्षा अध्ययन गर्न उत्साहित गर्नुभयो।

कार्यक्रममा एसईई उत्तीर्ण उत्कृष्ट विद्यार्थीद्वय **ममता थापा** र **आशिष प्रजापति**ले विद्यालयबारे आफ्नो अध्ययन अनुभव सुनाउनुभयो।

कार्यक्रमका प्रमुख अतिथि बिजुक्छें र विशेष अतिथि नगर प्रमुख प्रजापतिले एसईई उत्तीर्ण विद्यार्थीहरूलाई 'स्वर्ण सिंह' मायाको चिनोको रूपमा प्रदान गर्नुभएको थियो।

## शिक्षकहरूको मिहिनेत र स्वयम्सेवी भावनाले विद्यालयको प्रगति र विकासमा सघाउ पुऱ्याउने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सरस्वती विद्यागृहमा एसईई २०८१ उत्तीर्ण विद्यार्थीहरूलाई बधाई तथा मार्गनिर्देशन कार्यक्रम असार २० गते एक कार्यक्रमबिच सम्पन्न भयो। कार्यक्रममा नगर प्रमुख प्रजापतिले एसईई उत्तीर्ण विद्यार्थीहरूलाई बधाई र मायाको चिनो वितरण गर्नुभएको थियो।



कार्यक्रममा प्रमुख **प्रजापति**ले शिक्षकहरूको मिहिनेत र स्वयम्सेवी भावनाले विद्यालयको प्रगति र विकासमा सघाउ पुऱ्याउने बताउनुहुँदै सरस्वती विद्यागृहलाई प्रतिष्ठित विद्यालयको रूपमा स्थापित गर्न नेतृत्वमा बस्नेहरू क्रियाशील हुन जरुरी रहेको बताउनुभयो।

प्रमुख प्रजापतिले भक्तपुर नपामा यस वर्षको एसईईमा ९० प्रतिशत विद्यार्थी उत्तीर्ण हुन सफल भएको र यसलाई शत प्रतिशत बनाउन घच्घच्याइरहेको बताउनुहुँदै सामुदायिक विद्यालयप्रति अभिभावक र स्थानीय जनताको विश्वास कायम गर्ने ढङ्गले शिक्षकहरूले मिहिनेत गर्नुपर्ने बताउनुभयो।

राज्यको धेरै लगानी भएको सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई राम्रो बनाउने प्रयास गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले विद्यार्थीहरूलाई व्यवहारिक र नैतिक शिक्षा प्रदान गर्नेतर्फ पनि विद्यालयले जोड दिनुपर्ने बताउनुभयो।

भक्तपुर नपाले गरिब तथा जेहेनदार विद्यार्थीहरूको लागि छात्रवृत्ति र शैक्षिक ऋण जस्ता विद्यार्थी केन्द्रित कार्यक्रम अगाडि सारेको बताउनुहुँदै उहाँले सामुदायिक र निजी विद्यालयको बिच शैक्षिक भेद अन्त्य गर्ने किसिमले शिक्षा क्षेत्रलाई अगाडि बढाउँदै आएको बताउनुभयो।

सबै क्षेत्रमा कानुन विषयको महत्त्वमाथि प्रकाश पार्नुहुँदै उहाँले भक्तपुर नपाले भक्तपुरमै शिक्षा, मानविकी, व्यवस्थापन, विज्ञान, कानुन, नर्सिङ, इन्जिनियरिङलगायतका विषय अध्ययन अध्यापन गराउने शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको बताउनुभयो।

संस्थाको दिगो विकासका लागि व्यवस्थापक, शिक्षक र विद्यार्थी, अभिभावकहरूको संयुक्त पहल र समन्वय आवश्यक भएको उहाँले सोही क्रममा बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले सरस्वती विद्यागृहको प्रगतिमा शिक्षक शिक्षिकाहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनुहुँदै राज्यलाई बलियो बनाउन सामुदायिक विद्यालयहरूको शैक्षिक स्तरोन्नतिमा जोड दिनुपर्ने बताउनुभयो। उहाँले विद्यालयमा हाल ४९४ जना विद्यार्थी अध्ययनरत रहेको बताउनुहुँदै यो सङ्ख्यालाई अझ बढाउन सबैको मिहिनेत आवश्यक भएको बताउनुहुँदै संस्था सञ्चालनको लागि शिक्षक, व्यवस्थापक, विद्यार्थी, अभिभावक र स्थानीय जनताको बराबर भूमिका रहेको बताउनुभयो।

विद्यालयका प्रधानाध्यापक **गनुराज राई**ले विद्यालयको एसईई नतिजा सन्तोषजनक रहेको बताउनुहुँदै विद्यार्थीहरूले परीक्षामा जीपीए धेरै ल्याएर मात्र सफल हुने होइन, व्यवहारिक जीवनमा सफल हुन जरुरी रहेको बताउनुभयो।

सामुदायिक विद्यालय समन्वय समितिका अध्यक्ष **ज्ञानसागर प्रजापति**ले शिक्षा, मानविकी, व्यवस्थापन जस्ता विषयको महत्त्वबारे विद्यार्थीहरूलाई मार्गनिर्देश गर्न जरुरी रहेको बताउनुहुँदै सबै विषयहरूको आआफ्नो महत्त्व छ भन्नुभयो।

कमजोर विद्यालयहरूलाई गाभ्ने सरकारको नीति खोटपूर्ण रहेको बताउनुहुँदै उहाँले विद्यार्थीहरूले आज गरेको मिहिनेतले भोलिको भविष्य उज्यालो हुने बताउनुभयो।

सरस्वती विद्यालय शिक्षक अभिभावक सङ्घका अध्यक्ष

**माधव नारायण कोण्डा**ले एसईईमा ९५ प्रतिशत विद्यार्थी उत्तीर्ण हुनु गौरवको विषय भएको बताउनुहुँदै एसईई उत्तीर्ण विद्यार्थीलाई अब के विषय, कहाँ अध्ययन गर्ने भन्नेबारे परामर्श गर्न जरुरी रहेको बताउनुभयो ।



कार्यक्रममा एसईई परीक्षामा उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थी **तपेन्द्र बुढा**ले विद्यालयले विद्यार्थीको उद्देश्य पूरा गर्न यहाँका अनुभवी शिक्षकहरूको धेरै ठूलो योगदान पुऱ्याएको स्मरण गर्नुभयो ।

कार्यक्रममा सरस्वती विद्यागृह कक्षा १० मा अध्यापनरत शिक्षकहरूलाई उहाँहरूको योगदानको कदर गर्दै सम्मान गरिएको थियो ।

**भक्तपुर नगरपालिका**

SEE 2081- **4.00 GPA – १४ जना**

| | |
|---|---|
| मेधा मावि - ३ जना | एभरेष्ट इङ्गलिस स्कुल - ३ जना |
| अनुस्का पक्का | रोमहर्सन डुङ्गेल |
| प्रियन्का बोगटी | आकांक्षा लुइटेल |
| उत्कर्ष सिं | स्नेहा जोशी |
| सैनिक आवसीय महाविद्यालय - ३ जना | लनर्स एकेडेमी - २ जना |
| प्राप्ति निरौला | सुप्रिया मोक्तान |
| प्रिन्सा सापकोटा | कृषा अवाल |
| रिभा श्रेष्ठ | न्यातापोल इङ्गलिस सेकेण्डरी स्कुल - १ जना |
| जेन्युइन सेकेण्डरी स्कुल - १ जना | प्रान्सु भट्ट |
| कृति तामाङ | सेकरिड हार्ट एकेडेमी - १ जना |
| | प्रिन्स लामा तामाङ |

# कानुन व्यवसायीहरू सही विचार र राजनीतिको पक्षमा सक्रिय हुनुपर्ने

कानुन अध्ययन समाज भक्तपुर जिल्ला समितिको आयोजनामा भक्तपुर जिल्लाका कानुन व्यवसायीहरूको भेला असार २१ गते भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कानुन व्यवसायीहरू अध्ययनशील र विद्वान भएको बताउनुहुँदै सही विचार र राजनीतिको पक्षमा सक्रिय हुनुपर्ने बताउनुभयो ।

कानुन अध्ययन समाजका संस्थापक अध्यक्ष र हाल




सल्लाहकारसमेत रहेका प्रजापतिले विचारबिनाको सङ्ख्याको कुनै अर्थ नहुने बताउनुहुँदै अग्रगामी विचारले ढिलो चाँडो जीत हासिल गरेरै छोड्ने बताउनुभयो ।

उहाँले पूँजीवादी व्यवस्था धनी र शोषकवर्गको शासन व्यवस्था भएको र सरकारहरूले पूँजीपतिवर्गको सञ्चालक समितिको जस्तो काम गर्ने तथ्य प्रस्ट पार्नुभयो ।

देशका शासक दलहरूले देश र जनताको हितमा संविधानअनुसार बनाउनुपर्ने ऐन नबनाइरहेको तर विदेशी पूँजी र दलाल पूँजीपतिहरूको हितमा धमाधम ऐन नियम निर्माण गरेको बताउनुहुँदै शासन व्यवस्था सधैँ वर्गीय हुने मार्क्सवादको मूल सिद्धान्त नेपालमा पनि सही साबित भइरहेको छ भन्नुभयो ।

उहाँले नेमकिपाले देशको संसद् र सडकमा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै आएको बताउनुहुँदै सैद्धान्तिक र वैचारिक सङ्घर्षले देश र जनतालाई लाभ पुगिरहेको हुन्छ भन्नुभयो ।

उहाँले पूँजीवादी व्यवस्थाको विकल्प पूँजीवादी व्यवस्था नै हुन नसकेझैँ एउटा पूँजीवादी पार्टीको विकल्प अर्को पूँजीवादी पार्टी हुन नसक्ने र सरकारमा जाने पार्टीहरू फेरिए पनि पूँजीवादी व्यवस्थामा तात्त्विक भिन्नता नआउने प्रस्ट पार्नुभयो ।



उहाँले निर्वाचन भनेको शान्तिपूर्ण तरिकाले वर्गशत्रुको गलत कार्यविरुद्ध ढ्याङ्ग्रो ठोक्ने कार्य भएको बताउनुहुँदै निडरताका साथ वैचारिक स्पष्टताका निम्ति निर्वाचन लड्नुपर्ने सुझाव दिनुभयो ।

भेलामा कानुन अध्ययन समाज नेपाल केन्द्रीय समितिका अध्यक्ष एवं अधिवक्ता **रामप्रसाद प्रजापति**ले शासक दल सम्बद्ध कानुन व्यवसायी सङ्गठनहरूको अकर्मण्यता र भ्रष्टाचारका कारण देशको न्याय क्षेत्र र न्यायपालिका नै बदनाम हुन पुगेको हो भन्नुभयो ।

कानुन अध्ययन समाज नेपालले न्याय क्षेत्रमा रहेका विकृति-विसङ्गति र भ्रष्टाचारविरुद्ध प्रखर रूपमा विरोधको आवाज बुलन्द गर्दै आएको चर्चा गर्नुभयो ।

गरिब कामदारवर्गका कानुन व्यवसायीहरूको प्रतिनिधित्व बार एशोसियसनमा नहोस् भन्ने नियतले नै निर्वाचनमा चर्को उम्मेदवारी शुल्क तोकेको बताउनुहुँदै त्यसको विरुद्ध कानुन अध्ययन समाजले सुरुदेखि नै सङ्घर्ष गर्दै आएको छ भन्नुभयो ।

भेलाको आयोजक समितिका अध्यक्ष एवं अधिवक्ता **राजु कैती**ले कामदारवर्गका जनताको प्रतिनिधित्व गर्ने कानुन अध्ययन समाजको वैचारिक स्पष्टताको निम्ति बारको निर्वाचनलाई उपयोग गर्नुपर्ने बताउनुभयो ।

भेलाले अधिवक्ता गम्वीरमान ज्याख्वको अध्यक्षतामा कानुन अध्ययन समाज भक्तपुर जिल्ला अदालत बार एकाइ समिति गठन गऱ्यो ।

भेलाले साउन १० गते तोकिएको नेपाल बार एशोसियसन भक्तपुर जिल्ला अदालत शाखाको निर्वाचनमा पूरै प्यानल उम्मेदवारी दिने, चर्को उम्मेदवारी शुल्क घटाउन माग गर्दै निर्वाचन समितिमा ज्ञापनपत्र दिने र कानुन व्यवसायीहरूका विभिन्न मागका सम्बन्धमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने आदि निर्णय गरिएको जिल्ला अध्यक्ष राजु कैतीले जानकारी दिनुभयो ।

## भक्तपुर जिल्ला सहकारी सङ्घको स्थापना दिवस




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा जिल्ला सहकारी सङ्घ लि. भक्तपुरको ४७ औँ स्थापना दिवस कार्यक्रम असार २६ गते भयो ।

कार्यक्रमको उद्घाटन गर्दै नगर प्रमुख **प्रजापति**ले सहकारीले आफ्ना सदस्यहरूलाई आत्मनिर्भर बनाउने प्रयास गर्नुपर्ने बताउनुहुँदै बचत तथा ऋण सहकारीहरूले जनताको सामूहिक हितको लागि आदर निकेतन, स्वास्थ्य केन्द्र, शैक्षिक ऋणको व्यवस्था जस्ता कार्यहरूमा जोड दिनुपर्ने बताउनुभयो ।

बैङ्क, फाइनान्स कम्पनीहरूले समस्या खडा गरेका कारण सहकारी संस्थाहरूको विकास भएको बताउनुहुँदै समुदायमा आधारित सहकारी संस्थाहरूले सदस्यहरूको सामूहिक हितको निम्ति राम्रा काम गर्दै आएको बताउनुभयो ।

सहकारी सञ्चालकहरूबाट जनताको पैसा सहकारी सिद्धान्त विपरीत घरजग्गामा लगानी गर्ने, करोडौँको बैङ्क ब्यालेन्स राख्ने, गाडी चढ्ने जस्ता अनियमितताहरू भइरहेको बताउनुहुँदै उहाँले यस्ता क्रियाकलापले सहकारी संस्थाहरू दिन प्रतिदिन बद्नाम हुँदै गइरहेको बताउनुभयो ।

सहकारी संस्थाहरूले सदस्यहरूलाई आत्मनिर्भर बनाउन कृषिसम्बन्धी तालिम, डकर्मी, सिकर्मी, मोबाइल मर्मत, मोटरसाइकल मर्मत जस्ता सीपमूलक तालिमहरू सञ्चालन गर्नुपर्ने बताउनुहुँदै उहाँले सरकारको नेतृत्व गर्ने नेताहरू राम्रो नभएसम्म देश राम्रो नहुने तर्क राख्नुभयो ।

कार्यक्रमका सभापति जिल्ला सहकारी सङ्घ लि. भक्तपुरका अध्यक्ष **ध्रुवबहादुर रायमाझी**ले संस्था स्थापनाको उद्देश्यबारे प्रष्ट पार्नुहुँदै सङ्घले किसानहरूलाई आवश्यक मलखाद वितरणको लागि पहल गरिरहेको बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. का अध्यक्ष **कृष्णगोविन्द लाखाजु**ले जिल्ला सहकारी सङ्घ लि. देशकै जेठो सहकारी सङ्घको रूपमा रहेको बताउनुहुँदै सहकारीलाई नियन्त्रण गर्ने निकाय आवश्यक भएको तर बैङ्कलाई पोस्ने काम भने गर्न नहुने उहाँले बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासङ्घ लि. का सञ्चालक **टेकप्रसाद चौलागाई**, जिल्ला कृषि सहकारी सङ्घ लि. का अध्यक्ष **सनिस लागेजु**, राष्ट्रिय सहकारी महासङ्घ लि.का सञ्चालक **ध्रुवराज बिष्ट**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा सङ्घका सञ्चालक सदस्य एवम् शिक्षा समिति संयोजक **सुलोचना दुवाल**ले स्वागत मन्तव्य राख्नुभएको थियो ।

## भक्तपुर पूर्ण खोप सुनिश्चित



खोप जिल्ला समन्वय समितिले असार २८ गते आयोजना गरेको कार्यक्रममा वाग्मती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापाले भक्तपुर जिल्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गर्नुभयो ।

स्वास्थ्यमन्त्री **थापा**ले भक्तपुर जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाको प्रमाणपत्र हस्तान्तरण गर्नुभयो । यसअघि जिल्लाको चारवटै स्थानीय तह पूर्ण खोप सुनिश्चित घोषणा गरिएको थियो ।

उहाँले मुख्यमन्त्री स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन घरदैलोमै अब नसर्ने रोगको पहिचानका लागि स्वास्थ्यकर्मीसहितको स्वयंसेविकाको टोली परिचालन गरिने बताउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा. **सुमित्रा गौतम**ले खोप सुनिश्चिततालाई दिगोपन बनाउन चुनौती रहेको बताउँदै कोही पनि खोपबाट छुट्न नहुने बताउनुभयो । खोप प्रभावकारी हुँदा बालमृत्युदर हरेक वर्ष कम हुँदै गएको बताउनुहुँदै उहाँले नियमित खोप कार्यक्रमको प्रभावकारीले ८० प्रतिशत बाल मृत्युदर घटेको बताउनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य **सुरेश श्रेष्ठ**, **धनेश्वरी प्रजापति**, प्रमुख जिल्ला अधिकारी **भरतमणि पाण्डे**, खोप महाशाखा प्रमुख डा. **अभियान गौतमलगायत**ले खोप कार्यक्रमलाई आगामी दिनमा पनि प्रभावकारी बनाएर लैजानुपर्ने बताउनुभयो ।

जिल्ला जनस्वास्थ्य कार्यालयकी प्रमुख **अञ्जना खड्का**ले घरघरमा गएर खोप सुनिश्चितता गरेर शून्यमा झारेको बताउनुहुँदै भक्तपुरमा कोही पनि बालबालिका खोपबाट वञ्चित हुन नपरेको बताउनुभयो । उहाँले आगामी दिनमा पनि खोप कार्यक्रमलाई प्रभावकारी बनाउने र कोही पनि खोपबाट वञ्चित हुन नपर्ने गरी दिगोपना दिने बताउनुभयो ।

## "समाजका खराबीविरुद्धको सङ्घर्षमा लेखक तथा साहित्यकारहरूले जनतालाई साथ दिनुपर्छ"




अनुवाद लेखक, प्राध्यापक, शिक्षक तथा बौद्धिक क्षेत्रको उत्साहजनक सहभागिताबिच साउन २ गते सार्वजनिकीकरण गर्नुहुँदै उहाँले साहित्य समाजको शक्तिशाली हतियार भएकोले यसमार्फत समाजका खराबीविरुद्धको सङ्घर्षमा जनतालाई साथ दिन लेखक तथा साहित्यकारहरूलाई आग्रह गर्नुभयो । आफूहरूले देश र जनताको सेवा गर्ने उद्देश्यले साहित्य रचना गरेको कुरा बताउनुहुँदै अध्यक्ष रोहितले नेपाली साहित्यमा त्याग, तपस्या तथा समर्पणबारे लेखिएका साहित्यको अभाव रहेकोले सो पूर्ति गर्न नयाँ पुस्ता लाग्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, 'जनतालाई विचलित हुन नदिन र आन्दोलनलाई साथ दिन साहित्यले बाटो देखाउनुपर्छ; साहित्यले त्यसका लागि ऊर्जा दिनुपर्छ ।'

राजनीतिक कार्यकर्ताको जीवन सकसपूर्ण हुनसक्ने धारणा राख्नुहुँदै उहाँले यस्ता कुराबाट विचलित नहुनेहरूले नै वास्तविक रूपमा देश र जनताको सेवा गर्नसक्ने बताउनुभयो ।

अमेरिकी साम्राज्यवादले अरू देशलाई एक आपसमा लडाएर हतियार बेच्ने काम गर्दै आएको चर्चा गर्नुहुँदै साहित्यकारहरूलाई आफ्ना साहित्यमार्फत यस्ता कुराको विरोध गर्न अध्यक्ष बिजुक्छेँले आग्रह गर्नुभयो ।




साहित्यको कुनै सीमा वा आफ्नो देश नहुने भएकोले संसारका मानिसको सेवा गर्न सक्ने साहित्य रचनामा लाग्न उहाँले नयाँ पुस्तालाई सल्लाह दिनुभयो । उहाँले स्वास्थ्यकर्मीहरूलाई डाक्टर नर्मन बेथुन, चेग्वेभारा र कोटनिसजस्ता व्यक्तित्वको जीवनी अध्ययन गर्न आग्रह गर्नुहुँदै

रोगीलाई छोडेर नहिँड्ने स्वास्थ्यकर्मी नै जनताको स्वास्थ्यकर्मी हुने धारणा राख्नुभयो ।

वरिष्ठ चिकित्सक डा. **अशोकानन्द मिश्र**ले ५२ वर्षअगाडि देखेको भक्तपुर र आजको भक्तपुरमा आकाश जमिनको फरक रहेको तथा आजको भक्तपुर विश्वका जुनसुकै सुन्दर सहरसँग तुलना गर्न सकिने अवस्थामा पुगेको बताउनुहुँदै यो अवस्थामा ल्याउन नेतृत्व र जनताको महत्त्वपूर्ण योगदान रहेको चर्चा गर्नुभयो ।

आफू कम्युनिस्ट विचारको निकट नरहे पनि नारायणमान बिजुक्छेँको विचार र व्यवहारबाट निकै प्रभावित भएको उहाँले बताउनुभयो ।

भक्तपुर राजधानी नजिकै भएर पनि हिजोको अवस्थामा निकै पीछडिएको र असभ्य नगरका रूपमा देखापरेको अवस्थामा रोहित र उहाँको पार्टीका कार्यकर्ताकै संयुक्त प्रयासमा अहिले शिक्षा, स्वास्थ्य, संस्कृति र सरसफाइमा नमुना बनेकोमा भक्तपुरका जनतालाई डा. मिश्रले बधाई ज्ञापन गर्नुभयो ।

भक्तपुरमा ज्येष्ठ नागरिकका लागि आदर निकेतन स्थापना हुनु निकै प्रशंसनीय काम भएको उहाँले बताउनुभयो ।

साहित्यको अनुवाद कठिन कार्य भएको चर्चा गर्नुहुँदै यसमा लाग्ने सबैलाई डा. मिश्रले धन्यवाद ज्ञापन गर्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाई**ले जेलका चिठीहरू पुस्तकमा मूलतः जीवन दर्शन र आत्मगौरवको आभा रहेको बताउनुभयो । उहाँले निर्दोष, स्वच्छ तथा सच्चा नेपालीमाथि आफ्नै राज्यद्वारा युद्ध अपराधीतुल्य व्यवहार भइरहँदाको आक्रोश एवम् प्रतिरोध पुस्तकमा भएको उल्लेख गर्नुभयो ।

गहिरो सामाजिक सांस्कृतिक चिन्तन भएको पुस्तक 'जेलका चिठीहरू' अन्तर्राष्ट्रिय समुदायको साहित्यिक सम्पत्ति बन्ने कुरामा विश्वास व्यक्त गर्नुहुँदै उहाँले चिठी लेखिएको झन्डै चालीस वर्षमा अङ्ग्रेजीमा अनुवाद भएको पुस्तक प्रकाशनमा सहयोग गर्ने सम्पूर्ण व्यक्तित्वहरूप्रति धन्यवाद व्यक्त गर्नुभयो ।

वाग्मती प्रदेश सभा सदस्य **सृजना सैंजू**ले इतिहास, भाषा, कला, साहित्य, पुरातत्त्व, संस्कृति, सम्पदा, वास्तुकला, राजनीतिशास्त्र, भूगोल, समाजशास्त्र, अर्थशास्त्रका विषयवस्तु समेटिएको पुस्तक जेलका चिठीहरूबारे विश्वविद्यालयका कक्षाकोठामा छलफल गर्नुपर्ने बताउनुभयो । उहाँले नेपाली र अङ्ग्रेजी दुवैमा उपलब्ध साहित्य आकाशमा निकै कम भएको बताउनुहुँदै यो प्रकाशनले आशा एवम् ऊर्जा प्रवाह गरेको र साहित्य प्रतिष्ठानहरूलाई बाटो देखाएको औँल्याउनुभयो ।

साहित्यकार **नरेन्द्रराज प्रसाई**ले देशको लागि अध्यक्ष रोहितजस्ता निःस्वार्थी, इमानदार र देश र जनताको विषयमा सोच्ने असल नेताहरूको खाँचो भएको बताउनुभयो । उहाँले जेलका चिठीहरू पुस्तक चिठीमात्र नभई इतिहास भएको औँल्याउनुभयो ।

कवयित्री **इन्दिरा प्रसाई**ले राजनीतिक व्यक्तित्व अध्यक्ष रोहितलाई हरेक चुनौती र सङ्घर्षमा साथ र सहयोग गर्ने शोभा भाउजू एक प्रेरक भएको चर्चा गर्नुहुँदै जेलका चिठीहरू एक जीवनसङ्गिनीलाई भन्दा देशको लागि लेखिएको चिठीपत्र हो भन्नुभयो ।

साहित्यलाई सीमित घेराभित्र राख्न नमिल्ने कुरामा जोड दिनुहुँदै उहाँले रोहितका साहित्यिक रचनाहरू देश र जनताको मात्र नभई संसारका मानवको सेवा गर्ने खालका छन् भन्नुभयो ।




पुस्तकका अनुवादक **अणुराज जोशी**ले नारायणमान बिजुक्छेँ अन्यौलको वातावरणमा विरलै पाइने व्यक्तिमध्ये एक भएको कुरा चर्चा गर्नुहुँदै कला, संस्कृति र देशको उत्थानका लागि सदा समर्पित व्यक्तित्व भएको बताउनुभयो ।

उहाँले बिजुक्छेँ संस्कृतिको ठूलो मर्मज्ञ भएको चर्चा गर्नुहुँदै उँटे झ्याल लोप हुन लागेको अवस्थामा यसको संरक्षण

गर्न नसक्नु शासकहरूको अदूरदर्शिता र गैरजिम्मेवारीको दृष्टान्त भएको बताउनुभयो ।

अनुवादका क्रममा केही कमीकमजोरीहरू हुनु स्वाभाविकै भए पनि आगामी दिनमा यसलाई सुधार गरेर अझ राम्रो बनाउन प्रयास गर्नुपर्ने कुरामा उहाँले जोड दिनुभयो ।

उक्त अवसरमा कवि तथा समीक्षक **अभय श्रेष्ठ**ले पुस्तक अनुवाद जटिल कार्य भएको चर्चा गर्नुहुँदै यसरी नेपालीमा लेखिएका पुस्तकलाई अङ्ग्रेजी भाषामा अनुवाद गरी प्रकाशन गर्नु भनेको विश्व साहित्यको सेवा गर्नु हो भन्नुभयो ।

नारायणमान बिजुक्छेँले जेलका चिठीमार्फत प्रेम र घरायसी कुरामात्र नपस्की समाज र संस्कृतिलाई चिन्न सहयोग पुग्ने उत्कृष्ट रचना सृजना गर्नुभएको उहाँले बताउनुभयो ।

सो अवसरमा लेखक तथा शिक्षासेवी **योगेन्द्रमान बिजुक्छेँ**ले हिलोमा फुलेको फूलजस्तो 'जेलका चिठीहरू'ले विश्वका अन्य उत्कृष्ट पत्र साहित्यहरूको याद दिलाउने विचार राख्नुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य डा.**सुवेगमान बिजुक्छेँ**ले विश्व साहित्यका विभिन्न पुस्तकको चर्चा गर्नुहुँदै नयाँ पुस्तालाई राजनीतिक चेतना दिन र ज्ञानका विभिन्न क्षेत्रबारे अवगत गराउन पुस्तक उपयोगी भएको विचार राख्नुभयो ।

पुस्तकले विशेषगरी भक्तपुरको एउटा कालखण्डबारे जानकारी दिने उहाँले बताउनुभयो ।

ख्वप अस्पताल भक्तपुरका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले जेलका चिठीहरू अध्ययन गर्दा आफूले समाज, सभ्यता र संस्कृतिलाई नजिकबाट नियाल्ने मौका मिलेको बताउनुभयो । उहाँले जेलका चिठीहरूले पाठकलाई स्वास्थ्यप्रति सचेत रहन पनि घच्घच्याएको उल्लेख गर्नुभयो ।



कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका सह–प्राध्यापक **नवराज बुढाथोकी**, काठमाडौँ विश्वविद्यालयका सहप्राध्यापक तथा मोर्डन कलेजकी **शशी कसपाल**ले पनि पुस्तकको महिमामाथि प्रकाश पार्नुभएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **मोहनप्रसाद प्रजापति**को सभापतित्वमा भएको उक्त कार्यक्रममा शिक्षिका **सीता प्रजापति**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने शिक्षकद्वय **जयन्द्र श्रेष्ठ** र **मञ्जु श्रेष्ठ**ले पुस्तक समीक्षा प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा शिक्षकहरू **एलिसा दुमरु** र **सृष्टिले प्रधान**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा पुस्तक प्रकाशनमा सहयोग गर्ने अणुराज, आशिष प्रधान र दामोदर सुवाललाई मायाको चिनो प्रदान गरिएको थियो ।

पुस्तकको प्रकाशन बाल विकास सेकेन्डरी स्कुलले गरेको हो ।

## "सर्वोच्चको फैसलाले न्यायपालिकामा राजनीतिको छाया पार्न सघायो"

तत्कालीन केपी ओली सरकारले साढे चार वर्षअघि अध्यादेशमार्फत गरेको ५२ संवैधानिक नियुक्तिलाई सदर गर्ने सर्वोच्चको फैसलाले न्यायपालिकामा राजनीतिको छाया पार्न सघाएको पूर्वन्यायाधीश फोरमले निष्कर्ष निकालेको छ । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत नेतृत्वको पाँच सदस्यीय संवैधानिक इजलासले अल्पमत र बहुमतको रायलाई आधार देखाउँदै १८ असारको मध्यरातमा गरेको फैसलाप्रति विज्ञप्ति जारी गर्दै फोरमले प्रश्न उठाएको हो ।

फोरम अध्यक्ष टोपबहादुर सिंहले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'संवैधानिक पदाधिकारीहरूको नियुक्ति सदर गरी रिट निवेदन खारेज गरिएको बहुमत वा अल्पमत के हो नछुट्टिएको रायमा संसदीय सुनुवाइको अनिवार्यतालाई स्वीकार गरी एकजना न्यायाधीशले परमादेशसमेत जारी गरिएको आदेश परस्पर विरोधाभाषपूर्ण भई अन्योल सिर्जना गरेको छ ।'

प्रधानन्यायाधीश राउत नेतृत्वको संवैधानिक इजलासमा न्यायाधीशहरू सपना मल्ल, कुमार चुडाल, मनोज शर्मा र नहकुल सुवेदी थिए । सङ्क्षिप्त फैसलामा तीन किसिमका राय व्यक्त भएका थिए ।

'शक्ति पृथकीकरणको सिद्धान्तबमोजिम न्यायपालिकाले आफ्नो स्वतन्त्रता आफैँले जोगाउनुपर्ने हुन्छ । अदालतको १८

गतेको निर्णय आदेशले न्यायपालिकाको स्वतन्त्रता स्वयं सर्वोच्च अदालतले रक्षा गर्न नसकी न्यायपालिकाउपर राजनीतिको छाया पार्न सघाएको आमधारणा रहेको आभास भएको छ,' विज्ञप्तिमा छ ।

त्यस्तो, असंवैधानिक अध्यादेशको आधारमा संवैधानिक पदाधिकारीहरूमा भएको नियुक्तिलाई संवैधानिक इजलासले सदर गर्दा कार्यकारिणी निरंकुशता बढाउन मद्दत गरेको तथा संवैधानिक सर्वोच्चताको मान्यतालाई धराशायी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ । साथै, संविधानमा रहेको संसदीय सुनुवाइसम्बन्धी बाध्यात्मक व्यवस्थालाई संसद्को नियमावलीले प्रतिबन्ध लगाएजसरी गरिएको व्याख्याको विरोध विज्ञप्तिमा छ । 'संसदीय नियमावलीलाई संविधानको हैसियतमा राख्ने गरी गरिएको व्याख्या त्रुटिपूर्ण र गलत छ,' फोरमको निष्कर्ष छ ।

## बाझिएको निजामती विधेयक बहुमतले पारित

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले जेठ २ गते निजामती सेवा ऐनको दफा ८२(४) कुलिङ पिरियड सम्बन्धी व्यवस्था गर्दै 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन ।' प्रावधान सर्वसम्मतिले पारित गरेको थियो ।

तर, समितिका सभापति नेकाका सांसद रामहरि खतिवडा र सचिव सुरजकुमार दुराले प्रतिनिधिसभामा उक्त निर्णय फरक वा बाझिने गरी पेस गऱ्यो ।

उक्त विधेयक असार १५ गते प्रतिनिधिसभाको बहुमतबाट पारित भयो । उक्त विधेयक निर्णयार्थ पेस हुँदा सांसद प्रेम सुवालले मात्र विपक्षमा मत दिनुभएको थियो ।

कुलिङ पिरियडसम्बन्धी व्यवस्था हटाउन मुख्यसचिवदेखि उच्च प्रशासकहरू दलका नेताको घरदैलोमा गएर दबाब दिएका थिए । कुलिङ पिरियड राख्ने निर्णय नसच्याए राजीनामा दिनेसम्मको घुर्की सचिवहरूको थियो ।

ओली र देउवा सुरुदेखि नै कुलिङ पिरियडको विपक्षमा रहेको बताइएको छ ।

यसरी सार्वभौम संसद्को एक समितिले गरेको सर्वसम्मत निर्णयमा फरक पारेकोलाई सर्वत्र निन्दा गरिएको छ । त्यसबारे संसदीय छानबिन समिति गठन गरी सोधखोज गरिरहेको छ ।

## चेपाङ विद्यार्थीले बनाएको स्याटेलाइट पुग्दैछ अन्तरिक्ष



चितवनको नवोदय माध्यमिक विद्यालयका चेपाङ विद्यार्थीहरूले 'स्लिपर्स टु स्याट्' (S2S) परियोजनामार्फत स्याटेलाइट बनाएर नेपालको अन्तरिक्ष अनुसन्धानमा ऐतिहासिक कदम चालेको छ ।



परियोजना अन्तरगत १२० विद्यार्थीलाई तालिम दिइएको थियो र ९ जना मुख्य जिम्मेवारीका लागि छानिएका थिए, जसले १४ महिनामा स्याटेलाइट निर्माण सम्पन्न गरे ।



उक्त टोलीमा अमृत राजा, शीतल प्रजा, सुहान प्रजा, सजिना चेपाङ, एलिसा प्रजा, बिनामाया प्रजा, शिवकुमार चेपाङ, सुमिना तितुङ र रानासिंह चेपाङ रहेका छन् ।

स्याटेलाइट १५ सेप्टेम्बरमा चीनबाट प्रक्षेपण प्रक्षेपण गर्ने तयारी छ र ग्राउन्ड स्टेसनमार्फत डाटा सङ्कलन तथा विश्लेषण गर्ने काम चेपाङ विद्यार्थीहरूले गर्नेछन् ।

'स्लिपर्स टु स्याट' परियोजना २०८१ मा सुरु भएको थियो ।



चितवनको ग्रामीण क्षेत्रमा बस्ने यी विद्यार्थीको पारिवारिक पृष्ठभूमि सामान्य छ । अधिकांश परिवारहरू चिउरी बेचेर र स–साना खेतीपाती गरेर जीविकोपार्जन गर्छन् । त्यसैले स्याटेलाइट बनाउँछौं भनेर सुनाउँदा साथीहरूले समेत उडाए । जिस्क्याए । गाउँमा कसैको लागि यो कुरा विश्वसनीय थिएन ।

## चोभार गल्छी काट्न हुँदैन भन्ने मुख्य कारणहरू

### १. भूगर्भीय र वातावरणीय क्षति

चोभार गल्छी हजारौँ वर्षदेखि प्राकृतिक रूपमा बनेको वाग्मती नदीको निकास हो । यसलाई कृत्रिम रूपमा काट्दा (फराकिलो पार्दा) उपत्यकाभित्र र बाहिर दुवैतर्फ बाढी वा जल असन्तुलनको खतरा हुन सक्छ । यसले भूमिगत जल स्रोतहरू (aquifer) मा असर पुऱ्याउन सक्छ ।

### २. सांस्कृतिक र धार्मिक महत्व

चोभार दोभान मन्जुश्रीले उपत्यकाको ताल खनेर निकास बनाएको पौराणिक कथासँग जोडिएको छ । यहाँको आदिनाथ लोकश्वर मन्दिरलगायत धेरै धार्मिक स्थलहरू र गुफा हरू छन् । यस्तो स्थलमा हस्तक्षेप गर्दा हाम्रो सांस्कृतिक पहिचान र धार्मिक पर्यटनमा क्षति हुनसक्छ ।





हिजोको (माथि) र आजको चोभारको विहंगम दृश्य

### ३. जैविक विविधताको क्षति

चोभार र वरिपरिका क्षेत्रहरू पंक्षी (सो क्षेत्रमा १०० बढी चरा प्रजातिहरू छन् भन्ने प्रतिवेदन छ), वनस्पति र अन्य जीवजन्तुहरूको लागि महत्त्वपूर्ण बासस्थान हुन् । यस्तो क्षेत्र विनाश हुँदा स्थानीय जीवजन्तु लोप हुने सम्भावना हुन्छ ।

### ४. वैकल्पिक उपायहरू

– उपत्यकाभित्र बाढी नियन्त्रण गर्न संवेदनशील माथिदेखि तलसम्म नदी क्षेत्र संरक्षण, सहर योजना निर्माण, नदी पुन:स्थापना योजना निर्माण, सामुदायिक पोखरीहरू निर्माण र संरक्षण, वर्षा पानी सङ्कलन, हरित क्षेत्र संरक्षण निर्माण

– चोभार दोभान केवल 'पानी बग्ने' मार्ग होइन, यो हाम्रो भूगर्भीय इतिहास, सांस्कृतिक सम्पदा र पारिस्थितिक विविधताको प्रतीक हो । त्यसैले यसलाई काट्नु वर्तमान र भावी पुस्ताका लागि अविवेकी निर्णय ठहरिन सक्छ ।

## भ्रष्टाचारको निरन्तरता

म भ्रष्टाचार गर्दिनँ, अरूलाई पनि गर्न दिन्नँ भन्ने प्रम ओलीको शासनमा जतातत‌ै भ्रष्टाचार देखिन थालेको छ ।



राजकुमार गुप्ता

सङ्घीय मामिलामन्त्री एमालेका राजकुमार गुप्ताको ७८ लाख घुस डिल प्रकरणाको अडियो सार्वजनिक भएको छ।

मालपोत कार्यालय कास्कीका तत्कालीन प्रमुख रामचन्द्र अधिकारीलाई लमजुङ मालपोतमा पठाइएको थियो। उक्त सरुवा रोक्न बिचौलियासँग सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले ५३ लाखको डिल गरेको थियो। घुस रकम राखिएका दुई झोला, नोटका नम्बर र फोटोसहित अख्तियारमा उजुरी परेपछि उनले ममाथि आरोप लाग्यो। नैतिकताका आधारमा भन्दै राजीनामा गरेका छन्।

त्यस्तै, एमालेका गण्डकी प्रदेश सदस्य खेमबहादुर पुनलाई भूमि आयोग कास्कीको अध्यक्षमा नियुक्त गर्न बिचौलियाले २५ लाख घुसको प्रस्ताव गरेको अर्को २५ लाख डिल गर्दै गरेको अडियो पनि सार्वजनिक भएको छ।

यसरी गुप्ताले बिचौलियासँग ७८ लाख घुस डिल गरेको अडियो सार्वजनिक भएको थियो।

त्यसको विपक्षी दल, नागरिक समाज मात्र होइन, सत्तारूढ दलबाट समेत घुस 'डिल' गर्ने मन्त्रीमाथि कारबाही र छानबिनको माग हुँदासमेत प्रधानमन्त्री ओली केही दिन गम खाएर बसेका थिए।



बलराम अधिकारी

घुस विवादमा मन्त्री गुप्ताले भूमि व्यवस्थामन्त्री एमालेकै बलराम अधिकारीलाई समेत तानेका छन्। त्यसैले प्रश्न दुवै मन्त्रीमाथि छ। तर एकजनाले मात्र राजीनामा दिएका छन्।

भूमि व्यवस्था मन्त्री बलराम अधिकारीले पोखराको बाटुलेचौरस्थित १ सय ३४ रोपनी जग्गा 'सेटिङ' मिलाएर दर्ता गर्नका लागि ३२ लाख रुपैयाँ घूस बुझेको दाबी गरिएको अर्को अडियो सार्वजनिक भएको छ। एमालेका स्थानीय नेतासमेत रहेका बिचौलिया सुजन लामामार्फत अधिकारीले मन्त्री क्वार्टरमै घूस रकम लिएको दाबी अडियोमा गरिएको छ।

सिधाकुराले यस अघि सामान्य प्रशासन मन्त्री गुप्तालाई बिचौलिया सुजन लामाले भूमि आयोग कास्की अध्यक्षको नियुक्तिका लागि भन्दै २५ लाख रुपैयाँ घुस डिल गरेका अडियो प्रमाणसहित प्रकासन/प्रशारण गरेको थियो। मालपोतका कर्मचारीको सरुवा रोक्नका लागि समेत काम गर्न मन्त्रीलाई दबाब दिएका थिए। उक्त अडियोमा मन्त्रीले काम नगरिदिँदा आफूलाई तनाव भएको भन्दै सुजन लामा र नागरिक उन्मुक्ति पार्टीकी पूर्व मन्त्री रञ्जिताले दबाब दिएको अडियोमा सुनिन्छ।

अडियोमा मन्त्री गुप्ताले 'राख्ने होइन, भोलि बिहानै दिएर पठाउनुपर्छ। सम्बन्धित ठाउँमा पुऱ्याइदिन्छु।' भनेका छन्।

गुप्ताले सम्बन्धित ठाउँ भनेर सरकारको, पार्टी नेतृत्व वा अन्य कुनै शक्तिकेन्द्रतिर इसारा गरेको स्पष्ट छ, तर कुन भन्ने जवाफ छैन।

## भिजिट भिसामा "नैतिकता"

एमालेका मन्त्रीहरूमात्र भ्रष्टाचारमा मुछिन थालेको होइन। नेकाका गृहमन्त्री रमेश लेखक भिजिट भिसामा भएको संस्थागत असुलीको विवादमा मुछिएका छन्। प्रम ओलीले भ्रष्टाचार नगर्ने भनेजस्तै लेखक पनि हिजो आरोप लागेपछि नैतिकताको आधारमा पदबाट राजीनामा दिनुपर्छ भनी निक्कै कुर्लने गर्थे। तर, उनको आफ्नै नैतिकता भने कता हराइरहेको छ सर्वत्र प्रश्न उठेको छ।

## भिजिट भिसामा थप एक ट्राभल सञ्चालक पक्राउ

भिजिट भिसाको नाममा विमानस्थलको अध्यागमनमा भएको असुली गिरोहमा संलग्न थप एक ट्राभल एजेन्सीका सञ्चालक पक्राउ परेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले फेम्ली होलिडेजका सञ्चालक दीपक भण्डारीलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। भिजिट भिसा प्रकरणमा अख्तियारले छानबिन थालेलगत्तै उनी फरार थिए।

अनुसन्धानमा तत्कालीन अध्यागमन प्रमुख तीर्थराज भट्टराईसँग उनको ठूलो आर्थिक कारोबार भेटिएको छ।

उनीमाथि सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुर पनि आकर्षित हुने बताइएको छ।

भिजिट भिसामा उनको उच्च तहसम्मको सेटिङबारे अनुसन्धान अझै जारी रहेको आयोगका अधिकारी बताउँछन्।

स्रोतका अनुसार ग्रिनलाइन ट्राभल्सका सञ्चालक बालकृष्ण खड्कालाई केन्द्रमा राखेर आयोगले अनुसन्धान गरिरहेको छ। सहसचिवको पैसा लिने र व्यवस्थापन गर्ने खगेन्द्र सुवेदी र कविता पौडेल पनि आयोगको अनुसन्धानको दायरामा छन्।

यस प्रकरणमा गृहमन्त्री रमेश लेखकमाथि समेत प्रश्न उठिरहेको छ। मन्त्री लेखक र गृहसचिव गोकर्णमणि दुवाडीकै संरक्षणमा भिजिट भिसाको सेटिङमा असुली बढेको स्रोत बताउँछ।

स्रोतहरूले जनाएअनुसार फेरि पनि अध्यागमनबाट सेटिङ सुरु भइसकेको छ। 'पहिला ट्राभल एजेन्सीमार्फत अध्यागमनमा सेटिङ हुन्थ्यो, अहिले एयरलाइन्सका कर्मचारीमार्फत हुने गरेको छ,' विमानस्थल स्रोतले भन्यो। हालै गृह मन्त्रालयले अध्यागमन प्रमुखसहित केही अधिकृतको हेरफेर गरेको छ।

तर, सरकारले भने छानबिन नै नगरी लेखकलाई उन्मुक्ति दिने प्रयास गरिरहेको छ।

पूर्वमुख्यसचिव शंकरदास बैरागीको अध्यक्षतामा गठित समितिलाई छानबिन गर्ने अधिकार नदिई सामान्य अध्ययन गर्ने कार्यादेश मात्रै दिइएको छ। यस प्रकरणमा आन्तरिक छानबिन गर्नसमेत गृहका अधिकारी डराएका छन्।

## घुस प्रकरणमा भूमिमन्त्री अझै अनुसन्धानबाहिर

कास्की लिचीघारीको जग्गासम्बन्धी ७८ लाख घुस प्रकरणमा राजीनामा दिएका निवर्तमान सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र बिचौलिया एमालेका सुजन लामा मात्रै होइन, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्षसमेत रहेकी पूर्वभूमि व्यवस्थामन्त्री रन्जिता श्रेष्ठ पनि अख्तियारको छानबिनमा तानिएकी छिन्। तर, ३२ लाख घुस खाएको दाबीसहितको अडियो सार्वजनिक हुँदा पनि भूमि व्यवस्थामन्त्री बलराम अधिकारीलाई भने अझै अनुसन्धानको दायरामै ल्याइएको छैन।

घुस लेनदेनसम्बन्धी सार्वजनिक अडियोमा बिचौलियाका रूपमा देखिएकी नागरिक उन्मुक्ति पार्टीकी अध्यक्षसमेत रहेकी पूर्वभूमि व्यवस्थामन्त्री श्रेष्ठलाई अख्तियारले बुधबार बोलाएर भ्वाइस टेस्ट (स्वर परीक्षण)सँगै सोधपुछ गरेको छ। अघिल्लो दिन मंगलबार तत्कालीन सामान्य प्रशासनमन्त्री गुप्ताको भ्वाइस टेस्ट र सोधपुछ लिएको थियो। अहिलेकै सरकारमा मन्त्री रहेका गुप्ताले घुस प्रकरणको अडियो सार्वजनिक भएपछि राजीनामा दिएका थिए। त्यस्तै, घुस बुझाउने बिचौलियाका रूपमा जोडिएका लामाको भने यसअघि नै भ्वाइस टेस्ट र सोधपुछ लिइसकेको थियो।

## आफताब आलमलाई सफाइ दिने फैसलाविरुद्ध सर्वोच्च पुग्यो

नेपाली काङ्ग्रेसका नेता आफताब आलमलाई सफाइ दिने उच्च अदालतको फैसलाविरुद्ध महान्यायाधिवक्ता कार्यालय सर्वोच्च अदालत पुगेको छ।

उच्च अदालत जनकपुरको वीरगञ्ज इजलासले बम विस्फोटपछि घाइतेलाई इँटाभट्टामा लगेर जलाएको अभियोगमा उनीसहित चार जनालाई जेठ १४ गते न्यायाधीशद्वय खुसीप्रसाद थारू र अर्जुन महर्जनको बेन्चले सफाइ दिने निर्णय गरेको थियो।

उक्त सफाइपछि न्यायाधीशद्वय थारू र महर्जनको चर्को आलोचना समेत भएको थियो। दुवै जनालाई न्याय परिषद्ले सर्वोच्च अदालतमा तानेको थियो।

## लुम्बिनीलाई खतरा सूचीबाट हटाइयो



बुद्ध जन्मस्थल लुम्बिनी युनेस्कोको सम्भावित खतराको सूचीबाट एक वर्षको लागि हटेको छ।

फ्रान्सको पेरिसमा भएको युनेस्को वर्ल्ड हेरिटेज कमिटीको ४७ औं सेसन (जुलाइ ६–१६) ले लुम्बिनीलाई खतराको सूचीमा नराख्ने निर्णय (जुलाइ १० मा) गरेको हो।



संरक्षणमैत्री र सुधारका काम भइरहेकाले एक वर्षका लागि खतराको सूचीमा नराख्ने निर्णय गरेको हो। युनेस्कोले लुम्बिनीको समग्र अवस्था बुझ्नका लागि रिएक्टिभ मनिटरिङ मिसन लुम्बिनी पठाउने निर्णय पनि गरेको छ।

लुम्बिनीलाई सन् २०२४ मा सम्भावित खतराको सूचीमा राखेको थियो।

## तिलौराकोट विश्व सम्पदा सूचीमा परेन

नेपालले तिलौराकोट विश्व सम्पदा सूचीमा पारिने आसा गरेको थियो तर परेन।

गौतम बुद्धले २९ वर्ष बिताएको प्राचीन शाक्य



गणराज्यको राजधानी सहर तिलौराकोट दरबार क्षेत्र विश्व सम्पदामा सूचीकृत हुन असफल भएको छ।

फ्रान्सको पेरिसमा भएको युनेस्कोको ४७ औँ सेसनमा तिलौराकोटलाई विश्व सम्पदा सूचीमा राख्ने प्रस्तावमाथि शुक्रबार र शनिबार (असार २७ र २८ गते) दुई दिन छलफल भए पनि सूचीकृत हुन नसकेको हो।

युनेस्कोको मुख्य प्राविधिक सल्लाहकार इकोमस (इन्टरनेसनल काउन्सिल अन मोनुमेन्ट्स एन्ड साइट्स) ले दिएको प्रतिवेदनका आधार सूचीकृत हुने प्रयास असफल भएको लुम्बिनी विकास कोषका वरिष्ठ निर्देशक ज्ञानिन राईले जानकारी दिए।

विश्व सम्पदा सूचीमा राख्न गरिने छलफलको कार्यसूचीमै इकोमसले तिलौराकोटको प्रस्ताव स्थगनमा राख्ने सिफारिस गरेको र अन्य कुनै पनि मुलुकले नेपालको पक्षमा संशोधन प्रस्ताव नराखेकाले प्रस्ताव पारित हुन नसकेको राईले बताए। 'तीन वर्षदेखिको अथक प्रयास र लाखौँ रकम खर्च गरेकाले सूचिकृत हुनेमा आशावादी थियौँ तर असफल भयौँ' राईले भने।

स्रोतका अनुसार नेपालको कूटनीतिक पहल कमजोर हुँदा तिलौराकोट विश्व सम्पदा सूचीमा सूचिकृत हुन नसकेको हो ।

इकोमसको नकारात्मक सिफारिसमा भारतको अप्रत्यक्ष दबाब पनि एक कारण हुनसक्ने अनुमान गरिएको छ।

भारतले उत्तर प्रदेशको सिद्धार्थनगरस्थित पिपरहवा र गनवरियालाई शाक्यहरूको राजधानी दाबी गर्दै आएको छ ।

तिलौराकोट (प्राचीन कपिलवस्तु) लाई विश्व सम्पदा सूचीमा सूचिकृत गराउन ११ वर्षदेखि भइरहेको उत्खनन, अन्वेषणले पुरातात्त्विक सामग्री र भग्नावशेष इसा पूर्व आठौँ शताब्दीसम्मका रहेको पुष्टि भएको कोषका पुरातत्त्वविद् हिमाल उप्रेतीले बताए। 'तिलौराकोट दक्षिण एशियामा सबैभन्दा ठूलो खुला सङ्ग्रहालय, सुरक्षित, सग्लो र महत्त्वपूर्ण ऐतिहासिक सम्पदा स्थल हो' उप्रेती भन्छन्। तिलौराकोटको मुख्य क्षेत्र (कोरजोन) करिब १४० बिघा क्षेत्रफल छ।

सन् २०१४ देखि तिलौराकोटको उत्खनन तथा अन्वेषण भइरहेको छ। तिलौराकोट दरबार बुद्धकालीन समयभन्दा तीन सय वर्षअघि नै व्यवस्थित सहर रहेको तथ्य भेटिएको उत्खननमा सहभागी पुरातत्त्वविद्हरू बताउँछन्। बुद्धको जन्म २५ सय वर्षअघि भएको इतिहासमा छ। तर त्यसअघि नै तिलौराकोटमा मानव सभ्यता र सहर रहेको पुष्टि भएको पुरातत्त्वविद्को भनाइ छ।

स्मरणीय छ, युनेस्कोले तिलौराकोटलाई सन् १९९६ मा सम्भावित विश्व सम्पदा सूचीमा राखेको थियो। विश्व सम्पदा समितिको ४५ औँ बैठकमा तिलौराकोट कपिलवस्तु सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम समेत गरिएको थियो ।

## पैतालीसौँ नेपालभाषा तःमुंज्या नपुखूमा

नेपालभाषा साहित्य तःमुंज्याको साउन १२ गते बसेको भेलाले पैतालीसौँ नेपालभाषा तःमुंज्या भक्तपुर नगरपालिका वडा नं. २ स्थित नपुखूमा गर्ने निर्णय गरेको छ।

यस वर्ष तःमुंज्या कौलाथ्व द्वादशी र त्रयोदशी (असोज १८ र १९ गते) आयोजना हुने छ।




नेपालभाषा साहित्य तःमुंज्या मूल समितिको आयोजनामा भएको उक्त भेलामा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद **प्रेम सुवाल**ले नेपालभाषा साहित्य तःमुंज्याको डबलीमा प्रस्तुत हुने विधामा कामदारवर्गको हितको विषय स्पष्टसँग उठ्नु जरुरी छ भन्नुभयो।

आर्थिक विषय र विदेश मामिला एउटै विचार भएका

नेपालभाषा साहित्य तःमुंज्या ११००, ख्वप

सरकारमा गएका दलहरूको फरक अस्तित्वको औचित्य नभएको उहाँले स्पष्ट पार्नुभयो ।

सचिव सुवालले भन्नुभयो, 'निजीकरणको नाममा सरकारी संस्थान बिक्री गर्ने, विदेशी पूँजी र ऋण ल्याएर देशलाई नवउपनिवेश बनाउने, गोर्खा भर्तीको नाममा नेपाली युवालाई विदेशी सेनामा पठाउने, सन् १९५० को सन्धि खारेज गराउने तागत नराख्ने, एमसीसी सम्झौता गर्ने शासक पार्टीहरू एउटै हुन् ।'

राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा नेपाली जनतालाई सचेत र सङ्गठित गर्ने विषय नेपालभाषा साहित्य तःमुंज्याको डबुलीमा प्रस्तुत हुनु जरूरी भएको सचिव सुवालले बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य **सुरेन्द्रराज गोसाई**ले नेपालभाषाका साथसाथै विविध भाषामा जनताका साहित्य रचना गर्न आवश्यक भएको चर्चा गर्नुभयो ।

उहाँले तल्लो तहका जनताबिच नपुगी वास्तविक जनपक्षीय साहित्य लेख्न सम्भव नहुने बताउनुहुँदै छलफल तथा अध्ययन-अन्तरक्रिया निरन्तर आवश्यक छ भन्नुभयो । उहाँले जनताको सेवा तथा व्यापक जनताको हितमा समर्पित हुन प्रेरित गर्ने साहित्यको महत्त्वपूर्ण भूमिका हुने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा **आशाकुमार चिकंबञ्जार**, **हरिप्रसाद बासुकला**, **लक्ष्मीभक्त लासिवा**, **लक्ष्मीप्रसाद चवाल**, **रवीन्द्र ज्याख्व**, **रत्नकाजी नायभारी**, **गङ्गाराम ज्याख्व**, **लक्ष्मीनारायण राजलवट**, **श्यामसुन्दर मातां**लगायतले बोल्नुभएको थियो ।

# स्थानीय स्वायत्तता र विकेन्द्रीकरणसम्बन्धी प्रवचन तथा मार्गनिर्देशन




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें (रोहित)**ले सार्वजनिक पद धारणा गर्ने व्यक्तिहरू इमानदार र सक्षम हुनुपर्ने बताउनुहुँदै कुनै व्यक्तिलाई पदले योग्य बनाउने नभई उसको अध्ययन र लगनशीलताले योग्य र सफल बनाउने बताउनुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसिएसन भक्तपुर नगरपालिका समितिको आयोजनामा साउन १३ गते भएको 'स्थानीय स्वायत्तता र विकेन्द्रीकरणसम्बन्धी प्रवचन तथा मार्गनिर्देशन' कार्यक्रममा उहाँले नेपाल एक बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश भएकोले सङ्घ राज्यको आवश्यकता जात-जाति र भाषाभाषीको आधारमा हुनु जरुरी रहेको बताउनुभयो ।




शासक दलका नेताहरूले व्यापक जनताको हितलाई भन्दा पनि आफू र आफ्ना नाता-गोतालाई कसरी र कुन पदमा रोजगारी दिनेजस्ता निकृष्ट सोच राखेर काम गर्दा देश आर्थिक, राजनीतिक र सामाजिक रूपमा पछाडि परिरहेको बताउनुहुँदै उहाँले जनताको सचेतनाले मात्र देशलाई सही दिशातर्फ मार्गनिर्देश गर्ने बताउनुभयो ।

प्रजातन्त्र र गणतन्त्रको जगको रूपमा रहेको स्थानीय तहलाई बलियो र सक्षम बनाउन सङ्घ, प्रदेश र स्थानीय

तहले समन्वयकारी भूमिकामा काम गर्नुपर्नेमा जोड दिनुहुँदै राजनीतिक पार्टीहरूले आफ्ना कार्यकर्ताहरूलाई प्रशिक्षित नगर्नुको कारण देश जटिल अवस्थामा फस्दै गएको बताउनुहुँदै यसमा शासक दल जिम्मेवार भएको बताउनुभयो ।

२०४६ सालको आन्दोलनपछि पुराना भ्रष्ट कर्मचारीहरूलाई बर्खास्त नगरेको कारण अहिलेसम्म त्यही व्यवस्थाको सिलसिला अगाडि बढिरहेको बताउनुहुँदै उहाँले राजनीतिक नेता कार्यकर्ताहरूलाई बौद्धिक रूपमा सक्षम र योग्य बनाउनु आवश्यक भएको बताउनुभयो ।

कानुनमात्र भनेर बस्नुहुँदैन, देश र जनताको अहित हुने कार्यमा कर्मचारीहरूले समर्थन गर्न नहुने बताउनुहुँदै उहाँले जनप्रतिनिधिलाई ऐन, कानुन र अधिकारबारे प्रष्ट पार्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले देशमा सङ्घीयता कार्यान्वयनमा आएको आठ वर्ष भइसक्दा पनि जनताबिच प्रभावकारी काम गर्न नसक्दा सङ्घीयता विरोधी आवाजहरू उठिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय तहले प्रमुख प्रशासकीय अधिकृतबाहेक अन्य सबै तहका कर्मचारी स्थायी, अस्थायी, करारमा नियुक्ति गर्ने, बढुवा गर्ने अधिकार दिए पनि अहिले ती सबै अधिकार खोसेर प्रदेश सरकारमा पुऱ्याइएको बताउनुभयो ।



उहाँले भक्तपुर नगरपालिकाले स्वायत्तताको अभ्यास गरिरहेको बताउनुहुँदै कर्मचारीको योग्यता र क्षमता विकासले जनताको सेवा प्रवाहमा गतिशीलता थप्ने हुँदा अध्ययन अध्यापनमा जोड दिनुपर्ने उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपा स्वायत्तता र विकेन्द्रीकरणको असल अभ्यास गर्दै आएको, क्षेत्रफलको हिसाबले देशकै सानो नगरपालिका भए पनि उदाहरणीय काम गर्न सफल भएको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाको विकासमा नेमकिपाका अग्रजहरूको सहयोग र मार्गनिर्देशनले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुहुँदै भक्तपुरलाई सभ्य र सुसंस्कृत नगरको रूपमा अगाडि बढाउन प्रयत्नरत रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले स्थानीय स्रोत साधनको सही सदुपयोग र परिचालनले स्थानीय तहको स्वायत्तता बलियो हुने बताउनुहुँदै नेपालको संविधानले दिएको अधिकारलाई पनि कानुनले बाधा पुऱ्याउँदा कार्यसम्पादनमा समस्या निम्तिने गरेको बताउनुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसिएसन भक्तपुर नगर समितिका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले स्थानीय तहका कर्मचारीहरूमा स्थानीय स्वायत्तताको बारे राम्रो अध्ययन र जानकारी हुनु आवश्यक भएको बताउनुभयो ।

स्थानीय तहमा कार्यरत कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरी पुरस्कार र दण्ड सजायको अधिकार स्थानीय तहको एकल अधिकार भए पनि प्रदेश सरकारले सङ्घीयता, स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको भावनाविपरीत स्थानीय तहलाई आफ्नो मातहतमा राख्ने, एकात्मक र पञ्चायती शैलीमा खतनमा राख्ने उद्देश्यका साथ कानुन निर्माण गरी स्थानीय तहहरूलाई कमजोर बनाउने प्रयास गरिरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका कानुन अधिकृत **गणेशलाल फौंजु**ले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने समितिका सहसचिव **विकास प्रजापति**ले पनि बोल्नुभएको थियो ।


## फोहोर फाल्ने बार

सम्झनुहोस्

**कुहिने फोहोर**

आइतबार, मङ्गलबार, बिहीबार र शनिबार

**नकुहिने फोहोर**

सोमबार, बुधबार र शुक्रबार

- फोहोर नपाको गाडा र गाडीमा मात्र फाल्नुहोस् ।
- कुहिने र नकुहिने फोहोर राम्रोसँग **छुट्याएरमात्र फाल्नुहोस्।**

यदि फोहोर मिसाएर फाल्न ल्याएमा गाडा र गाडीले **फर्काइ दिने छ** - सम्झनामा राख्नुहोस् ।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

## नीलबाराही मन्दिर पहिरो नियन्त्रण अभियान









भक्तपुरको मध्यपुर-थिमी नपामा रहेको प्रसिद्ध नील बाराही मन्दिर पहिरोको जोखिममा रहेको छ। पहिरो रोकथामकोलागि भक्तपुर नपाका विभिन्न वडालगायतबाट विभिन्न मितिमा हजारौँले स्वस्फुर्त रुपमा श्रमदान गरिरहेका छन्। कतिपयले गच्छेअनुसार चन्दा पनि प्रदान गरेका छन्। त्यहाँ १० हप्तामा एक करोड रूपैयाँभन्दा बढी सहयोग सङ्कलन भएको छ भने २५ हजारभन्दा बढीले श्रमदान गरिसकेको बताइएको छ।

## भक्तपुरबाट नयाँ प्रजातिको चरा अभिलेख



समुद्र सतहबाट एक हजार ३१९ मिटर उचाइमा रहेको भक्तपुरको मध्येपुर थिमी मनोहरा फाँटबाट नेपालका लागि नयाँ प्रजातिको चरा अभिलेख गरिएको छ। 'साइबेरियन स्यान्ड प्लोभर' नामक उक्त चराको नेपाली नाम 'साइबेरियाली राजपुत्रिका' राखिएको छ।

नेपालका चराविद् कुमुद पराजुली, सुप्रदीप्त न्यौपाने र शत्रुहन पाण्डे समेतको टोलीले चरा अवलोकनका क्रममा असार ६ गते पहिलोपटक उक्त चरा देख्नुभएको थियो। टोलीका सदस्यहरूले उक्त चराको फोटो खिचेर प्रारम्भिक पहिचान गर्नुभएको थियो। त्यसपछि सो चराको यकिन पुष्ट्याइँ गरिएको नेपाल बर्ड रेकर्ड कमिटीले जनाएको छ।

कमिटीमा प्राप्त विवरणहरूको अध्ययन, राष्ट्रिय अन्तरराष्ट्रिय पन्छीविद्हरूसँग रायसुझाव सङ्कलन गरी नतिजामा पुगेको कमिटीका अध्यक्ष डा. तुल्सी सुवेदीले बताउनुभयो। यो चरा आइयुसियनको रेड्लिस्ट अनुसार लोपोन्मुख सूचीमा पर्दछ। यो चरा रुसको साइबेरिया क्षेत्रमा आवासीय रूपमा पाइन्छ भने बसाइँसराइको क्रममा चीन, फिजी, हङकङ, इन्डोनेसिया, जापान, कोरिया, मलेसिया, पपुवा न्यूगिनी, फिलिपिन्स, ताइवान, टिमोर, अस्ट्रेलिया, न्युजिल्यान्डमा रेकर्ड भएको छ। नेपालको अभिलेखमा चरा प्रजातिको सङ्ख्यामा एउटा प्रजाति थप भएको छ र अब नेपालमा जम्मा चरा प्रजातिको सङ्ख्या ९०२ पुगेको छ।

# चीनमा विश्वकै ठुलो जलविद्युत् परियोजना निर्माण सुरु



विश्वको सबैभन्दा ठुलो जलविद्युत् योजनाको बाँध निर्माण कार्य चीनमा सुरु भएको छ। निर्माण कार्यको घोषणा गर्दै चीनका प्रधानमन्त्री ली छियाङले यसलाई 'एक शताब्दीमा एकपटक बन्ने खालको परियोजना'को संज्ञा दिए। यो विशाल संरचना तिब्बतको यार्लुङ स्याङ्पो नदीमा बन्नेछ।




परियोजना चीनको १४औँ पञ्चवर्षीय योजनाको हिस्साका रूपमा सन् २०२० मा पहिलोपटक घोषणा गरिएको थियो।

परियोजनाको कुल निर्माण लागत लगभग १.२ ट्रिलियन युआन (१२४ अर्ब डलर) रहने र ६० हजार मेगावाट क्षमताको योजनाबाट वार्षिक तीस करोड मेगावाट-घण्टा बिजुली उत्पादन हुनेछ। तुलनाका लागि हालको विश्वको सबैभन्दा ठुलो जलविद्युत् परियोजना चीनकै 'थ्री गर्जेज'को निर्माण लागत २५४.२ अर्ब युआन थियो भने यसले आठ करोड ८२ लाख मेगावाट-घण्टा बिजुली उत्पादन गर्छ। सिह्न्वाले प्रदान गरेको उल्लिखित तथ्याङ्क सन् २०२० को प्रारम्भिक अनुमानभन्दा बढी हो।

चीनमा दसौँ हजारको सङ्ख्यामा जलविद्युत् परियोजना छन्, जुन विश्वका अन्य कुनै देशको भन्दा धेरै हो। यार्लुङ स्याङ्पोमा अब बन्ने विशाल बाँध नदीको 'यू' आकारको मोडमा रहेको घाटी क्षेत्रमा बनाइनेछ। त्यस भागमा करिब ५० किलोमिटरको अन्तरमा नदी दुई किलोमिटर तल झरेको छ। यसबाट उत्पन्न हुने विशाल शक्तिलाई जलविद्युत् शक्तिमा उपयोग गर्न सकिने विगतको अध्ययनले देखाएको थियो।

चीनले आफूले 'पानीमाथि प्रभुत्व' नखोजेको बताउँदै कहिल्यै पनि आफ्ना छिमेकीलाई अहित हुने गरी आफ्नो फाइदा' नखोज्ने बताएको छ। 'चीनले नदीका तल्लो भेगका राष्ट्रसँग हालको सञ्चार च्यानल जारी राख्नेछ र प्रकोप रोकथाम तथा न्यूनीकरण कार्यमा सहयोग बढाउनेछ,' चीनका विदेश मन्त्रालयका प्रवक्ताले डिसेम्बरमा भनेका थिए।

# दोहोरिएको क्यालेन्डर




सन् १९६९ र २०२५ को अङ्ग्रेजी क्यालेन्डर सुरु र अन्त एउटै क्रममा रहेको छ अर्थात् दोहोरिएको छ। लिप इयर अर्थात् अधिक दिन (फेब्रुअरीको २९ दिन) लाई हटाउने हो भने हरेक २८ वर्षको फरकमा पात्रो दोहोरिने बताइएको छ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**सहकारी संस्थाहरूलाई जरुरी सूचना**

**प्रकाशित मिति : २०८२/०४/०६ गते**

यस नगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरूले तपसिलबमोजिम गर्नु गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ को दफा ५३ उपदफा १ (क) (दोस्रो संशोधन) अनुसार आ.व. २०८१/०८२ को संस्थाको लेखापरीक्षण नगरपालिकाबाट स्वीकृति लिई मात्र लेखापरीक्षण गराउनु पर्नेछ। आ.व. २०८१/०८२ को लेखापरीक्षण २०८२ सालको असोजभित्र लेखापरीक्षण गराई पुस मसान्तभित्रमा साधारणसभा सम्पन्न गरी १५ दिनभित्र भक्तपुर नगरपालिकामा प्रतिवेदन पेस गर्नुपर्नेछ।
२. लेखापरीक्षक नियुक्तिको स्वीकृत लिन संस्थाको अनुरोध पत्र, लेखापरीक्षक नियुक्तिको साधारणसभाको निर्णय, सम्बन्धित वडा कार्यालयमा संस्थाले वार्षिक शुल्क, सरसफाइ र वहाल कर तिरेको रसिदको फोटोकपी, लेखा व्यवसायीको व्यवसाय दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाण पत्र, पान वा भ्याटमा दर्ताको कपी, नेपाल चार्टड एकाउन्टेन्ट संस्थाको लेखापरीक्षण प्रमाणपत्र नवीकरण रसिदको फोटोकपी, सम्बन्धित स्थानीय तहमा लेखापरीक्षण व्यवसाय दर्ताको प्रमाणपत्र र आ.व. २०८०/०८१ मा छुट्याएको सामुदायिक विकास कोषको ५० प्रतिशत रकम नगरपालिकामा बुझाएको भौचर/रसिदको फोटोकपी संलग्न गर्नुपर्नेछ।
३. आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन पेस गरेकोमा लेखा नीति तथा टिप्पणी, सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका २०७५ अनुसार लेखापरीक्षकले भर्नुपर्ने लामो फाराम लेखापरीक्षण प्रतिवेदन पेस नगर्ने लेखापरीक्षकहरूलाई लेखापरीक्षण स्वीकृति दिन कार्यालय बाध्य हुनेछैन।

# हाम्रो स्वास्थ्य

## कृत्रिम रूपमा पकाइएका फलफूलबारे जान्नैपर्ने कुरा

– सागर ढकाल




ताजा अनि पाकेका फलफूलमा पर्याप्त मात्रामा भिटामिन, खनिज, एन्टिअक्सिडेन्ट पाइने हुँदा यसले गर्मीमा शीतलता र तत्काल ऊर्जा प्रदान गर्न मदत गर्छ। पानीको मात्रा पर्याप्त हुने हुँदा ताजा फलफूलले शरीरलाई हाइड्रेटेड राख्न पनि मदत गर्छ।

तर, गर्मीयाम लागेसँगै पाकेको फलफूल भन्नासाथ पाकेको हो कि पकाइएको भन्ने प्रश्न नेपाली समाजमा सर्वत्र सुन्न थालिएको छ। अझ नेपाली बजारमा आउने सबै फलफूल विषाक्त छ र कृत्रिम रूपमा पकाइएका फल आउने हुँदा यसको प्रयोग गर्नु हुँदैन जस्ता छलफल हरेक वर्ष व्यापक रूपमा सुनिन्छ।

### आखिर किन पकाइन्छ त फलफूल ?

बिरुवा हुर्किने, फल लाग्ने, फल परिपक्व हुने र पाक्ने एउटा विशेष प्राकृतिक प्रक्रिया हो। बोटमै प्राकृतिक रूपमा पाकेको फल खान सबैभन्दा उत्तम भएपनि सबै ठाउँमा सबैखाले फलफूल पर्याप्त मात्रामा उत्पादन हुँदैन।

नेपालको सन्दर्भमा अधिकांश फलफूल भारत, इटाली र नेदरल्यान्डबाट आयात हुने गरेको पाइन्छ। यसरी लामो दूरीमा ढुवानी गर्नुपर्ने छोटो आयु भएका फलफूललाई परिपक्व अवस्थामा टिपेर भण्डारण र ढुवानी गर्दा बिग्रिने र खेर जाने समस्या देखिन्छ। त्यसैले आँप, केरा र मेवा जस्ता फलफूललाई काँचो हुँदा नै ढुवानी गरी बिक्रीस्थलमा लगेर पकाउने गरिन्छ। तसर्थ, कृत्रिम रूपमा फलफूल पकाउने विधि नेपालमा मात्र नभई विश्वभरि नै अपनाइने अभ्यास हो।

### कसरी पकाइन्छ फलफूल ?

प्राकृतिक रूपमा फलफूल पकाउन पराल/सेउला/अन्न/कपडा आदिमा गुम्स्याएर राख्न, एउटा भाँडामा पाकेको र नपाकेको फल सँगै राख्न वा तातो खाल्डोमा गुम्स्याएर राख्न सकिन्छ। प्राकृतिक विधिमा पाक्न समय धेरै लाग्ने भएपनि यस विधि अपनाएर पकाइएको फलफूलले स्वास्थ्यमा कुनै प्रकारको नकारात्मक असर गर्दैन। तसर्थ, सकेसम्म प्राकृतिक विधि अपनाउनु नै उत्तम हुन्छ।

कृत्रिम रूपमा फलफूल पकाउन मुख्यतया एथिलिन र क्याल्सियम कार्बाइड जस्ता रसायनको प्रयोग भएको पाइन्छ। क्याल्सियम कार्बाइड प्रयोग गरेको फलफूल खाँदा बान्ता हुने, छाती दुख्ने, घाँटीमा घाउ आउने, पेट पोल्ने, तिर्खा लाग्ने, निल्न गाह्रो हुने, आँखा पोल्ने, आँखामा दीर्घकालीन क्षति हुने, अल्सर हुने, सास फेर्न गाह्रो हुने जस्ता समस्या देखा पर्न सक्ने हुँदा नेपालको खाद्य नियमावली २०२७ को नियम (घ)ले फलफूलको आयात, उत्पादन, भण्डारण तथा बिक्री वितरणमा संलग्न सबै व्यवसायीलाई फलफूल पकाउन प्रयोग हुने कार्बाइड प्रयोग गर्न निषेध गरिएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका अनुसार व्यावसायिक रूपमा फलफूल पकाउने व्यवसायीहरूले रसायन प्रयोग गरी फलफूल पकाउनुपर्ने भएमा अन्तर्राष्ट्रिय प्रचलनमा रहेका फलफूल पकाउन स्वीकृत रसायनको तोकिएको विधि अनुरूप मात्र प्रयोग गर्न पाइन्छ।

### यस्ता रसायन प्रयोग गर्दा व्यवसायीले के कुरा ध्यानमा राख्ने ?

व्यवसायीले फलफूल पकाउन कम्तीमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र भारतीय खाद्य सुरक्षा एवं मानक प्राधिकरणले दिएका मापदण्ड पूरा गर्नसके धेरै हदसम्म प्रयोग गरिएको रसायनको कारणले हुने जोखिम न्यूनीकरण गर्न सकिन्छ।

भारतीय खाद्य सुरक्षा एवं मानक प्राधिकरणले आयातकर्ता, उत्पादनकर्ता, भण्डारणकर्ता तथा बिक्रेताले ध्यान दिनुपर्ने भनी दिइएका मुख्य बुँदाहरू यस्ता छन्।

### कार्बाइड प्रयोग नगर्ने

- एथिलिन ग्यासको प्रयोग गर्दा पनि यो सिधै फलको सम्पर्कमा आउन नहुने हुनाले प्याकेटलाई सानो–सानो प्वाल पारिएको प्लास्टिकको बट्टाभित्र राखेर र स्प्रे गर्दा फलफूलमा सिधै नगरेर खाली ठाउँमा ग्यासलाई स्प्रे गरेर मात्र प्रयोग गर्ने ।
- एथिलिन ग्यास प्रयोग गर्दा १०० पीपीएमसम्म मात्र प्रयोग गर्ने ।
- एथिलिन ग्यास प्रयोग गर्दा तापक्रम, ह्युमिडिटि र कार्बन डाइअक्साइडको मात्रा मिलाएर हावा नछिर्ने कोठामा २४ देखि ४८ घण्टाको लागि प्रयोग गर्ने ।

विश्वासिलो कम्पनीबाट (कम्पनीको नाम, प्रयोग गरिएको सामग्री र प्रयोग गर्ने तरिका बुझ्नेगरी लेखिएको) एथिलिन स्रोतको मात्र प्रयोग गर्ने ।

## उपभोक्तामा अपिल

उपभोक्ताले फलफूल खरिद गर्दा र खानुभन्दा अगाडि केही सामान्य सावधानी अपनाउनुपर्छ । रसायन राखेर पकाएको आँपको भेट्नु कालो हुने, यस्ता आँपमा अरू स्थानमा पनि केही काला कुहिन लागेका जस्ता छिर्का देखिने र कतै कतै खरानी जस्तो सेतो केही लागेको जस्तो लक्षण देखिने हुँदा सकेसम्म यस्ता आँप किन्नु हुँदैन । बजारमा फलफूल किन्दा सकेसम्म खुला ठाउँमा राखिएको किन्नु उपयुक्त हुन्छ ।

## फलफूल किन्दा र प्रयोग गर्दा अपनाउनुपर्ने सावधानी

- फल किन्दा माथि उल्लेखित लक्षण देखिएका फलफूल सकेसम्म नकिन्ने,
- बेमौसमी फलफूलभन्दा मौसमी फलफूल किन्ने,
- फललाई खानु भन्दाअघि करिब आधा घण्टा जति पानीमा भिजाइराख्ने,
- फलको बोक्रालाई पूर्ण रूपमा तासेर खाने ।

उपभोक्ताले कृत्रिम रूपमा पाकेको फलफूलको बारेमा आवश्यक जानकारी राखेर किन्ने र उपभोग गर्ने, व्यवसायीले उचित विधि प्रयोग गरेर मात्र भण्डारण एवम् ढुवानी गर्ने र नियमनकारी निकायले यसको उचित अनुगमन र कारबाही गर्न सके कृत्रिम रूपमा पकाइएको फलफूलसम्बन्धी बढिरहेको त्रास र जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

(दाहाल खाद्य अनुसन्धान अधिकृत)

अनलाइनखबर हेल्थ




नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# BHAKTAPUR MUNICIPALITY
## TOURIST INFORMATION AND SERVICE CENTRE
### ANNUAL PROGRESS REPORT OF 2081/82

| Symbol | No. of Tourist 081/82 | Income Amount 081/82 | No. of Tourist 080/81 | Income Amount 080/81 | Progress No. of Tourist | Progress Amount | Remarks |
|---|---|---|---|---|---|---|---|
| N.C. Rs.1800 | 123735 | Rs. 222,723,000 | 110810 | Rs. 199,458,000 | 12925 | Rs. 23,265,000 | |
| NC Voucher Rs.1800 | 3592 | Rs. 6,465,600 | 3068 | Rs. 5,522,400 | 524 | Rs. 943,200 | |
| Dollar ($) $15 | 2054 | $30,810 | 2523 | $37,845 | -469 | -$7035 | |
| Non SAARC Total | 129381 | Rs. 229,188,600 + $30,810 | 116401 | Rs. 204,980,400 + $37,845 | 12980 | Rs. 24,208,200 + -$7035 | Non SAARC 12980 pax 11.15% increased |
| SAARC/China Rs.500 | 115487 | Rs. 57,743,500 | 129192 | Rs. 64,596,000 | -13705 | -Rs. 6,852,500 | SAARC/China -13705 pax 10.61% decreased |
| Total | 244868 | Rs. 286,932,100 + $30,810 | 245593 | Rs. 269,576,400 + $37,845 | -725 | Rs. 17,355,700 + -$7035 | Total -725 pax 0.3% decreased |

**Prepared By**
Muraj Didiya
Senior Assistant

**Checked By**
Gautam Prasad Lasiwa
Assistant Director

# BHAKTAPUR MUNICIPALITY
## TOURIST INFORMATION AND SERVICE CENTRE
### *NON-SAARC TOURIST RECORD*

| Month | 050/51 | 051/52 | 052/53 | 053/54 | 054/55 | 055/56 | 056/57 | 057/58 | 058/59 | 059/60 | 060/61 | 061/62 | 062/63 | 063/64 | 064/65 | 065/66 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Srawon | * | * | 8448 | 7958 | 8505 | 9289 | 9096 | 10589 | 6038 | 3371 | 5132 | 6564 | 5877 | 5644 | 9426 | 6417 |
| Bhadra | * | * | 7123 | 7166 | 7714 | 8298 | 9700 | 8766 | 5485 | 3577 | 4929 | 5384 | 5478 | 4793 | 7702 | 6122 |
| Aswin | * | * | 11984 | 11770 | 11874 | 15056 | 16333 | 15057 | 8979 | 5984 | 8046 | 7483 | 8545 | 8595 | 11734 | 11871 |
| Kartik | * | * | 17867 | 18269 | 20156 | 24275 | 25467 | 26005 | 14329 | 8846 | 13609 | 13186 | 13015 | 13708 | 18571 | 20209 |
| Mansir | * | * | 10227 | 11320 | 12295 | 13562 | 16123 | 16913 | 7744 | 5506 | 9539 | 7697 | 8601 | 8421 | 10590 | 11638 |
| Poush | * | * | 8714 | 8442 | 9539 | 10400 | 9681 | 10304 | 4026 | 3910 | 6471 | 4677 | 5635 | 6100 | 7253 | 6547 |
| Magh | * | * | 7207 | 6881 | 7892 | 8746 | 8844 | 8861 | 3213 | 3295 | 5883 | 3289 | 3404 | 5397 | 6616 | 5120 |
| Fagun | * | * | 10859 | 11018 | 11578 | 13656 | 13818 | 13271 | 4782 | 4609 | 7839 | 4812 | 5524 | 8586 | 9758 | 8371 |
| Chaitra | * | * | 12741 | 12742 | 13750 | 15625 | 14268 | 14540 | 6577 | 5907 | 9821 | 6001 | 5776 | 11500 | 11840 | 11087 |
| Baishakh | * | * | 9457 | 8799 | 10359 | 11436 | 15310 | 11489 | 4658 | 5465 | 8368 | 5202 | 3282 | 8893 | 10550 | 9645 |
| Jestha | * | * | 4602 | 3875 | 4553 | 6031 | 5830 | 3567 | 2538 | 2180 | 3160 | 2493 | 2200 | 4330 | 4291 | 4301 |
| Asar | * | * | 3511 | 2612 | 3135 | 3703 | 3647 | 1950 | 1331 | 1911 | 2117 | 1679 | 2074 | 3270 | 2634 | 3015 |
| **Total** | **87345** | **97757** | **112740** | **110852** | **121350** | **140077** | **148117** | **141312** | **69700** | **54561** | **84914** | **68467** | **69411** | **89237** | **110965** | **104343** |

| Month | 066/67 | 067/68 | 068/69 | 069/70 | 070/71 | 071/72 | 072/73 | 073/74 | 074/75 | 075/76 | 076/77 | 077/78 | 078/79 | 079/80 | 080/81 | 081/82 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Srawon | 7943 | 8564 | 9009 | 8271 | 9446 | 10104 | 2251 | 6350 | 7440 | 7515 | 8141 | 35 | 88 | 3140 | 5522 | 5595 |
| Bhadra | 6870 | 8753 | 8432 | 8367 | 8406 | 8936 | 2710 | 6775 | 6831 | 8094 | 7369 | 0 | 160 | 3522 | 5401 | 6574 |
| Aswin | 13185 | 14228 | 15319 | 17141 | 18135 | 17222 | 5646 | 10271 | 13445 | 15271 | 14373 | 8 | 424 | 8668 | 12499 | 13305 |
| Kartik | 19126 | 23472 | 25793 | 27180 | 25970 | 26488 | 8222 | 16618 | 21416 | 24285 | 23203 | 37 | 1547 | 14819 | 19648 | 22487 |
| Mansir | 12019 | 13081 | 13924 | 16297 | 15039 | 15382 | 4906 | 10751 | 12222 | 14113 | 13774 | 33 | 1555 | 7252 | 11566 | 14128 |
| Poush | 6834 | 7564 | 7829 | 8506 | 9697 | 10156 | 3795 | 6631 | 7636 | 8861 | 8669 | 59 | 859 | 4402 | 6106 | 7020 |
| Magh | 6046 | 7200 | 7680 | 8161 | 8379 | 8055 | 3402 | 6249 | 6798 | 8092 | 6621 | 112 | 612 | 4424 | 5915 | 6800 |
| Fagun | 10054 | 10328 | 12578 | 12337 | 13807 | 13308 | 5583 | 9637 | 11557 | 11921 | 10148 | 160 | 1715 | 8651 | 10846 | 11410 |
| Chaitra | 13644 | 12517 | 15680 | 18033 | 16158 | 17428 | 8862 | 13464 | 16047 | 15563 | 1136 | 427 | 4480 | 12822 | 15538 | 16383 |
| Baishakh | 9045 | 13053 | 13275 | 13432 | 17026 | 6808 | 8486 | 12430 | 13265 | 16115 | Covid 19 | 460 | 6059 | 11293 | 14091 | 15610 |
| Jestha | 4537 | 5395 | 5914 | 6125 | 6737 | 11 | 4569 | 5401 | 6283 | 6983 | Luck | 18 | 2754 | 4434 | 5921 | 6679 |
| Asar | 3284 | 3919 | 4081 | 4048 | 5095 | 1117 | 3315 | 4276 | 4694 | 4403 | Down | 34 | 1834 | 2907 | 3348 | 3390 |
| **Total** | **112587** | **128074** | **139514** | **147898** | **153895** | **135015** | **61747** | **108853** | **127634** | **141216** | **93434** | **1383** | **22087** | **86334** | **116401** | **129381** |

REMARKS: Rs 50. starting from 6th Srawon 2050 (21st July 1993). Rs 300.or $5. from 1st Srawon 2053 (16th July 1996). Rs 375.or $5. from 1st Bhadra 2057 (17th Augast 2001).

th Poush 2067 (1st Jan 2011). Rs 1500. or $ 15 effective from 17th Poush 2070 (1st Jan 2014).

e from Poush 17, 2079 (1st JAN 2023)

# BHAKTAPUR MUNICIPALITY
## TOURIST INFORMATION AND SERVICE CENTRE
### SAARC & CHINA TOURIST RECORD

| Month | 050/51 | 051/52 | 052/53 | 053/54 | 054/55 | 055/56 | 056/57 | 057/58 | 058/59 | 059/60 | 060/61 | 061/62 | 062/63 | 063/64 | 064/65 | 065/66 | 066/67 | 067/68 | 068/69 | 069/70 | 070/71 | 071/72 | 072/73 | 073/74 | 074/75 | 075/76 | 076/77 | 077/78 | 078/79 | 079/80 | 080/81 | 081/82 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Srawon | * | * | * | * | * | 3083 | 2441 | 2589 | 1100 | 2072 | 2376 | 2215 | 2004 | 1762 | 2867 | 1834 | 2850 | 3775 | 7362 | 9232 | 12507 | 13097 | 719 | 5427 | 7365 | 8564 | 10256 | 40 | 140 | 2382 | 5589 | 5819 |
| Bhadra | * | * | * | * | * | 2587 | 2861 | 2571 | 1408 | 1943 | 1759 | 887 | 2496 | 1266 | 2537 | 1593 | 2044 | 3131 | 6581 | 7425 | 8862 | 8712 | 876 | 4257 | 5536 | 7614 | 6863 | 0 | 220 | 3165 | 6448 | 6368 |
| Aswin | * | * | * | * | * | 5529 | 3972 | 5457 | 1583 | 1892 | 3787 | 1585 | 2949 | 3283 | 3578 | 5195 | 7398 | 6562 | 10660 | 12261 | 14663 | 14167 | 1885 | 6634 | 8261 | 9454 | 10327 | 0 | 540 | 6250 | 10798 | 9197 |
| Kartik | * | * | * | * | * | 7051 | 7151 | 6934 | 2639 | 2629 | 4300 | 1899 | 2559 | 3045 | 4352 | 4556 | 4083 | 7057 | 8816 | 10043 | 11201 | 12567 | 1046 | 4848 | 7406 | 10713 | 10000 | 21 | 1172 | 7409 | 11009 | 11068 |
| Mansir | * | * | * | * | * | 3075 | 5063 | 2846 | 1521 | 1858 | 2248 | 1754 | 1773 | 1551 | 3297 | 2582 | 2623 | 4482 | 6404 | 8214 | 9119 | 8911 | 1596 | 4556 | 6307 | 9522 | 9834 | 25 | 1406 | 4337 | 10512 | 8855 |
| Poush | * | * | * | * | 1375 | 5920 | 4494 | 2866 | 800 | 2216 | 2652 | 1669 | 2062 | 2967 | 3350 | 3925 | 3306 | 5476 | 6628 | 8060 | 9361 | 9240 | 2200 | 4774 | 8772 | 9965 | 10823 | 117 | 2491 | 8229 | 12083 | 11362 |
| Magh | * | * | * | * | 2332 | 2926 | 1313 | 1638 | 815 | 1482 | 2191 | 962 | 1708 | 1530 | 2470 | 3626 | 2536 | 5410 | 8084 | 6547 | 10546 | 8485 | 2793 | 6267 | 7606 | 8889 | 7052 | 186 | 407 | 3117 | 7820 | 7536 |
| Fagun | * | * | * | * | 2949 | 3875 | 1943 | 1803 | 943 | 1749 | 2093 | 547 | 1173 | 2719 | 1986 | 1970 | 4590 | 4495 | 5355 | 9175 | 8871 | 15187 | 2913 | 5764 | 10608 | 9859 | 2535 | 541 | 1605 | 5983 | 10395 | 9238 |
| Chaitra | * | * | * | * | 3000 | 3608 | 2096 | 2183 | 1194 | 1549 | 2207 | 626 | 897 | 2173 | 2499 | 2931 | 4326 | 5397 | 7519 | 9278 | 9781 | 12624 | 3903 | 7025 | 8724 | 11931 | 371 | 575 | 3746 | 8240 | 14959 | 12410 |
| Baishakh | * | * | * | * | 6093 | 5470 | 4941 | 4218 | 2349 | 2979 | 3422 | 1585 | 538 | 4257 | 2856 | 3253 | 3729 | 7335 | 8249 | 9041 | 11541 | 5738 | 4754 | 7394 | 10543 | 10029 | Covid 19 | 205 | 6778 | 11257 | 13408 | 11969 |
| Jestha | * | * | * | * | 9893 | 10162 | 9102 | 4565 | 4096 | 6335 | 4500 | 3053 | 2455 | 4854 | 4669 | 5297 | 4584 | 8140 | 10015 | 12016 | 17514 | 9 | 5800 | 9076 | 11665 | 13077 | Luck | 0 | 8969 | 13700 | 17356 | 14100 |
| Asar | * | * | * | * | 6238 | 4442 | 4387 | 1071 | 3652 | 3888 | 2590 | 2356 | 2305 | 2787 | 1919 | 2138 | 2671 | 6513 | 7151 | 9054 | 13030 | 392 | 4824 | 6475 | 7187 | 7755 | Down | 19 | 3999 | 7249 | 8815 | 7565 |
| Total | * | * | * | * | 31880 | 57728 | 49764 | 38741 | 22100 | 30592 | 34125 | 19138 | 22919 | 32194 | 36380 | 38900 | 44740 | 67773 | 92824 | 110346 | 136996 | 109129 | 33309 | 72497 | 99980 | 117372 | 68061 | 1729 | 31473 | 81318 | 129192 | 115487 |

REMARKS : Rs 30 from 17th Poush 2054 (1st Jan 1998). Rs.50. from 17th Poush 2057 (1st Jan 2001). Rs 100. effective from 17th Poush 2067 (1st Jan 2011).

rom 1st Srawon 2071 (17th July 2014).

# BHAKTAPUR MUNICIPALITY
## TOURIST INFORMATION AND SERVICE CENTRE
### TOTAL TOURIST RECORD

| Month | 050/51 | 051/52 | 052/53 | 053/54 | 054/55 | 055/56 | 056/57 | 057/58 | 058/59 | 059/60 | 060/61 | 061/62 | 062/63 | 063/64 | 064/65 | 065/66 | 066/67 | 067/68 | 068/69 | 069/70 | 070/71 | 071/72 | 072/73 | 073/74 | 074/75 | 075/76 | 076/77 | 077/78 | 078/79 | 079/80 | 080/81 | 081/82 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Srawon | * | * | 8448 | 7958 | 8505 | 12372 | 11537 | 13178 | 7138 | 5443 | 7508 | 8779 | 7881 | 7406 | 12293 | 8251 | 10793 | 12339 | 16371 | 17503 | 21953 | 23201 | 2970 | 11777 | 14805 | 16079 | 18397 | 75 | 228 | 5522 | 11111 | 11414 |
| Bhadra | * | * | 7123 | 7166 | 7714 | 10885 | 12561 | 11337 | 6893 | 5520 | 6688 | 6271 | 7974 | 6059 | 10239 | 7715 | 8914 | 11884 | 15013 | 15792 | 17268 | 17648 | 3586 | 11032 | 12367 | 15708 | 14232 | 0 | 380 | 6687 | 11849 | 12942 |
| Aswin | * | * | 11984 | 11770 | 11874 | 20585 | 20305 | 20514 | 10562 | 7876 | 11833 | 9068 | 11494 | 11878 | 15312 | 17066 | 20583 | 20790 | 25979 | 29402 | 32798 | 31389 | 7531 | 16905 | 21706 | 24725 | 24700 | 8 | 964 | 14918 | 23297 | 22502 |
| Kartik | * | * | 17867 | 18269 | 20156 | 31326 | 32618 | 32939 | 16968 | 11475 | 17909 | 15085 | 15574 | 16753 | 22923 | 24765 | 23209 | 30529 | 34609 | 37223 | 37171 | 39055 | 9268 | 21466 | 28822 | 34998 | 33203 | 58 | 2719 | 22228 | 30657 | 33555 |
| Mansir | * | * | 10227 | 11320 | 12295 | 16637 | 21186 | 19759 | 9265 | 7364 | 11787 | 9451 | 10374 | 9972 | 13887 | 14220 | 14642 | 17563 | 20328 | 24511 | 24158 | 24293 | 6502 | 15307 | 18529 | 23635 | 23608 | 58 | 2961 | 11589 | 22078 | 22983 |
| Poush | * | * | 8714 | 8442 | 10914 | 16320 | 14175 | 13170 | 4826 | 6126 | 9123 | 6346 | 7697 | 9067 | 10603 | 10472 | 10140 | 13040 | 14457 | 16566 | 19058 | 19396 | 5995 | 11405 | 16408 | 18826 | 19492 | 176 | 3350 | 12631 | 18189 | 18382 |
| Magh | * | * | 7207 | 6881 | 10224 | 11672 | 10157 | 10499 | 4028 | 4777 | 8074 | 4251 | 5112 | 6927 | 9086 | 8746 | 8582 | 12610 | 15764 | 14708 | 18925 | 16540 | 6195 | 12516 | 14404 | 16981 | 13673 | 298 | 1019 | 7541 | 13735 | 14336 |
| Fagun | * | * | 10859 | 11018 | 14527 | 17531 | 15761 | 15074 | 5725 | 6358 | 9932 | 5359 | 6697 | 11305 | 11744 | 10341 | 14644 | 14823 | 17933 | 21512 | 22678 | 28495 | 8496 | 15401 | 22165 | 21780 | 12683 | 701 | 3320 | 14634 | 21241 | 20648 |
| Chaitra | * | * | 12741 | 12742 | 16750 | 19233 | 16364 | 16723 | 7771 | 7456 | 12028 | 6627 | 6673 | 13673 | 14339 | 14018 | 17970 | 17914 | 23199 | 27311 | 25939 | 30052 | 12765 | 20489 | 24771 | 27494 | 1507 | 1002 | 8226 | 21062 | 30497 | 28793 |
| Baishakh | * | * | 9457 | 8799 | 16452 | 16906 | 20251 | 15707 | 7007 | 8444 | 11790 | 6787 | 3820 | 13150 | 13406 | 12898 | 12774 | 20388 | 21524 | 22473 | 28567 | 12546 | 13240 | 19824 | 23808 | 26144 | Covid 19 | 665 | 12837 | 22550 | 27499 | 27579 |
| Jestha | * | * | 4602 | 3875 | 14446 | 16193 | 14932 | 8132 | 6634 | 8515 | 7660 | 5546 | 4655 | 9184 | 8960 | 9598 | 9121 | 13535 | 15929 | 18141 | 24251 | 20 | 10369 | 14477 | 17948 | 20060 | Luck | 18 | 11723 | 18134 | 23277 | 20779 |
| Asar | * | * | 3511 | 2612 | 9373 | 8145 | 8034 | 3021 | 4983 | 5799 | 4707 | 4035 | 4379 | 6057 | 4553 | 5153 | 5955 | 10432 | 11232 | 13102 | 18125 | 1509 | 8139 | 10751 | 11881 | 12158 | Down | 53 | 5833 | 10156 | 12163 | 10955 |
| **Total** | **87345** | **97757** | **112740** | **110852** | **153230** | **197805** | **197881** | **180053** | **91800** | **85153** | **119039** | **87605** | **92330** | **121431** | **147345** | **143243** | **157327** | **195847** | **232338** | **258244** | **290891** | **244144** | **95056** | **181350** | **227614** | **258588** | **161495** | **3112** | **53560** | **167652** | **245593** | **244868** |

REMARKS: Rs 50. starting from 6th Srawon 2050 (21st July 1993). Rs 300.or $5. from 1st Srawon 2053 (16th July 1996). Rs 375.or $5. from 1st Bhadra 2057 (17th August 2001).

h Poush 2067 (1st Jan 2011). Rs 1500. or $ 15 effective from 17th Poush 2070 (1st Jan 2014).

For SAARC & China : Rs 30 from 17th Poush 2054 (1st Jan 1998). Rs.50. from 17th Poush 2057 (1st Jan 2001). Rs 100. effective from 17th Poush 2067 (1st Jan 2011).

rom 1st Srawon 2071 (17th July 2014). Rs. 1800 effective from Poush 17, 2079 (1st JAN 2023)

# BHAKTAPUR MUNICIPALITY

## TOURIST INFORMATION AND SERVICE CENTRE

## DAILY NON SAARC TOURIST RECORD - 2081/82

| Date | Srawon | Bhadra | Aswin | Kartik | Mansir | Poush | Magh | Fagun | Chaitra | Baishakh | Jestha | Asar | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **1** | 201 | 255 | 311 | 681 | 832 | 260 | 190 | 236 | 710 | 1022 | 315 | 158 | **5171** |
| **2** | 95 | 345 | 394 | 622 | 729 | 228 | 115 | 230 | 659 | 509 | 241 | 114 | **4281** |
| **3** | 186 | 241 | 409 | 806 | 834 | 212 | 121 | 337 | 656 | 496 | 337 | 143 | **4778** |
| **4** | 188 | 314 | 452 | 816 | 686 | 157 | 196 | 234 | 444 | 480 | 308 | 72 | **4347** |
| **5** | 104 | 158 | 394 | 631 | 613 | 163 | 218 | 343 | 478 | 596 | 322 | 73 | **4093** |
| **6** | 107 | 223 | 299 | 736 | 725 | 214 | 180 | 345 | 550 | 621 | 232 | 116 | **4348** |
| **7** | 77 | 142 | 391 | 835 | 753 | 210 | 169 | 358 | 476 | 695 | 272 | 73 | **4451** |
| **8** | 140 | 166 | 400 | 704 | 722 | 198 | 171 | 387 | 668 | 610 | 279 | 136 | **4581** |
| **9** | 134 | 164 | 391 | 845 | 689 | 252 | 158 | 405 | 555 | 417 | 173 | 99 | **4282** |
| **10** | 106 | 210 | 305 | 848 | 661 | 149 | 289 | 361 | 409 | 634 | 235 | 92 | **4299** |
| **11** | 111 | 122 | 345 | 793 | 422 | 173 | 116 | 459 | 567 | 545 | 233 | 66 | **3952** |
| **12** | 126 | 203 | 145 | 734 | 513 | 284 | 200 | 406 | 489 | 489 | 308 | 98 | **3995** |
| **13** | 249 | 153 | 541 | 642 | 407 | 486 | 351 | 258 | 514 | 624 | 203 | 68 | **4496** |
| **14** | 117 | 131 | 499 | 804 | 544 | 331 | 198 | 520 | 411 | 585 | 186 | 119 | **4445** |
| **15** | 142 | 103 | 439 | 776 | 506 | 356 | 105 | 436 | 456 | 501 | 105 | 175 | **4100** |
| **16** | 103 | 104 | 401 | 690 | 446 | 384 | 302 | 437 | 485 | 427 | 179 | 71 | **4029** |
| **17** | 208 | 109 | 376 | 952 | 357 | 391 | 312 | 395 | 521 | 428 | 272 | 104 | **4425** |
| **18** | 114 | 145 | 428 | 932 | 344 | 381 | 297 | 411 | 514 | 545 | 209 | 132 | **4452** |
| **19** | 165 | 160 | 456 | 736 | 417 | 329 | 285 | 501 | 517 | 636 | 260 | 68 | **4530** |
| **20** | 202 | 173 | 508 | 684 | 287 | 282 | 156 | 272 | 653 | 615 | 217 | 64 | **4113** |
| **21** | 294 | 138 | 458 | 684 | 369 | 191 | 193 | 381 | 487 | 486 | 274 | 212 | **4167** |
| **22** | 130 | 180 | 380 | 670 | 324 | 132 | 194 | 368 | 544 | 464 | 232 | 87 | **3705** |
| **23** | 200 | 242 | 460 | 992 | 358 | 117 | 309 | 400 | 559 | 338 | 203 | 102 | **4280** |
| **24** | 199 | 269 | 500 | 809 | 317 | 138 | 217 | 444 | 426 | 431 | 199 | 87 | **4036** |
| **25** | 205 | 250 | 677 | 731 | 205 | 237 | 260 | 498 | 483 | 332 | 155 | 87 | **4120** |
| **26** | 332 | 219 | 512 | 545 | 207 | 172 | 440 | 472 | 488 | 369 | 215 | 64 | **4035** |
| **27** | 232 | 272 | 643 | 677 | 134 | 256 | 270 | 630 | 474 | 443 | 118 | 155 | **4304** |
| **28** | 164 | 250 | 507 | 777 | 228 | 168 | 341 | 490 | 442 | 354 | 78 | 132 | **3931** |
| **29** | 241 | 349 | 657 | 621 | 272 | 169 | 197 | 396 | 480 | 358 | 107 | 114 | **3961** |
| **30** | 250 | 313 | 627 | 714 | 227 | 0 | 250 | 0 | 683 | 288 | 61 | 135 | **3548** |
| **31** | 297 | 471 | 0 | 0 | 0 | 0 | 0 | 0 | 585 | 272 | 151 | 97 | **1873** |
| **32** | 176 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 77 | **253** |
| **Tota** | **5595** | **6574** | **13305** | **22487** | **14128** | **7020** | **6800** | **11410** | **16383** | **15610** | **6679** | **3390** | **129381** |

**Prepared By**
**Muraj Didiya**
**Senior Assistant**

**Checked By**
**Gautam Prasad Lasiwa**
**Assistant Director**

# BHAKTAPUR MUNICIPALITY

## TOURIST INFORMATION AND SERVICE CENTRE

## DAILY SAARC &CHINA TOURIST RECORD - 2081/82

| Date | Srawon | Bhadra | Aswin | Kartik | Mansir | Poush | Magh | Fagun | Chaitra | Baishakh | Jestha | Asar | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **1** | 208 | 395 | 274 | 465 | 328 | 305 | 175 | 193 | 584 | 406 | 439 | 485 | **4257** |
| **2** | 196 | 200 | 217 | 509 | 391 | 307 | 221 | 266 | 532 | 346 | 396 | 377 | **3958** |
| **3** | 130 | 271 | 197 | 475 | 455 | 211 | 133 | 356 | 484 | 322 | 363 | 194 | **3591** |
| **4** | 179 | 100 | 420 | 425 | 263 | 265 | 241 | 260 | 349 | 447 | 497 | 319 | **3765** |
| **5** | 233 | 136 | 525 | 496 | 229 | 266 | 267 | 318 | 411 | 428 | 440 | 372 | **4121** |
| **6** | 191 | 148 | 434 | 516 | 246 | 418 | 235 | 321 | 366 | 369 | 422 | 292 | **3958** |
| **7** | 152 | 280 | 267 | 336 | 247 | 435 | 179 | 257 | 466 | 457 | 505 | 295 | **3876** |
| **8** | 191 | 239 | 376 | 462 | 364 | 454 | 220 | 267 | 616 | 429 | 655 | 276 | **4549** |
| **9** | 178 | 147 | 335 | 591 | 301 | 324 | 180 | 236 | 626 | 335 | 590 | 312 | **4155** |
| **10** | 192 | 129 | 424 | 515 | 471 | 609 | 193 | 316 | 282 | 351 | 559 | 192 | **4233** |
| **11** | 159 | 209 | 237 | 264 | 177 | 596 | 248 | 258 | 495 | 460 | 616 | 152 | **3871** |
| **12** | 317 | 216 | 301 | 292 | 228 | 1045 | 288 | 196 | 357 | 317 | 455 | 197 | **4209** |
| **13** | 285 | 210 | 420 | 201 | 327 | 558 | 454 | 274 | 453 | 587 | 419 | 281 | **4469** |
| **14** | 118 | 168 | 335 | 198 | 302 | 722 | 294 | 264 | 386 | 512 | 406 | 292 | **3997** |
| **15** | 130 | 226 | 256 | 180 | 254 | 694 | 169 | 270 | 452 | 280 | 580 | 298 | **3789** |
| **16** | 129 | 154 | 179 | 317 | 394 | 484 | 211 | 372 | 407 | 333 | 506 | 216 | **3702** |
| **17** | 169 | 101 | 144 | 401 | 316 | 611 | 223 | 348 | 436 | 464 | 374 | 293 | **3880** |
| **18** | 217 | 137 | 154 | 272 | 290 | 372 | 205 | 224 | 315 | 335 | 491 | 163 | **3175** |
| **19** | 236 | 154 | 285 | 257 | 129 | 376 | 274 | 291 | 244 | 446 | 319 | 181 | **3192** |
| **20** | 212 | 140 | 205 | 281 | 213 | 322 | 387 | 334 | 301 | 458 | 527 | 220 | **3600** |
| **21** | 122 | 142 | 209 | 182 | 305 | 235 | 366 | 274 | 294 | 391 | 482 | 252 | **3254** |
| **22** | 145 | 287 | 197 | 295 | 314 | 313 | 291 | 314 | 452 | 367 | 408 | 228 | **3611** |
| **23** | 146 | 148 | 242 | 216 | 376 | 195 | 344 | 393 | 364 | 337 | 477 | 158 | **3396** |
| **24** | 173 | 138 | 273 | 488 | 239 | 231 | 356 | 494 | 407 | 361 | 490 | 204 | **3854** |
| **25** | 129 | 132 | 272 | 508 | 365 | 119 | 280 | 378 | 206 | 274 | 427 | 198 | **3288** |
| **26** | 264 | 345 | 422 | 308 | 261 | 214 | 247 | 373 | 243 | 469 | 377 | 160 | **3683** |
| **27** | 176 | 297 | 349 | 348 | 215 | 190 | 222 | 266 | 206 | 457 | 292 | 149 | **3167** |
| **28** | 128 | 190 | 425 | 525 | 290 | 272 | 328 | 736 | 417 | 321 | 383 | 151 | **4166** |
| **29** | 184 | 386 | 411 | 357 | 270 | 219 | 126 | 389 | 392 | 418 | 398 | 176 | **3726** |
| **30** | 178 | 228 | 412 | 388 | 295 | 0 | 179 | 0 | 326 | 253 | 437 | 187 | **2883** |
| **31** | 149 | 315 | 0 | 0 | 0 | 0 | 0 | 0 | 541 | 239 | 370 | 184 | **1798** |
| **32** | 203 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 111 | **314** |
| **Tota** | **5819** | **6368** | **9197** | **11068** | **8855** | **11362** | **7536** | **9238** | **12410** | **11969** | **14100** | **7565** | **115487** |

**Prepared By**
**Muraj Didiya**
**Senior Assistant**

**Checked By**
**Gautam Prasad Lasiwa**
**Assistant Director**

# BHAKTAPUR MUNICIPALITY

## TOURIST INFORMATION AND SERVICE CENTRE

## DAILY TOTAL TOURIST RECORD - 2081/82

| Date | Srawon | Bhadra | Aswin | Kartik | Mansir | Poush | Magh | Fagun | Chaitra | Baishakh | Jestha | Asar | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 409 | 650 | 585 | 1146 | 1160 | 565 | 365 | 429 | 1294 | 1428 | 754 | 643 | **9428** |
| 2 | 291 | 545 | 611 | 1131 | 1120 | 535 | 336 | 496 | 1191 | 855 | 637 | 491 | **8239** |
| 3 | 316 | 512 | 606 | 1281 | 1289 | 423 | 254 | 693 | 1140 | 818 | 700 | 337 | **8369** |
| 4 | 367 | 414 | 872 | 1241 | 949 | 422 | 437 | 494 | 793 | 927 | 805 | 391 | **8112** |
| 5 | 337 | 294 | 919 | 1127 | 842 | 429 | 485 | 661 | 889 | 1024 | 762 | 445 | **8214** |
| 6 | 298 | 371 | 733 | 1252 | 971 | 632 | 415 | 666 | 916 | 990 | 654 | 408 | **8306** |
| 7 | 229 | 422 | 658 | 1171 | 1000 | 645 | 348 | 615 | 942 | 1152 | 777 | 368 | **8327** |
| 8 | 331 | 405 | 776 | 1166 | 1086 | 652 | 391 | 654 | 1284 | 1039 | 934 | 412 | **9130** |
| 9 | 312 | 311 | 726 | 1436 | 990 | 576 | 338 | 641 | 1181 | 752 | 763 | 411 | **8437** |
| 10 | 298 | 339 | 729 | 1363 | 1132 | 758 | 482 | 677 | 691 | 985 | 794 | 284 | **8532** |
| 11 | 270 | 331 | 582 | 1057 | 599 | 769 | 364 | 717 | 1062 | 1005 | 849 | 218 | **7823** |
| 12 | 443 | 419 | 446 | 1026 | 741 | 1329 | 488 | 602 | 846 | 806 | 763 | 295 | **8204** |
| 13 | 534 | 363 | 961 | 843 | 734 | 1044 | 805 | 532 | 967 | 1211 | 622 | 349 | **8965** |
| 14 | 235 | 299 | 834 | 1002 | 846 | 1053 | 492 | 784 | 797 | 1097 | 592 | 411 | **8442** |
| 15 | 272 | 329 | 695 | 956 | 760 | 1050 | 274 | 706 | 908 | 781 | 685 | 473 | **7889** |
| 16 | 232 | 258 | 580 | 1007 | 840 | 868 | 513 | 809 | 892 | 760 | 685 | 287 | **7731** |
| 17 | 377 | 210 | 520 | 1353 | 673 | 1002 | 535 | 743 | 957 | 892 | 646 | 397 | **8305** |
| 18 | 331 | 282 | 582 | 1204 | 634 | 753 | 502 | 635 | 829 | 880 | 700 | 295 | **7627** |
| 19 | 401 | 314 | 741 | 993 | 546 | 705 | 559 | 792 | 761 | 1082 | 579 | 249 | **7722** |
| 20 | 414 | 313 | 713 | 965 | 500 | 604 | 543 | 606 | 954 | 1073 | 744 | 284 | **7713** |
| 21 | 416 | 280 | 667 | 866 | 674 | 426 | 559 | 655 | 781 | 877 | 756 | 464 | **7421** |
| 22 | 275 | 467 | 577 | 965 | 638 | 445 | 485 | 682 | 996 | 831 | 640 | 315 | **7316** |
| 23 | 346 | 390 | 702 | 1208 | 734 | 312 | 653 | 793 | 923 | 675 | 680 | 260 | **7676** |
| 24 | 372 | 407 | 773 | 1297 | 556 | 369 | 573 | 938 | 833 | 792 | 689 | 291 | **7890** |
| 25 | 334 | 382 | 949 | 1239 | 570 | 356 | 540 | 876 | 689 | 606 | 582 | 285 | **7408** |
| 26 | 596 | 564 | 934 | 853 | 468 | 386 | 687 | 845 | 731 | 838 | 592 | 224 | **7718** |
| 27 | 408 | 569 | 992 | 1025 | 349 | 446 | 492 | 896 | 680 | 900 | 410 | 304 | **7471** |
| 28 | 292 | 440 | 932 | 1302 | 518 | 440 | 669 | 1226 | 859 | 675 | 461 | 283 | **8097** |
| 29 | 425 | 735 | 1068 | 978 | 542 | 388 | 323 | 785 | 872 | 776 | 505 | 290 | **7687** |
| 30 | 428 | 541 | 1039 | 1102 | 522 | 0 | 429 | 0 | 1009 | 541 | 498 | 322 | **6431** |
| 31 | 446 | 786 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1126 | 511 | 521 | 281 | **3671** |
| 32 | 379 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 188 | **567** |
| **Tota** | **11414** | **12942** | **22502** | **33555** | **22983** | **18382** | **14336** | **20648** | **28793** | **27579** | **20779** | **10955** | **244868** |

**Prepared By**
**Muraj Didiya**
**Senior Assistant**

**Checked By**
**Gautam Prasad Lasiwa**
**Assistant Director**

# Bhaktapur Municipality

## Tourist Information and Sevice Centre

## Nationalwise Tourist Record 2081/82

| Nations | Shrawan | Bhadra | Aswin | Kartik | Mansir | Poush | Magh | Falgun | Chaitra | Baishakh | Jestha | Asar | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **America** | 466 | 899 | 1882 | 2615 | 1510 | 991 | 1013 | 1811 | 2020 | 1474 | 1077 | 800 | **16558** |
| **Argentina** | 11 | 31 | 62 | 159 | 59 | 27 | 212 | 107 | 226 | 78 | 45 | 10 | **1027** |
| **Australia** | 108 | 209 | 596 | 739 | 612 | 369 | 280 | 410 | 640 | 619 | 247 | 139 | **4968** |
| **Austria** | 29 | 71 | 116 | 256 | 101 | 25 | 29 | 101 | 166 | 227 | 60 | 24 | **1205** |
| **Belgium** | 84 | 70 | 216 | 368 | 293 | 63 | 92 | 199 | 262 | 218 | 57 | 32 | **1954** |
| **Brazil** | 41 | 40 | 133 | 231 | 107 | 86 | 130 | 138 | 195 | 148 | 46 | 13 | **1308** |
| **Canada** | 53 | 57 | 281 | 472 | 343 | 92 | 64 | 149 | 333 | 284 | 176 | 56 | **2360** |
| **Chile** | 3 | 8 | 52 | 50 | 44 | 1 | 17 | 15 | 28 | 17 | 5 | 19 | **259** |
| **China** | 2553 | 2157 | 3010 | 3031 | 3622 | 3012 | 3379 | 3438 | 3951 | 3681 | 2591 | 1710 | **36135** |
| **Czech** | 34 | 45 | 107 | 338 | 146 | 36 | 38 | 55 | 217 | 228 | 58 | 28 | **1330** |
| **Denmark** | 41 | 39 | 136 | 236 | 66 | 36 | 71 | 87 | 126 | 127 | 36 | 11 | **1012** |
| **England** | 389 | 313 | 631 | 1131 | 766 | 280 | 282 | 539 | 882 | 700 | 291 | 298 | **6502** |
| **Finland** | 22 | 2 | 29 | 22 | 27 | 11 | 17 | 25 | 33 | 28 | 18 | 5 | **239** |
| **France** | 307 | 224 | 1019 | 2946 | 1501 | 398 | 397 | 1193 | 1606 | 1570 | 468 | 125 | **11754** |
| **Germany** | 227 | 351 | 1288 | 2624 | 1529 | 423 | 459 | 1195 | 1963 | 1254 | 347 | 128 | **11788** |
| **Greece** | 109 | 158 | 74 | 91 | 143 | 294 | 60 | 105 | 158 | 164 | 40 | 17 | **1413** |
| **Holland** | 249 | 159 | 462 | 811 | 578 | 155 | 155 | 372 | 576 | 395 | 182 | 71 | **4165** |
| **Hungary** | 51 | 45 | 77 | 202 | 105 | 19 | 56 | 95 | 135 | 140 | 27 | 5 | **957** |
| **Iceland** | 0 | 0 | 0 | 11 | 3 | 13 | 0 | 8 | 25 | 0 | 1 | 7 | **68** |
| **India** | 3254 | 4270 | 6155 | 8027 | 5178 | 8315 | 4131 | 5786 | 8437 | 8255 | 11492 | 5832 | **79132** |
| **Ireland** | 21 | 17 | 86 | 85 | 52 | 24 | 15 | 33 | 56 | 35 | 37 | 12 | **473** |
| **Israel** | 10 | 115 | 370 | 576 | 257 | 21 | 45 | 116 | 337 | 443 | 200 | 29 | **2519** |
| **Italy** | 753 | 723 | 541 | 1505 | 839 | 690 | 220 | 536 | 657 | 1385 | 261 | 118 | **8228** |
| **Japan** | 525 | 491 | 489 | 600 | 659 | 821 | 484 | 874 | 701 | 651 | 272 | 166 | **6733** |
| **Malaysia** | 28 | 113 | 287 | 295 | 179 | 118 | 158 | 231 | 229 | 231 | 173 | 57 | **2099** |
| **Mexico** | 94 | 104 | 135 | 183 | 101 | 99 | 81 | 118 | 132 | 172 | 64 | 47 | **1330** |
| **Newzealand** | 16 | 33 | 88 | 127 | 45 | 38 | 15 | 34 | 55 | 84 | 56 | 26 | **617** |
| **Norway** | 12 | 21 | 67 | 86 | 30 | 31 | 12 | 60 | 84 | 79 | 11 | 17 | **510** |
| **Polland** | 51 | 142 | 381 | 488 | 302 | 73 | 146 | 187 | 552 | 557 | 178 | 36 | **3093** |
| **Portuagal** | 56 | 64 | 80 | 124 | 29 | 17 | 21 | 30 | 67 | 131 | 56 | 9 | **684** |
| **Russia** | 49 | 117 | 265 | 535 | 162 | 122 | 88 | 199 | 338 | 707 | 228 | 72 | **2882** |
| **S.Africa** | 16 | 16 | 25 | 31 | 38 | 13 | 22 | 7 | 26 | 16 | 13 | 4 | **227** |
| **S. Korea** | 188 | 109 | 397 | 269 | 367 | 139 | 290 | 186 | 197 | 169 | 160 | 72 | **2543** |
| **Singapore** | 46 | 66 | 78 | 164 | 215 | 209 | 40 | 54 | 99 | 89 | 88 | 32 | **1180** |
| **Spain** | 692 | 796 | 811 | 1224 | 687 | 248 | 243 | 417 | 533 | 852 | 341 | 254 | **7098** |
| **Sweden** | 21 | 14 | 32 | 145 | 64 | 6 | 14 | 103 | 121 | 138 | 59 | 5 | **722** |
| **Switzerland** | 56 | 37 | 184 | 407 | 169 | 64 | 54 | 112 | 169 | 247 | 101 | 31 | **1631** |
| **Taiwan** | 259 | 224 | 407 | 421 | 423 | 289 | 699 | 455 | 547 | 357 | 352 | 227 | **4660** |
| **Thailand** | 20 | 95 | 196 | 293 | 440 | 220 | 187 | 307 | 306 | 303 | 158 | 70 | **2595** |
| **Turkey** | 70 | 43 | 157 | 218 | 204 | 80 | 125 | 134 | 289 | 157 | 122 | 44 | **1643** |
| **Etc** | 400 | 454 | 1100 | 1419 | 988 | 414 | 495 | 627 | 1319 | 1169 | 585 | 297 | **9267** |
| **Total** | **11414** | **12942** | **22502** | **33555** | **22983** | **18382** | **14336** | **20648** | **28793** | **27579** | **20779** | **10955** | **244868** |

**Prepared By**
**Muraj Didiya**
**Senior Assistant**

**Checked By**
**Gautam Prasad Lasiwa**
**Assistant Director**

## आ.व. २०८१/८२ असार महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १५८ | ११४ | १४३ | ७२ | ७३ | ११६ | ७३ | १३६ | ९९ | ९२ | ६६ | ९८ | ६८ | ११९ | १७५ | ७१ |
| ■ सार्क तथा चिनियाँ | ४८५ | ३७७ | १९४ | ३१९ | ३७२ | २९२ | २९५ | २७६ | ३१२ | १९२ | १५२ | १९७ | २८१ | २९२ | २९८ | २१६ |

| गते ➡ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १०४ | १३२ | ६८ | ६४ | २१२ | ८७ | १०२ | ८७ | ८७ | ६४ | १५५ | १३२ | ११४ | १३५ | ९७ | ७७ |
| ■ सार्क तथा चिनियाँ | २९३ | १६३ | १८१ | २२० | २५२ | २२८ | १५८ | २०४ | १९८ | १६० | १४९ | १५१ | १७६ | १८७ | १८४ | १११ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक सङ्ख्या |
|---|---|---|---|
| २०८२ असार | ३,३९० | ७,५६५ | १०,९५५ |
| २०८१ असार | ३,३४८ | ८,८१५ | १२,१६३ |
| प्रगति | ४२ | -१,२५० | -१,२०८ |

सम्पादकको पृष्ठ

# हदबन्दी कानुन हो कि खोस्टा ?

समाजवादी व्यवस्थामा राज्य र सरकार धनी हुन्छ र जनताका हरेक आवश्यकता पूरा गर्न सक्षम हुन्छ र जनता सुखी हुन्छन्। पूँजीवादी व्यवस्थामा व्यक्ति वा समूह धनी हुन्छ र राज्य र सरकार तिनीहरूको इशारामा चल्छ। परिणाम जनता हरेक दृष्टिले पीडित हुन्छन्।

तर, धनी र गरिबबिचको खाडल जति फराकिलो हुन्छ त्यतिनै जनतामा असन्तोष बढ्छ र विद्रोह निम्त्याउँछ। त्यसलाई रोकथाम गर्न र पछाडि धकेल्न पूँजीवादी व्यवस्थाले पनि भूमिसुधार, बेरोजगार भत्ता आदिको बन्दोवस्त अक्षर वा देखावटी रूपमा भए पनि गर्छन्। जग्गाको हदबन्दी यसैको एउटा कडी हो ।

हदबन्दी भन्नाले समान्यतया कुनै कुराको हद वा सीमाको निर्धारण वा निर्धारित सीमा वा अधिकतम सीमा वा माथिल्लो हद भन्ने बुझिन्छ। सीमित स्रोत जग्गालाई निश्चित व्यक्तिमा केन्द्रित हुन नदिन र भूमिहीनको अधिकारलाई सुनिश्चित गर्न यो आवश्यक भएको बताइन्छ।

सात सालको परिवर्तनपछि तत्कालीन काङ्ग्रेसी सरकारले 'किसानको फोटो टाँसेर' भूमिसुधारको कुरा गरेको थियो। तर, सामन्त र जमिनदारहरूको दबाबले त्यो मुख मिठ्याउने कुरामात्र भयो। २०२१ सालमा पञ्चायती भूमिसुधार लागु गऱ्यो। तर, त्यो व्यवहारमा घोषणाअनुरूप कार्यान्वयन भएन। सामन्त र जमिनदारहरूको दबाबले घोषित जग्गा हदबन्दी पनि लोक रिझ्याइँमात्र सावित भयो। त्यसैले दरबार निकटका विभिन्न शाह र राणालगायत सम्भ्रान्त परिवारसँगबाट हदबन्दीभन्दा बढी हजारौँ हजार रोपनी जग्गा सरकारको नाममा ल्याउन सकेन। दरबारको निकटका कारण तिनीहरूले हदबन्दीको कानुनलाई लत्याए या कागजको खोस्टामा परिणत गरिदिए।

२०५८ मा तत्कालीन देउवा सरकारले 'परिवर्तनकारी भूमिसुधार कार्यक्रम' भन्दै २०२१ सालको सीमाभन्दा निकै थोरै जग्गा राख्न पाइने गरी हदबन्दी घोषणा गरेको थियो। त्यो घोषणा पनि 'कमैया मुक्ति' जस्तै सुकुम्वासी र भूमिहीनको लागि लोकाचारमात्र सावित भयो, व्यवहारमा आउन सकेन।

हिजो, दरबार र उच्चपदस्थ पञ्चहरूको आशीर्वादले हदबन्दीभन्दा बढी जग्गा राखेझैँ अहिले सत्ता निकट र सत्ताधारीहरू स्वयम्को स्वार्थले त्यो सिलसिला जारी रहेको छ।

वर्तमान प्रम केपी ओली संसद्मा विचाराधीन भूमि विधेयक छिटोभन्दा छिटो पारित गराउन हतारिएका छन्। ओली सरकारले नै ७८ सालमा पौने दुईलाख रोपनीभन्दा बढी जग्गा विभिन्न कम्पनी र संस्थालाई हदबन्दी छुट दिएको समाचार आएको थियो। अहिले तिनै व्यक्ति र समूहको स्वार्थलाई फाइदा पुऱ्याउन हदबन्दी छुट दिएको जग्गा स्थानान्तरण र सट्टापट्टाको आवरणमा बिक्री गर्न केपी ओली ज्यानतोड कोसिसमा लागेको सर्वत्र चर्चा छ। गिरीबन्धु टी स्टेटको जग्गा त्यसैको एक उदाहरण हो। हिजो सस्तोमा किनेको छुट जग्गा अहिलेको मूल्यमा खबौँ खर्ब पर्ने जानकारहरू बताउँछन्। 'जोगी हुन राजनीति गरेको होइन' भन्नेहरू हजार–लाखमा ऱ्याल चुहाउँछन् भने खबौँ खर्बमा के मात्र नगर्लान् ?

पतञ्जलीमा पूर्वप्रम माधव नेपाल अदालत धाउन थालेका छन्, अन्य थुप्रै व्यक्ति पनि यस्तै मुद्दा खेपिरहेका छन्। के प्रम ओली र उनका मतियारहरू मात्र पानीमाथिको ओभानो बनिरहन पाउलान् ? सक्लान् ?



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ९ स्थित ऐतिहासिक सलाँ गणेश मन्दिर पछाडिको पाटी पुनःनिर्माण सम्पन्न भई विशेष समारोहबिच उद्घाटन गर्नुभयो । साउन १० गते (माथि)



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ८ मा पुनर्निर्मित हैमा द्यः मन्दिर एक कार्यक्रमबिच उद्घाटन गर्नुभयो । असार २८ गते



चोछेँस्थित पुनर्निर्मित छुमःगणेश द्यःछेँ